# अभिधर्मार्थ संग्रह

अभिधर्मार्थ संग्रह



मूल लेखक

**भद्दन्त आचार्य अनुरुद्ध महाथेर**

नेपालभाषामा अनुवादक

**भिक्षु ज्ञानपूर्णिक महास्थविर**

नेपालभाषाबाट नेपालीमा अनुवाद

**धर्मरत्न शाक्य "त्रिशुली"**

Downloaded from http://www.dhamma.digital

# अभिधर्मार्थ संग्रह

मूल लेखक

भद्दन्त आचार्य अनुरुद्ध महाथेर

Dhamma.Digital

नेपालभाषामा अनुवादक

भिक्षु ज्ञानपूर्णिक महास्थविर

नेपालभाषाबाट नेपालीमा अनुवाद

धर्मरत्न शाक्य "त्रिशुली"

प्रकाशकः

धम्म डिजिटल

Downloaded from http://www.dhamma.digital

# अभिधर्मार्थ संग्रह

मूल लेखक : भद्दन्त आचार्य अनुरुद्ध महाथेर

नेपालभाषामा अनुवादक : भिक्षु ज्ञानपूर्णिक महास्थविर

नेपालीमा अनुवाद : धर्मरत्न शाक्य "त्रिशुली"

प्रकाशक : धम्म डिजिटल

दाताहरू :
१) बुद्धलक्ष्मी शाक्य, ग्वार्को, ललितपुर
२) सरस्वती महर्जन, नःटोल, ललितपुर
३) सुनीति बज्राचार्य, बागडोल, ललितपुर
४) निर्मला ताम्राकार, इमाडोल, ललितपुर
५) ज्ञानदर्शन, शर्मिष्ठा उदास, थसिखेल, ल.पु.
६) सानुराजा, सत्यलक्ष्मी रंजित, भक्तपुर
७) ललिता मानन्धर, कालीमाटी, काठमाडौं

Dhamma.Digital

संस्करण : दोस्रो - १००० प्रति
ने.सं. ११४१ वि.सं. २०७८
बु.सं. २५६४ ई.सं. २०२१

सर्वाधिकार : प्रकाशकमा

मूल्य : रु. २००/-
(सहयोग रकम अर्को पुस्तकका लागि खर्चिनेछ)

मुद्रण : आईडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर, फोनः ५५३०५२२

Downloaded from http://www.dhamma.digital

# समर्पण

जसले बाल्यकालदेखि नै गृहत्याग गरी बर्मासम्म पाल्नुभई
तथागतद्वारा देशित सद्धर्म अध्ययन गर्नुभई
धम्माचरिय उपाधि परिक्षामा उत्तीर्ण हुनुभई
तथागतको गम्भीराति गम्भीर अभिधर्मलाई
आफ्नो मातृभाषामा अनुवाद गरी,
हामीहरुलाई सरल ढंगले देशना गर्नुभई,
प्रशिक्षण दिनुभयो ।




**धम्माचरिय, शासनधज**
**ज्ञानपुर्णिक महास्थविरप्रति**
**सादर समर्पण**

**धर्मरत्न शाक्य "त्रिशुली"**
शंखमूल चोक, नयाँ बानेश्वर ।

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

शाक्यमुनि बुद्धले ४५ वर्षसम्म घुमीघुमी विभिन्न ठाँउमा अनेक सुख दुःखको परिस्थिति नाना स्वभाव भएका भिन्नभिन्न बौद्धिक र मानसिक स्तर भएका मनुष्यहरूलाई उपदेश गर्नुभयो । अनि आजबाट करिब २५ सय वर्ष पहिले जम्बुद्वीपमा डराएर वा वरदानको ईच्छामा प्राकृतिक शक्तिको अगाडि नतमस्तक हुने, प्रतिकमय देवदेवीहरूको आरधनामा ब्यस्त भएको, अनेक अनेक प्रकारको रमाईलो नरमाईलो बाह्य क्रिया पद्धतिको विविधतमा तल्लीन भएको धर्मको समयमा बुद्धले मनोवैज्ञानिक विधिको साधनामार्ग खोली दिनु भयो । अनि फेरि त्यसैमा नै बुद्धको उपदेश जहाँ सरल छ। त्यहाँनै स्पष्ट, शान्तिप्रद र सर्वसुलभ पनि भयो । मेरो विचारमा यो नै मनोवैज्ञानिक धर्मको विश्लेषण गर्ने वाङ्मय रूपनै अभिधर्म हो । अरूपचित्त र चैतसिक धर्मको एकएक गरी छुट्टिने यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो,यो चेतना हो भनि विश्लेषण भयो । नागसेन भन्तेको शब्दमा यो बुद्धको "दुक्करं महाराज भगवता कत'न्ति" हो ।

अभिधर्ममा बुद्धको यो नै मनोवैज्ञानिक साधनालाई तत्वको रूपमा विवेचना गरिराखेको छ । विशेषतः "अभिधम्मत्थ सङ्गह" ले अभिधर्मको धम्मसङ्गनी, विभङ्गग, मातिकाधातुकथा, पुग्गलपञ्ञति,कथावत्थु, यमक र पट्ठानलाई बुझ्न सुत्र (फर्रमुला ) दिन्छ। सुत्र स्वयम् साध्य होइन, त्यो त साधन मात्र हो । हो ! चित,चेतसिक,रूप र निर्वाणको ब्याख्या पूर्णतः तत्वात्मक भावले संख्यात्मक रूपले बुझ्नु मात्रले अभिधर्मको परमार्थ सत्यले प्रत्यक्ष जीवनमा लाभ हुन सक्दैन ।



Downloaded from http://www.dhamma.digital

“अभिधम्मत्थसङ्गहो”को लक्ष्य के हो ? वन्दना गाथामा नै “अभिधम्मत्थसङ्गहो”को रचयिता अनुरूद्ध महास्थविरले आज्ञा गर्नु भएको छ, “चित्तं चेतसिकं रूपं निब्बानमीति सब्बथा” । अनि यी चार लक्ष्यलाई वहाँले नौ वटा संग्रह पूर्ण गर्न भई अझ लक्ष्य स्पष्ट गर्नको निम्ति उल्लेख गर्नु भयो । प्रस्तुत ग्रन्थ पूरकको हिसाबले ६ वटा संग्रह हराएर शुरूमा ने. सं. १०९१ मा प्रकाशित ३ वटा संग्रहको शब्दार्थ र भार्वाथ सहित नेपाल भाषानुवाद पछि २० वर्ष पूरा भएपछि माथि देखि तलसम्म पूर्ण हुनेगरि प्रकाशित भयो ।

अभिधम्मको पहिलो संग्रह चित्त हो । धम्मसङ्गनीको चित्तको चार विभाजनलाई नै आधार लिएर चित्तलाई सर्वप्रथम कामावचर,रूपावचर, अरूपावचर र लोकुत्तर हिसाबले यसमा देखाइएको छ । कुशल, अकुशल,अब्याकृत रूपले ३ जातिको हिसाबले पनि भेद बताइएको छ । अनि त्यसमा पनि अकुशल  चित्त १२ वटा (जुन लोभमूलक ८,द्वेषमूलक २, मोहमूलक २ हो), अहेतुक चित्त १८ वटा (जुन अकुशल विपाक ७, कुशल विपाक ८, अहेतुक क्रिया चित्त ३ हो), कामावचर २४ वटा (जुन सहेतुक कामावचर महाकुशल ८, महाविपाक ८, महाक्रिया ८ हो ।), रूपावचर १५ वटा (जुन कुशल,विपाक र क्रियाको हिसावले ५,५ वटा तीन प्रकारको हो ), अरूपावचर १५ वटा (जुन कुशल, विपाक र क्रिया हिसावले चार चार गरी १२ वटा हो ), लोकुत्तर ८ वटा जुन मार्ग र फल हिसावले चार चार वटा गरी ८ हो) जम्मा ८९ वटा छ भनि विभक्त गरी देखाउनु भएको छ । यिनीहरू नै असोभन र सोभन हिसावले पनि विभाजित गरिन्छ । सम्पयुत्त, विप्पयुत्त, न सम्पयुत्त न विप्पयुत्त भनि सम्पयुत्त भेदले; सुखसहगत, दुक्खसहगत, सोमनस्ससहगत, दोमनस्ससहगत, उपक्खासहगत भनि वेदना भेदले; ससङ्खारिक असङ्खारिक, न ससङ्खारिक न असङ्खारिक भनि सङ्खार भेदले पनि चित्तलाई विभाजित गरिन्छ । यिनीहरू सबै तात्विक वर्णन यहाँ जसरी असम्भव हो । त्यसरी नै  सहज क्षमताले बाहिर पनि हो । तैपनि मेरो



Downloaded from http://www.dhamma.digital

तुच्छ विचारमा यिनीहरू वर्णनको अन्तिम अभिप्राय हो । मानसिक र भौतिक जगतलाई शेष नरहने गरी नै भित्रबाट र बाहिरबाट बुझ्ने सारा जगतलाई कुशल, अकुशल र अब्याकृत किसिमको नैतिक ब्याख्या बुझ्न अनि कामावचर, रूपावचर, अरूपावचर र लोकुत्तर चित्त भुमिलाई बुझेर बाहिरको चञ्चलताबाट मुक्त भएर निर्वाण तिर अभिमुख हुने ।

दोस्रो संग्रहको विषयवस्तु चेतसिक संग्रह हो । चित्त सँगै उत्पन्न र निरोध हुने, चित्त धर्मको प्रकार चैतसिक ५२ वटा छन् । यसलाई १३ वटा अन्यसमान चेतसिक, १४ अकुशल चेतसिक र २५ वटा सोभन चेतसिकको हिसावले विभाजित गरिराख्नु भएको छ। सोभन चित्तसँग संयुक्त भयो भने असोभनसँग अन्य हुने, असोभन चित्तसँग संयुक्त भयो भने सोभनसँग अन्य हुने स्वभावको स्पर्श (विषयको स्पर्श), वेदना (विषयको स्वाद), संज्ञा (विषय स्वभावको अधिगुण), चेतना (प्राप्त धर्म विषयमा प्रेरणाको चेतना), एकाग्रता (विषयमा स्थिरता), जीवितिन्द्रिय (प्राप्त धर्मको प्राण भएर त्यसको रक्षा) मनसिकार चेतसिक र सबै चित्तमा साधारण रूपले हुने विर्तक, विचार, अधिमोक्ष, वीर्य, प्रीति र छन्द भनिने प्रकीर्णक चेतसिक नै अन्यसमान चेतसिक हो । मोह, आह्रिक्य, अनपत्राप्य, औधृत्य, लोभ, दृष्टि (दिट्ठि), मान, द्वेष, ईर्ष्या, मात्सर्य, कौकृत्य (पश्ताचापजन्य), स्त्यान (चित्त गह्रौं हुनु), मिद्ध (चेतसिक गह्रौं हुनु), विचिकिच्छा (विषयको अनिर्णित अवस्था) १४ वटा अकुशल चेतसिकहरू हुन् । यिनीहरू अकुशल चित्तहरूसँग मात्र संयोग हुन्छन् । श्रद्धा, स्मृति, ह्री, अत्रपा (पापमा डराउनु), अलोभ,अद्वेष, तत्रमध्यस्थता (विषयमा उपेक्षा), काय(चेतसिक) प्रश्रब्धि, चित्त प्रश्रब्धि, कायलहुता, चित्तलहुता, काय मुदृता, चित्त मुदृता, काय कर्मण्यता, चित्त कर्मण्यता, कार्य प्रागुण्यता (समर्थभाव), चित्त प्रागुण्यता, कायऋजुता, चित्तऋजुता, सम्यकवाणी, सम्यकर्म्मान्त, सम्यकआजीव, करूणा, मुदिता र प्रज्ञा, यिनीहरू २५ चेतसिक धर्म नै शोभन चेतसिक हो । यिनीहरू नै ५२ वटा चेतसिक धर्मलाई ८९ चित्तसँग समञ्जस्य देखाएर ब्याख्या



Downloaded from http://www.dhamma.digital

हुनु नै चेतसिक संग्रह भईराखेको छ । सारंशमा भन्दा चित्त धर्मको मनोवैज्ञानिक गहणता र सुक्ष्मताको विश्लेषणनै यसको लक्ष्य हो ।

चित्तको उत्पन्न हुने क्रमले वेदना, हेतु, कृत्य, द्वार, आलम्बन र वस्तु भेदद्वारा वर्णन नै प्रकीर्णक भनिने तेस्रो संग्रह भइराखेको छ। सुख, दुः ख, सौमनस्य, दौमनस्य, उपेक्षा हिसाबले छ वटा वेदनामा कुनकुन वेदनासँग कुनकुन कतिकति चित्त संग्रहित हुन्छ भनि; यी चित्तहरू लोभ,द्वेष,मोह अलोभ, अद्वेष र अमोह कुनकुन हेतुले उत्पन्न हुन्छ भनि; प्रतिसन्धि, भवाङ्ग, आवर्जन, दर्शन, श्रवण, इत्यादि १४ वटा कृत्यसँग चित्तको सम्बन्ध देखाउने; द्वार र चित्तको विश्लेषण कसरी एक द्वारोत्पन्न चित्त, पञ्च-छ द्वारोत्पन्न चित्त इत्यादि हिसाबले वर्णन गर्नु; आलम्बन र यसको गोचर भेद देखाएर रूप, शब्द, गन्ध, रस, स्पर्श आदि गोचरमा कुनकुन कतिकति चित्त बस्छन् भनि देखाउने काम “पकिण्णक” संग्रहमा हुन्छ ।

“अभिधर्मार्थसंग्रह” को चौथो संग्रह वीथि हो । बाटोलाई वीथि भनिन्छ। सन्ततिलाई पनि वीथि भनिन्छ। बाटो लामो छोटो सिधा बाङ्गो भएजस्तो चित्तको पनि ठूलो गतिगामी बाटो छ ।

वीथिसंग्रह वस्तु, द्वार, आरम्मण, विज्ञान, वीथि अनि ६ वटा आरम्मण द्वारमा चित्तको उत्पन्न हुने हिसाबले ६, ६ वटा कुरासँग सम्बद्ध छ । पञ्चद्वार वीथि र मनोद्वार वीथि यसको शुरूको ब्याख्या हो । वार, द्वार र आलम्बनको कुरा प्रकिर्णक संग्रहमा गैसकेको हुँदा विज्ञान, वीथि, आरम्मण, द्वारमा चित्तको उत्पन्नको हिसाबले वीथिको मात्र यहाँ  चर्चा छ । चक्षद्वार आदिमा उत्पन्न हुने वीथिलाई विभिद भेदद्वारा बताई राखेको कुरा अतिमहन्त, महन्त, परित्त, अतिपरित्त वीथि चिप्तोपाद भएको आरम्मणको कुरा आउने बेलामा भौतिक शास्त्रमा झनझन शुक्ष्म तत्व  संश्लेषण, विश्लेषण जस्तै मनोविज्ञानको सतहमा भित्रभित्र छिर्नु पर्दछ । उत्पाद, स्थिति र भङ्ग हिसाबले ३ वटा शुक्ष्म चित्तक्षण नै एउटा चित्तक्षण भएर यस्तो १५ वटा चित्तक्षण आरम्मणमा



Downloaded from http://www.dhamma.digital

प्रकट हुने भवाङ्ग श्रोतको कुरा आउने बेला "धम्म" को "अभि" तत्व समात्न गाह्रो हुन्छ। चित्तको सम्प्रतिच्छन, सन्तीरण,वोत्थब्बनको श्रमशः उत्पन्न र निरोध पछि २९ वटा कामावचर जवन मध्येमा एउटा जवन चित्त सात चोटि "जवति" हुनेलाई हामीले हेर्ने बेला पदार्थ पनि गति नै हो भनि विज्ञानमा हामी पुग्न जान सक्छौं। १४ वटा वीथि चित्त दुई चोटीसम्म भवाङ्ग चलन, गई सकेको चित्त क्षणको हिसाबले १७ चित्त क्षण पूर्ण हुने "अतिमहन्तारम्मण" भन्ने नाम थ्याक्क भएको छ। आरम्मण उत्पत्तिको न्यूनताको "आपथ" "आगत" आरम्मण नै महन्तारम्मण हुन्छ। अनि यो महन्तारम्मणमा जवनावसानमा भवङ्गपात हुन्छ। अझ यो जवन उत्पन्न हुने सम्मको शक्ति पनि हीन भयो भने परित्तारम्मण हुन्छ। यहाँ जवन नै उत्पन्न हुदैन वत्थब्बन चित्त निरोध हुने वित्तिकै भावङ्ग हुन्छ। यो वत्थब्बनको सम्मको शक्ति पनि हीन भयो भने झन नजिकको निरोध हुन्छ। यो नै अतिपरित्रारम्मण हो। यसमा भवाङ्ग भनि भवाङ्गचलन मात्र हुन्छ। वीथि चितको उत्पन्न नै नहुने भयो। पञ्चद्धार वीथि पछि मनोद्धारावर्जन जवनको अन्तमा त्यो आरम्मणको विपाक चित्त उत्पन्न हुन्छ। यसरी नै कामावचर जवन वार, आर्पणा जवन वार, कुरा आउनेबेला अर्पणा वीथि तल झरिसकेपछि अर्पणा जवनको अन्तमा भवाङ्ग अवतरणको कुरा आउने बेला त्यसमा सौमनस्य उपेक्षासहगत अर्पणाको कुरा आउने बेला बौद्धिक प्रयासले मात्र चित्त वीथि समातेर समात्नै गाह्रो हुन्छ। अनि तदारम्मण वार, कामावचर सत्वहरूको तदारम्मण, विभूतारम्मण र अतिमहन्तारम्मणमा तदारम्मणको इष्ट भावको कुरा आउने बेला यो गाह्रो झनै गाह्रो झैं हुन्छ। मलाई याद आउँछ। म १५ वर्ष जति हुदाँ कुशीनगरमा पुज्यपाद उपाज्झाय ऊ चन्द्रमूनि महास्थविरसँग अभिधम्म सिकेको बेला यहाँ सम्म मलाई सजिलै सलल्ल नै आउँथ्यो, बुझ्थ्यो। वहाँले सोध्नुहुने बेलामा जवाफ दिन सक्थें। जहाँ "जवान नियम" को कुरा आयो त्यहाँ देखि दिमागमा कुरा बल्झिदै बल्झिदै गएझैं भयो। "धम्म" "अभिधम्म"



Downloaded from http://www.dhamma.digital

बुझ्नको लागि आँखा चिम्लिचिम्लि गर्नु पर्ने भयो । चित्त, चेतसिक र पकिण्णकको सम्बन्धको लेखाजोखा पानी झैं नआएसम्म "जवननियम" स्पष्ट हुन नै गाह्रो छ ।

५५ ओटा जवनमध्येमा कामावचर जवन भिन्नभिन्न कामावचर जवन ६ चोटी ७ चोटी द्रतगतिमा उत्पन्न हुन्छ। बुद्धको ऋद्धि प्रातिहार्य अवस्थामा ४ चोटी ५ चोटी प्रत्यवेक्षण जवनचित्त हुन्छ भनि आर्चायहरूको भनाई छ । अपर्णामा महर्गत जवन र अभिज्ञा जवन एकचोटी मात्र उत्पन्न हुन्छ। यसरी नै निरोध समापत्तिको अघिल्लो अवस्थामा र निरोध समापत्तिबाट उठ्ने अवस्थामा क्रियाजवन र अनागामि फल जवन र अरहत्त फल जवन उत्पतिको नियम भन्न सक्ने मात्रै हो, हाम्रो निम्ति । मैले आफैले बुझ्न सक्ने होइन । जवन नियम सारै महत्वपूर्ण भनि महसुश गर्छु, तर यो नियमको मूलअर्थ बुझ्न कति दिन कोसिश गरेर केहि बुझेबुझे जस्तो मात्र भयो । वितशोकको एउटा कथा प्रसंग छ । वितशोकको भनाई छ, भिक्षुसंघहरूले पनि भोजन ग्रहण गर्नुहुन्छ । आँखाले हेर्नु हुन्छ, सुत्नु हुन्छ । म र भिक्षुसंघ केहि फरक छैन । अशोकले यो कुरालाई सुनेर उसले अचानक वितशोकलाई सात दिनको राज्यासन दियो । वितशोक धेरै नै खुसी भयो । तर फेरी तुरून्त भन्न पठायो, सात दिन पछि उसलाई मृत्युदण्ड दिनेछु। यो शब्द सुन्ने बित्तिकै वित्तशोक मृत्युको महाभयमा डुब्यो । अनि उसले खान पिउन सकेन, सुत्न सकेन, उठे उठ्न सकेन, बसे बस्न सकेन,सुते सुत्न सकेन । सात दिन पछि अशोक वितशोक बसिराखेको ठाँउमा गयो । वितशोक तर्सियो थरर् काप्यो । अशोकले सोध्यो, "वितशोक ! तिमीलाई राज्यसुख कतिसम्म भयो ?" वितशोकले रूँदै भन्यो, "सुख कहाँ? म मृत्यु भएको कारणले खान सकेन, पिउँन सकेन, सुत्न सकेन, कुनै विचार सम्म राम्रोसँग गर्न सकेन ।" "तिमीलाई राज्यासन दिएर पनि तिमीले मैले जस्तै राज्य सुखको अनुभव गर्न नसकेको साँच्चै हो भने भिक्षुसंघले पनि भोजन गरेर पनि, रसतृष्णामा नडुबेको, देखेर पनि रूपारम्मणादि



Downloaded from http://www.dhamma.digital

चित्तसंस्कार कृत नभएको हुनुपर्छ । वितशोक ! तिमीलाई यो कुरा बुझाउनको लागि मात्र सातदिनको राज्यासन र सातदिन पछि मृत्युदण्ड दिइको हुँ ।" यो कुरा सुनेर वितशोकको शरीरमा सिरिङ्ग भयो । उसले भन्यो, "मैले कुरा बुझें ।" मलाई विचार आउँछ, वितशोकले यो कुरा जवन नियमको हिसाबले बुझेको हो भने ठिक छ । होइन भने हामीले निर्वाणको परम शान्तिलाई बुझी राखेका जानी राखेका जस्तै मात्र हो । चक्षु आदि पञ्चइन्द्रिय भएर पनि रूपारम्मण आदि विद्यमान भएर पनि कुशल अकुशलको फल वा विपाकको संस्कार रहित स्थिति बुझ्नको लागि यो जवन नियम वीथि प्रकरण नै बुझ्नु पर्ने जस्तो मलाई भान भयो । वीथि संग्रहको अध्ययन गरे अनुरूप मलाई अध्ययनमा आफु हराएर गएको जस्तो भान भयो । कहिलेकाँही चित्तको प्रकारन्त, चैतसिकको सहभागिता, प्रकिर्णक प्रद्धति छर्लङ्ग भएजस्तो हुन्छ भने कहिलेकाँही बुद्धिको स्तर मन्द भएजस्तो भयो । यसकै विषयमा लेख्नको लागि धेरै पढ्नु पर्छ, अझ विपस्सनामा डुबेर चित्त सन्ततिको प्रवाहमा निरीक्षण, चित्तसन्ततिको क्षणक्षणको स्थिति तटस्थरूपमा हेर्ने गर्न बाँकी छ भनि विचार आयो । सुगति आदि भूमि द्विहेतुक तीहेतुक आदि पुद्गलहरूलाई कुन प्रकारको चित्त उपलब्ध हुन्छ, कुनकुन प्रकारको जवन उपलब्ध हुदैन भन्ने बुझे पनि, भन्नसके पनि, लेख्न सके पनि (यो चामल खान्न र जालमा पर्दिन) भनिभनि जालभित्रको चामल थुँगी नै रहेको चरा जस्तै हुन सक्छ । विविध भूमिको विभिन्न पुद्गलहरूलाई उपलब्ध हुने चित्तको प्रकार जवनको कुरा मूल कारण सहित भित्रैदेखि बुझ्नु बौद्धिक कसरतबाट बाहिरको कुरा हो ।

मनुष्यको चित्त जहिलेपनि नरोकिन समुन्द्रको तरङ्ग जस्तै वीथि चित्त हो । त्यो तरङ्ग पनि निन्द्राबाट ब्यूँझेको बेलाको तरङ्ग त हाम्रो निम्ति बोधगम्य हुन्छ भनौ, तर सुषुप्ति र मुर्छा अवस्थामा चित्तवीथि कसरी गरिकन हामीले बुझ्ने ? यसलाई त जीवन नै वीथि पुञ्ज हो । अथवा चित्तवीथि नै मनुष्य जीवन हो । त्यसैले सुषुप्ति र मुर्दा अवस्थामा



Downloaded from http://www.dhamma.digital

पनि यसको तरङ्ग छ भनि मननसम्म मात्र गर्न सक्छु। अझ यो चित्त वीथि त्यति बेला सम्म जोडी राख्छ जतिबेला सम्म मनुष्य निर्वाणमा पुग्दैन। क्षण क्षणको उत्पति, स्थिति र भङ्ग चित्तको अविद्या संस्कार आदि प्रत्यय बुझेर अनात्मवाद जानेर निर्वाणमा जानको लागि चित्त वीथिलाई सम्यक रूपले पढ्नु पर्छ, बुझ्नु पर्छ, जान्नु पर्छ–आफू संस्कारबाट मुक्त हुँदै जानुपर्छ।

"वीथि मुक्त" पाँचौ संग्रह हो। यसमा "प्रतिज्ञा"को रूपमा प्रतिसन्धि अवस्था, च्यूति अवस्था र च्यूति अवस्थामा प्रवृत्ति बताउछु भने पनि भूमिको कुरा सर्वप्रथम आइराखेको छ। ४ भूमि, ४ प्रकारका प्रतिसन्धि,४ कर्म अनि ४ मरनोत्पत्ति यो संग्रहको मूख्य प्रतिपाद्य विषय हो। कामावचर (अपाय+कामसुगति), रूपावचर र अरूपावचर नै भूमि हो। विष्तृत रूपले भूमि ३१ वटा छन्। सद्धावास भूमि पृथकजन, श्रोतापन्न र सकृतागामी पुद्गलहरूको भूमि होइन भने असंज्ञासत्व र अपाय भूमि आठ जना आर्यपुद्गलहरूको भूमि होइन। अपाय, कामावचर, रूपावचर र अरूपावचर प्रतिसन्धिहरू मध्येमा कस्तो कस्तो चित्त अवतरण क्षणमा प्रतिसन्धि पछि भवाङ्ग भएर च्यूतिले टुक्राउछ भन्ने कुरा कर्म सिद्धान्तको गणित जस्तै हो। प्राणी कुन चित्त र चैतसिकले भवाङ्ग च्यूति हुन्छ त्यस्तै नै भूमिमा स्थित हुन्छ। यसपछि अपायदेखि अरूप भूमि सम्मको आयुको वर्णन आईराखेको छ। अपाय, विनिपातिक,असुर र मनुष्यको आयुको नियमितता छैन भने चातुर्महाराजिक भूमि देखि नैवसंज्ञानासंज्ञायतन अरूप भूमि सम्मको नियमित आयु क्रममा बृद्धि हुदै ८४ वर्ष महाकल्पसम्म छ। विपाकको विषयमा गरूक, आसन्न, आचिण्ण र कटत्ता कर्मको ब्याख्या छ। विपाक दिने कर्मको प्रसंगमा नाममात्रको "अहोसि"कर्मको ब्याख्या महत्वपूर्ण छ। यस पछि काय, वचन र मनोकर्मको ब्याख्या आईरहेको छ। वचीकर्मको प्रसंगमा सम्फप्पलापको अर्थमा भनिराखेको छ "सुख एश्वर्यलाई बिगार्न सक्ने सीताहरण इत्यादि काम नलाग्ने कुरो।" यस उल्लेखद्वारा "सीताहरण"को



Downloaded from http://www.dhamma.digital

प्रसंग कामकाज नलाग्ने भनि भनिराखेको छ भने यस उल्लेखबाट, यो व्याख्याबाट अभिधर्मको ऐतिहासिकतामा घाउ हुन्छ । दशरय जातकमा “सीताहरण” प्रसंगको जवाफबाट नै कथाको गजुर घुमाएर राखेको प्रबुद्ध अन्वेषकहरूले जान्छन् । यसैले “सीताहरण”लाई सम्फप्पलाप वाचा भने पनि “दशरथ” जातकमा नजिक राखेर जोडिराखेको “रामायण”कथाको मौलिकता स्वीकार गरेजस्तै हुनगयो कि? भनेजस्तै विचार आयो । हुन त यो परमत्थदीपनीको व्याख्या हो । यस दीपनीमा त “भारत युद्ध-सीताहरणादिकस्स” भनेर पनि भनि राखेको छ। वास्तवमा यो मूलपालि वाक्यमा भएको होइन ।

दश वटा अकुशल कर्ममा हिंसा, कडा वचन, ब्यापाद दोषमूलले, काममिथ्याचार, अभिध्या, मिथ्यादृष्टि लोभमूलले अनि अदिन्नदान, मुसावाद, पिसुनवचन, सम्फप्पलाप दोष र लोभमूलले उत्पन्न हुने हो ।

यस पछि दान, शील, भावना, अपचायन, वेय्यावच्च, पत्तिदान, पत्तानुमोदन, धर्मश्रवण, धर्मदेशना र दिट्ठिजुकम्म (सीधा दृष्टिधारण राख्ने ) १० वटा पुण्यक्रियाको वर्णन छ। अनि रूपावचर र अरूपावचर कुशलकर्म, महग्गत कर्म विपाक भूमिको ब्याख्या छ । रूप अरूपादि कुशलको प्रथम ध्यानादिले ब्रह्मपारिसज्ज भूमि आदिमा उत्पन्न हुन्छ । च्युति प्रतिसन्धि कर्ममा आयु क्षय भएर, कर्म क्षय भएर, आयु र कर्म दुइटै क्षय भएर, नजिक बसेर टुक्राईदिने कर्मले सत्वहरूको मरण हुने रहेछ । मरणान्त अवस्थामा कर्म, कर्मनिमित्त र गतिनिमित्त आरम्मण गरेर प्रष्ट र घमिलो प्रतिसन्धि उत्पन्न गराउने चित्तक्रम अगाडि बढ्छ। तदारम्मण र जवन भएको वीथि चित्तको भवाङ्गमा च्युति चित्तले यस भव अन्त भएर तदानन्तर नै मरणासन्न जवनले समातेको हिसाबले प्रतिसन्धिद्धारा नयाँ भव हुन्छ । च्युति चित्तको निरोध र प्रतिसन्धि चित्तको यो क्रम रथको पाङ्ग्र जस्तै घुमि नै रहन्छ। यो घुमि राख्ने अस्थिरतालाई प्रज्ञाले विचार गरेर मोहलाई सदाको निम्ति छेदन गरेमा संसार दुःखबाट शान्त भईराखेको निर्वाण धातुमा पुग्न जान्छ । यहाँ



Downloaded from http://www.dhamma.digital

नै अभिधर्मको चित्त र चेतसिकको विवेचना पूरा भई रूपको विवेचना प्रारम्भ भइराखेको छ।

चार वटा महाभूत र चार वटा महामभूतको उपादानमा अडिराखेको रूप नै रूपसंग्रहको विषय हो। पृथ्वी, आपो, तेजो र वायो धातु चारवटा भूतरूपहरू हुन् । चक्षुप्रसाद आदि पाँच वटा प्रसाद रूप; रूप, शब्द, गन्ध, रस, पृथ्वी, तेजो, वायो(प्रष्टव्य) आरम्मण ७ वटा गौचररूप; स्त्री र पुरूसत्वको दुईटा भावरूप; हृदय, जीवित र आहार रूप ३ वटा, आकासधातु परिच्छेदरूप १ वटा, काय र वची विज्ञप्तिरूप दुई वटा, त्यस्तै विकार रूप पाँच वटा, लक्षणरूप ४ वटा छन् । रूपलाई आध्यात्मिक र बाहिरिक किसिमले, वस्तु र अवस्तु किसिमले, द्वार र अद्वार किसिमले, इन्द्रिय र अनिन्द्रिय किसिमले, स्थूल र सुक्ष्म किसिमले, उपादिन्नरूप र अनुपादिन्नरूप किसिमले, सनिदर्शन र अनिदर्शनरूप किसिमले, गौचरग्रहक र अगौचरग्रहकरूप किसिमले, अविनिर्भोग र विनिर्भोगरूप किसिमले ब्याख्या गरिराखेको छ । कर्म, चित्त, ऋतु र आहारले रूप उत्पन्न गराउने कारणको ब्याख्या अलग अलग छ। कलापको हिसाबले पनि कर्मज, चित्तज, ऋतुज र आहारज प्रकारले अलग विवेचना छ। संश्वेदज र ओपपातिकहरू लाई चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, भाव, वस्तु दशक भनिने ३ दशक उत्कृष्ट रूपमा उपलब्ध हुन्छ। हीनरूपमा भएमा चक्षु, श्रोत, घ्राण, भावदशक उत्पन्न हुदैन। गर्भमा बस्ने सत्वहरूलाई काय, भाव, वस्तु भनिने ३ दशक हुन पनि सक्छ नहुन पनि सक्छ। पछि प्रवृत्ति अवस्थामा चक्षु, श्रोत, घ्राण, जिह्वादशक हुनसक्छ । प्रतिसन्धि चित्तको उत्पाद कारणले कर्मद्वारा प्राप्तहुने रूपकलाप, सबैभन्दा पहिलो भवांगको कारणले चित्तद्वारा उत्पन्न हुने रूपकलाप, प्रतिसन्धि चित्तको स्थिति कालको कारणले ऋतुद्वारा उत्पन्न हुने रूपकलाप, ओजा अवस्थाको कारणले आधार द्वारा उत्पन्न हुने रूपकलाप चार प्रकारका पनि रूपकलापहरूको प्रवाह दीपको ज्वाला वा नदिको धार जस्तै हो । अनि मरणासन्नमा च्यूति



Downloaded from http://www.dhamma.digital

चित्तको अघिल्लो १७ औं चित्तको स्थिति कालबाट शुरू गरी कर्मज रूप उत्पन्न नभई कर्मजरूपहरू च्यूतिचित्त सँग समान अवस्था सम्म मात्र प्रवित्तित भई निरोध हुन्छन् । फेरि चित्तजरूप र आहारजरूप टुक्रिएर जान्छ । रूप भूमिमा भने घ्राण, जिह्वा, भाव र आहारज कलाप भनेको हुँदैन । त्यसैले रूप ब्रह्माहरूको प्रतिसन्धि अवस्थामा चक्षु, श्रोत, वस्तु, जीवितनवक भनिने कर्मद्वारा उत्पन्न हुने

रूपकलापहरू मात्र हुन्छन् । प्रवृत्ति अवस्थामा चित्त र ऋतुजकलाप मात्र हुन्छ । असंज्ञासत्व भयो भने प्रतिसन्धि अवस्थामा जीवितनवक कलाप मात्र हुन्छ ।

यसपछि निर्वाणलाई देखाईराखेको छ । सत्वहरूलाई संसार चक्रमा टाँसेर राख्ने (कारण) "तृष्णा-वान" बाट बाहिरको स्थिति निर्वाण हो । स्वभाव वा कृत्य लक्षण हिसाबले एक प्रकार मात्र भएपनि बुझाईदिने प्रर्यायको हिसाबले क्लेशबाट अलग्ग भएर पञ्चस्खन्ध सहितको निर्वाण सउपादिशेष, अनि क्लेशबाट अलग्ग भएर पञ्चस्खन्ध पनि नभएको अनुपादिशेष निर्वाण भनि दुई प्रकारले निर्वाण छ । फेरि राग, द्वेष र मोह नभएको सुन्यत "शन्यत" निर्वाण, राग, द्वेष र मोहको कारण रहित भएर अनिम्मित निर्वाण भनि ३ प्रकारको निर्वाण छ । निर्वाणमा च्युति छैन । निर्वाणले च्युतिको अन्तलाई नाघेर गइराखेको छ । निर्वाण कर्म, चित्त, ऋतु र आहारको कारण धर्मले असंस्कृत छ । निर्वाण भन्दा माथिको कुनै धर्म नै छैन ।

समुच्चय संग्रह "अभिधम्मत्थसङ्गहो"को सातौं संग्रह हो । "चित्त, चेतसिक, रूप र निर्वाण" को स्पष्ट प्रासङ्गिक संग्रहपछि प्रज्ञप्ति ज्ञान बुझाउन दिई निर्वाण प्राप्त गर्न उपाय बताउन पूरकसंग्रहको रूपमा ३ वटा संग्रह रहेको हुनु पर्छ । यसमा अकुशल, मिश्रक, बोधिपक्षिय र सर्बसंग्रह को हिसावले ४ वटा संग्रहलाई विषयवस्तु बनाई राखेको छ । कामाश्रव, भवाश्रव, दृष्टाश्रव र अविद्माश्रवलाई नै अकुशल भनिन्छ । यी चारै वटा ओघ (नदीको भेल) हो, योग (बन्धन वा डोरी ) हो । यसपछि



Downloaded from http://www.dhamma.digital

अभिध्या ब्यापाद, शीलब्रत परामर्श, इदंसच्चाभिनिवेस कायग्रन्थ भनि ४ ग्रन्थ (गाँठो)को वर्णन छ । काम, दृष्टि, शीलब्रत र अत्तवाद(आत्मवाद) उपादान भनि ४ वटा उपादानहरू छन् । यसरी नै कामछन्द,ब्यापाद, स्त्यानमिद्ध, औधृत्य, कौकृप्य, विचिकिच्छा र अविद्या गरी छ वटा निवरण, कामराग, भवराग, प्रतिघ, मान, दृष्टि, विचिकिच्छा, अविद्या गरी ७ वटा अनुसय ; कामराग, रूपराग, मोह, मान, दृष्टि, विचिकिच्छा, अरूपराग, प्रतिघ, मान दृष्टि, शीलब्रतपरामर्श, विचिकिच्छा, औधृत्य, अविद्या गरी १० वटा संयोजन; कामराग, भवराग, प्रतिघ, मान, दृष्टि, शीलब्रतपरामर्श, विचिकिच्छा, ईर्ष्या, मात्सर्य, अविद्या गरी १० वटा संयोजन; लोभ, द्वेष, मोह, मान, दृष्टि, विचिकिच्छा, स्त्यान, औधृत्य, आहीक्य, अनोतप्प (अनप्रताप्य) भनि १० वटा क्लेशको वर्णन आइरहेको छ । विशेष गरी अकुशलको प्रसंगमा आश्रवको आदि र मध्यमा काम र भवको आधार रूप र अरूप भवको आधार भइहेको तृष्णालाई बताइरहेकको छ ।

मिश्रकको प्रसङ्गमा लोभ, द्वेष, मोह, अलोभ, अद्वेष र अमोह भनिने ६ वटा हेतुहरूको कुरा छ। साथै वितर्क, विचार, प्रीति, एकाग्रता, सौमनस्य, दौमनस्य र उपेक्षा भनिने ७ वटा ध्यान अङ्गको; सम्यकदृष्टि र सम्यकसंकल्प आदि अष्टाङ्ग मार्गको; चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, स्त्री, पुरूष, जीवित, मन, सुख, दुःख, सौमनस्य, दौमनस्य, उपेक्षा, श्रदा, वीर्य, स्मृति, समाधि, प्रज्ञा, अनज्ञातंज्ञाष्यामि, अज्ञा, अज्ञाताविभनिने २२ वटा इन्द्रियको; श्रद्धा, स्मृति, समाधि, प्रज्ञा, ह्री, अत्रपा, आह्रीक्य, अनपत्राप्य, भनिने नौ वटा बलको; छन्द, वीर्य, चित्त र विमंश भनिने ४ वटा अधिपतिको; गाँस बनाई खान हुने स्थूल आहार, स्पर्श आहार, मनोसंचेतना आहार, विज्ञान आहार भनिने ४ वटा आहारको नौ वटा वर्णनहरू आइरहेका छन् । त्यसैले धर्म शब्दकोष भरे जस्तै गरिरहेको देखिन्छ । अनि श्रोतापत्ति मार्गज्ञानलाई "अनज्ञातंज्ञाष्यामि" (अनञ्ञातञस्सामिति) इन्द्रिय भनिराखेको, अरहत्तफल ज्ञानलाई अज्ञाताविन्द्रिय (अञ्ञाताविन्द्रिय) भनिराखेको नै विशेषकुरा हो ।



Downloaded from http://www.dhamma.digital

बोधिपक्षिय प्रसङ्गमा पनि यो नै धर्मकोषको शैली धर्माङ्गको कुराहरू छन् । काय, वेदना, चित्त र धर्मको ४ वटा अनुपश्यना स्मृति प्रस्थानको; छन्द, वीरिय, चित्त र विमंश भनिने ४ वटा ऋद्धिपादको; श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा भनिने ५ वटा इन्द्रियको; श्रद्धा वीर्य, स्मृति, समाधि र  प्रज्ञा भनिने ५ वटा बलको; स्मृति, धर्मविचय वीर्य, प्रीती, प्रश्रब्धि, समाधि र उपेक्षा भनिने ७ वटा बोध्यङ्गको; सम्यकदृष्टि आदि ८ वटा मार्गको कुराहरू नै यि कुराहरू हुन् । यहाँ पनि स्वरूप, नय र स्थानको हिसाबले विभाजन नै विशेषकुरा देखिन्छ ।

सर्वसंग्रहको प्रसंगमा पनि रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान भनिने उपादानस्खन्ध ५ वटा; चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मन, रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म भनिने आयतन १२ वटा; चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, रूप, शब्द, गन्ध, रस, स्पर्श, चक्षुविज्ञान, श्रोत विज्ञान, घ्राणविज्ञान, जिह्वाविज्ञान, कायविज्ञान, मनोधातु, मनोविज्ञान धातु र धर्मधातु भनिने धातु १८ वटा; दुःख, दुःखसमुदय, दुःखनिरोध र दुःखनिरोधगामिनी प्रतिपदा भनिने आर्यसत्य ४ वटाको चर्चा गरिसकेपछि सर्वसंग्रहमा चेतसिक ५२ वटा, शुक्ष्मरूप १६ वटा, निर्वाण हिसाबले ६९ वटा धर्महरू धर्मायतन धर्मधातुको रूपमा सम्झनलायक कुरालाई अघि सारी राखेको छ । यस परिच्छेदमा संग्रह गाथानै महत्त्वपूर्ण छ जस्तो लाग्यो । नमुनाको निम्ति ३ वटा भूमि दुःखसत्य र लोभ चैतसिक समुदयसत्य हुने; निर्वाण निरोधसत्य हुने, लोकुत्तर मार्ग अङ्ग ८ वटालाई मार्गसत्य हुने अनि मार्ग आठवटासँग मिलेका मार्गचित्तोत्पाद र फलचित्तोत्पाद ४ वटा सत्यबाट अलग्ग भइराखेका हुन् भनि बुझिराख्नु पर्नेकुरालाई उल्लेख गरी लिन सकिन्छ ।

'अभिधर्म' अर्थको आठौं संग्रहको विषयवस्तु प्रतीत्यसम्मुपाद नय र पट्ठान (प्रस्थान) नय हो । प्रत्ययको अपेक्षामा प्रत्ययोपन्न धर्म सम (बढि नभएको) अनि सँगै (तास्सिएर) उत्पन्न हुने धर्म प्रत्यय नै प्रतीत्यसम्मुपाद हो ।



Downloaded from http://www.dhamma.digital

४ वटा आर्य सत्य धर्मलाई छोप्ने मोह (अविद्या)को कारणले पुञ्ञाभिसंस्कार, अपुञ्ञाभिसंस्कार, आनेञ्जाभिसंस्कार उत्पन्न हुन्छ । यस संस्कारको कारणले १५ वटा प्रतिसन्धि चित्त भनिने विज्ञान अथवा ३२ वटा लौकिक विपाक भनिने विज्ञान अथवा ८९ वटा चित्त भनिने विज्ञान उत्पन्न हुन्छ । विज्ञानको कारणले नामरूप उत्पन्न हुन्छ । नामरूपको कारणले चक्षु, श्रोत, घ्राण, जिह्वा, काय, मनायतन भनिने ६ वटा आयतन उत्पन्न हुन्छ । ६ वटा आयतनको कारणले चक्षुशंस्पर्शादि ६ वटा स्पर्श उत्पन्न हुन्छ । चक्षुशंस्पर्शादिको कारणले चक्षुस्पर्शले उत्पन्न हुने वेदनादि ६ वटा वेदना अथवा सुख, दुःख र उपेक्षा वेदना उत्पन्न हुन्छ । वेदनाको कारणले रूपतृष्णादि ६ वटा अथवा काम, भव, विभवतृष्णा उत्पन्न हुन्छ। तृष्णाको कारणले काम उपादन, दृष्टि उपादान, शीलब्रत उपादन, आत्मावाद उपादान उत्पन्न हुन्छ। उपादानको कारणले कर्मभाव, उपपत्तिभव उत्पन्न हुन्छ । भवको कारणले जाति उत्पन्न हुन्छ । जातिको कारणले जरा, मरण, शोक, परिदेव, दुःख, दौमनस्य (मन विग्रनु), उपायास (अति नै दाहा हुनु) उत्पन्न हुन्छ । यो प्रतित्यसमुप्पाद कालभेदको हिसाबले अविद्या र संस्कार अतितकाल; विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान र भव वर्तमान काल; जाति, जरा र मरण अनागतकाल भनि ३ वटा कालहरू छन् । अविद्यादि अङ्गको हिसाबले १२ वटा छन् । त्यस्तै नै अविद्या, तृष्णा र उपादान क्लेश वर्त हो भने भवको केही अंश कर्मभाव र संस्कार कर्मवर्त; भवको केही अंश उपपत्तिभव; अनि विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, जाति, जरा र मरण विपाकवर्त हो । मूलको हिसाबले अविद्या र तृष्णा दुईवटा भनि बुझ्नु पर्दछ । नरोकीकन घुमिराख्ने, शुरू प्रकट नभएको ३ वटा भूमिमा उत्पन्न हुनु नै वर्तधर्म (संसार चक्र स्वभाव) हो ।

यसरी नै यस संग्रहमा हेतु प्रत्ययादि २४ वटा प्रत्ययको, अनि फेरि नामले नामलाई ६ प्रकारले उपकार गर्ने, नामले नामरूपलाई ५ प्रकारले उपकार गर्ने, नामले रूपलाई एक प्रकारले उपकार गर्ने, रूपले



Downloaded from http://www.dhamma.digital

नामलाई एक प्रकारले उपकार गर्ने, प्रत्ययको ब्याख्या चित्त र चेतसिक धर्मको संख्यात्मक निरीक्षणसँगै गरिराखेको कुरा पनि चित्त चेतसिक संग्रह आदिलाई पानी झैं कण्ठ गरी पढेर लग्नु पर्दछ । यो विशेषता नै प्रज्ञप्ति नामरूपले नामलाई उपकार गर्ने दुई प्रत्यय, नामरूप दुवैले नामरूपलाई उपकार गर्ने नौ वटा प्रत्यय पनि हो। नामरूप अलग गर्ने, प्रज्ञप्ति भेद, अर्थ प्रज्ञप्ति भेदको गम्भिर विषय यस संग्रहको अन्तिम अंश हो ।

'कर्मस्थान' अभिधर्मको ९ औं अथवा अन्तिम संग्रह हो । यस संग्रह नीवरण शान्त गर्ने शमथ र अनित्य, दुःख, अनात्मलाई विशेष प्रकारले हर्ने देख्ने विपस्सना, दुई वटा कर्मस्थानको दिग्दर्शन शमथ विपश्यना विभिन्न परिभाषाले शुरू भयो । शमथ कसिण १० वटा, अनुस्मृति १० वटा, ४ वटा अप्पमञ्ञा संज्ञा र ववत्थान एउटा एउटा, आरूप्प ४ वटाको समुहको हिसाबले ७ प्रकारका छन्। यी ४० प्रकारका भावनाहरू अभ्यास गर्नको निम्ति अनुकूल पूर्वाधारको रूपमा राग, द्वेष, मोह, श्रद्धा, बुद्धि र विर्तक भनि ६ वटा चरित्रहरू छन् । जान्नुपर्ने परिकर्म, उपचार र उर्पणा भनिने ३ वटा भावना; परिकर्म निमित्त, उग्रह निमित्त, प्रतिभाग निमित्त भनिने ३ वटा निमित्त; पृथ्वी, आपो, तेजो, वायो, नील, पीत, लोहित, ओदात, आकाश, आलोक भनिने १० वटा कसिण; उद्धुमातकं आदि १० वटा अशुभ; बुद्ध, धर्म, संघ, शील, त्याग, देवता, उपशम, मरण, कायगत, अनापानलाई अनुस्मृतिको १० वटा स्मृति भावना; मैत्री करूणा, मुदिता र उपेक्षाको ४ वटा अप्रमाण्य ब्रह्मविहार भावना; आहारे प्रतिकुल संज्ञाभावना; ४ वटा धातु छुट्याउने चर्तुधातु व्यवस्थान भावना; आकाशानन्त्यायतन आदि ४ वटा आरूप्य भावना विस्तार विस्तारै शान्त मनस्थितिले पढ्यो भने बुझ्न सक्ने तरिकाले भनि राखेको छ ।

यसपछि राग चरित्र भएको व्यक्तिलाई १० वटा अशुभ भावना, द्वेष चरित्र भएको व्यक्तिलाई ४ वटा अप्रमाण्य र ४ वटा कसिण



Downloaded from http://www.dhamma.digital

(नील पीत, लोहित, ओदात) भावना, मोह वा विर्तक चरित्र भएकोलाई आनापानस्मृति भावना, श्रद्धाचरित्र भएकोलाई बुद्धानुस्मृति आदि ६ वटा अनुस्मृति भावना, बुद्धिचरित्र भएकोलाई मरणानुस्मृति, उपशमानुस्मृति, आहारमा प्रतिकूल संज्ञा, ४ वटा धातुको व्यवस्थान भावना अनुकुल हुन्छ भनि असाधारण मनोवैज्ञानिक विधिको रूपले कुन भावनालाई कस्तो व्यक्तिले अभ्यास गर्ने भन्ने ब्याख्या भइरहेको छ । अनि साधारणतः १० वटा अशुभ, कायगतस्मृति, ४ वटा अप्रमण्या, नील, पीत, लोहित, ओदात, आनापानस्मृति, ६ वटा अनुस्मृति, मरणानुस्मृति, उपशमानुस्मृति, आहारमा प्रतिकूल संज्ञा, ४ वटा धातु व्यवस्थानबाट बाँकी भएका पृथ्वी, आपो, तेजो, वायो, आकाश, आलोककसिण, ४ वटा आरूप्य ६ वटा चरित्र भएका व्यक्तिहरूलाई नै अनूकुल भइराखेको छ ।

भावना भेदमा परिकर्म भावना, उपचार भावना, अर्पणा भावना ४० प्रकारको भावना मध्येमा कुन भावना केमा छ भन्ने कुरो छ भने, ध्यानले कर्मस्थानको विभाजनमा कुन ध्यान समुहमा कुन आरम्मण हुन्छ भन्ने कुरा छ ।

गोचर भेदमा भावना र निमित्तको सम्बन्ध देखाएर निमित्तले कर्मस्थान भावनालाई विभाजित गरिएको छ ।

मूल ‘‘पालि तिपिटक’’ पछि भिक्षु बुद्धदत्त, बुद्धघोष र धम्मपाल महास्थविरहरूको ब्याख्या, टिका, स्वतन्त्र ग्रन्थहरू बुद्ध धर्म बुझ्नकोलागि धारण पालन गर्नको लागि अमूल्य कृति जस्तै आचार्य अनुरूद्ध महास्थविरको ‘‘अभिधम्मत्थसङ्गहो’’ पनि अमूल्य निधि हो । ‘‘पुराणटीका’’ र ‘‘विभाविनी टीका’’को युगदेखि आजसम्म अर्थात् यस शताब्धी सम्म बर्मा, श्रीलंका, थाइलैण्ड र भारतको धेरै भिक्षुहरू, विद्वानहरूले टीका लेखी आइरहेको अनि अनुवाद गर्दै आइरहेको प्रसङ्गलाई हेर्ने हो भने यस ‘अभिधम्मत्थसङ्गहो’को पूर्ण अनुवाद नेपाल भाषामा (नेपाली भाषामा) यसरी उपलब्ध हुनु बौद्ध प्राज्ञिक कार्यको एउटा ऐतिहासिक गौरव सन्निकतामा नेपालभाषा (नेपाली भाषा) लाई पुऱ्याउने हो ।



Downloaded from http://www.dhamma.digital

हो ! अभिधर्मको चर्चा सरल शब्दले र उपमा विना भैराखेको लाई पढ्नेद्वारा (मा) 'अभिधर्म' विशेषत नेपालको देशभक्तिले भरिराखेको अनि देवाशिर्वादको आकंक्षाले झुक्ने मनस्थितिका कुरामा रसादि औषधिलाई एक मुट्ठि मुखमा हालेजस्तै हुन्छ भनि मेरो विनम्र धारणा दुइ वर्ष अगाडि झै आज सम्म बाकि छ। मूलतः र तत्वतः मूल्यवान् भएपनि सर्वसाधारणको निम्ति अभिधर्म वांछित रूपले बोधगम्य हुन गाह्रो हुन्छ। त्यसमा पनि २० वर्ष अगाडि ३ वटा (काण्ड) संग्रहको प्रकाशन भन्दा यो नवै वटा संग्रह(काण्ड) प्रकाशित भएकोले माथि देखि तलसम्म पढ्ने बेला पहिला भन्दा धेरै बुझ्ने मात्र होइन बुझ्न सजिलो पनि महशुस हुनेछ।

पुज्यपाद भिक्षु प्रज्ञानन्द संघमहानायक महास्थविरले "विशुद्धिज्ञानदर्शन"मा, पूज्यपाद दिवंगत भिक्षु अमृतानन्द महानायक महास्थविरले "धर्म र विनय"मा, धम्मवती अनागारिकाले "अभिधर्म" मा अभिधर्म बुझाउनको लागि प्रारम्भिक आधार नेपाल भाषामा स्थापना गरिसक्यो । त्यसमा पनि आर.बी बन्द्यज्यूले अनुवाद गर्नु भएको " जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" किताबमा अभिधर्म बुझाउन नेपालभाषमा ठूलो पुञ्ज भैसकेको छ। सबैभन्दा ठूलो कुरो त विपश्यना भावनाको अभ्यास क्रममा नेपाली श्रद्धालुहरू अगाडि बढिसकेकाले मलाई विचार आउँछ, "अभिधम्म" अध्ययन अहिले फलामको बकुलालाई चपाएजस्तै गाऱ्हो हुने छैन। विपश्यनाको अभ्यास गरिसकेका अनि लौकिक विद्यामा पनि अध्ययन पुगिसकेकाहरूले यस किताबलाई अध्ययन गरेर लग्यो भने म भन्दा बढि तपाईहरूले बुझ्नु हुनेछ भनि म बिन्ति गर्छु ।

यस पुस्तक मूलपालि सहित शब्दार्थ र भावार्थ भएको पुस्तक हो। शब्दार्थले मात्र नबुझे फेरी एकचोटी भावार्थ पढ्ने, भावार्थले मात्र नबुझेझैं भएमा शब्दार्थ फेरी पढ्ने अनि ऐतिहासिक प्रमाणिक रूपले खोल्नुपर्ने बेला मूलपालि पढ्नको लागि पनि म विनम्र अनुरोध गर्दछु।



Downloaded from http://www.dhamma.digital

पुस्तक भाषाको शुद्धता, अर्थको स्पष्टता र विषयको प्रमाणिकतामा माथि उठ्छ । आजको संसारलाई चाहिने तरिकाले बुद्धधर्मको मनोवैज्ञानिक तत्वको आधार स्पष्ट गरी राखेको अनिश्वरवाद, अनात्मवाद परन्तु पुनर्जन्मवाद स्वीकृत भएको परमार्थ दृष्टिले पनि धन्य भएको यस अनुवाद कार्य नेपाल भाषा (नेपाली भाषा) मा भएकोले पालि र बर्मी भाषाको ज्ञाता भिक्षु ज्ञानपूर्णिकलाई धेरै धेरै नै साधुवाद दिनुपर्दछ । साथै यस्तो भित्री हृदयदेखिने जयजय होस् भन्न हुने काममा प्रकाशनको काम देखि ज–जसले जुनजुन किसिमले सहयोग गरि दिनुभयो उहाँहरू सबै ठूलो पुण्यको भागीदार पनि हुन् ! अस्तु ।

नगर मण्डप श्री कीर्तिविहार
अनलापुन्ही, ११११

**भिक्षु सुदर्शन**



Downloaded from http://www.dhamma.digital

# एउटा दुईटा कुरा

खुसी हुने कुरा हो, आज यो 'अभिधर्मार्थ संग्रह' ग्रन्थ मूलपालि, शब्दार्थ र भावार्थको रूपमा सम्पूर्ण हिसाबले प्रकाशित भईराखेको छ। यसको पूर्ण श्रेय आदरणीय दिवंगत पूज्यपाद आचार्य डा. भिक्षु अमृतानन्द महानायक महास्थविरलाई जान्छ । वहाँको मैत्रीपूर्ण सद्भावना र सत्प्रेरणाद्वारा नै यो पुस्तक यस रूपमा श्रद्धालु महानुभाव, पढ्नेहरूको सामु प्रस्तुत भईरहेको हो । महत्व, आवश्यकता, दुरदर्शिता र भविष्यको उपादेयतालाई हेर्ने, देख्ने शुक्ष्म निरीक्षण शक्ति वहाँसँग जति छ, त्यो अवस्थालाई हेरेर, समयलाई हेरेर, वातावरणलाई हेरेर काम गर्न प्रोत्साहन दिने र 'हस्ते' भन्ने वहाँको चरित्रले स्पष्ट गरीराखेको छ । तर अपशोच हो, वहाँले आफ्नो उत्प्रेरणाको प्रतिफल आफै स्वयम् निरीक्षण गर्ने समय दिन सक्नु भएन। काम शुरू गर्नु भएर वहाँ यस संसारबाट आफू स्वयम् पछि हट्नु भयो । तर वहाँ आफ्नो लक्ष्यबाट बाहिर त पर्ला जस्तो लाग्दैन । किनभने यसको वास्तविक सुपरिणाम वहाँले लक्ष्य राख्नु भएझैं भविष्यको बुद्ध शासनानुयायीहरूलाई कुनै न कुनै रूपले अवश्य उपलब्ध हुन्छ भन्ने कुरामा संशय छ जस्तो लाग्दैन ।

यो 'अभिधर्मार्थ संग्रह' ग्रन्थ भाषा उल्था गरिसकेको धेरै धेरै वर्ष बितिसक्यो । आफू बर्माबाट फर्किसकेपछि वाराणसीको 'वाराणसेय संस्कृत विश्वविद्यालय' मा संस्कृत डिप्लोमा अध्ययन पश्चात केही विवशता र अस्वस्थताले नेपाल फर्के । पाटनको श्री सुमंगल विहारमा बसिराखेको थिएँ । ई. सं १९६९-७० तिर



Downloaded from http://www.dhamma.digital

यस पुस्तक बोली बोली लेखाउने पढाउने तरिकाले भाषा उल्था गर्ने काम गरेर लगें । खेस्रा लेख्ने, छान्ने र साफि गर्ने काममा पूर्ण हुने गरी हात हाल्ने बहिनी अनागारिका उप्पलवर्णा थिइन् । साथै पाण्डुलिपिलाई बषौंवर्ष सुरक्षा गरेर राख्ने गाह्रो अभिभार पनि आफैले नै लिएर प्रशंसनीय काम पूरा गरिन् ।

केही वर्ष पछि 'नेपाल बौद्ध परियत्ति शिक्षा' को कक्षाको निम्ति अभिधर्मपुस्तक प्रकाशन गर्न आवश्यक देखिनमा आएकोले वि.सं २०२८ (ने.सं १०९१) तिर कुटिबहाल, नागबहालको हेराकाजी सुजीकाःको स-श्रद्धाले पूर्णरूपले नभएपनि आफ्नो गक्ष र सामर्थ्य अनुसार भिन्न भिन्न भाग गरी प्रकाशन गर्ने प्रयास भएपछि सबैभन्दा पहिलो प्रकाशनको रूपमा चित्त चैतसिक र पकिण्णक ३ वटा काण्ड राखेर 'अभिधर्मार्थ संग्रह' प्रकाशित भयो । त्यसपछि दोश्रो र तेश्रो प्रकाशन निकाल्ने काम २० वर्ष जतिसम्म भनेझैं यतिकै पछि सरिरह्यो, प्रकाशन हुन सकेन ।

पुज्यपाद महानायक भिक्षु अमृतानन्द महास्थविरको सत्प्रेरणा र सत्प्रयासद्वारा 'उभय पातिमोक्ख' प्रकाशन भईसकेपछि वहाँले नै फेरी 'अभिधर्मार्थ संग्रह' पनि प्रकाशन गर्नुपर्‍यो भनि कुरा अघि सार्नु भयो । आफूले लेखी राखेको कुरा निवेदन गरेको बेला तुरून्त नै पाण्डुलिपि मागी लिनुभयो । प्रकाशनको सम्पूर्ण अभिभार आनन्दकुटी विहार गुठीले बोक्ने निर्णय भएर आफू केही समयको निम्ति मलेशिया, अष्ट्रेलिया आदि ठाउँमा पुगेको बेलामा नै प्रेसमा समेत पठाई सबै व्यवस्था मिलाउन लगाएर शुरू शुरूको प्रुफसमेत आफैले हेर्ने गरीराख्नु भएको थियो । उताबाट फर्किने वित्तिकै त्यसको सम्पूर्ण भार मलाई नै दिनुभयो । कति नै नबित्दै वहाँ यस संसारको भार पनि विच्छ्याउनु भई सदाको निम्ति भनेझै यहाँबाट निस्कनुभयो । यो हाम्रो निम्ति ठूलो अपूरणीय क्षतिनै



Downloaded from http://www.dhamma.digital

भयो । बुद्धशासनिक दृष्टिले ठूलो घाउ लाग्यो । मेरो आफ्नो पक्षमा त बज्चरोले नै लाग्यो । वहाँले दिनुभएको जस्तो प्रोत्साहनयुक्त सत्प्रेरणा र साहस अब कहाँ कोसँग लिन जाने ?

त्यसपछि यस काममा चाहिने जति योगदान तन र मन दिएर धुवांधु (बारम्बार) विहार र प्रेसमा तान (सूत) बुन्ने काम लगेजस्तै ओहोर दोहोर गर्नेदेखि प्रुफ् पढ्ने जस्तो निन्द्रा लाग्ने काममा गाह्रो नमानी मूल्यवान श्रम र परिश्रम दिनु हुने उपासक (ज्वाँइ) श्री मणिजीव कंसाकार ज्यू, भान्जा प्रकाश बज्राचार्य र श्रामणेर वजिरबुद्धिहरू भए । साँच्चै साँच्चै नै यी व्यक्तिहरूको परिश्रम र सहयोग विना यो काम चाँडै पूर्णहुन सजिलो नहुने कुरा कसले मात्र नजानेको हुन्छ र ?

सँगसँगै आफ्नो मूल्यवान समय दिएर आफै पनि यस पुनित कामकुरामा महिना भन्दा बढी डुबेर गहन अध्ययनद्वारा सारलाई निचोडेर लिई त्यस सार तत्वद्वारा आसेवित, संसेवित, निसेवित, प्रभावित गरेर 'अभिधम्म' को गम्भिर रहस्य छिली छिली 'दुई शब्द' लेख्नु भएर यस पुस्तकको महत्व अभिवृद्धि गर्नुभई सारमय बनाईदिनु हुने सरोदर भिक्षु सुर्दशन महास्थविरको भूमिका पनि कम सारमय हुन गएन ।

अनि प्रेसले गर्नुपर्ने सबै काम समयमा नै पूरा गरेर पनि एक महिना भन्दा बढि हात बाँधेर बस्नुपर्ने गरी दिक्क नमानि कुरेर आफ्नो धैर्य, उत्साह र श्रद्धालाई प्रत्यक्ष देखाई यस पुनित कार्यमा आर्यमौन जस्तो मौन धारण गर्ने र सहिष्णुता र सहानुभूति पूर्ण सहयोग दिनेमा आफूहरूको आर्दशलाई अगाडि सार्नु भएका यसमा संलग्न 'नेपाल प्रेस'को मूख्य नायक प्रमुख सबै प्रेस परिवारहरूको योगदान पनि जति शुभकामना दिएपनि नपुग्ने खालको भैराखेको छ ।



Downloaded from http://www.dhamma.digital

आनन्दकुटी विहारको श्रद्धाको बारेमा त झन केहिनै भन्नुपर्ला जस्तो लाग्दैन। गुठीको श्रद्धामात्र यसमा समावेस नभएको भए यस किसिमको पुस्तक पढ्ने श्रद्धालु महानुभावहरूको अगाडि पेस गर्नु साहास झत्त गर्न सक्ने नै कहाँ !

त्यसैले यिनीहरू तिनीहरू सबैसबै मेरो आफ्नो भित्री हृदयको कृतज्ञता र शुभकामनाका पात्रहरू भै राखेका छन् । सबैलाई कृतज्ञता व्यक्त गर्दै शुभकामना नभनि कसरी बस्ने?

शुभकामना ! शुभकामना ! ! शुभकामना ! ! !

आशा र विश्वास छ, यस अमूल्यनिधि समानको ग्रन्थको अध्ययन, अन्वेषण र अध्यापनले धर्मको 'अभि' तत्वले भरिएको सार प्राप्त गरिलिनुहुने सबैको सहयोग र सहानुभूति यसरी नै भई नै राखेर फेरी फेरी यस्तो सारगर्भित धर्म र भाषा सेवाको काममा हात हालेर लैजाननै पाउनेछु। अस्तु।

\- भाषानुवादक

विश्वशान्ति विहार
मीनभवन, नयाँ बानेश्वर
बु.सं २५३४ (ने.सं. ११११)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# दुई शब्द

भगवान् गौतम बुद्धको चार असंख्य र एक लाख कल्पसम्म दानादि ३० पारमिता पूरा गर्नुभएको थियो महासत्व बोधिसत्वको रूपमा रही ।

२६२५ वर्ष अघि राजकुमार सिद्धार्थ गौतमको रूपमा बैशाख पूर्णिमाको पवित्र दिनमा नेपाल अधिराज्यको पश्चिमी क्षेत्र लुम्बिनीको शालोद्यानमा जन्मनुभएको थियो वहाँ । २९ वर्षसम्म भौतिक सुख शयलमा दुब्ली लगाई संसारको भयावह स्थितिलाई महसूस गरी त्यसबाट मुक्ति पाउन राजपात वैभव सुख शयल जम्मैलाई तिलाञ्जली दिई गृहत्याग गरेर किंकुशलगवेषी भई ६ वर्षको समय प्रचलित धर्म नामक धर्मको परीक्षणमा दुबी बाँच्नै सक्तैन कि क्या हो भन्नुपर्ने अवस्था सम्मन् असह्य कष्ट र पीडा सही दुष्कर चर्यामा तल्लीन हुनुभएको थियो ।

तत्पश्चात् स्वानुभूतिले नै दुष्करचर्याको निस्सारता र निरर्थकतालाई अभ्यन्तरदेखि नै प्रत्यक्षीकरण गरिसकेपछि त्यसलाई पूर्णतः त्याग गरी मध्यममार्ग नामक शील, समाधि र प्रज्ञाको मार्ग अपनाइ ३५ वर्षको उमेरमा अविद्यालाई क्षत विक्षत पारी विद्या उत्पादन गरेर अरहत मार्गज्ञानद्वारा जे जति नराम्रा विकार नराम्रा कुप्रवृतिहरू छन् ती जम्मैलाई सखाप पारी निर्मूल रूपमा उच्छेदन गरेर सर्वज्ञता ज्ञानसहित सम्यक्सम्बुद्धत्व हासिल गर्नुभएको थियो । आफूमा लाभ भएको आफैले आविष्कार गरी फेला पार्नुभएको विमुक्ति सुखको अनुभव गर्दै पुनराबृत्तिको रूपमा अनुलोम प्रतिलोम, निरीक्षण परीक्षण, संश्लेषण, विभाजन परिचालन, अनुशीलन परिशीलन, अनुमार्जन परिमार्जन गरी बोधिवृक्षदेखि लिएर वरिपरिका स्थलहरूमा एक एक सप्ताह गरी ७ सप्ताह



Downloaded from http://www.dhamma.digital

बिताई सुखको प्रत्यक्षानुभूति गर्नुभएको थियो । धर्म गम्भीरताको मर्म बुझिलिनु भएको थियो ।

त्यसै सिलसिलामा चौथो सप्ताह वहाँले रत्नाघर चैत्यमा बिताउनु भएको थियो । त्यही त्यो ठाउँ भनिन्छ जुन ठाउँमा बसेर वहाँले गम्भीरातिगम्भीर अभिधर्म सम्बन्धी परमार्थ दर्शनको चिन्तन मनन गर्नभएको थियो र भनिन्छ, त्यही अवस्थामा नै वहाँको शरीरबाट नील, पीत, लोहित, अवदात, मस्जीट्ठ, पभस्सर (प्रभास्वर)६ वर्ण रश्मि प्रज्वलित भएको थियो । यसै अवस्थादेखि नै अभिधर्म प्रत्यक्षीकरण तथागतको मानसपटलमा भइसकेको थियो, जसलाई मानसिक देशना भनी भन्दछ ।

त्यसपछि सातौं वर्षावासको समयमा श्रावस्ती नगरको कण्डम्ब बृक्षमूलमा तीर्थंकर दमनार्थ यमक प्रातिहार्य प्रर्दशनपछि तीन पाइला चालेर जयतिंस देवलोकका देवब्रह्माहरूलाई वर्षावास ३ महिनासम्म लगातार निरन्तरता दिई अभिधर्मको देशना गर्नुभएको थियो भन्ने कुरा पिटक ग्रन्थहरूमा उल्लेखित छ ।

मानव शरीरलाई यापन गर्नको निमित्त निर्मित बुद्धद्वारा देशनाक्रम चालु राख्न प्रबन्ध मिलाई वहाँ तथागत मनुष्य लोकमा अवतरण गर्नु भई भिक्षाटनादि दैनिक चर्या भएको उपदेशको सारांश आफ्नो दाहिने हस्त शिष्य अग्रश्रावक आयुष्मान् सारिपुत्र स्थविरलाई सुनाउनु हुन्थ्यो ।

वहाँ आयुष्मान सारिपुत्र स्थविरले फेरी आफ्ना ५०० शिष्यहरूलाई देशना गरी त्यस अभिधर्म देशना मनुष्य लोकमा पनि नत विस्तृत, नत संक्षिप्त रूपमा प्रतिष्ठापित गर्नुभएको थियो । यसरी अभिधर्म देशनाले पछि गएर अभिधर्म–पिटकको रूप लिन पुगेको थियो ।



Downloaded from http://www.dhamma.digital

धर्मस्कन्धको हिसाबले विनय–पिटक र सूत्र–पिटक गरी ४२ हजार धर्मस्कन्ध रहेको छ भने एउटै मात्र अभिधर्म–पिटकमा बाँकि ४२ हजार धर्मस्कन्ध समाहित भईरहेको छ। यदि अभिधर्म–पिटकलाई परसार्ने हो भने ८४ हजार धर्मस्कन्ध कदापि पुरा हुन सक्नेछैन। तीनै पिटक विनय, सूत्र र अभिधर्म जोडेर मात्रै ८४ हजार हुन पुगेको हो।

तसर्थ अभिधर्मको निदानमा कौशल्य अथवा दक्षता प्राप्तिको निमित्त निम्न प्रश्नोत्तरप्रति ध्यानाकर्षण गर्नु आवश्यकता देखिन्छ :–

प्रश्न : यो अभिधर्म के ले प्रभावित भइराखेको छ ?
उत्तर : बोधि प्रार्थना श्रद्धाले प्रभावित भइराखेको छ।

प्रश्न : कहाँ परिपक्व भएको हो ?
उत्तर : ५५० जातकमा परिपक्व भएको हो।

प्रश्न : कहाँ अधिगम भएको हो ?
उत्तर : बोधिवृक्ष मूलमा अधिगम भएको हो।

प्रश्न : कहिले अधिगम भएको हो ?
उत्तर : वैशाख पूर्णिमाको दिनमा।

प्रश्न : कसले अधिगम गरेको हो ?
उत्तर : सर्वज्ञ बुद्धले।

प्रश्न : कहाँ निरिक्षण भएको हो ?
उत्तर : बोधिमण्डपमा।

प्रश्न : कहाँ देशना गर्नुभएको हो ?
उत्तर : जयतिंस देवलोकमा।

प्रश्न : कस्को निमित्त देशना गर्नुभएको हो ?
उत्तर : देवताहरूको निमित्त।

प्रश्न : किन देशना गर्नुभएको हो ?
उत्तर : ४ ओघ (बाढीबाट) उत्तीर्ण गराउनको निमित्त।



Downloaded from http://www.dhamma.digital

प्रश्न : क–कसले ग्रहण गरेका छन् ?
उत्तर : शैक्षहरू र पृथकजनहरूले ।

प्रश्न : को को शिक्षित शिक्षा भएका हुन् ?
उत्तर : अरहन्त क्षीणश्रश्रवहरू ।

प्रश्न : क–कसले धारण गरेर लिने हुन् ?
उत्तर : ज–जसलाई आवश्यक पर्ने हुन्छ, तिनीहरूले धारण गरेर लिने हुन् ।

प्रश्न : कसको वचन हो ?
उत्तर : भगवान अरहन्त सम्यकसम्बुद्धको ।

प्रश्न : कसले प्रवाहित गरेका हुन ?
उत्तर : आचार्य परम्पराले प्रवाहित गरेका हुन् ।

प्रश्न : यो अभिधर्म ग्रन्थको हिसाबः–
उत्तर : (१) धम्मसङ्गणी (२) विभङ्ग (३) धातुकता (४) पुग्गलपञ्ञत्ति (५) कथावत्थु (६) यमक र (७) पट्ठान भनी ७ ग्रन्थहरू छन् ।

ती मध्येमा ५ औं कथावत्थु ग्रन्थ सम्यक्सम्बुद्ध तथागतको महापरिनिर्वाणको २१८ वर्ष पछि मोग्गलिपुत्ततिस्स (मौद्गल्लीपुत्त तिष्य) स्थापित ग्रन्थ हो । त्यो पनि शास्ताले दिएरजानुभएको मातिका नयलाई आधार बनाई देशना गरिराख्नु भएको हुनाले मधुपिण्डिक सूत्रादि अन्य सूत्रहरू श्रावकभाषित नै भए पनि तथागतले समर्थन गरिराख्नु भएका सूत्रहरू भएकाले बुद्धभाषित रूपमै गणना गरिराखेको हो ।

अभिधर्म सात ग्रन्थको संक्षिप्त परिचय निम्नानुसार बुझ्नु पर्दछ :–

(१) धम्मसङ्गिणी–अभिधर्म-पिटकको पहिलो ग्रन्थ हो । यसमा परमार्थ-धर्मलाई बुझाउनको निमित्त ४ भागमा विभाजन गरिराखेको छ ।



Downloaded from http://www.dhamma.digital

(क) चित्त-विभाजन (ख) रूप-विभाजन (ग) निक्षेपराशी र (घ) अर्थोद्धार गरी ।

(क) चित्तविभाजनमा ८९ प्रकारका चित्तलाई भूमि जाति आदि रूपमा विभाजन गरी दर्शाइएको छ ।

(ख) रूपविभाजनमा एक प्रकारको रूप दुई प्रकारको रूप आदि गरी मातिका अगाडि सारी विस्तृत रूपले विभाजन गरी दर्शाइको छ ।

(ग) त्यस पछि मूल, स्कन्ध, द्वार, भूमि, अर्थ, धर्म, नाम, लिंग, आदि गरी निक्षेप राशीको प्रदर्शन ।

(घ) अन्त्यमा त्रिपिटक बुद्धवचनको अर्थाद्धार प्रकाश पार्दै गम्भीर शूक्ष्म बुद्ध देशना अगाडि सारेको छ ।

(२) दोश्रो विभङ्ग प्रकरणमा स्कन्ध, आयतन, धातु, सत्य, इन्द्रिय आदि १८ प्रकारका विभङ्गहरूलाई उल्लेख गरी परमार्थ धर्मलाई विभाजन गरी दर्शाइएको छ ।

(३) धातुकथा– मा संग्रह असंग्रह आदि रूपमा धर्मलाई १४ प्रकारले विभक्त पारिराखेको छ ।

(४) पुग्गलपञ्ञत्ति - मा स्कन्ध, प्रज्ञप्ति गरी ६ प्रकारले विभक्त गरी धर्महरूलाई बुझाइराखेको छ ।

(५) कथावत्थु - मा स्व-पक्षिय ५०० सूत्रहरू र परपक्षिय ५०० सूत्रहरू यसरी १००० सूत्रहरू समावेश गरी विभाजन गरिराखेको छ । प्रश्नोत्तरको रूपमा अगाडी बढिरहेको यो ग्रन्थ हो ।

(६) यमक - मा मूलयमक, स्कन्ध, आयतन, धातु, सत्य, संस्कार -यमक आदि गरी १० यमक छुटयाएर दर्शाइएको छ ।

(७) अन्तिम पट्ठान ग्रन्थ हो । यो पुस्तकको दृष्टिले एक



Downloaded from http://www.dhamma.digital

भागमा ४०० पेज भन्दा बढि पेज भएका ५ भागमा विभाजित ग्रन्थ हो । हेतु-प्रत्यय, आदि २४ प्रत्यय धर्मको रूपमा सर्वप्रथम विभाजन गरी त्यस पछि २२ त्रिक, १०० दुकलाई आधार बनाई तिकपट्ठान, दुकपट्ठान, दुकतिकपट्ठान, दुकदुकपट्ठान, तिकतिक पट्ठान, दुकदुक पट्ठान, भनी ६ भागमा विभेद गरी एक एकमा फेरी अनुलोम, पच्चनीय, अनुलोमपच्चनीय, पच्चनीयानुलोम गरी ४ भागमा समावेश गरेर ६ अनुलोम पट्ठान, ६ पटिलोम पट्ठान, ६ अनुलोमपनीय पट्ठान, ६ पचनीयानुलोम पट्ठान गरी यसरी जम्मा २४ पट्ठानहरू प्रदर्शन भइरहेको छ। धर्मको हिसाबले यो अति नै शूक्ष्म र गम्भीर ग्रन्थ हो ।

वास्तवमा अभिधर्मको परिचय दिनु सजिलो छैन । अभिधर्म साधारणजनले बुझ्ने खालको व्यवहारिक प्रज्ञप्ति सत्यमा आधारित उपदेश होइन । पूर्णतः परमार्थ धर्म सम्बन्धी उपदेश हो । खालि सुन्नु मात्रले विचार मात्रले तर्कना र कल्पना मात्रले. बुझ्ने खालको उपदेश पनि यो होइन । साँच्चिकै विपश्यना भावना धर्ममा दुब्कि लगाई भावनामय ज्ञान परिपक्व भएमा मात्र बुझ्ने खालको यो उपदेश हो । अनुभूति र साक्षात्कारद्वारा प्रत्यक्ष दर्शन प्राप्त गरी लिन सकेमा मात्र अभिधर्म वास्तवमै बुद्धोपदेश रहेछ भनी स्वीकार गर्न सकिने हो। अन्यथा तर्क वितर्क वादविवादलाई नै गम्भीर दर्शन सम्झनेहरूको निमित्त अभिधर्म उपयोगी सिद्ध हुन सक्दैन । वनमा चरिरहने मृगले माणिक नै देखे पनि त्यो माणिक उसको लागि घाँस जति पनि मूल्यवान् हुन सक्तैन भने जस्तै नै हुनजान्छ । उपयुक्त अभिधर्म पिटकको धम्मसङ्गणी आदि सात ग्रन्थ भित्र प्रवेश पाउन सजिलो पार्नको निमित्त आयुष्मान भद्दन्त अनुरुद्ध महास्थविरले सातैवटा ग्रन्थहरूको निचोड सार संग्रह गरी अधिधम्मत्थसंगहो अभिधर्मात्य संग्रह नामले एकदम सानो कान्छो औंला जस्तो ग्रन्थको प्रतिपादन गरेर जानु भयो ।



Downloaded from http://www.dhamma.digital

विश्वभरमा आज यस ग्रन्थले अभिधर्म अध्ययनको क्षेत्रमा यस्तो स्थान ओगटिसकेको छ कि सर्वप्रथम यस ग्रन्थको अध्ययनले साँचो प्रयोग गरी ताला खोले जस्तो खोल्नु बिना अभिधर्मको खास अध्ययन असम्भव प्रायः भइसकेको छ। यस ग्रन्थमा जतीका टीका अनुटीका, मधु गण्ठी आदिहरूका रचनाहरू अरु कुनै अन्य ग्रन्थमा पनि भएको पाइन्न भन्नु उपयुत्ती न होला जस्तो लाग्छ।

वस्तुतः त्यस्तो महत्वपूर्ण ग्रन्थको आज नेपालभाषामा भाषासन्तरण भइसके जस्तै श्री धर्मरत्न शाक्य "त्रिशुली"को महति श्रद्धाले र अथक प्रयासले अस्वथ्य रहेर पनि नेपाली भाषामा भाषानुवादको रूपमा भाषान्तरण गरी सद्धर्मप्रेमी परमार्थ गवेसी पाठकहरू समक्ष प्रस्तुत हुन लागिरहेको छ र यो एउटा नेपाली मात्रको निमित्त गौरव र सौभाग्यको कुरा बन्न पुगेको छ। तसर्थ वहाँप्रति हामी अति नै आभारी भइरहेका छौं। साथै वहाँ साधुवादको भागी पनि हुनुहुन्छ।

अन्तमा वहाँप्रति आफनो अन्तस्करण देखिको साधुवाद प्रकट गर्दै मेरो यो दुइ शब्द यहिं टुंग्याउन चाहन्छु।

साधु। साधु॥ साधु॥।

**भिक्षु ज्ञानपूर्णिक**
विश्व शान्ति विहार
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं,
२०६०



Downloaded from http://www.dhamma.digital

# आफ्नो कुरा

करीब पच्चीस वर्ष अगाडि पूज्य धर्मलोक महास्थविर संगै काठमाडौंमा बौद्ध धर्मका पुस्तक बाहिरबाट झिकाएर प्रचार गर्ने मानदास उपासक कहाँ जाँदा उहाँले भद्दन्त अनुरुद्ध महाथेराद्वारा रचित अभिधम्मत्थसङ्गहोलाई भिक्षु वरसम्बोधिबाट मूल पालि तथा हिन्दी अनुवाद गरिराखेको एउटा पुस्तक "यो तपाईले हेर्नुपर्ने पुस्तक हो" भनी देखाउनु भयो। पुस्तक हेर्नेबित्तकै मनपऱ्यो, किनेर त्रिशुली लगें। २०१० सालमा बुद्धघोष भन्ते त्रिशुलीमा आउँनुहुँदा सो देखाएँ र उहाँबाट चित्तकाण्ड अध्याय अध्ययन गरें। अनि पढिसकेजति नेपाली भाषामा अनुवाद गर्दै लगें।

फेरि उहाँलाई २०१८ सालमा छोरा सुखकुमारको अन्नप्रासानको निम्ति निमन्त्रणा गरें। त्यसबेला उहाँले निमन्त्रणा स्वीकार गर्नुभई सुगतपुरमा वर्षावास अधिष्ठान गर्नुभयो। स्मरणीय छ सोही बेला बुद्धशिक्षालाई कक्षागत रूपमा अध्ययन प्रारम्भ भएको थियो। जसलाई पछि भिक्षुमहासंघको तर्फबाट आवश्यक परिमार्जन गरी "नेपाल बौद्ध परियत्ति शिक्षा" नामले सञ्चालन भयो। त्यस बखतमा पनि उहाँसंग चेतसिक (सबैमा) काण्डदेखि अध्ययन गर्ने अवसर प्राप्त भयो। साथै उहाँसंग बसेर यथासम्भव चार्टहरू बनाएर पनि अध्ययन गरियो। पछि ज्ञानपूर्णिक महास्थविरबाट अभिधम्मसङ्गहो नेपाली भाषामा शब्दार्थ र भावार्थ मुद्रण भएर प्रकाश भएपछि उहाँसंग अनुमति लिई आफूले पनि त्यसको भावार्थ नेपाली भाषामा अनुवाद प्रारम्भ गरें।

अनुवाद सकिएर केहि समय पछि आफैले कम्प्युटरमा टाईप गरी प्रिन्ट निकालेर ज्ञानपूर्णिक भन्तेलाई संशोधन गर्न अनुरोध गरें। उहाँले पनि अनुकम्पापूर्वक आफू अस्वस्थ भएपनि संशोधन गरी दिनुभयो। यसरी उहाँहरूबाट शिक्षा तथा प्रोत्साहन प्राप्त



Downloaded from http://www.dhamma.digital

भएको हुनाले पूज्य गुरुवर बुद्धघोष महास्थविरप्रति आभार ब्यक्त गर्दछु । साथै यो पुस्तक भन्ते ज्ञानपूर्णिक महास्थविरप्रति समर्पण गर्न पाउँदा आफूलाई निकै सन्तोष लागेको छ ।

यो पुस्तक प्रकाशन गर्न हेटौंडाका श्री महारत्न बज्राचार्यबाट आफ्ना दाजु श्री हर्षरत्न बज्राचार्यको भीमरथारोहणको उपलक्ष्यमा प्रदान गर्न आर्थिक सहयोग गर्नुभएको हुनाले उहाँ धन्यवादका पात्र हुनुहुन्छ । त्यसैले ललितपुरका दाता धर्मबहादुर धाख्वाज्यूबाट स्थापित "धाख्वा कल्याण कोष" को तर्फबाट हना-पौ सहित आर्थिक पुरस्कार प्राप्त भएको हुनाले यो पुस्तक तपाईहरूको समक्ष प्रस्तुत हुन सरल भयो । तसर्थ उनी धर्मबहादुर धाख्वा तथा "धाख्वा कल्याण कोष" का सम्पूर्ण परिवारप्रति कृतज्ञ प्रकट गर्दछु । साथै यसको निम्ति म संग भएको पुस्तकहरू बिक्री गरिदिने क्रममा सहयोग गर्नुहुने हेराकाजी सुईका, बेखा शाक्य, छोरी सुशीला शाक्य प्रति पनि धन्यवाद नदिई रहन सक्दैन ।

अन्तमा समयमै राम्रोसंग छापी दिनुभएकोमा बागमती छापाखाना परिवारलाई पनि धन्यवाद छ । आशा छ, अभिधर्म ग्रन्थको साँचो जस्तै भैराखेको यस पुस्तकले दुर्लभ भैराखेको सद्धर्म सबैले अध्ययन गरी यथार्थ धर्म बुझ्न सकियोस् भन्ने कामना गर्दछु ।

॥ भवतु सब्ब मंगलं ॥

२०६० साल बैशाख १ गते

**धर्मरत्न शाक्य "त्रिशुली"**



Downloaded from http://www.dhamma.digital

# दोश्रो संस्करणको क्रममा .......

आचार्य भदन्त अनिरूद्ध महास्थविरद्वारा प्रतिपादित यस अभिधम्मत्थ संगहो २०४८ सालमा श्रद्धेय गुरूवर भन्तेज्यूले नेपालभाषामा अनुवाद भएर आनन्दकुटी विहारगुठीबाट प्रकाशन भएको हो । नेपालभाषामा अनुवाद भएको पुस्तकको आधारमा वि.सं. २०६० सालमा धर्मरत्न शाक्य, त्रिशूलीले नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्नुभएको हो । यो अभिधर्मार्थ संग्रह पुस्तक नेपाल बौद्ध परियत्ति शिक्षाको कोविद प्रथम वर्ष देखि कोविद अन्तिम वर्षसम्मको पाठ्यक्रममा समावेश भइरहेको पुस्तक हो । १७ वर्ष अगाडी नेपालीमा अनुवाद भई प्रकाशन भएको पुस्तक केही वर्षदेखि अभावको रूपमा रहेको थियो । अभाव भएकोले परियत्ति विद्यार्थीहरूले सहज रूपमा पाउन सकेको थिएन । पाठ्यपुस्तकको रूपमा अध्ययन गर्नुपर्ने पुस्तकहरू जुन प्रकाशनमा आइसकेको थिएन, ४ वर्ष अघि टाइप गर्ने कार्य अगाडी बढाइयो । ४ वर्ष अगाडी टाइप भएका अंशहरू २०७७ सालमा भिक्षु ञाणावुधले कोविद अन्तिम वर्ष, अनागारिका अग्गञाणीले कोविद प्रथम वर्ष र अनागारिका विमलञाणीले कोविद मध्यम वर्षको लागि आवश्यक अंशमा करेक्सनको लागि सहयोग गर्नुभयो ।

आफूले अध्ययन गरेतापनि बुझ्न गाह्रो विषय भएकोले विद्याथीहरूले सजिलै बुझ्न सकोस् भनी उद्देश्य राखी सद्धम्मपालक देखि कोविद अन्तिम वर्ष सम्मको अभिधर्म सहित अरू गाह्रो विषयहरूको कक्षा विश्व शान्ति विहारमा केही वर्ष संचालन भएको थियो । सन् २०१९ को अन्त्यतिरबाट कोरोना भाइरस विश्वभर फैलिइरहेको अवस्थामा नेपाल पनि अछुतो रहन सकेन । स्वास्थ्य



Downloaded from http://www.dhamma.digital

सुरक्षाको दृष्टिले भौतिक रूपमा बसेर कक्षा गर्न नसक्ने भएकोले जूम मार्फत २०७७ असार २२ गतेबाट प्रवेश प्रथम वर्षदेखि कोविद अन्तिम वर्ष सम्मको पालि कक्षा संचालन भयो । पालि अध्ययन पछि अभिधर्म, विशुद्धिमार्ग लगायतका कक्षाहरू २०७७ कार्तिक २२ गतेबाट जूममार्फत नै व्यवस्थित गऱ्यौं । अभिधर्म अध्यापनमा सद्धम्मपालकमा भिक्षु सुधीरो, कोविद प्रथम वर्षमा अनागारिका अग्गञाणी, कोविद मध्यम वर्षमा अनागारिका विमलञाणी र कोविद अन्तिम वर्षमा अनागारिका आभासवतीले सहयोग गर्नुभयो ।

श्रद्धेय गुरूवर नेपालका सातौं संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरले पालिको साथै नेपालभाषामा शब्दार्थ र भावार्थ राखेर प्रकाशन गर्नुभएकोमा धर्मरत्न शाक्यले पालि सहित नेपालीमा भावानुवाद राखी प्रकाशन गर्नुभएको थियो । श्रद्धेय भिक्षु सुदर्शन महास्थविरले अभिधर्मार्थ संग्रहको संक्षिप्त झलक दिने रूपमा लेख्नु भएको भूमिका पुनः संस्करणमा राख्न पाएमा अभिधर्म सम्बन्धी सबै काण्ड सजिलै बुझ्न सक्ने तथा कस्तो परिप्रेक्षमा नेपालभाषाका अनुवाद श्रद्धेय भन्तेज्यूले यो पुस्तक प्रकाशनमा ल्याउनु भएको हो भन्ने कुरा पाठकहरूलाई थाहा दिनु पर्छ भनी म्यानमारमा धम्माचरिय गरी केही दिन अघि फर्कनु भएका भिक्षु ञाणावुधसंग नेपालभाषामा भएको भूमिका नेपालीभाषामा अनुवादको लागि अनुरोध गरें । वहाँले नेपालीमा अनुवाद गरी सहयोग गर्नुभएकोमा साधुवाद दिन चाहन्छु ।

जूम अनलाइनमा भन्ते गुरूमांहरूबाट कक्षाको साथै बिहानको समयमा पनि जूमबाट उपासकउपासिकाहरूलाई सहभागी गराएर अभिधर्मार्थ संग्रह वाचन गराउने कार्यक्रम संचालन गर्ने अवसर मिलेको थियो । जूम कक्षामा अभिधर्मको अध्ययन गर्न पाउँदा अभिधर्मको महत्व बुझेर यो पुस्तक पुनः प्रकाशनको लागि कक्षामा बस्नु भएका विद्यार्थीहरू र उपासकउपासिकाहरूले श्रद्धा राख्नुभयो ।



Downloaded from http://www.dhamma.digital

यो पुस्तक पुनः प्रकाशनको लागि आर्थिक सहयोग गर्नुहुने दाताहरू :

१) बुद्धलक्ष्मी शाक्य, ग्वार्को, ललितपुर

२) सरस्वती महर्जन, नःटोल, ललितपुर

३) सुनीति बज्राचार्य, बागडोल, ललितपुर

४) निर्मला ताम्राकार, इमाडोल, ललितपुर

५) ज्ञानदर्शन, शर्मिष्ठा उदास, थसिखेल, ललितपुर

६) सानुराजा, सत्यलक्ष्मी रंजित, भक्तपुर

७) ललिता मानन्धर, कालीमाटी, काठमाडौंलाई साधुवाद सहित निरोगी, सुस्वास्थ, दीर्घायुको मंगल मैत्री कामना व्यक्त गर्न चाहन्छु ।

परियत्ति शिक्षाको प्रसार र विस्तारका लागि उपयुक्त भएको यस पुस्तकका मूल लेखक, मूल अनुवादक, सम्पादक र पुनः अनुवादक तथा पुस्तक प्रकाशक दाताहरू सबैजना साधुवादका पात्र हुनुहुन्छ । टाइप गरी सहयोग गर्नुहुने .........जयन्ती महर्जन तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई साधुवाद दिन चाहन्छु ।

Dhamma.Digital

प्रकाशनको अभिभार बहन गर्नुहुने धम्म डिजिटल नेपालका सम्पूर्ण टिमलाई पनि साधुवाद दिन चाहन्छु ।

कोभिडको विषम परिस्थितिमा पनि समयमै पुस्तक छपाई गर्नुहुने आइडियल प्रिन्टिंग प्रेश परिवारलाई धेरै साधुवाद दिन चाहन्छु ।

**– भिक्षु बोधिज्ञान**

विहार प्रमुख, विश्व शान्ति विहार — केन्द्रीय परीक्षा नियन्त्रक

२०७७ चैत्र ३० — नेपाल बौद्ध परियत्ति शिक्षा



Downloaded from http://www.dhamma.digital

# विषय सूची

**चित्त – काण्ड १** **पृष्ठ १ ... २२ सम्म**

प्रणाम र प्रतिज्ञा । परमार्थ धर्म ४ वटा । अकुशल चित्त १२ वटा । अहेतुक चित्त १८ वटा । शोभन चित्त ५९ वटा । कामावचर शोभन चित्त २४ वटा । रूपावचर चित्त १५ वटा । अरूपावचर चित्त १२ वटा । लोकुत्तर चित्त संक्षिप्तले ८ वटा । चित्त संक्षिप्तले ८९ वटा । लौकिक लोकुत्तर ध्यानचित्त समूह । कुशल विपाक विस्तृत र चित्त विस्तृत ।

**चैतसिक – काण्ड २** **पृष्ठ २३ ... ४५ सम्म**

चैतसिक लक्षण । अन्यसमान चैतसिक । अकुशल शोभन चैतसिक । सम्प्रयोग अन्यसमान चैतसिक सम्प्रयोग नय । अकुशल चैतसिक सम्प्रयोग नय । शोभन चैतसिक सम्प्रयोग नय । संग्रह नय । लोकुत्तरचित्त संग्रह नय । महगतचित्त संग्रह नय । काम सोभनचित्त संग्रह नय । अकुशलचित्त संग्रह नय । अहेतुकचित्त संग्रह नय । वेदनाबाट हेतुबाट चित्तको स्थानबाट चित्तको मनोद्वार

**प्रकीर्णक – काण्ड ३** **पृष्ठ ४६.....६३ सम्म**

प्रतिज्ञा र मातिका । वेदना संग्रह चित्तको विभाजन संग्रह । हेतु संग्रह । विभाजन । कृत्य संग्रह । कृत्य र विभाजन । द्वार संग्रह, द्वारबाट चित्तको विभाजन । आरम्मण संग्रह । आरम्मणबाट चित्तको विभाजन । संग्रह । वस्तुद्वारा भूमि र चित्तको विभाजन

**वीथि – काण्ड ४** **पृष्ठ ६४ .... ८४ सम्म**

प्रतिज्ञा । छछक्क मातिका । वीथि छक्क । विषय प्रवृत्ति छक्क । चित्तको आयु र रूपको आयु । पञ्चद्धार । महन्तारम्मण वीथि । परित्तारम्मण वीथि । अतिपरित्तारम्मण वीथि श्रोतद्धार इत्यादि काम जवन वार । मनोद्धार अर्पणा जवन वार । तदारम्मण नियम । जवन नियम । पुद्‍गल भेद । भूमि विभाग ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

**वीथि – मुक्तसंग्रह ५ पृष्ठ ८५ ... ११३ सम्म**

प्रतिज्ञा। भूमिचतुक्क, कामभूमि, कामसुगति रूपभूमि, शुद्धावासभूमि, अरूपभूमि । भूमिमा पुद्गल उत्पत्ति संग्रह । प्रतिसन्धि चतुष्क । अपाय प्रतिसन्धि, काम सुगति प्रतिसन्धि। कामपुद्गलहरूको आयु । रूप प्रतिसन्धि, रूपपुद्गलहरूको आयु । अरूप प्रतिसन्धि, अरूप प्रतिसन्धिहरूको आयु । कर्मचतुष्क, कायकर्म, वचीकर्म, मनोकर्म । कर्मबाट बनिने धर्म, पुण्यक्रिया १० वटा । रूप कुशलकर्म । अरूप कुशलकर्म । कामावचरको फल दिने भूमि । विहेतुक उत्कृष्ट कर्म इत्यादिको भेद। कोचिवाद। रूपकर्मको फल दिने भूमि। अरूप कर्मको फल दिने मरणासन्न वीथि । प्रतिसन्धि चित्तको उत्पत्ति । काम ५५ भूमि । च्युति प्रतिसन्धि । देखिने । मरणान्त मरण अवस्थामा चित्तमा अवस्थामा चित्तक्रमको उत्पत्ति । रूप प्रतिसन्धिचित्तको आरम्मण । अरूप प्रतिसन्धिको आरम्मण । च्युतिचित्तबाट पछि प्रतिसन्धि हुने । भवंग र च्युति चित्तको उत्पत्ति । संसारचक्र घुमाउने, संसारचक्र अन्त हुने

**रुप – काण्ड ६ पृष्ठ ११४ ... १५२ सम्म**

अनुसन्धि, प्रतिज्ञा र पात्रिका, रूप समुद्देस, महाभूत ४ वटा, उपादारूप २४ वटा । पसादरूप, गोचररूप, भावरूप, हदयरूप, जीवितरूप, आहाररूप, परिच्छेदरूप, विज्ञप्तिरूप, विकाररूप, लक्षणरूप, संग्रहरूप विभाग, अध्यात्मिकरूप र बाहिरिकरूप, वस्तुरूप, अवस्तुरूप, द्वाररूप, अद्वाररूप, इन्द्रियरूप, अनिन्द्रियरूप, ओलारिकरूप, शूक्ष्मरूप, उपादिन्न अनुपादिन्नरूप, सनिदर्शनरूप, अनिदर्शनरूप, गौचर ग्राहकरूप, अगौचर ग्राहकरूप, अविनिर्भोग रूप र विनिर्भोगरूप । गाथा⁄ रूपसमुठाननय रूपलाई बनाउने धर्म, कर्मले रूप बनाउने, चित्तले रूप बनाउने, ऋतुले रूप बनाउने । आहारले रूप बनाउने, कर्मजरूप, चित्तजरूप, चित्तजऋतुजरूप, आहारजरूप, चतुजरूप, नकुतोचिजरूप, संग्रह गाथा । रूप कलाप, रूप कलाप लक्षण, कर्मज कलाप, चित्तज कलाप, भरतज

Downloaded from http://www.dhamma.digital

कलाप, आहारज (कलाप, आध्यात्म र बाह्य रूपको उत्पत्तिक्रम) पहिलो रूप ४ उत्पन्न हुने, रूप ४ को अन्तिम निरोध, संग्रह गाथा । रूपभूमिमा रूपको गाथा, परमार्थधर्म ४ वटा, निगमन । रूपकाण्डको अद्धानकाल, आकार, जोर्नि, चिरा, संग्रह गाथा । कलाप भेद, संग्रह गाथा । रूपप्रवृत्तिक्रम कामभूमिमा उत्पत्तिक्रम, संग्रह गाथा । निर्वाणलाई देखाउने । संग्रह निगमन ।

**समुच्चय (काण्ड ७)** **पृष्ठ १३७ ... १५२ सम्म**

प्रतिज्ञा, संग्रह गाथा । अकुशल संग्रह, ओघ ४ वटा, योग ४ वटा, ग्रन्थ ४ वटा, उपादान ४ वटा, नीवरण ६ वटा, अनुशय ७ वटा । सूत्र नय अनुसार संयोजन । अभिधर्म नय अनुसार संयोजन, क्लेश १० वटा । स्वरूप छुट्टाउने नय, संग्रह - गाथा । मिश्रक . संग्रह, हेतु, ध्यान, मार्ग, इन्द्रिय, बल, अधिपति, आहार, स्वरूप छुटयाउने । बोधिपक्षिय संग्रह, स्मृतिप्रस्थान, सम्यक् प्रधान, ऋद्धिपाद, इन्द्रिय, बल, बोध्याङ्ग, मार्गाङ्ग, स्वरूप देखाउने, संग्रह गाथा । सब्बसंगह, स्कन्ध, आयतन, धातु, सत्य, स्वरूप देखाउने, संग्रह गाथा । समुच्चय काण्डको निगमन ।

Dhamma.Digital

**प्रत्यय (काण्ड ८)** **पृष्ठ १५३ ... १७५ सम्म**

प्रतिज्ञा, नय दुईवटाको विशेषता । प्रतित्यसमुत्पाद नय, अद्धान आदिलाई देखाउने नय, प्रत्यय, नामले नामलाई उपकार गर्ने, नामले नाम रूपलाई उपकार गर्ने, नामले रूपलाई उपकार गर्ने, नामरूपलाई उपकार गर्ने प्रत्यय संग्रह, गाथा, संक्षिप्तले प्रत्यय, विशेषता । संग्रह गाथा । नामरूप रूपले नामलाई उपकार गर्ने प्रज्ञप्ति भेद, अर्थ प्रज्ञप्ति भेद, शब्द प्रज्ञप्ति, प्रज्ञप्ति विपश्यनालाई धमिलोतुल्याउने धर्म १० वटा, प्रतिपदा वर्त, वर्तमूल, वर्त भाचिने र घुम्ने, संग्रह । प्रस्थान ।। प्रज्ञप्तिनामरूपले नामरूप दुईले नामलाई उपकार गर्ने प्रत्यय छुट्टाउने, दुइवटा जान्ने । नाम प्रज्ञप्ति उत्पन्न हुने । निगमन ।

Downloaded from http://www.dhamma.digital

**कर्मस्थान (काण्ड ९)** **पृष्ठ १७६ ... २१० सम्म**

प्रतिज्ञा, समथ कर्मस्थान नय । कर्मस्थान संक्षिप्त मातृका ४० वटा, चरित्र ६ वटा, भावना ३ वटा, निमित्त ३ वटा, कसिण १० वटा, अशुण १० वटा, अनुस्मृति १० वटा, अप्रमाण ४ वटा, संज्ञा १ वटा, व्यवस्थान १ वटा, आरूपय ४ वटा, सप्पाय भेद, भावना भेद, भावना द्वारा कर्मस्थानको विभाजन, ध्यान द्वारा कर्मस्थानको विभाजन, गौचर भेद, निमित्त द्वारा कर्मस्थानको विभाजन, भावना र निमित्तको सम्बन्ध, रूपध्यानको उत्पत्ति, अरूपध्यानको उत्पत्ति, अभिज्ञानको उत्पत्ति, अभिज्ञा ५ वटा ।

विपश्यना कर्मस्थान नय, विशुद्धि ७ वटा, लक्षण यान ३ वटा, अनुपश्यना ३ वटा, विपश्यना ज्ञान १० वटा, विमोक्ष ३ वटा, विमोक्षसुरत ३ वटा, विशुद्धि विशुद्धि, चित्त विशुद्धि, दृष्टि विशुद्धि, कांक्षा वितरण विशुद्धि, मार्गामार्ग ज्ञानदर्शन विशुद्धि, विपश्यनालाई धमिलो तुल्याउने धर्म १० वटा, प्रतिपदाज्ञानदर्शन विशुद्धि, ज्ञानदर्शन विशुद्धि, मार्ग कृत्य १६ वटा, प्रत्यवेक्षण ज्ञान उत्पन्न हुने, संग्रह गाथा, विमोक्ष भेद, पुद्‍गल भेद, मार्गले हटाउने कर्म, समापत्ति भेद, उय्योजन ( प्रोत्साहन ) दिने, कर्मस्थान काण्डको निगमन ।

Downloaded from http://www.dhamma.digital

# नेपाल बौद्ध परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
(कक्षा ८, छैठौं पत्र) (प्राप्ताङ्क ४०)

१) चित्त काण्ड
२) चेतसिक काण्ड
३) प्रकिर्णक काण्ड

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
(कक्षा ९, छैठौं पत्र) (प्राप्ताङ्क ४०)

४) वीथि काण्ड
५) वीथिमुक्त काण्ड
६) रूपकाण्ड

## परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष
(कक्षा १०, षष्टम् पत्र) (प्राप्ताङ्क ४०)

७ ) समुच्चय काण्ड
८) प्रत्यय काण्ड
९) कर्मस्थान काण्ड

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# अभिधर्मार्थ संग्रह

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**
**उनी भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार ।**

## चित्त-काण्ड १

### प्रणाम र प्रतिज्ञा

पालि - **सम्मासम्बुद्ध-मतुलं, ससद्धम्म-गणुत्तमं ।**
**अभिवादिय भासिस्सं, अभिधम्मत्थसङ्गहं ॥**

भावार्थ - मैले सत्पुरूषहरूको, परमार्थ हिसाबले विद्यमान अनि प्रशंसित भएको धर्म र विशेष रूपले प्रख्यात भएका, अविद्या उखेलिसकेका उत्तम आर्य पुद्गलहरू सहित हुनुभएका, शील आदि गुणले कुनैसँग समान नहुनु भएका र संस्कृत असंस्कृत रूपले भेद भईरहेको धर्मलाई यथार्थ रूपले स्वयम्भू ज्ञानले स्वयं आफैले जानी लिनुभएका सम्यकसम्बुद्धलाई अभिवादन गरिसकेपछि सातवटा अभिधर्म ग्रन्थमा व्याख्या गरिराख्नुभएको अर्थलाई संक्षिप्तले ग्रहण गरिराखेको अभिधर्मार्थ संग्रहलाई बताउनेछु ।

### परमार्थधर्म ४ वटा

पालि - **तत्थ वुत्ताभिधम्मत्था, चतुधा परमत्थतो ।**
**चित्तं चेतसिकं रूपं, निब्बान-मितिसब्बथा ॥**

भावार्थ - ती सात अभिधर्म ग्रन्थमा कुशल र स्कन्ध आदि सम्पूर्ण भेदले तथागतहरूले बताउनु भएको अभिधर्मार्थ, यथार्थ रूपले र उत्तम स्वभावको हिसाबले विज्ञानस्कन्ध, वेदना आदि तीन स्कन्ध समूह, भूत र उपादा रूप अनुसार भेद भईरहेको रूपस्कन्ध र मार्ग अनि



Downloaded from http://www.dhamma.digital

फलको आरम्मण भईरहेको असंस्कृत धर्म निर्वाण, यसरी चार प्रकारले रहेको छ ।

## भूमि अनुसार चित्तको भेद ४ वटा

पालि - **तत्थ चित्तं ताव चतुब्बिधं होति कामावचरंरूपावचरं अरूपावचरं लोकुत्तरं चेति ॥**

भावार्थ - संक्षिप्त रूपमा देखाई आएको ती चार अभिधर्मार्थ मध्ये (अहिले) मैलेसर्वप्रथम संक्षिप्तले देखाउनुपर्ने चित्त कामावचर, रूपावचर, अरूपावचर र लोकुत्तर भनि चार प्रकारका छन् ।

## अकुशल चित्त १२ वटा

### लोभमूल चित्त ८ वटा

पालि - **तत्थ कतमं कामावचरं ?**

भावार्थ - ती चार प्रकारका चित्तमध्ये कुनलाई कामावचर भनिन्छ ?

Dhamma.Digital

पालि - **सोमनस्ससहगतं दिट्ठिगतसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ -सौमनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि मिथ्यादृष्टिसँग राम्रैसँग एकुत्पाद इत्यादि प्रभेदले युक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **सोमनस्ससहगतं दिट्ठिगतविप्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - सौमनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि मिथ्यादृष्टिबाट विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।



Downloaded from http://www.dhamma.digital

पालि - **उपेक्खासहगतं दिट्ठिगतसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि मिथ्यादृष्टिसँग राम्रैसँग एकुत्पाद इत्यादि प्रभेदले युक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **उपेक्खासहगतं दिट्ठिगतविप्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं'तिइमानि अट्ठपि लोभसहगतचित्तानि नाम ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि मिथ्यादृष्टिबाट विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा । यसरी आठ प्रकारका यी चित्तहरूलाई लोभ सहगत भएको चित्तहरू भनिन्छ ।

## दोषमूल चित्त २ वटा

पालि - **दोमनस्ससहगतं पटिघसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं' ति इमानि द्वेपि पटिघसम्पयुत्तचित्तानि नाम ।**

भावार्थ - दौर्मनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि प्रतिघसँग राम्रैसँग एकुत्पाद इत्यादि प्रभेदले युक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा; यसरी दुई प्रकारका यी चित्तहरूलाई प्रतिघ सम्प्रयुक्त चित्तहरू भनिन्छ ।

## मोहमूल चित्त २ वटा

पालि- **उपेक्खासहगतं विचिकिच्छासम्पयुत्तमेकं, उपेक्खासहगतं उद्धच्चसम्पयुत्तमेकं'ति इमानि द्वेपि मोमूहचित्तानि नाम ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको विचिकित्सा र औधृत्यसँग राम्रैसँग एकुत्पाद इत्यादि प्रभेदले युक्त भएको चित्त; यसरी दुई प्रकारका यी चित्तहरूलाई मोहमूल चित्तहरू भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

## निगमन

पालि - **इच्चेवं सब्बथापि द्वादसाकुसलचित्तानि समत्तानि ।**

भावार्थ - यसरी यथाकथित नय अनुरूप सौमनस्य, उपेक्षा, दृष्टि, सम्प्रयोगादि सम्पूर्ण आकार भएको बाऱ्हवटा अकुशल चित्त समाप्त भयो ।

## संग्रह गाथा

पालि - **अट्ठधा लोभमूलानि, दोसमूलानि च द्विधा ।**
**मोहमूलानि च द्वेति, द्वादसा-कुसला सियुं ॥**

भावार्थ - लोभमूल चित्त वेदनादि भेदले आठ प्रकार, दोषमूल चित्त संस्कार भेदले दुई प्रकार र मोहमूल चित्त पनि दुई प्रकारका छन्, यसरी अकुशल चित्त बाऱ्ह वटामात्र छन् । (त्यसभन्दा घटी वा बढी छैन ।)

## अहेतुक चित्त १८ वटा

Dhamma.Digital

### अहेतुक अकुशलविपाक चित्त ७ वटा

पालि - **उपेक्खासहगतं चक्खुविञ्ञाणं तथा सोतविञ्ञाणं घाणविञ्ञाणं जिव्हाविञ्ञाणं दुक्खसहगतं कायविञ्ञाणं उपेक्खासहगतं सम्पटिच्छनचित्तं उपेक्खासहगतं सन्तीरणचित्तं चे'ति इमानि सत्तपि अकुसलविपाकचित्तानि नाम ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको चक्षुविज्ञान चित्त, श्रोत, घ्राण, जिव्हाविज्ञान चित्त, उपेक्षावेदना र एकुत्पाद आदि हिसाबले मिलेको सम्प्रटिच्छन र सन्तीरणचित्त; यसरी सात प्रकारका यी चित्तलाई अकुशल विपाक चित्त भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

## अहेतुक कुशल विपाक चित्त ८ वटा

पालि- **उपेक्खासहगतं कुसलविपाकं चक्खुविञ्ञाणं तथा सोतविञ्ञाणं, घाणविञ्ञाणं, जिह्वाविञ्ञाणं, सुखसहगतं कायविञ्ञाणं, उपेक्खासहगतं सम्पटिच्छनचित्तं, सोमनस्ससहगतं सन्तीरणचित्तं, उपेक्खासहगतं सन्तीरणचित्तं चे'ति इमानि अट्ठपि कुसलविपाकाहेतुकचित्तानि नाम ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद हिसाबले मिलेको चक्षुविज्ञान चित्त, श्रोत, घ्राण, जिह्वाविज्ञान चित्त, सुख वेदनासँग एकुत्पाद हिसाबले मिलेको कायविज्ञान चित्त, उपेक्षा .......... सम्प्रटिच्छन चित्त, सौमनस्य .............. सन्तीरण चित्त र उपेक्षा ..............सन्तीरण चित्त, यसरी आठ प्रकारका चित्तलाई अहेतुक कुशल विपाक चित्त भनिन्छ ।

## अहेतुक क्रिया चित्त ३ वटा

पालि - **उपेक्खासहगतं पञ्चद्वारावज्जनचित्तं तथा मनोद्वारावज्जनचित्तं, सोमनस्स-सहगतं हसितुप्पादचित्तं चे'ति इमानि तीणिपि अहेतुकक्रिया चित्तानि नाम ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको पञ्चद्वार-आवर्जन चित्त र मनोद्वार-आवर्जन चित्त, सौमनस्य-वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको हसितुत्पाद चित्त; यसरी तीन प्रकारका यी चित्तलाई अहेतुक क्रिया चित्त भनिन्छ ।

## निगमन

पालि - **इच्चेवं सब्बथापि अट्ठारसाहेतुकचित्तानि समत्तानि ।**

भावार्थ - यसरी यथाकथित नय अनुसार अकुशल विपाक, कुशल विपाक र क्रिया भनिने सम्पूर्ण प्रकारले अठारहवटा अहेतुक चित्त समाप्त भयो ।



Downloaded from http://www.dhamma.digital

## संग्रह गाथा

पालि - **सत्ता-कुसल-पाकानि, पुञ्ञ-पाकानि अट्ठधा ।**
**क्रियचित्तानि तीणीति, अट्ठारस अहेतुका ॥**

भावार्थ - अकुशल विपाक र कुशल विपाक चित्त चक्षु आदि आधार र सम्प्रटिच्छनादि कृत्य भेदले सातवटा र आठवटा भई अहेतुक क्रिया चित्त आवर्जन आदि कृत्य भेदले तीनवटा छन्; यसरी अहेतुक चित्त अठारहवटा नै भएको भयो ।

## शोभन चित्त

पालि - **पापाहेतुकमुत्तानि, सोभनानीति वुच्चरे ।**
**एकूनसट्ठिचित्तानि, अथेकनवुतीपि वा ॥**

भावार्थ - अकुशल चित्त र अहेतुक चित्त बाहेक एक कम साट्ठीवटा वा एकानब्बे वटा चित्तलाई शोभन चित्त भनी भन्दछन् ।

## कामावचर शोभन चित्त २४ वटा

Dhamma.Digital

### महाकुशल चित्त ८ वटा

पालि - **सोमनस्ससहगतं ञाणसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - सौमनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **सोमनस्ससहगतं ञाणविप्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - सौमनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको



Downloaded from http://www.dhamma.digital

अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **उपेक्खासहगतं ञाणसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ- उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **उपेक्खासहगतं ञाणविप्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं'ति इमानि अट्ठपि कामावचर कुसलचित्तानि नाम ।**

भावार्थ- उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा । यसरी यी आठवटा चित्तलाई कामावचर कुशल चित्त भनिन्छ ।

## महाविपाक चित्त ८ वटा

पालि - **सोमनस्ससहगतं ञाणसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - सौमनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **सोमनस्ससहगतं ञाणविप्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - सौमनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।



Downloaded from http://www.dhamma.digital

पालि - **उपेक्खासहगतं ञाणसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **उपेक्खासहगतं ञाणविप्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं'ति इमानिअट्ठपि सहेतुक कामावचर विपाकचित्तानि नाम ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा । यसरी यी आठवटा चित्तलाई सहेतुक कामावचर विपाक चित्त भनिन्छ ।

## महाक्रिया चित्त ८ वटा

पालि - **सोमनस्ससहगतं ञाणसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - सौमनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **सोमनस्ससहगतं ञाणविप्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - सौमनस्य वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **उपेक्खासहगतं ञाणसम्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको



Downloaded from http://www.dhamma.digital

अनि ज्ञानले सम्प्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा ।

पालि - **उपेक्खासहगतं ञाणविप्पयुत्तं असङ्खारिकमेकं ससङ्खारिकमेकं'ति इमानि अट्ठपि सहेतुक कामावचर क्रियचित्तानि नाम ।**

भावार्थ - उपेक्षा वेदनासँग एकुत्पाद आदि हिसाबले मिलेको अनि ज्ञानले विप्रयुक्त भएको प्रेरणा रहित चित्त एकवटा र प्रेरणा सहित भएको चित्त एकवटा । यसरी यी आठवटा चित्तलाई सहेतुक कामावचर क्रिया चित्त भनिन्छ ।

## निगमन

पालि - **इच्चेवं सब्बथापि चतुवीसति सहेतुक-कामावचर-कुसल-विपाक-क्रिय- चित्तानि समत्तानि ।**

भावार्थ - यसरी यथाकथित नय अनुरूप कुशल, विपाक र क्रिया भनिने सम्पूर्ण आकार प्रकारले चौबीस वटा कामावचर चित्त समाप्त भयो ।

Dhamma.Digital

## संग्रह गाथा

पालि - **वेदना-ञाण-सङ्खार, भेदेन चतुवीसति ।
सहेतु कामावचर, पुञ्ञ-पाक-क्रिया मता ॥**

भावार्थ - कामावचर कुशल, सहेतुक कामावचर विपाक र सहेतुक कामावचर क्रिया चित्तलाई वेदना, ज्ञान र संस्कार भेदले प्रत्येक चित्त दुई थरी, चार थरी र आठ थरी भएकोले सामूहिक रूपले छवटा, बाऱ्हवटा र चौबीसवटा छ भनी विज्ञहरूले जान्नुपऱ्यो ।



Downloaded from http://www.dhamma.digital

## कामावचर चित्त ५४ वटा

### संग्रह गाथा

पालि - **कामे तेवीस पाकानि, पुञ्ञापुञ्ञानि वीसति ।**
**एकादस क्रिया चेति, चतुपञ्ञास सब्बथा ॥**

भावार्थ - एघार कामभूमिमा विशेष रूपले उत्पन्न हुने विपाक चित्त २३ वटा, कुशल र अकुशल चित्त २० वटा अनि क्रिया चित्त ११ वटा, यसरी ५४ वटा मात्र छन् ।

## रूपावचर चित्त १५ वटा

### कुशल चित्त ५ वटा

पालि - **वितक्क-विचार-पीति-सुखेकग्गतासहितं पठमज्झानकुसलचित्तं ।**

भावार्थ - वितर्क विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग पाँचवटा भएको प्रथमध्यान कुशल चित्त एकवटा ।

पालि - **विचार-पीति-सुखेकग्गतासहितं दुतियज्झानकुसलचित्तं ।**

भावार्थ - विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चारवटा भएको द्वितीयध्यान कुशल चित्त एकवटा ।

पालि - **पीति-सुखेकग्गतासहितं ततियज्झानकुसलचित्तं ।**

भावार्थ - प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतीयध्यान कुशल चित्त एकवटा ।

पालि - **सुखेकग्गतासहितं चतुत्थज्झानकुसलचित्तं ।**

भावार्थ - सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान कुशल चित्त एकवटा ।



Downloaded from http://www.dhamma.digital

पालि - **उपेक्खेकग्गतासहितं पञ्चमज्झानकुसलचित्तं चे'ति इमानि पञ्चपि रूपावचर-कुसल-चित्तानि नाम ।**

भावार्थ - उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यान संग मिलेको कुशल चित्त एकवटा, यसरी यी पाँचवटा चित्तलाई रूपावचर कुशल चित्त भनिन्छ ।

## विपाक चित्त ५ वटा

पालि - **वितक्क-विचार-पीति-सुखेकग्गतासहितं पठमज्झानविपाकचित्तं ।**

भावार्थ - वितर्क विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग पाँच वटा भएको प्रथमध्यान विपाक चित्त एक वटा ।

पालि - **विचार-पीति-सुखेकग्गतासहितं दुतियज्झानविपाकचित्तं ।**

भावार्थ - विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चार वटा भएको द्वितीयध्यान विपाक चित्त एक वटा ।

पालि - **पीति-सुखेकग्गतासहितं ततियज्झानविपाकचित्तं ।**

भावार्थ - प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतीयध्यान विपाक चित्त एकवटा ।

पालि - **सुखेकग्गतासहितं चतुत्थज्झानविपाकचित्तं ।**

भावार्थ - सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान विपाक चित्त एकवटा ।

पालि - **उपेक्खेकग्गतासहितं पञ्चमज्झानविपाकचित्तं चे'ति इमानि पञ्चपिरूपावचर-विपाक-चित्तानि नाम ।**

भावार्थ - उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यानसँग मिलेको विपाक चित्त एकवटा,यसरी यी पाँचवटा चित्तलाई रूपावचर विपाक चित्त भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

## क्रिया चित्त ५ वटा

पालि - **वितक्क-विचार-पीति-सुखेकग्गतासहितं पठमज्झानक्रियचित्तं ।**

भावार्थ - वितर्क विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग पाँच वटा भएको प्रथमध्यान क्रिया चित्त एक वटा ।

पालि - **विचार-पीति-सुखेकग्गतासहितं दुतियज्झानक्रियचित्तं ।**

भावार्थ - विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चार वटा भएको द्वितीयध्यान क्रिया चित्त एक वटा ।

पालि - **पीति-सुखेकग्गतासहितं ततियज्झानक्रियचित्तं ।**

भावार्थ - प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटा भएको तृतियध्यान क्रिया चित्त एक वटा ।

पालि - **सुखेकग्गतासहितं चतुत्थज्झानक्रियचित्तं ।**

भावार्थ - सुख र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको चतुर्थध्यान क्रिया चित्त एक वटा ।

Dhamma.Digital

पालि - **उपेक्खेकग्गतासहितं पञ्चमज्झानक्रियचित्तं चे'ति इमानि पञ्चपि रूपावचर-क्रिय-चित्तानि नाम ।**

भावार्थ - उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुईवटा भएको पञ्चमध्यान क्रिया चित्त एकवटा, यसरी यी पाँचवटा चित्तलाई रूपावचर क्रिया चित्त भनिन्छ ।

### निगमन

पालि - **इच्चेवं सब्बथापि पन्नरस रूपावचर-कुसल-विपाक-क्रिय-चित्तानि समत्तानि ।**

भावार्थ - यसरी यथाकथित नय अनुरूप कुशल, विपाक र क्रिया



Downloaded from http://www.dhamma.digital

भनिने सम्पूर्ण आकार प्रकार भएको पन्ध्रवटा रूपावचर कुशल विपाक र क्रिया चित्त समाप्त भयो ।

## संग्रह गाथा

पालि - **पञ्चधा झानभेदेन, रूपावचर-मानसं ।**
**पुञ्ञ-पाक-क्रिया-भेदा, तं पञ्चदसधा भवे ॥**

भावार्थ - रूपावचर चित्त प्रथमध्यानादि ध्यान अङ्गसँग मिलेको भेदले पाँच थरी, छ, फेरि कुशल, विपाक र क्रियाको भेदले पन्ध्र थरी छन् ।

## अरूपावचर चित्त १२ वटा

### कुशल चित्त ४ वटा

पालि - **आकासानञ्चायतनकुसलचित्तं ।**

भावार्थ - आकाशानन्त्यायतन ध्यान अथवा अन्त नभएको आकाश प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको कुशल चित्त ।

Dhamma.Digital

पालि - **विञ्ञाणञ्चायतनकुसलचित्तं ।**

भावार्थ - विज्ञानन्त्यायतन ध्यान अथवा अन्त नभएको प्रथम आरूप्य विज्ञान आरम्मण भएको अथवा द्वितीय आरूप्य विज्ञानमा पुग्ने प्रथम आरूप्य विज्ञान आरम्मण भएको ध्यानसँग मिलेको कुशल चित्त ।

पालि - **आकिञ्चञ्ञायतनकुसलचित्तं ।**

भावार्थ - आकिञ्चन्यायतन ध्यान अथवा लेशमात्र पनि शेष नरहेको प्रथम आरूप्य विज्ञानको भाव भनिने नास्तिभाव प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको कुशल चित्त ।

**पालि - नेवसञ्ञा-नासञ्ञायतनकुसलचित्तंचे'ति इमानि**



Downloaded from http://www.dhamma.digital

**चत्तारिपिअरूपावचर-कुसल-चित्तानि नाम ।**

भावार्थ - नैवसंज्ञा नासंज्ञायतन ध्यान अथवा स्थूल संज्ञात छैन, परन्तु सूक्ष्म संज्ञा नभएको होइन, यस्तो मनायतन धर्मआयतनमा अन्तर्गत भएको ध्यानसँग मिलेको कुशल चित्त; यसरी यी चार चित्तलाई अरूपावचर कुशल चित्त भनिन्छ ।

## विपाक चित्त ४ वटा

पालि - **आकासानञ्चायतनविपाकचित्तं ।**

भावार्थ - आकाशानन्त्यायतन ध्यान अथवा अन्त नभएको आकाश प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको विपाक चित्त ।

पालि - **विञ्ञाणञ्चायतनविपाकचित्तं ।**

भावार्थ - विज्ञानन्त्यायतन ध्यान अथवा अन्त नभएको प्रथम आरूप्य विज्ञान आरम्मण भएको अथवा द्वितीय आरूप्य विज्ञानमा पुग्ने प्रथम आरूप्य विज्ञान आरम्मण भएको ध्यानसँग मिलेको विपाक चित्त ।

पालि - **आकिञ्चञ्ञायतनविपाकचित्तं ।**

भावार्थ - आकिञ्चन्यायतन ध्यान अथवा लेशमात्र पनि शेष नरहेको प्रथम आरूप्य विज्ञानको भाव भनेको नास्तिभाव प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको विपाक चित्त ।

**पालि - नेवसञ्ञा-नासञ्ञायतन-विपाक-चित्तंचे'ति इमानि चत्तारिपिअरूपावचर-विपाक-चित्तानि नाम ।**

भावार्थ - नैवसंज्ञा नासंज्ञायतन ध्यान अथवा स्थूल संज्ञात छैन, परन्तु सूक्ष्म संज्ञा नभएको होइन, यस्तो मनायतन धर्मआयतनमा अन्तर्गत भएको ध्यानसँग मिलेको विपाक चित्त; यसरी यी चार चित्तलाई अरूपावचर विपाक चित्त भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

## क्रिया चित्त ४ वटा

पालि - **आकासानञ्चायतनक्रियचित्तं ।**

भावार्थ - आकाशानन्त्यायतन ध्यान अथवा अन्त नभएको आकाश प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको क्रिया चित्त ।

पालि - **विञ्ञाणञ्चायतनक्रियचित्तं ।**

भावार्थ - विज्ञानन्त्यायतन ध्यान अथवा अन्त नभएको प्रथम आरूप्य विज्ञान आरम्मण भएको अथवा द्वितीय आरूप्य विज्ञानमा पुग्ने प्रथम आरूप्य विज्ञान आरम्मण भएको ध्यानसँग मिलेको क्रिया चित्त ।

पालि - **आकिञ्चञ्ञायतनक्रियचित्तं ।**

भावार्थ - आकिञ्चन्यायतन ध्यान अथवा लेशमात्र पनि शेष नरहेको प्रथम आरूप्य विज्ञानको भाव भनेको नास्तिभाव प्रज्ञप्ति आरम्मण भएको ध्यानसँग मिलेको क्रिया चित्त ।

Dhamma.Digital

पालि - **नेवसञ्ञा-नासञ्ञायतन-क्रिय-चित्तं'चेति इमानि चत्तारिपिअरूपावचर-क्रिय-चित्तानि नाम ।**

भावार्थ - नैवसंज्ञा नासंज्ञायतन ध्यान अथवा स्थूल संज्ञात छैन, परन्तु सूक्ष्म संज्ञा नभएको होइन, यस्तो मनायतन धर्मआयतनमा अन्तर्गत भएको ध्यानसँग मिलेको क्रिया चित्त; यसरी यी चार चित्तलाई अरूपावचर क्रिया चित्त भनिन्छ ।

### निगमन

पालि - **इच्चेवं सब्बथापि द्वादसअरूपावचर-कुसल-विपाक-क्रिय-चित्तानि समत्तानि ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ - यसरी यथाकथित नय अनुरूप कुशल, विपाक र क्रिया भनिने सम्पूर्ण आकार प्रकार भएको बाऱ्हवटा अरूपावचर कुशल, विपाक र क्रिया चित्त समाप्त भयो ।

## संग्रह गाथा

पालि - **आलम्बनप्पभेदेन, चतुधारूपपमानसं ।**
**पुञ्ञ-पाक-क्रिया भेदा, पुनद्वादसधा ठितं ॥**

भावार्थ - अरूपावचर चित्त आकाश आरम्मण आदि चार आरम्मणको भेदले चारथरी छन्; अनि कुशल, विपाक र क्रियाको भेदले फेरि बाऱ्ह प्रकारले स्थित छ।

## लोकुत्तर चित्त संक्षिप्तले ८ वटा

### मार्ग चित्त ४ वटा

पालि - **सोतापत्तिमग्गचित्तं ।**

भावार्थ - श्रोतापत्ति मार्ग वा निर्वाण महासमुद्रमा बग्ने मार्ग अङ्ग आठवटामा पहिले पुग्ने रूपले प्राप्त हुने मार्ग वा निर्वाण महासमुद्रमा बग्ने मार्ग अङ्ग आठवटामा पहिले पुगिने भएको पुद्‌गलको मार्गसँग मिलेको चित्त ।

पालि - **सकदागामिमग्गचित्तं ।**

भावार्थ - सकृदागामीमार्ग वा प्रतिसन्धिको हिसाबले यस मनुष्यलोकमा एक पटक मात्र आउने पुद्‌गलको मार्गसँग मिलेको चित्त ।

पालि - **अनागामिमग्गचित्तं ।**

भावार्थ - अनागामी मार्ग वा प्रतिसन्धिको हिसाबले यस कामभूमिमा नआउने पुद्‌गलको मार्गसँग मिलेको चित्त ।



Downloaded from http://www.dhamma.digital

पालि - **अरहत्तमग्गचित्तं ।**

भावार्थ - अरहत्त मार्ग वा पूजा विशेषलाई ग्रहण गर्न योग्य हुनुभएको अरहन्त पुद्गलको भाव भनिने अरहत्त फलको कारण भईरहेको मार्गसँग मिलेको चित्त; यसरी यी चार चित्तलाई लोकुत्तर कुशलचित्त भनिन्छ ।

## फल चित्त ४ वटा

पालि - **सोतापत्तिफलचित्तं ।**

भावार्थ - श्रोतापत्ति फल वा निर्वाण महासमुद्रमा बग्ने मार्ग अङ्ग आठवटामा पहिले पुगिने रूपले प्राप्त हुने वा फल भनिने सम्यकदृष्टिसँग मिलेको वा निर्वाण महासमुद्रमा बग्ने मार्ग अङ्ग आठवटामा पहिले पुगिने भएको पुद्गलको फल भईरहेको चित्त ।

पालि - **सकदागामिफलचित्तं ।**

भावार्थ - सकृदागामी फल वा प्रतिसन्धिको हिसाबले यस मनुष्यलोकमा एक पटक मात्र आउने पुद्गलको फल भईरहेको चित्त ।

Dhamma.Digital

पालि - **अनागामिफलचित्तं ।**

भावार्थ - अनागामी फल वा प्रतिसन्धिको हिसाबले यस कामभूमिमा नआउने पुद्गलको फल भईरहेको चित्त ।

पालि - **अरहत्तफलचित्तं ।**

भावार्थ - अरहत्त फल वा पूजा विशेषलाई ग्रहण गर्न योग्य हुनुभएका अरहन्त पुद्गलको भाव भनिने अरहत्त फल भईरहेको, वाफल भनिने सम्यक्दृष्टि आदिसँग मिलेको चित्त; यसरी यी चार चित्तलाई लोकुत्तर विपाक चित्त भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

## निगमन

पालि - **इच्चेवं सब्बथापि अट्ठलोकुत्तर-कुसल-विपाक-चित्तानि समत्तानि ।**

भावार्थ - यसरी यथाकथित नय अनुरूप कुशल र विपाक भनिने सम्पूर्ण आकार प्रकारले आठवटा लोकुत्तर चित्त समाप्त भयो ।

## संग्रह गाथा

पालि - **चतुमग्गप्पभेदेन, चतुधा कुसलं तथा ।**
**पाकं तस्स फलत्ताति, अट्ठधानुत्तरं मतं ॥**

भावार्थ - श्रोतापत्तिमार्ग आदि अष्टाङ्गिक मार्गसँग मिलेको चार प्रकारको विभेदले लोकुत्तर कुशल चित्त चार थरी भए जस्तै लोकुत्तर विपाक चित्त पनि त्यो सोही कुशल चित्तको नै फल भएको कारणले चारथरी छन्; यसरी लोकुत्तर चित्त आठथरी छन् भनी बुझ्नु पर्‍यो ।

## चित्त संक्षिप्तले ८९ वटा

### जाति हिसाबले गणन गर्ने

पालि - **द्वादसा कुसलानेवं, कुसलानेकवीसति ।**
**छत्तिंसेव विपाकानि, क्रियचित्तानि वीसति ॥**

भावार्थ -यसरी यथाकथित नय अनुरूप अकुशल चित्त बाह्र वटा, कुशल चित्त एकाइस वटा, विपाक चित्त तेत्तिंस वटा अनि क्रिया चित्त बीस वटा मात्र छन् ।

### भूमि हिसाबले गणन गर्ने

पालि - **चतुपञ्ञासधा कामे, रूपे पन्नरसीरये ।**
**चित्तानि द्वादसारूपे, अट्ठधानुत्तरे तथा ॥**

भावार्थ- परमार्थका ज्ञाता तथागतले कामभूमि एघार वटामा



Downloaded from http://www.dhamma.digital

अवचरण गर्ने चित्त चौउन्न वटा, असंज्ञासङ्ववबाट अलग भएको रूपभूमि पन्ध्रवटामा अवचरण गर्ने चित्त पन्ध्रवटा, अरूपभूमि चारवटामा अवचरण गर्ने चित्त बाऱ्हवटा र लोकुत्तर धर्म समूहमा उत्पन्न हुने चित्त आठवटा छ भनी भन्नुभएको छ ।

पालि - **इत्थमेकून नवुति, पभेदं पन मानसं ।**
**एकवीससतं वाथ, विभजन्ति विचक्खणा ॥**

भावार्थ - सामूहिक रूपले चित्तलाई यथाकथित जातिभेद र भूमिभेदको प्रभेदले एक कम नब्बे वा एकसय एक्काईस गरी विद्वानहरूले विभक्त गरी राखेका छन् ।

## चित्त विस्तृत रूपले १२१ वटा

## लोकुत्तर चित्त विस्तृत रूपले ४० वटा

पालि - **कथमेकून-नवुतिविधं चित्तं एकवीससतं होति ?**

भावार्थ - एक कम नब्बे प्रकारका चित्त एकसय एक्काईसवटा कसरी हुन्छ ?

## स्रोतापत्तिमार्ग चित्त ५ वटा

पालि - **वितक्क-विचार-पीति-सुखेकग्गतासहितं**
**पठमज्झानसोतापत्तिमग्गचित्तं ।**

भावार्थ - वितर्क विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग पाँचवटाले युक्त भएको प्रथमध्यान श्रोतापत्तिमार्ग चित्त ।

पालि - **विचार-पीति-सुखेकग्गतासहितं दुतियज्झानसोतापत्तिमग्गचित्तं ।**

भावार्थ - विचार प्रीति सुख र एकाग्रता ध्यान अङ्ग चारवटाले



Downloaded from http://www.dhamma.digital

युक्त भएको द्वितीयध्यान श्रोतापत्तिमार्ग चित्त ।

पालि - **पीति-सुखेकग्गतासहितं ततियज्झानसोतापत्तिमग्गचित्तं ।**

भावार्थ - प्रीति सुख र एकाग्रता ध्यान अङ्ग तीनवटाले युक्त भएको तृतीयध्यान श्रोतापत्तिमार्ग चित्त ।

पालि - **सुखेकग्गतासहितं चतुत्थज्झानसोतापत्तिमग्गचित्तं ।**

भावार्थ - सुख र एकाग्रता ध्यान अङ्ग दुईवटाले युक्त भएको चतुर्थध्यान श्रोतापत्ति-मार्ग चित्त ।

पालि - **उपेक्खेकग्गतासहितं पञ्चमज्झानसोतापत्तिमग्गचित्तं चे'ति इमानि सोतापत्तिमग्गचित्तानि नाम ।**

भावार्थ - उपेक्षा र एकाग्रता भनिने ध्यान अङ्ग दुईवटाले युक्त भएको पञ्चमध्यान श्रोतापत्तिमार्ग चित्त; यसरी यी पाँचवटा चित्तलाई श्रोतापत्ति-मार्ग-चित्त भनिन्छ ।

## माथिको मार्गचित्त र फलचित्त २० वटा

Dhamma.Digital

पालि - **तथा सकदागामिमग्ग अनागामिमग्ग अरहत्तमग्गचित्तं चे'ति समवीसति मग्गचित्तानि तथा फलचित्तानि चे'ति समचत्तालिस लोकूत्तर-चित्तानि भवन्ती'ति ।**

भावार्थ - त्यसरी नै सकृदागामिमार्ग, अनागामिमार्ग र अरहत्तमार्ग चित्त पनि पाँच पाँचथरी भएकोले मार्गचित्त समान रूपले बीसवटा हुन्छन्; त्यस्तै फलचित्त पनि । यसरी मार्ग र फल चित्त बीस बीसवटा भएको हुनाले लोकुत्तर चित्त समान रूपले चालीसवटा भयो । त्यसैले एक कम नब्बे चित्त एकसय एक्काईसवटा हुन गएको छ ।



Downloaded from http://www.dhamma.digital

## संग्रह गाथा

पालि - **झानङ्ग-योगभेदेन, कत्वेकेकं तु पञ्चधा ।**
**वुच्चतानुत्तरं चित्तं, चत्तालीसविधन्ति च ॥**

भावार्थ - पादकध्यान आदि मध्येमा एक एक वटासँग समान भएकोले लोकुत्तर चित्त एक एकवटालाई प्रथमध्यानादि ध्यानअङ्गसँग मिलेको प्रभेदले पाँचथरी गरिकन लोकुत्तर चित्त चालीसवटा हुनगएको भन्नुपर्छ ।

## लौकिक र लोकुत्तर ध्यान चित्त समूह

पालि - **यथा च रूपावचरं, गय्हतानुत्तरं तथा ।**
**पठमादिज्झानभेदे, आरूप्पञ्चापि पञ्चमे ॥**

**एकादसविधं तस्मा, पठमादिकमीरितं ।**
**झानमेकेकमन्ते तु, तेवीसतिविधं भवे ॥**

भावार्थ - रूपावचर र लोकुत्तर चित्तलाई प्रथमध्यानादि ध्यानअङ्गसँग मिलेको भेदले लिनुपरेझैं अरूपावचरचित्तलाई पनि उपेक्षा र एकाग्रतासँग मिलेको हुनाले पञ्चमध्यानको रूपमा लिनुपर्ने हुँदा प्रथमध्यानादि एक एक ध्यानचित्तलाई एघारवटा छ भनी बताइराखेको छ । अन्तिम पञ्चमध्यान मात्र तेईस प्रकारले छन् ।

## कुशल विपाकको विस्तृत र चित्त विस्तृत

पालि - **सत्ततिंसविधं पुञ्ञं, द्विपञ्ञासविधं तथा ।**
**पाक-मिच्चाहु चित्तानि, एकवीससतं वुधा ॥**

भावार्थ - कुशल चित्त सैंतीस र विपाक चित्त बाउन्न प्रकारले भएको हुँदा सम्पूर्ण चित्तलाई एकसय एक्काईसवटा छ भनी विद्वान् हरूले बताइराखेको छ ।



Downloaded from http://www.dhamma.digital

## निगमन

पालि - **इति अभिधम्मत्थ-सङ्गहे चित्तसङ्गह-विभागो नाम पठमो परिच्छेदो ।**

भावार्थ - अभिधर्मार्थ-संग्रह ग्रन्थमा चित्त-संग्रह नामको पहिलो काण्ड समाप्त भयो ।

**चित्त-काण्ड सिद्धियो ।**

♦



Downloaded from http://www.dhamma.digital

# चैतसिक-काण्ड २

## चैतसिक लक्षण ४ वटा

पालि - **एकुप्पाद निरोधा च, एकालम्बन-वत्थुका ।**
**चेतोयुत्ता द्विपञ्ञास, धम्मा चेतसिका मता ॥**

भावार्थ - चित्त सँगसँगै उत्पन्न हुने र निरोध हुने, चित्तको जस्तै आरम्मण र समान आधार पनि भएर चित्तसँग मिल्ने बाउन्न (५२) स्वभावधर्मलाई चैतसिक भनी जान्नुपर्दछ ।

## अन्यसमान चैतसिक १३ वटा

## सर्वचित्त साधारण चैतसिक ७ वटा

पालि - **कथं ?**
**फस्सो वेदना सञ्ञा चेतना एकग्गता जीवितिन्द्रियं मनसिकारो चे'ति सत्तिमे चेतसिका सब्बचित्त साधारणा नाम ।**

Dhamma.Digital

भावार्थ - कसरी जान्ने ?

आरम्मणलाई स्पर्श गर्ने लक्षण भएको स्पर्श चैतसिक, आरम्मणको रसलाई अनुभव गर्ने लक्षण भएको वेदना चैतसिक, आरम्मणको स्वभावलाई सम्झने लक्षण भएको संज्ञा चैतसिक, आरम्मणमा सम्प्रयुक्तधर्मलाई प्रेरित गर्ने लक्षण भएको चेतनाचैतसिक, एउटै मात्र आरम्मणलाई ग्रहण गरेर स्थिर रहने, चञ्चल नहुने लक्षण भएको एकाग्रता चैतसिक, सहजात भईरहेको नाम-रूप धर्मलाई रक्षा गर्ने अधिकारमा राख्ने लक्षण भएको जीवितिन्द्रिय चैतसिक र आरम्मणमा विचार गर्ने लक्षण भएको मनसिकार चैतसिक; यसरी यी सातवटा चैतसिक सबै चित्तसँग साधारण भएर रहने हुँदा "सर्वचित्त साधारण चैतसिक" नाम भएको हो ।



Downloaded from http://www.dhamma.digital

## प्रकीर्णक चैतसिक ६ वटा

पालि – **वितक्को विचारो अधिमोक्खो वीरियं पीति छन्दो चा'ति छ इमे चेतसिका पकिण्णका नाम ।**

भावार्थ– सम्प्रयुक्त धर्मलाई आरम्मणमा अभिरोपन गर्ने, पुऱ्याइदिने लक्षण भएको वितर्क चैतसिक, आरम्मणमा सम्प्रयुक्त धर्मलाई अनुमार्जन गर्ने लक्षण भएको विचार चैतसिक, आरम्मणलाई निर्णय गर्ने लक्षण भएको अधिमोक्ष चैतसिक, सम्प्रयुक्त धर्मलाई प्रेरणा दिएर दृढ गराउने लक्षण भएको वीर्यचैतसिक, आरम्मणलाई प्रसन्न गराउने लक्षण भएको प्रीति चैतसिक र गरौंला भन्ने इच्छा मात्रको लक्षण भएको छन्द चैतसिक; यसरी यी छ वटा चैतसिक मिसिएर मिल्ने भएको हुनाले "प्रकीर्णक चैतसिक" नाम भएको हो ।

पालि – **एवमेते तेरस चेतसिका अञ्ञसमाना'ति वेदितब्बा ।**

भावार्थ – यसरी यी तेऱ्हवटा चैतसिकहरूलाई शोभन चित्तसँग मिल्ने अवस्थामा अशोभन चित्तबाट अन्य शोभन चित्त जस्तै हुने र अशोभन चित्तसँग मिल्ने अवस्थामा शोभन चित्तबाट अन्य अशोभन चित्त जस्तो हुने हुँदा "अन्यसमान चैतसिक" भनिन्छ भनी जान्नु पर्छ ।

**पालि - मोहो अहिरिकं अनोत्तप्पं उद्धच्चं लोभो दिट्ठि मानो दोसो इस्सा मच्छरियं**
**कुक्कुच्चं थिनं मिद्धं विचिकिच्छा चे'ति चुद्दसिमे चेतसिका अकुसला नाम ।**

भावार्थ - आरम्मणको स्वभावलाई छोप्ने मोह चैतसिक, काय दुश्चरित्रादिमा लाज नमान्ने अहिरिक चैतसिक, काय दुश्चरित्रादिबाट नडराउने अनत्रपा चैतसिक, अशान्त र चञ्चल स्वभाव भएको औधृत्य चैतसिक, आरम्मणमा टाँसिने लोभ चैतसिक, गलत (मिथ्या) रूपले विचार गर्ने र परामर्श गरिने दृष्टि चैतसिक, गजूर जस्तै भएर आफूले



Downloaded from http://www.dhamma.digital

आफैलाई मै हुँ भनी सम्भने मान चैतसिक, कडा भएर बिगार्ने लक्षण भएको दोस चैतसिक, अर्काको सम्पत्ति देखेर मनमा सहन नसकिने ईर्ष्या चैतसिक, आफ्नो सम्पत्तिलाई लुकाउने लक्षण भएको मात्सर्य चैतसिक, गरिसकेको दुश्चरित्र र गर्न नपाएको सुचरित्रमा बारबार चिन्ता लिने, पश्चाताप हुने स्वभाव भएको कौकृत्य चैतसिक, चित्तको अकर्मण्यता लक्षण भएको स्त्यान चैतसिक, चैतसिकको अकर्मण्यता लक्षण भएको मिद्ध चैतसिक, र आरम्मणलाई निर्णय गर्न नसकिने विचिकित्सा चैतसिक; यसरी यी चौधवटा चैतसिकलाई अकुशल चित्तमा मात्र मिल्ने हुँदा "अकुशल चैतसिक"भनिन्छ।

## शोभन चैतसिक २५

### शोभन साधारण चैतसिक १९ वटा

पालि - **सद्धा सति हिरी ओत्तप्पं अलोभो अदोसो तत्रमज्झत्तता कायप्पस्सद्धि चित्तप्पस्सद्धि कायलहुता चित्तलहुता कायमुदुता चित्तमुदुता कायकम्मञ्ञता चित्तकम्मञ्ञता कायपागुञ्ञता चित्तपागुञ्ञता कायुजुकता चित्तुजुकता चे'ति एकूनवीसतिमे चेतसिका सोभन साधारणा नाम।**

भावार्थ - बुद्ध आदि असल आरम्मणमा सम्प्रयुक्त धर्मलाई पवित्र पार्ने श्रद्धाचैतसिक, बुद्ध आदि असल आरम्मणमा सम्प्रयुक्त धर्मलाई स्मरण गराउने स्मृति चैतसिक, काय दुश्चरित्रादि देखेर लाज मान्ने हिरी चैतसिक, काय दुश्चरित्रादि देखेर डराउने अत्रपा चैतसिक, आरम्मणमा नटाँसिने अलोभ चैतसिक, कडा नभएको नबिगार्ने अदोसचैतसिक, यो त्यो आरम्मणमा सम्प्रयुक्त धर्मलाई उपेक्षा गराउने तत्रमध्यस्थता चैतसिक, चैतसिकको शान्त हुने स्वभाव भएको कायप्रश्रब्धि चैतसिक, चित्तको शान्त हुने स्वभाव भएको चित्तप्रश्रब्धि चैतसिक, चैतसिकको हलुका हुने स्वभाव भएको कायलहुता चैतसिक, चित्तको हलुका हुने स्वभाव भएको



Downloaded from http://www.dhamma.digital

चित्तलहुता चैतसिक, चैतसिकको नरम हुने स्वभाव भएको कायमुदुता चैतसिक, चित्तको नरम हुने स्वभाव भएको चित्तमुदुता चैतसिक, चैतसिकको काममा असलभाव नै लक्षण भएको कायकर्मण्यता चैतसिक, चित्तको काममा असलभाव नै लक्षण भएको चित्तकर्मण्यता चैतसिक, चैतसिकको प्रगुणता लक्षण भएको कायपागुञ्ञता चैतसिक, चित्तको प्रगुणता लक्षण भएको चित्तपागुञ्ञता चैतसिक अर्थात् चैतसिकको पीडा हुनेबाट शान्त हुने लक्षण भएको कायपागुञ्ञता चैतसिक, चित्तको पीडा हुनेबाट शान्त हुने लक्षण भएको चित्तपागुञ्ञता चैतसिक, चैतसिकको सोझो हुने स्वभाव भएको कायऋजुकता चैतसिक, चित्तको सोझो हुने स्वभाव भएको चित्तऋजुकता चैतसिक; यसरी यी उन्नाइसवटा चैतसिकलाई सबै शोभन चित्तसँग मिल्ने हुँदा "शोभन साधारण चैतसिक" भनिन्छ ।

## विरति चैतसिक ३ वटा

पालि - **सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो चे'ति तिस्सो विरतियो नाम ।**

भावार्थ - जीविकोपार्जनको कारण नभएको मृषावाद आदि वचीदुश्चरित्र चारवटाबाट अलग भईरहेको सम्यक्वचन चैतसिक, पाणातिपात आदि कायदुश्चरित्र तीनवटाबाट अलग भईरहेको सम्यक्कर्मान्त चैतसिक र जीविकोपार्जनको कारण भईरहेको वचीदुश्चरित्र चारवटा र काय दुश्चरित्र तीनवटाबाट अलग भईरहेको सम्यक्आजीविका चैतसिक; यसरी यी तीनवटालाई "विरति चैतसिक" भनिन्छ ।

## अप्रमाण चैतसिक २ वटा र प्रज्ञिन्द्रिय चैतसिक

पालि - **करुणा मुदिता अप्पमञ्ञायो नामा'ति सब्बथापि पञ्ञिन्द्रियेन सद्धिं पञ्चवीसति'मे चेतसिका सोभणा'ति वेदितब्बा ।**

भावार्थ -सीमा विहीन भइरहेका दुःखित सङ्कव प्रज्ञप्तिलाई



Downloaded from http://www.dhamma.digital

आरम्मण गरी करुणा भाव जगाउने करुणा चैतसिक, र परिधि रहित भइरहेका सुखित सत्त्व प्रज्ञप्तिलाई आरम्मण गरी खुशी हुने मुदिता चैतसिक; यसरी यी दुईवटा चैतसिकलाई अप्रमाण चैतसिक भनिन्छ; अथवा सीमा नभएको सत्त्व प्रज्ञप्तिलाई आरम्मण गर्ने चैतसिक भनिन्छ।

सम्पूर्ण अनित्य आदि आकार प्रकारले यथार्थ जान्न सक्ने, त्यसरी जान्नुमा अधिकार लिने प्रज्ञिन्द्रिय भनिने अमोह चैतसिक सहित यी पच्चीसवटा चैतसिकलाई "शोभन चैतसिक"भनिन्छ भनी जान्नुपर्छ।

## संग्रह गाथा

पालि - **एत्तावता च**
**तेरसञ्ञसमाना च, चुद्दसाकुसला तथा।**
**सोभना पञ्चवीसा'ति, द्विपञ्ञास पवुच्चरे॥**

भावार्थ -यी सबै चैतसिकहरूलाई संक्षिप्तमा अन्यसमान चैतसिक १३, अकुशल चैतसिक १४ र शोभन चैतसिक २५; यसरी ५२ वटा छ भनी स्पष्ट रूपले बताइराख्यो।

## सम्प्रयोग नय १६ वटा

पालि - **तेसं चित्ताावियुत्तानं, यथायोगमितो परं।**
**चित्तुप्पादेसु पच्चेकं, सम्पयोगो पवुच्चति॥**

भावार्थ -यो संक्षिप्त कथनपछि सधैंभरि चित्तसँग मिल्ने ती चैतसिकहरूको अलग अलग मिल्ने सम्प्रयोगलाई मिल्न उचित उचित रूपले छुट्याएर बताउने छु।

## सम्प्रयोगनय संग्रह गाथा

पालि - **सत्त सब्बत्थ युञ्जन्ति, यथायोगं पकिण्णका।**
**चुद्दसाकुसलेस्वेव, सोभणेस्वेव सोभणा॥**



Downloaded from http://www.dhamma.digital

भावार्थ -सर्वचित्त साधारण चैतसिक ७ वटा सम्पूर्ण चित्त ८९ वटासँग मिल्छ। प्रकीर्णक चैतसिक ६ वटा उचित उचित रूपले (८९ वटा अथवा १२१ वटा चित्तसँग) मिल्छ। १४ वटा अकुशल चैतसिक १२ वटा अकुशल चित्तमा मात्र मिल्न उचित उचित रूपले मिल्छ। शोभन चैतसिक २५ वटा शोभन चित्त ५९ वटासँग मात्र उचित उचित रूपले मिल्छ।

## अन्यसमान चैतसिक सम्प्रयोग नय ७ वटा

पालि - **कथं ?**
**सब्बचित्तसाधारणा ताव सत्तिमे चेतसिका सब्बेसुपि एकून-नवुति चित्तुप्पादेसु लब्भति।**

भावार्थ -सर्वप्रथम सर्वचित्त साधारण चैतसिक सातवटा सबै नै चित्त ८९ वटामा उपलब्ध हुन्छ।

पालि - **पकिण्णकेसु पन वितक्को ताव द्विपञ्चविञ्ञाणवज्जित कामावचरचित्तेसु चेव एकादससु पठमज्झानचित्तेसु चा'ति पञ्चपञ्ञासचित्तेसु उप्पज्जति।**

भावार्थ -अब प्रकीर्णक चैतसिकको सम्प्रयोग नयलाई बताउने छु - प्रकीर्णक चैतसिक ६ वटा मध्येमा पहिलो वितर्क चैतसिक द्विपञ्चविज्ञान १० वटाबाट अलग भएका कामचित्त ४४ वटामा र प्रथम ध्यान चित्त ११ वटामा; यसरी ५५ वटा चित्तमा मिल्छ।

पालि - **विचारो पन तेसु चेव एकादससु दुतियज्झानचित्तेसु चा'ति छसट्ठिचित्तेसु।**

भावार्थ -विचार चैतसिक मात्र ती वितर्क मिलेका चित्त ५५ र द्वितीय ध्यान चित्त ११ वटा; यसरी ६६ वटा चित्तमा मिल्छ।

पालि - **अधिमोक्खो द्विपञ्चविञ्ञाण विचिकिच्छासहगतवज्जित चित्तेसु।**



Downloaded from http://www.dhamma.digital

भावार्थ -अधिमोक्ष चैतसिक द्विपञ्चविज्ञान १० वटा र विचिकित्सा सहगत चित्तबाट अलग भएको ७८ चित्तमा मिल्छ ।

पालि - **वीरियं पञ्चद्वारावज्जन-द्विपञ्चविञ्ञाण-सम्पटिच्छन-सन्तीरण-वज्जितचित्तेसु ।**

भावार्थ - वीर्य चैतसिक पञ्चद्वार आवर्जन, द्विपञ्चविज्ञान १० वटा, सम्प्रटिच्छन २ वटा र सन्तीरण ३ वटाबाट अलग भएको ७३ वटा चित्तमा मिल्छ ।

पालि - **पीति दोमनस्सुपेक्खासहगत-कायविञ्ञाण-चतुत्थज्झान-वज्जितचित्तेसु ।**

भावार्थ - प्रीति चैतसिक दोसमूल चित्त २ वटा, उपेक्षा सहगत चित्त ५५ वटा, कायविज्ञान २ वटा र चतुर्थध्यान चित्त ११ वटाबाट अलग भएका ५१ वटा चित्तमा मिल्छ ।

पालि - **छन्दो अहेतुक मोमूहवज्जितचित्तेसू'ति ।**

भावार्थ - छन्द चैतसिक अहेतुक चित्त १८ वटा, मोहमूल दुइ वटाबाट अलग भएका ६९ वटा चित्तमा मिल्छ । यसरी १३ वटा अन्यसमान चैतसिकको सात प्रकारका सम्प्रयोग नयलाई जान्नुपर्दछ ।

## संग्रह गाथा

पालि - **ते पन चित्तुप्पादा यथाक्कमं** .............
**छसट्ठि पञ्चपञ्ञास, एकादस च सोलस ।**
**सत्तति वीसति चेव, पकिण्णक-विवज्जिता ॥**

भावार्थ - पारिसेस नयलाई बताउँछु :-प्रकीर्णक चैतसिक ६ वटाबाट अलग भएका ती चित्तहरू क्रमशः ६६ वटा, ५५ वटा, ११ वटा, १६ वटा, ७० वटा र २० वटा छ भनी जान्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

**पालि - पञ्चपञ्ञास छसट्ठिठ, सत्तति तिसत्तति ।**
**एकपञ्ञास चेकून, सत्तति सपकिण्णका ॥**

भावार्थ - प्रकीर्णक चैतसिक ६ वटासँग मिलेका चित्तलाई क्रमशः ५५ वटा, ६६ वटा, ७८ वटा, ७३ वटा, ५१ वटा र ६९ वटा छ भनी जान्नुपर्दछ ।

## अकुशल चैतसिक सम्प्रयोग नय ५ वटा

पालि - **अकुसलेसु पन मोहो अहिरिकं अनोत्तप्पं उद्धच्चञ्चा'ति चत्तारोमे चेतसिका सब्बाकुसल-साधारणा नाम, सब्बेसुपि द्वादसाकुसलेसु लब्भन्ति ।**

भावार्थ - अकुशल चैतसिकको सम्प्रयोग नयलाई बताउँछु :- अकुशल चैतसिक १४ वटा मध्ये मोह चैतसिक, अहिरिक, अनत्रपा र औधृत्य चैतसिक; यसरी यी चारवटा चैतसिकहरूलाई सर्व अकुशल साधारण चैतसिक भनिन्छ अथवा सम्पूर्ण अकुशल चित्त १२ वटासँग साधारण भएको चैतसिक । यी चारैवटा चैतसिक सम्पूर्ण अकुशल चित्त बाह्रवटामा उपलब्ध हुन्छन् ।

Dhamma.Digital

पालि - **लोभो अट्ठसु लोभसहगतचित्तेस्वेव लब्भति ।**

भावार्थ - लोभ चैतसिक लोभ सहगत चित्त ८ वटामा मात्र मिल्छ ।

पालि - **दिट्ठि चतूसु दिट्ठिगतसम्पयुत्तेसु ।**

भावार्थ - दृष्टि चैतसिक दृष्टिगत सम्प्रयुक्त चित्त चारवटामा मात्र मिल्छ ।

पालि - **मानो चतूसु दिट्ठिगतविप्पयुत्तेसु ।**

भावार्थ - मान चैतसिक दृष्टिगत विप्रयुक्त चित्त चारवटामा मात्र मिल्छ ।



Downloaded from http://www.dhamma.digital

पालि - **दोसो इस्सा मच्छरियं कुक्कुच्चञ्चा'ति द्वीसु पटिघसम्पयुत्तचित्तेसु ।**

भावार्थ - दोस चैतसिक, ईर्ष्या, मात्सर्य र कौकृत्य चैतसिक; यसरी यी चार चैतसिकहरू प्रतिघसम्प्रयुक्त चित्त दुईवटामा मात्र मिल्छ ।

पालि - **थिनमिद्धं पञ्चसु ससङ्खारिकचित्तेसु ।**

भावार्थ - स्त्यान, मिद्ध चैतसिक ससंस्कारिक चित्त ५ वटामा मात्र मिल्छ ।

पालि - **विचिकिच्छा विचिकिच्छासहगतचित्तेयेवा'ति ।**

भावार्थ - विचिकित्सा चैतसिक विचिकित्सा सहगत चित्तमा मात्र मिल्छ । यसरी १४ वटा अकुशल चैतसिकको ५ प्रकारको सम्प्रयोग नयलाई जान्नु पर्दछ ।

## संग्रह गाथा

पालि - **सब्बापुञ्ञेसु चत्तारो, लोभमूले तयो गता ।**
**दोसमूलेसु चत्तारो, ससङ्खारे द्वयं तथा ॥**

**विचिकिच्छा विचिकिच्छा, चित्ते चा'ति चतुद्दस ।**
**द्वादसाकुसलेस्वेव, सम्पयुज्जन्ति पञ्चधा ॥**

भावार्थ -चारवटा चैतसिक सम्पूर्ण अकुशल चित्त १२ वटामा, तीनवटा चैतसिक लोभमूल चित्त ८ वटामा, चारवटा चैतसिक दोसमूल चित्त २ वटामा, स्त्यान मिद्ध चैतसिक दुईवटा ससंस्कारिक चित्त ५ वटामा र विचिकिच्छा चैतसिक विचिकित्सा सहगत चित्त १ वटामा मात्र मिल्छ । यसरी १४ वटा अकुशल चैतसिक १२ वटा अकुशल चित्तमा मात्र ५ प्रकारले विभिन्न तरिकाले राम्रोसँग मिल्दछ ।



Downloaded from http://www.dhamma.digital

## शोभन चैतसिक सम्प्रयोग नय ४ वटा

पालि - **सोभणेसु पन सोभण साधारण ताव एकूनवीसतिमे चेतसिका सब्बेसुपि एकूनसट्ठि सोभणचित्तेसु संविज्जन्ति ।**

भावार्थ - शोभन चैतसिकको सम्प्रयोग नयलाई बताउँछु :- शोभन चैतसिक २५ वटा मध्ये पहिलो शोभन साधारण चैतसिक १९ वटा सम्पूर्ण शोभन चित्त ५९ वटामा मिल्दछ ।

पालि - **विरतियो पन तिस्सोपि लोकुत्तरचित्तेसु सब्बथापि नियता एकतोव लब्भन्ति, लोकियेसु पन कामावचरकुसलेस्वेव कदाचि सन्दिस्सन्ति विसुं विसुं ।**

भावार्थ - अब फेरी विरति चैतसिकलाई बताउँछु :- विरति चैतसिक तीनैवटा ८ वटा लोकुत्तर चित्तमा दुश्चरित्र दुराजीवलाई हटाउने सम्पूर्ण आकार प्रकारले नियत रूपले एकसाथ नै उपलब्ध हुन्छ ।

यसपछि अनियतलाई बताउँछु :- लौकिक शोभन चित्त ५१ वटा मध्ये कामावचर कुशल चित्त ८ वटामा मात्र (विरति चैतसिक तीनैवटा) कहिलेकहीँ देखापर्न आउँछ; परन्तु एकैपाखमा होइन, अलग अलग ।

**पालि - अप्पमञ्ञायो पन द्वादससु पञ्चमज्झानवज्जित महग्गतचित्तेसु चेव कामावचरकुसलेसु च सहेतुककामावचरक्रियचित्तेसु चा'ति अट्ठवीसति चित्तेस्वेव कदाचि नाना हुत्वा जायन्ति । उपेक्खासहगतेसु पनेत्थ करुणा मुदिता न सन्ती'ति केचि वदन्ति ।**

भावार्थ - अब अप्रमाण चैतसिकलाई बताउँछु :- अप्रमाण चैतसिक पञ्चमध्यान चित्तबाट अलग भएका १२ वटा महग्गत चित्तमा, कामावचर कुशल चित्त ८ वटामा र सहेतुक कामावचर क्रिया चित्त ८ वटामा; यसरी २८ वटा चित्तमा मात्र कहिलेकाहीँ मिल्दछ; त्यो पनि अलग अलग ।



Downloaded from http://www.dhamma.digital

केचिवादलाई बताउँछु :- कामावचर शोभन चित्त १६ वटा मध्ये उपेक्षासहगत चित्त ८ वटामा करुणा र मुदिता चैतसिक छैन भनी कुनै आचार्यहरूले भनिराखेका छन् ।

**पालि - पञ्ञा पन द्वादससु ञाणसम्पयुत्तकामावचरचित्तेसु चेव सब्बेसुपि पञ्चत्तिंस महग्गतलोकुत्तरचित्तेसु चा'ति सत्तचत्तालीस चित्तेसु सम्पयोगं गच्छती'ति ।**

भावार्थ - अब फेरी प्रज्ञिन्द्रिय चैतसिकलाई बताउँछु:- प्रज्ञिन्द्रिय चैतसिक ज्ञान सम्प्रयुक्त चित्त १२ वटा र सम्पूर्ण महग्गत लोकुत्तर चित्त ३५ वटा; यसरी ४७ वटा चित्तमा मिल्दछ । यसरी शोभन चैतसिक २५ वटाको ४ प्रकारको सम्प्रयोग नयलाई जान्नु पर्दछ ।

## संग्रह गाथा

पालि - **एकूनवीसति धम्मा, जायन्तेकूनसट्ठिसु ।**
**तयो सोलस चित्तेसु, अट्ठवीसतियं द्वयं ॥**

**पञ्ञा पकासिता सत्तचत्तालीस विधेसुपि ।**
**सम्पयुत्ता चतुधेवं, सोभणेस्वेव सोभणा ॥**

भावार्थ - १९ वटा चैतसिक ५९ वटा चित्तमा, विरति चैतसिक तीनवटा १६ वटा चित्तमा, अप्रमाण चैतसिक दुईवटा २८ वटा चित्तमा र प्रज्ञिन्द्रिय चैतसिक ४७ वटा चित्तमा मात्र मिल्दछ । कथित नियम अनुसार शोभन चैतसिक २५ वटा शोभन चित्त ५९ वटामा मात्रै चार प्रकारले सम्प्रयुक्त हुन्छ ।

## नियत अनियतयोगी चैतसिक

पालि **- इस्सा-मच्छेर-कुक्कुच्च, विरती करुणादयो ।**
**नाना कदाचि मानो च, थिनमिद्धं तथा सह ॥**



Downloaded from http://www.dhamma.digital

भावार्थ - ईर्ष्या, मात्सर्य, कौकृत्य, विरति, करुणा आदि चैतसिकहरू कहिलेकाहीँ अलग अलग भएर उत्पन्न हुन्छ; मान चैतसिक पनि कहिले कहिले उत्पन्न हुन्छ। त्यस्तै स्त्यानमिद्ध चैतसिक एक जोडा भएर कहिलेकाहीँ उत्पन्न हुन्छ; अर्को तरिकाले :- स्त्यान मिद्ध चैतसिक एकजोडा ईर्ष्या, मात्सर्य, कौकृत्य र मान चैतसिकसँग कहिलेकाहीँ उत्पन्न हुन्छ।

पालि - **यथावुत्तानुसारेन, सेसा नियतयोगिनो।**
**सङ्गहञ्च पवक्खामि, तेसं दानि यथारहं॥**

भावार्थ - यथाकथित नियम अनुसार ११ वटा चैतसिकको नाम अनियतयोगी भएको छ; अथवा सधैं मिलेर नबस्ने (नमिल्ने) चैतसिक। त्यसबाट बाँकी रहेका ४१ वटा चैतसिकको नाम नियतयोगी अथवा सधैं मिलिरहने चैतसिक। ती नियतयोगी र अनियतयोगी चैतसिकहरूलाई सुविधा अनुसार गिन्ति गर्नुपर्ने वा समूह गर्ने कुरा अब बताउँछु।

## संग्रह नय ३३ वटा

### संग्रह गाथा

Dhamma.Digital

पालि - **छत्तिंसानुत्तरे धम्मा, पञ्चत्तिंस महग्गते।**
**अट्ठत्तिंसापि लब्भन्ति, कामावचर सोभने॥**

भावार्थ - लोकुत्तर चित्तमा ३६ वटा चैतसिक, महग्गत चित्तमा ३५ वटा र कामावचर शोभन चित्तमा ३८ वटा चैतसिक उपलब्ध हुन्छ।

पालि - **सत्तवीसति पुञ्ञम्हि, द्वादसाहेतुकेति च।**
**यथासम्भवयोगेन, पञ्चधा तत्थ सङ्गहो॥**

भावार्थ - अकुशल चित्तमा २७ वटा चैतसिक र अहेतुक चित्तमा १२ वटा चैतसिक उपलब्ध हुन्छ। यसरी सुविधाअनुसार मिलेको हुनाले त्यो गणन (गन्ने) समोधान (समूह गर्ने) संग्रह नय पाँच प्रकारले गणन गर्ने वा समूह गर्ने हुन्छ।



Downloaded from http://www.dhamma.digital

# लोकुत्तरचित्त संग्रह नय ५ वटा

पालि - **कथं ?**

**लोकुत्तरेसु ताव अट्ठसु पठमज्झानिकचित्तेसु अञ्ञसमाना तेरस चेतसिका अप्पमञ्ञावज्जिता तेवीसति सोभणचेतसिका चे'ति छत्तिंस धम्मा सङ्गहं गच्छन्ति ।**

भावार्थ - कसरी ?

लोकुत्तर चित्त मध्ये सर्वप्रथम लोकुत्तर प्रथमध्यानिक चित्त ८ वटामा अन्यसमान चैतसिक १३ वटा, अप्रमाण चैतसिक दुइवटाबाट अलग भएको शोभन चैतसिक २३ वटा; यसरी ३६ वटा चैतसिक संग्रह हुन जान्छ ।

पालि - **तथा दुतियज्झानिकचित्तेसु वितक्कवज्जा ।**

भावार्थ - त्यस्तै नै लोकुत्तर द्वितीयध्यानिक चित्त ८ वटामा वितर्कबाट अलग भएको ३५ वटा चैतसिक संग्रह हुन जान्छ ।

पालि - **ततियज्झानिकचित्तेसु वितक्क विचारवज्जा ।**

Dhamma.Digital

भावार्थ - लोकुत्तर तृतीयध्यानिक चित्त ८ वटामा वितर्क, विचारबाट अलग भएको ३४ वटा चैतसिक संग्रह हुन जान्छ ।

पालि - **चतुत्थज्झानिकचित्तेसु वितक्क विचारपीतिवज्जा ।**

भावार्थ - लोकुत्तर चतुर्थध्यानिक चित्त ८ वटामा वितर्क, विचार, प्रीतिबाट अलग भएको ३३ वटा चैतसिक संग्रह हुन जान्छ ।

पालि - **पञ्चमज्झानिकचित्तेसुपि उपेक्खासहगता ते एव सङ्गय्हन्ती' ति सब्बथापि अट्ठसु लोकुत्तरचित्तेसु पञ्चकज्झानवसेन पञ्चधाव सङ्गहो होती'ति ।**

भावार्थ - लोकुत्तर पञ्चमध्यानिक चित्त ८ वटामा उपेक्षा वेदना



Downloaded from http://www.dhamma.digital

सहित चतुर्थध्यानमा मिल्ने त्यही अन्यसमान शोभन चैतसिकलाई नै संग्रहित गर्नुपर्छ ।

यसरी सम्पूर्ण प्रकारले लोकुत्तर चित्त ८ वटामा ध्यान समूह पाँचवटाको हिसाबले पाँच प्रकारले नै गणन गर्ने वा संग्रह गर्ने हुनजान्छ। यसरी ती लोकुत्तर चित्त ८ वटामा पाँच प्रकारको संग्रह नयलाई बुझ्नु पर्दछ ।

## संग्रह गाथा

पालि - **छत्तिंस पञ्चत्तिंस च, चतुत्तिंस यथाक्कमं ।**
**तेत्तिंस द्वयमिच्चेवं, पञ्चधानुत्तरे ठिता ॥**

भावार्थ - लोकुत्तर चित्तमा संग्रह नय क्रमशः ३६ वटा चैतसिक, ३५ वटा, ३४ वटा र ३३ वटा चैतसिक समूह दुई समूह; यसरी पाँच प्रकारले भयो ।

## महग्गतचित्त संग्रह ५ वटा

पालि - **महग्गतेसु पन तीसु पठमज्झानिकचित्तेसु ताव अञ्ञसमाना तेरस चेतसिका विरतित्तयवज्जिता द्वावीसति सोभणचेतसिका चे'ति पञ्चत्तिंस धम्मा सङ्गहं गच्छन्ति ।**

भावार्थ - महग्गत चित्तको संग्रह नयलाई बताउँछु :- महग्गत चित्त २७ वटा मध्ये पहिलो महग्गत प्रथमध्यानिक चित्त तीनवटामा अन्यसमान चैतसिक १३ वटा, विरति चैतसिक तीनवटाले अलग भईरहेको २२ वटा शोभन चैतसिक; यसरी ३५ वटा चैतसिक संग्रह हुन जान्छ ।

पालि - **करुणा मुदिता पनेत्थ पच्चेकमेव योजेतब्बा ।**

भावार्थ - विशेषता बताउँछु :- यो महग्गत प्रथमध्यानिक चित्त तीनवटामा अथवा ३५ वटा चैतसिकमा करुणा र मुदिता चैतसिकलाई अलग अलग नै मिलाउनु पर्छ ।



Downloaded from http://www.dhamma.digital

पालि - **तथा दुतियज्झानिकचित्तेसु वितक्कवज्जा ।**

भावार्थ - त्यस्तै नै द्वितीयध्यानिक महग्गत चित्त तीनवटामा वितर्क बाहेकको ३४ वटा चैतसिक संग्रह हुन जान्छ ।

पालि - **ततियज्झानिकचित्तेसु वितक्क-विचारवज्जा ।**

भावार्थ - तृतीयध्यानिक महग्गत चित्त तीनवटामा वितर्क, विचारले अलग भएको ३३ वटा चैतसिक संग्रह हुन जान्छ ।

पालि - **चतुत्थज्झानिकचित्तेसु वितक्क-विचार-पीतिवज्जा ।**

भावार्थ - चतुर्थध्यानिक महग्गत चित्त तीनवटामा वितर्क विचार प्रीतिबाट अलग भएको ३२ वटा चैतसिक संग्रह हुन जान्छ ।

पालि - **पञ्चमज्झानिकचित्तेसुपि पन पन्नरससु अप्पमञ्ञायो**
**न लब्भन्ती'ति सब्बथापि सत्तवीसति महग्गतचित्तेसु**
**पञ्चकज्झानवसेन पञ्चधाव सङ्गहो होती'ति ।**

भावार्थ - विशेषता बताउँछु :- पञ्चमध्यानिक महग्गत चित्त १५ वटामा अप्रमाण चैतसिक दुईवटा उपलब्ध हुँदैन ।

यसरी सम्पूर्ण प्रकारले २७ वटा महग्गत चित्तमा ५ वटा ध्यानाङ्ग समूहको हिसाबले पाँच प्रकारले गणना गर्न हुन्छ । यसरी ती महग्गत चित्त २७ वटामा पाँच प्रकारको संग्रह नयलाई जान्नु पर्दछ ।

## संग्रह गाथा

पालि - **पञ्चत्तिंस चतुत्तिंस, तेत्तिंस च यथाक्कमं ।**
**बात्तिंस चेव तिंसेति, पञ्चधाव महग्गते ॥**

भावार्थ - महग्गत चित्तमा संग्रह नय क्रमशः ३५ वटा चैतसिक, ३४ वटा, ३३ वटा, ३२ वटा र ३० वटा चैतसिक; यसरी पाँच प्रकाले हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## काम शोभन चित्त संग्रह नय १२ वटा

पालि - **कामावचर सोभणेसु पन कुसलेसु ताव पठमद्वये अञ्ञसमाना तेरस चेतसिका पञ्चवीसति सोभणचेतसिका चे'ति अट्ठत्तिंस धम्मा सङ्गहं गच्छन्ति ।**

भावार्थ - कामावचर शोभन चित्तको संग्रह नयलाई बताउँछु :- कामावचर शोभन चित्त २४ वटा मध्ये महाकुशल चित्त ८ वटामा पनि महाकुशल प्रथमद्वयमा अन्यसमान चैतसिक १३ वटा, शोभन चैतसिक २५ वटा; यसरी ३८ वटा चैतसिक मिल्छ ।

पालि - **अप्पमञ्ञा विरतियो पनेत्थ पञ्चपि पच्चेकमेव योजेतब्बा ।**

भावार्थ - विशेषता बताउँछु :- यो महाकुशल प्रथमद्वयमा अथवा ३८ वटा चैतसिक मध्ये अप्रमाण र विरति चैतसिक ५ वटालाई अलग अलग वा एक एक गरेर मात्र मिलाउनुपर्छ ।

पालि - **तथा दुतियद्वये ञाणवज्जिता ।**

भावार्थ - त्यसरी नै महाकुशल द्वितीयद्वयमा ज्ञानले अलग भएको ३७ वटा चैतसिक मिल्छ ।

पालि - **ततियद्वये ञाणसम्पयुत्ता पीतिवज्जिता ।**

भावार्थ - महाकुशल तृतीयद्वयमा ज्ञानले सम्प्रयुक्त भई प्रीतिबाट अलग भएको ३७ वटा चैतसिक मिल्छ ।

पालि - **चतुत्थद्वये ञाण पीतिवज्जिता ते एव सङ्गय्हन्ति ।**

भावार्थ - महाकुशल चतुर्थद्वयमा ज्ञान र प्रीतिले अलग भएको ३६ वटा सोही अन्यसमान र शोभन चैतसिक संग्रहित हुन जान्छन् ।

पालि - **क्रियचित्तेसुपि विरतिवज्जिता तथेव चतूसुपि दुकेसु चतुधाव सङ्गय्हन्ति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ - महाक्रिया चित्त ८ वटामा पनि विरति चैतसिकले अलग भएको ३५ वटा अन्यसमान र शोभन चैतसिक नै महाकुशलमा जस्तै चारैवटा दुकमा चारै प्रकारले नै संग्रहित हुन्छ ।

पालि - **तथा विपाकेसु च अप्पमञ्ञा विरतिवज्जिता ते एव सङ्गय्हन्ति । सब्बथापि चतुवीसति कामावचरसोभनचित्तेसु दुकवसेन द्वादसधाव सङ्गहो होती'ति ।**

भावार्थ - त्यस्तै नै महाविपाक चित्त आठवटामा पनि अप्रमाण र विरति चैतसिक पाँचवटाबाट अलग भएको ३३ वटा अन्यसमान र शोभन चैतसिक नै चारै दुकमा चार प्रकारले नै संग्रहित हुन्छ ।

यसरी सम्पूर्ण प्रकारले २४ वटा कामावचर शोभन चित्तमा दुकको हिसाबले १२ प्रकारले नै संग्रह गर्नुपर्ने हुन्छ ।

यसरी ती कामावचर शोभन चित्तमा १२ प्रकारको संग्रहनयलाई जान्नुपर्‍यो ।

## संग्रह गाथा

पालि - **अट्ठत्तिंस सत्तत्तिंस, द्वयं छत्तिंसकं सुभे ।**
**पञ्चत्तिंस चतुत्तिंस, द्वयं तेत्तिंसकं क्रिये ॥**

**तेत्तिंस पाके बात्तिंस, द्वयेकत्तिंसकं भवे ।**
**सहेतु कामावचर, पुञ्ञपाक क्रियामने ॥**

भावार्थ - कामावचर कुशल, सहेतुक कामावचर विपाक र सहेतुक कामावचर क्रियाचित्तमा अथवा चित्त मध्ये महाकुशल चित्त ८ वटामा ३८ वटा, ३७ वटा चैतसिकको दुईसमूह र ३६ वटा चैतसिक; फेरि महाक्रिया चित्त ८ वटामा ३५ वटा, ३४ वटा चैतसिकको दुईसमूह र ३३ वटा चैतसिक; अनि फेरि महाविपाक चित्त ८ वटामा ३३ वटा, ३२ वटा चैतसिकको दुईसमूह र ३१ वटा चैतसिक छन् ।



Downloaded from http://www.dhamma.digital

## ती ती चित्तमा नमिलेका चैतसिकहरू

पालि - **न विज्जन्तेत्थ विरती, क्रियेसु च महग्गते ।**
**अनुत्तरे अप्पमञ्ञा, कामपाके द्वयं तथा ॥**

भावार्थ - यी शोभन चित्त मध्ये महाक्रिया चित्त ८ वटामा र महग्गत चित्त २७ वटामा विरति चैतसिक, लोकुत्तर चित्त ८ वटामा अप्रमाण चैतसिक मिल्दैन । त्यस्तै नै महाविपाक चित्त ८ वटामा विरति र अप्रमाण चैतसिक दुईथरी नै मिल्दैन ।

## चित्त विशेषक चैतसिक

पालि - **अनुत्तरे झानधम्मा, अप्पमञ्ञा च मज्झिमे ।**
**विरती-ञाण-पीति च, परित्तेसु विसेसका ॥**

भावार्थ - लोकुत्तर चित्तमा ध्यानधर्म विशेषक हो । महग्गत चित्त २७ वटामा ध्यानधर्म र अप्रमाण चैतसिक विशेषक हो । कामावचर शोभन चित्त २४ वटामा अप्रमाण चैतसिक, विरति चैतसिक, प्रज्ञिन्द्रिय चैतसिक र प्रीति चैतसिक विशेषक हो ।

Dhamma.Digital

## अकुशलचित्त संग्रह नय ७ वटा

पालि - **अकुसलेसु पन लोभमूलेसु ताव पठमे असङ्खारिके अञ्ञसमाना तेरस चेतसिका अकुसल साधारणा चत्तारो चा'ति सत्तरस लोभ दिट्ठीहि सद्धिं एकूनवीसति धम्मा सङ्गहं गच्छन्ति ।**

भावार्थ - अकुशल संग्रहनयलाई बताउँछु :- अकुशल चित्त १२ वटा मध्ये लोभमूल चित्त ८ वटामा पनि पहिलो लोभमूल असंस्कारिक चित्तमा अन्यसमान चैतसिक १३ वटा, अकुशल साधारण ४ वटा र लोभ, दृष्टिसहित १९ वटा चैतसिक मिल्दछ ।

पालि - **तथेव दुतिये असङ्खारिक लोभ-मानेन ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ - त्यस्तै नै दोस्रो लोभमूल असंस्कारिक चित्तमा लोभ, मान सहित १९ वटा चैतसिक मिल्दछ।

पालि - **ततिये तथेव पीतिवज्जिता लोभ दिट्ठीहि सह अट्ठारस।**

भावार्थ - त्यस्तै नै तेस्रो लोभमूल असंस्कारिक चित्तमा प्रीतिले अलग भएको लोभ,दृष्टि सहित १८ वटा चैतसिक मिल्दछ।

पालि - **चतुत्थे तथेव लोभ-मानेन।**

भावार्थ - त्यस्तै नै चौथो लोभमूल असंस्कारिक चित्तमा लोभ, मान सहित १८ वटा चैतसिक मिल्दछ।

पालि - **पञ्चमे पन पटिघसम्पयुत्ते असङ्खारिके दोसो इस्सा मच्छरियं कुक्कुच्चञ्चा'ति चतूहि सद्धिं पीतिवज्जिता ते एव वीसति धम्मा सङ्गह्यन्ति।**

भावार्थ - अब दोषमूल असंस्कारिकलाई बताउँछु :- दोषसँग मिलेको पाँचौं असंस्कारिक चित्तमा दोष चैतसिक, ईर्ष्या, मात्सर्य र कौकृत्य चैतसिक; यसरी चारवटा सहित प्रीतिले अलग भएका ती २० वटा अन्यसमान अकुशल चैतसिक संग्रहित हुन्छन्।

पालि - **इस्सा-मच्छरिय-कुक्कुच्चानि पनेत्थ पच्चेकमेव योजेतब्बानि।**

भावार्थ - विशेषता बताउँछु :- यो पञ्चम असंस्कारिक चित्तमा अथवा २० वटा चैतसिक मध्ये ईर्ष्या, मात्सर्य र कौकृत्य चैतसिकलाई अलग अलग नै मिलाउनु पर्छ।

पालि - **ससङ्खारिक पञ्चकेपि तथेव थिन-मिद्धेन विसेसेत्वा योजेतब्बा।**

भावार्थ - असंस्कारिक चित्तमा जस्तै नै ससंस्कारिक चित्त पाँचवटामा पनि स्त्यान-मिद्धले विशेषता देखाई मिलाउनु पर्छ।



Downloaded from http://www.dhamma.digital

पालि - **छन्छ-पीतिवज्जिता पन अञ्ञसमाना एकादस अकुसल साधारणा चत्तारो चा'ति पन्नरस धम्मा उद्धच्चसहगते सम्पयुज्जन्ति ।**

भावार्थ - मोमूहलाई बताउँछु :- छन्द, प्रीतिबाट अलग भएको अन्यसमान चैतसिक ११ वटा र अकुशल साधारण चैतसिक चारवटा; यसरी १५ वटा चैतसिक औधृत्य सहगत चित्तमा मिल्छ ।

पालि - **विचिकिच्छासहगतचित्ते च अधिमोक्ख विरहिता विचिकिच्छासहगता तथेव पन्नरस धम्मा समुपलब्भन्ती'ति । सब्बथापि द्वादसाकुसलचित्तुप्पादेसु पच्चेकं योजियमानापि गणनवसेन सत्तधाव सङ्गहिता भवन्ती'ति ।**

भावार्थ - विचिकित्सा सहगत चित्तमा पनि औधृत्य सहगत चित्तमा जस्तै नै अधिमोक्ष चैतसिकले अलग भएको विचिकित्सा सहित भएको १५ वटा चैतसिक उपलब्ध हुन्छ ।

यसरी सम्पूर्ण प्रकारले १२ वटा अकुशल चित्तमा अलग अलग मिलाए तापनि गणनहिसाबले सात प्रकारले नै गणना गर्ने हुनजान्छ । यसरी अकुशल चित्त १२ वटामा सातथरी संग्रहनयलाई जान्नु पर्छ ।

## संग्रह गाथा

पालि - **एकूनवीसाट्ठारस, वीसेकवीस वीसति ।
द्वावीस पन्नरसेति, सत्तधाकुसले ठिता ॥**

भावार्थ - अकुशल चित्तमा संग्रहनय १९ वटा चैतसिक, १८ वटा चैतसिक, २० वटा, २१ वटा, २० वटा, २२ वटा चैतसिक र १५ वटा चैतसिक; यसरी सातथरी हुन्छ ।

## अकुसलयोगी चैतसिक

पालि - **साधारणा च चत्तारो, समाना च दसापरे ।
चुद्दसेते पवुच्चन्ति, सब्बाकुसलयोगिनो ॥**



Downloaded from http://www.dhamma.digital

भावार्थ - अकुशल साधारण चैतसिक ४ वटा, छन्द, प्रीति, अधिमोक्ष चैतसिकले अलग भएको अन्यसमान चैतसिक १० वटा; यसरी यी १४ वटा चैतसिकहरूलाई सम्पूर्ण अकुशल चित्तसँग मिलेको चैतसिक भनी बताइराखेको छ ।

## अहेतुक चित्त संग्रहनय ४ वटा

पालि - **अहेतुकेसु पन हसनचित्ते ताव छन्दवज्जिता अञ्ञसमाना द्वादसा धम्मा सङ्गहं गच्छन्ति ।**

भावार्थ - अहेतुक संग्रहनयलाई बताउँछु :- अहेतुक चित्त १८ वटा मध्ये पहिलो हसितुत्पाद चित्तमा छन्दबाट अलग भएको अन्यसमान चैतसिक १२ वटा संग्रह हुन्छ ।

पालि - **तथा वोट्ठब्बने छन्द-पीतिवज्जिता ।**

भावार्थ - त्यस्तै नै वोट्ठब्बन चित्तमा छन्द, प्रीतिबाट अलग भएको अन्यसमान चैतसिक ११ वटा संग्रह हुन्छ ।

पालि - **सुखसन्तीरणे छन्द-वीरियवज्जिता ।**

भावार्थ - सौर्मनस्य सहगत सन्तीरण चित्तमा छन्द, वीर्यले अलग भएको अन्यसमान चैतसिक ११ वटा संग्रह हुन्छ ।

पालि - **मनोधातुत्तिकाहेतुक-पटिसन्धियुगले छन्द-पीति-वीरियवज्जिता ।**

भावार्थ - मनोधातु तीनवटा र अहेतुक प्रतिसन्धि दुईवटामा छन्द, प्रीति, वीर्यबाट अलग भएको अन्यसमान चैतसिक १० वटा संग्रह हुन्छ ।

पालि - **द्विपञ्चविञ्ञाणे पकिण्णक-वज्जिता ते येव संगय्हन्ती'ति । सब्बथापि अट्ठारससु अहेतुकेसु गणनवसेन चतुधाव सङ्गहो होती'ति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ - द्विपञ्चविज्ञान १० वटामा प्रकीर्णक ६ वटाले अलग भएको ती ७ वटा अन्यसमान चैतसिक नै संग्रहित हुन्छ ।

यसरी अहेतुक चित्त १८ वटामा सम्पूर्ण प्रकारले गणनाको हिसाबले संग्रहनय चारवटा नै भएको छ ।

यसरी ती अहेतुक चित्त १८ वटामा चार प्रकारको संग्रहनयलाई जान्नु पर्दछ ।

## संग्रह गाथा

पालि - **द्वादसेकादस दस, सत्त चाति चतुब्बिधो ।**
**अट्ठारसाहेतुकेसु, चित्तुप्पादेसु सङ्गहो ॥**

भावार्थ - १८ वटा अहेतुक चित्तमा १२ वटा चैतसिक, ११ वटा, १० वटा र ७ वटा चैतसिक; यसरी चार प्रकारका संग्रहनयलाई जान्नु पर्दछ ।

पालि - **अहेतुकेसु सब्बत्थ, सत्त सेसा यथारहं ।**
**इति वित्थारतो वुत्तो, तेत्तिंसविध सङ्गहो ॥**

Dhamma.Digital

भावार्थ - सम्पूर्ण अहेतुक चित्त १८ वटामा सर्वचित्त साधारण चैतसिक ७ वटा मिल्दछ । छन्दले अलग भएको प्रकीर्णक चैतसिक ५ वटा सुविधा अनुसार मिल्दछ । यसरी विस्तृत रूपले ३३ प्रकारको संग्रहनयलाई मैले (अनुरूद्ध आचार्यले) बताएं ।

## चैतसिकलाई चित्त समानले गणना गर्ने

पालि - **इत्थ चित्ताावियुत्तानं, सम्पयोगञ्च सङ्गहं ।**
**ञत्वा भेदं यथायोगं, चित्तेन सममुद्दिसे ॥**

भावार्थ - यसरी कथितभेद अनुसार चित्तसँग सधैं मिलेको चैतसिकको परिच्छेद हिसाबले अथवा चित्तलाई छुट्याउने रूपले बताइएका १६ प्रकारका सम्प्रयोगनयलाई र चैतसिक समूहलाई छुट्याउने रूपले



Downloaded from http://www.dhamma.digital

बताइएको ३३ प्रकारको संग्रहनयलाई पनि जानेर मिले अनुसार चित्तसँग जोडा मिलेको भेदलाई देखाउनु पर्दछ ।

**इति अभिधम्मत्थसङ्गहे चेतसिक सङ्गह विभागो नाम दुतियो परिच्छेदो ।**

भावार्थ - अभिधर्मार्थसंग्रहमा चैतसिक संग्रह विभाग नामक दोश्रो काण्ड समाप्त भयो ।

♦



Downloaded from http://www.dhamma.digital

# प्रकीर्णक काण्ड ३

## प्रतिज्ञा र मातिका

पालि - **सम्पयुत्ता यथायोगं, तेपञ्ञास सभावतो ।**
**चित्त-चेतसिका धम्मा, तेसं दानि यथारहं ॥**

भावार्थ - मिल्न योग्य हुने गरी समान रूपले नाना प्रकारबाट मिलेको चित्त चैतसिक धर्म आरम्मण विभाजन स्पर्श इत्यादि आ-आफ्नो कृत्य लक्षण अनुसार ५३ वटा छन् । अब ती ५३ वटा स्वभावधर्मलाई योग्यतानुसार ।

पालि - **वेदनाहेतुतो किच्च, द्वारालम्बणवत्थुतो ।**
**चित्तुप्पादवसेनेव, सङ्गहो नाम नीयते ।**

भावार्थ - चित्त चैतसिकको हिसाबले वेदनाभेद, हेतु, कृत्य, द्वार, आरम्मण र वत्थु भेद भईरहेको वेदनादि संग्रह नाम भएको प्रकीर्णक संग्रहलाई अघि सार्दछु (प्रस्तुत गर्दछु) ।

Dhamma.Digital

## वेदना संग्रह

## वेदना ३ वटा र ५ वटा

पालि - **तत्थ वेदना सङ्गहे ताव तिविधा वेदना सुखं दुक्खं अदुक्ख-मसुखा चे'ति सुखं दुक्खं सोमनस्सं दोमनस्सं उपेक्खा'ति च भेदेन पन पञ्चधा होति ।**

भावार्थ - ती ६ प्रकीर्णक संग्रह मध्येमा वेदना संग्रहमा सर्वप्रथम वेदना भनेको सुखवेदना दुःखवेदना र दुःख पनि नभएको सुख पनि नभएको उपेक्षावेदना, यसरी अनुभवन लक्षण प्रभेदले तीन थरी छन् ।

फेरी इन्द्रिय भेद अनुसार वेदना भनेको सुखवेदना, दुःख, सौमनस्य, दौर्मनस्य र उपेक्षावेदना भनी पाँच थरी छन् ।



Downloaded from http://www.dhamma.digital

## वेदनाबाट चित्तको विभाजन

पालि - **तत्थ सुखसहगतं कुसलविपाकं कायविञ्ञाणमेकमेव ।**

भावार्थ -ती वेदना संग्रहमा अथवा ती पाँच वेदना मध्येमा अथवा ती पाँच वेदनासंग मिलेको चित्त मध्येमा सुखवेदना सहित भएको चित्त कुशलको फल भईरहेको कायविज्ञान एउटा मात्रै भयो ।

पालि - **तथा दुक्खसहगतं अकुसल विपाकं ।**

भावार्थ -त्यस्तै दुःखवेदना सहित भएको चित्त पनि अकुशलको फल भईरहेको कायविज्ञान एउटा मात्रै भयो ।

पालि - **सोमनस्ससहगत-चित्तानि पन लोभमूलानि चत्तारि द्वादस कामावचर-सोभणानि सुख-सन्तीरण-हसनानि च द्वे'ति अट्ठारस कामावचर सोमनस्ससहगतचित्तानि चेव पठम-दुतिय-ततिय-चतुत्थज्झान-सङ्खातानि चतुचत्तालीस महग्गत लोकुत्तर-चित्तानि चे'ति द्वासट्ठिविधानि भवन्ति ।**

भावार्थ -अब सौमनस्य वेदनालाई बताउँछु :- सौमनस्य वेदना सहित भएको चित्त लोभमूल ४ वटा, कामावचर शोभन १२ वटा, सौमनस्य सहगत सन्तीरण, हसितुत्पाद २ वटा, यसरी कामावचर सौमनस्य सहगत १८ वटा र प्रथमध्यान चित्त ११ वटा, द्वितीयध्यान चित्त ११ वटा, तृतीयध्यान चित्त ११ वटा, चतुर्थध्यान चित्त ११ वटा भनिने महग्गत लोकुत्तर चित्त ४४ वटा; यो भेदले ६२ वटा छन् ।

पालि - **दोमनस्स सहगत-चित्तानि पन द्वे पटिघ सम्पयुत्तचित्तानेव ।**

भावार्थ -फेरि दौर्मनस्य सहगत चित्तलाई बताउँछु :- दौर्मनस्य वेदना सहित भएको चित्त प्रतिघ सम्पयुक्त चित्त २ वटा मात्र छन् ।

पालि - **सेसानि सब्बानिपि पञ्चपञ्ञास उपेक्खा सहगत-चित्तानेवा'ति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ - उक्त वेदना ४ वटाबाट बाँकी भएका ५५ वटा चित्त सबै उपेक्षा सहगत चित्त मात्र भयो भनी जान्नु पर्दछ ।

## संग्रह गाथा

पालि - **सुखं दुक्खमुपेक्खाति, तिविधा तत्थ वेदना ।**
**सोमनस्सं दोमनस्स, मिति भेदेन पञ्चधा ॥**

भावार्थ -त्यो वेदना संग्रहमा वेदना भनेको अनुभवन लक्षण प्रभेदले सुखवेदना, दुःख र उपेक्षावेदना भनी तीन प्रकारले छन् । इन्द्रिय भेद अनुसार सुखवेदना, दुःख, सौमनस्य, दौर्मनस्य र उपेक्षावेदना भनी पाँच प्रकारले छन् ।

पालि - **सुखमेकत्थ दुक्खञ्च, दोमनस्सं द्वये ठितं ।**
**द्वासट्ठीसु सोमनस्सं, पञ्चपञ्ञासके'तरा ॥**

भावार्थ -सुख वेदना र दुःख वेदना १ वटा चित्तमा, दौर्मनस्य वेदना २ वटा चित्तमा, सौमनस्य वेदना ६२ वटा चित्तमा, त्यसपछि अर्को उपेक्षा वेदना ५५ वटा चित्तमा रहन्छ ।

Dhamma.Digital

## हेतु संग्रह

## हेतु ६ वटा

पालि - **हेतुसङ्गहे हेतु नाम लोभो दोसो मोहो अलोभो अदोसो अमोहो चा'ति छब्बिधा भवन्ति ।**

भावार्थ -हेतु संग्रहमा हेतु भनेको लोभ हेतु, दोष, मोह, अलोभ, अदोष, अमोह हेतु भनि ६ प्रकारका छन् ।

## हेतुबाट चित्तको विभाजन

पालि - **तत्थ पञ्चद्वारावज्जन द्विपञ्चविञ्ञाण सम्पटिच्छन सन्तीरण**



Downloaded from http://www.dhamma.digital

**बोट्ठब्बनहसनवसेन अट्ठारस अहेतुकचित्तानि नाम ।**

भावार्थ -त्यस हेतु संग्रहमा अथवा ती ६ हेतु मध्येमा अथवा ती ६ हेतु भए नभएको चित्त मध्येमा पञ्चद्वारावर्जन, द्विपञ्चविज्ञान १० वटा, सम्प्रटिच्छन २ वटा, सन्तीरण ३ वटा, वोट्ठब्बन र हसितुत्पाद चित्त हिसाबले १८ वटा चित्तलाई सम्प्रयुक्त हेतु नभएको हुनाले "अहेतुक" चित्त भनिन्छ ।

पालि - **सेसानि सब्बानिपि एकसत्तति चित्तानि सहेतुकानेव ।**

भावार्थ -अहेतुक चित्त १८ वटाबाट बाँकी रहेका सम्पूर्ण ७१ वटा चित्तलाई सम्प्रयुक्त हेतु भएकोले "सहेतुक" चित्त भनिन्छ ।

पालि - **तत्थापि द्वे मोमूहचित्तानि एकहेतुकानि ।**

भावार्थ -ती सहेतुक चित्त ७१ वटा मध्येमा पनि मोहमूल चित्त २ वटालाई एउटा मात्र हेतु भएको हुनाले "एकहेतुक" चित्त भनिन्छ ।

पालि - **सेसानि दस अकुसलचित्तानि चेव ञाणविप्पयुत्तानि द्वादस कामावचर सोभणानि चे'ति द्वावीसति द्विहेतुकचित्तानि ।**

भावार्थ -मोहमूह २ वटाबाट बाँकी भएका १० वटा अकुशल चित्त र १२ वटा ज्ञान विप्रयुक्त कामावचर शोभन चित्त; यसरी २२ वटा चित्तलाई दुईवटा हेतु भएको हुनाले "द्विहेतुक" चित्त भनिन्छ ।

पालि - **द्वादस ञाणसम्पयुत्त-कामावचर-सोभणानि चेव पञ्चत्तिंस महग्गत-लोकुत्तर-चित्तानि चे'ति सत्तचत्तालीस तिहेतुक चित्तानी'ति ।**

भावार्थ -ज्ञानसम्प्रयुक्त कामावचर शोभन चित्त १२ वटा र महग्गत लोकुत्तर चित्त ३५ वटा; यसरी ४७ वटा चित्तलाई तीनवटा हेतु भएको हुनाले "तिहेतुक" चित्त भनिन्छ भनी जान्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

## संग्रह गाथा

पालि - **लोभो दोसो च मोहो च, हेतू अकुसला तयो ।**
**अलोभादोसामोहा च, कुसलाब्याकता तथा ॥**

भावार्थ -लोभ हेतु, दोष हेतु र मोह हेतु भनि अकुशल हेतु तीनवटा छन् । अलोभ हेतु, अदोष हेतु र अमोह हेतु भनि कुशल हेतु पनि त्यस्तै नै तीनवटा छन् ।

पालि - **अहेतुकाट्ठारसेक, हेतुका द्वे द्वावीसति ।**
**द्विहेतुका मता सत्त, चत्तालीस तिहेतुका ॥**

भावार्थ -अहेतुक चित्त १८ वटा, एकहेतुक चित्त २ वटा, द्विहेतुक चित्त २२ वटा र तिहेतुक चित्त ४७ वटा छ भनी जान्नु पर्दछ ।

## कृत्य संग्रह

## कृत्य १४ वटा

पालि - **किच्चसङ्गहे किच्चानि नाम पटिसन्धिभवङ्गावज्जन दस्सन सवन घायन सायन फुसन सम्पटिच्छन सन्तीरण वोट्ठब्बन जवन तदारम्मण चुतिवसेन चुद्दसविधानि भवन्ति ।**

भावार्थ -कृत्यसंग्रहमा कृत्य भनेको प्रतिसन्धिकृत्य, भवङ्ग, आवर्जन, दर्शन, श्रवण, घ्रायण, सायन, स्पर्शन, सम्प्रटिच्छन, सन्तीरण, वोट्ठब्बन, जवन, तदारम्मण र च्युति कृत्य भनि १४ प्रकारले छन् ।

## स्थान १0 वटा

पालि - **पटिसन्धि-भवङ्गावज्जन-पञ्चविञ्ञाणट्ठानादिवसेन पन तेसं दसधा ठानभेदो वेदितब्बो ।**

भावार्थ - स्थानलाई बताउँछु :- ती कृत्य भएको चित्तको स्थान



Downloaded from http://www.dhamma.digital

भेदलाई प्रतिसन्धिस्थान, भवङ्ग, आवर्जन, पञ्चविज्ञान, सम्प्रटिच्छन, सन्तीरण, वोट्ठब्बन, जवन, तदारम्मण र च्युतिस्थान भनी १० प्रकारले भएको जान्नु पर्दछ।

## कृत्य र स्थानबाट चित्तको विभाजन

पालि - **तत्थ द्वे उपेक्खासहगत-सन्तीरणानि चेव अट्ठ महाविपाकानि च नव रूपारूप विपाकानि चे'ति एकूनवीसति चित्तानि पटिसन्धि-भवङ्ग-चुतिकिच्चानि नाम।**

भावार्थ -त्यो कृत्य संग्रहमा अथवा कृत्य र स्थान दुईवटा मध्येमा अथवा त्यो कृत्य र स्थान भएको चित्त मध्येमा उपेक्षा सहगत सन्तीरण चित्त २ वटा, महाविपाक चित्त ८ वटा र रूप-अरूप विपाक चित्त ९ वटा; यसरी १९ वटा चित्तलाई प्रतिसन्धि कृत्य, भवङ्ग कृत्य र च्युति कृत्य भएको चित्त भनिन्छ।

पालि - **आवज्जनकिच्चानि पन द्वे।**

भावार्थ - दुईवटा कृत्य भएको चित्तलाई बताउँछु :- आवर्जन कृत्य भएको चित्त २ वटा।

पालि - **तथा दस्सन-सवन-घायन-सायन-फुसन-सम्पटिच्छनकिच्चानि च।**

भावार्थ -दर्शन कृत्य,श्रवण, घ्रायण, सायन, स्पर्शन र सम्प्रटिच्छन कृत्य भएको चित्त पनि त्यस्तै नै दुईवटा।

पालि - **तीणि सन्तीरणकिच्चानि।**

भावार्थ - सन्तीरण कृत्य भएको चित्त ३ वटा।

पालि - **मनोद्वारावज्जनमेव पञ्चद्वारे वोट्ठब्बनकिच्चं साधेति।**

भावार्थ - मनोद्वारवर्जनले नै पञ्चद्वारमा वोट्ठब्बन कृत्य सिद्ध गर्छ।



Downloaded from http://www.dhamma.digital

पालि - **आवज्जनद्वयवज्जितानि कुसलाकुसल-फल-क्रिय-चित्तानि पञ्चपञ्ञास जवन-किच्चानि ।**

भावार्थ -आवर्जन दुईवटाबाट अलग भएको ५५ वटा कुशल, अकुशल, फल र क्रिया चित्तलाई जवन कृत्य भएको चित्त भनिन्छ ।

पालि - **अट्ठ महाविपाकानि चेव सन्तीरणत्तयञ्चे'ति एकादस तदारम्मरणकिच्चानि ।**

भावार्थ - महाविपाक चित्त ८ वटा, सन्तीरण चित्त ३ वटा; यसरी ११ वटा चित्तलाई तदारम्मण कृत्य भएको चित्त भनिन्छ ।

पालि - **तेसु पन द्वे उपेक्खासहगत सन्तीरणचित्तानि पटिसन्धि भवङ्ग चुति तदारम्मण सन्तीरणवसेन पञ्च किच्चानि नाम ।**

भावार्थ - समूहलाई बताउँछु :- ती कृत्य र स्थान भएको चित्त समूह मध्येमा उपेक्षासहगत सन्तीरण चित्त २ वटालाई प्रतिसन्धि कृत्य, भवङ्ग, च्युति, तदारम्मण र सन्तीरण कृत्यको हिसाबले ५ वटा कृत्य भएको चित्त भनिन्छ ।

पालि - **महाविपाकानि अट्ठ पटिसन्धि भवङ्ग चुति तदारम्मणवसेन चतुकिच्चानि नाम ।**

भावार्थ - महाविपाक चित्त ८ वटालाई प्रतिसन्धि कृत्य, भवङ्ग, च्युति र तदारम्मण कृत्यको हिसाबले ४ वटा कृत्य भएको चित्त भनिन्छ ।

पालि - **महग्गतविपाकानि नव पटिसन्धि भवङ्ग चुतिवसेन तिकिच्चानि नाम ।**

भावार्थ -महग्गत विपाक चित्त ९ वटालाई प्रतिसन्धि कृत्य, भवङ्ग र च्युति कृत्य हिसाबले तीनवटा कृत्य भएको चित्त भनिन्छ ।

पालि - **सोमनस्ससन्तीरणं सन्तीरण तदारम्मणवसेन दुकिच्चं ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ - सौमनस्य सहगत सन्तीरण चित्तलाई सन्तीरण र तदारम्मण कृत्य हिसाबले दुई कृत्य भएको चित्त भनिन्छ।

पालि - **तथा वोट्ठब्बनं वोट्ठब्बनावज्जनवसेन।**

भावार्थ -वोट्ठब्बन चित्तलाई वोट्ठब्बन र आवर्जन कृत्य हिसाबले त्यस्तै नै दुईवटा कृत्य भएको चित्त भनिन्छ।

पालि - **सेसानि पन सब्बानिपि जवनमनोधातुत्तिक द्विपञ्चविञ्ञानानि यथासम्भवमेककिच्चानी'ति।**

भावार्थ - एक कृत्यलाई बताउँछु :- माथि बताई आएकोबाट बाँकी रहेको सबै नै जवन ५५ वटा, मनोधातु ३ वटा र द्विपञ्चविज्ञान १० वटालाई सुविधा अनुसार एक एक कृत्य भएको चित्त भनिन्छ भनी जान्नु पर्दछ।

## संग्रह गाथा

पालि - **पटिसन्धादयो नाम, किच्चभेदेन चुद्दस।**
**दसधा ठानभेदेन, चित्तुप्पादा पकासिता॥**

भावार्थ - प्रतिसन्धि आदि नाम भएको चित्त र चैतसिकलाई कृत्य भेदले १४ वटा र स्थान भेदले १० वटा छ भनी देखाइराखेको छ।

पालि - **अट्ठसट्ठि तथा द्वे च, नवाट्ठ द्वे यथाक्कमं।**
**एक द्वि ति चतुपञ्च, किच्चठानानि निद्दिसे॥**

भावार्थ - १ वटा कृत्य १ वटा स्थान, २ वटा कृत्य २ वटा स्थान, ३ वटा कृत्य ३ वटा स्थान, ४ वटा कृत्य ४ वटा स्थान, ५ वटा कृत्य ५ वटा स्थान भएको चित्तलाई क्रमशः ६८ वटा, २ वटा, ९ वटा, ८ वटा र २ वटा छ भनि पनि देखाउनु पर्छ।



Downloaded from http://www.dhamma.digital

# द्वार संग्रह

## द्वार ६ वटा

पालि - **द्वारसङ्गहे द्वारानि नाम चक्खुद्वारं सोतद्वारं घानद्वारं जिह्वाद्वारं कायद्वारं मनोद्वारञ्चे'ति छब्बिधानि भवन्ति ।**

भावार्थ - द्वार संग्रहमा द्वार भनेको चक्षुद्वार, श्रोत, घ्राण, जिह्वा, काय र मनोद्वार भनि ६ प्रकारका छन् ।

## द्वारबाट चित्तको विभाजन

पालि - **तत्थ चक्खुमेव चक्खुद्वारं, तथा सोतादयो सोतद्वारादीनि, मनोद्वारं पन भवङ्ग'न्ति पवुच्चति ।**

भावार्थ -ती ६ द्वार मध्येमा प्रसाद चक्षुलाई नै चक्षुद्वार भनिन्छ । त्यस्तै नै श्रोत आदिलाई अथवा प्रसाद श्रोत, प्रसाद घ्राण, प्रसाद जिह्वा, प्रसाद कायलाई श्रोतद्वार आदि भनिन्छ, अथवा श्रोतद्वार, घ्राणद्वार, जिह्वाद्वार, कायद्वार भनिन्छ । मनोद्वारलाई बताउँछु अथवा नामद्वारलाई बताउँछु अथवा मिश्रकलाई बताउँछु :- भवङ्ग उपच्छेद १९ वटालाई मनोद्वार अथवा आवर्जन इत्यादि वीथि चित्तको उत्पत्ति कारण भनि विशेषरूपले बताइएको छ ।

पालि - **तत्थ पञ्चद्वारावज्जन चक्खुविञ्ञाण सम्पटिच्छन सन्तीरण वोट्ठब्बन कामावचर जवन तदारम्मणवसेन छचत्तालीस चित्तानि चक्खुद्वारे यथारहं उप्पज्जन्ति ।**

भावार्थ -त्यस द्वार संग्रहमा अथवा ६ द्वार मध्येमा अथवा ती ६ द्वारमा भएको चित्त मध्येमा चक्षुद्वारमा पञ्चद्वारावर्जन १ वटा, चक्षुविज्ञान २ वटा, सम्प्रटिच्छन २ वटा, सन्तीरण ३ वटा, वोट्ठब्बन १ वटा, कामजवन २९ वटा र सन्तीरण ३ वटाले अलग भएको तदारम्मण ८ वटा हिसाबले ४६ वटा चित्त सुविधानुसार उत्पन्न हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

पालि - **तत्थ पञ्चद्वारावज्जनसोतविञ्ञाणादिवसेन सोतद्वारादीसुपि छचत्तालीसेव भवन्ती'ति सब्बथापि पञ्चद्वारे चतुपञ्ञास चित्तानि कामावचरानेव ।**

भावार्थ -त्यस्तै नै श्रोतद्वार इत्यादिमा पनि पञ्चद्वारावर्जन श्रोतविज्ञान २ वटा इत्यादि हिसाबले ४६, ४६ वटा चित्त नै हुन्छन् । यसरी सम्पूर्ण प्रकारले पञ्चद्वारमा ५४ वटा चित्त कामावचर मात्र हुन्छन् ।

पालि - **मनोद्वारे पन मनोद्वारावज्जन पञ्चपञ्ञास जवन तदारम्मणवसेन सत्तसट्ठि चित्तानि भवन्ति ।**

भावार्थ -मनोद्वारलाई बताउँछु :- मनोद्वारमा मनोद्वार आवर्जन १ वटा, जवन ५५ वटा, तदारम्मण ११ वटा हिसाबले ६७ वटा चित्त हुन्छन् ।

पालि - **एकूनवीसति पटिसन्धि भवङ्ग चुतिवसेन द्वारविमुत्तानि ।**

भावार्थ -प्रतिसन्धि, भवङ्ग र च्युति हिसाबले १९ वटा चित्तलाई ५ द्वारबाट अलग भएको हुनाले "द्वारविमुक्त" चित्त भनिन्छ ।

पालि - **तेसु पन पञ्चविञ्ञाणानि चेव महग्गत लोकुत्तर जवनानि चे'ति छत्तिंस यथारहमेकद्वारिकचित्तानि नाम ।**

भावार्थ -समूहलाई बताउँछु :- ती ६ द्वारिक चित्त समूह मध्येमा द्विपञ्चविज्ञान १० वटा, महग्गत लोकुत्तर जवन २६ वटा; यसरी ३६ वटा चित्तलाई सुविधा अनुसार एक एक द्वारमा उत्पन्न हुने हुनाले "एकद्वारिक चित्त" भनिन्छ ।

पालि - **मनोधातुत्तिकं पन पञ्चद्वारिकं ।**

भावार्थ - ५ द्वारमा उत्पन्न हुने चित्तलाई बताउँछु :- मनोधातु ३ वटा ५ द्वारमा उत्पन्न हुने चित्त हुन् ।



Downloaded from http://www.dhamma.digital

पालि - **सुख सन्तीरण वोट्ठब्बन कामावचरजवनानि छद्वारिकचित्तानि ।**

भावार्थ - सौमनस्य सहगत सन्तीरण, वोट्ठब्बन, कामावचर जवन २९ वटा, ६ वटा द्वारमा उत्पन्न हुने चित्त हुन् ।

पालि - **उपेक्खासहगत सन्तीरण महाविपाकानि छद्वारिकानि चेव द्वारविमुत्तानि च ।**

भावार्थ - उपेक्षा सहगत सन्तीरण २ वटा र महाविपाक चित्त ८ वटा कहिलेकाहीँ ६ द्वारमा उत्पन्न भएर कहिले कहिले ६ वटा द्वारबाट अलग हुने चित्त हुन् ।

पालि - **महग्गतविपाकानि द्वारविमुत्तानेवा'ति ।**

भावार्थ -महग्गत विपाक चित्त ९ वटा सधैं नै ६ वटा द्वारबाट अलग हुने चित्त नै हुन् भनी जान्नुपर्छ ।

पालि - **एकद्वारिक चित्तानि, पञ्च छद्वारिकानि च ।**
**छद्वारिक विमुत्तानि, विमुत्तानि च सब्बथा ॥**

भावार्थ -एकवटा द्वारमा उत्पन्न हुने चित्त, ५ द्वारमा उत्पन्न हुने चित्त, ६ द्वारमा उत्पन्न हुने चित्त, कहिले ६ द्वारमा उत्पन्न भएर कहिले ६ द्वारबाट अलग हुने चित्त र सधैं नै ६ द्वारबाट अलग हुने चित्तलाई ।

पालि - **छत्तिंसति तथा तीणि, एकत्तिंस यथाक्कमं ।**
**दसधा नवधा चे'ति, पञ्चधा परिदीपये ॥**

भावार्थ -क्रमशः ३६ वटा, ३ वटा, ३१ वटा, १० वटा र ९ वटा छ; यसरी ५ प्रकारले देखाउनु पर्छ ।



Downloaded from http://www.dhamma.digital

# आरम्मण संग्रह

## आरम्मण ६ वटा

पालि - **आरम्मणसङ्गहे आरम्मणानि नाम रूपारम्मणं सद्दारम्मणं गन्धारम्मणं रसारम्मणं फोट्ठब्बारम्मणं धम्मारम्मणञ्चे'ति छब्बिधानि भवन्ति ।**

भावार्थ - आरम्मण संग्रहमा आरम्मण भनेको रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण, प्रष्ट्व्यारम्मण र धर्मारम्मण भनि ६ प्रकारले छन् ।

## आरम्मणबाट चित्तको विभाजन

पालि - **तत्थ रूपमेव रूपारम्मणं तथा सद्दादयो सद्दारम्मणादीनि ।**

भावार्थ - ती ६ आरम्मण मध्येमा वर्णआयतनलाई नै रूपारम्मण भनिन्छ । त्यस्तै नै शब्दायतन इत्यादिलाई शब्दारम्मण इत्यादि अथवा शब्दायतन, गन्धायतन, रसायतन, प्रष्ट्व्यायतनलाई शब्दारम्मण, गन्धारम्मण, रसारम्मण, प्रष्ट्व्यारम्मण भनिन्छ ।

पालि- **धम्मारम्मणं पन पसाद-सुखुमरूप-चित्त-चेतसिक-निब्बान-पञ्ञत्तिवसेन छधा सङ्गय्हन्ति ।**

भावार्थ - मिश्रकलाई बताउँछु :- धर्मारम्मणलाई प्रसाद ५ वटा, सूक्ष्मरूप १६ वटा, चित्त ८९ वटा, चैतसिक ५२ वटा, निर्वाण र प्रज्ञप्ति हिसाबले ६ प्रकारले संग्रहित गर्नु पर्दछ ।

पालि- **तत्थ चक्खुद्वारिकचित्तानं सब्बेसम्पि रूपमेव आरम्मणं, तञ्च पच्चुप्पन्नं । तथा सोतद्वारिक चित्तादीनम्पि सद्दादीनि, तानि च पच्चुप्पन्नानियेव ।**

भावार्थ - त्यस आरम्मण संग्रहमा अथवा ती ६ आरम्मण मध्येमा



Downloaded from http://www.dhamma.digital

अथवा ६ वटा आरम्मण भएको चित्त मध्येमा चक्षुद्वारमा उत्पन्न हुने सम्पूर्ण चित्तको आरम्मण रूपारम्मण मात्र हो; त्यो रूपारम्मण पनि वर्तमान मात्र; त्यस्तै नै श्रोतद्वारमा उत्पन्न हुने चित्त इत्यादिको आरम्मण पनि शब्दारम्मण इत्यादि हुन; ती शब्दारम्मण इत्यादि पनि वर्तमान नै ।

पालि- **मनोद्वारिक चित्तानं पन छब्बिधम्पि पच्चुप्पन्नमतीतं अनागतं कालविमुत्तञ्च यथारहमारम्मणं होति ।**

भावार्थ -मिश्रकलाई बताउँछु :- अथवा वर्तमान आरम्मण पछि वर्तमान, अतीत, अनागत र कालविमुक्त आरम्मणलाई बताउँछु :- मनोद्वारमा उत्पन्न हुने चित्तको आरम्मण योग्यता अनुसार वर्तमान, अतीत, अनागत र कालविमुक्त पनि भएर ६ प्रकारले छन् ।

पालि- **द्वारविमुत्तानञ्च पटिसन्धि भवङ्ग चुति सङ्खातानं छब्बिधम्पि यथासम्भवं येभुय्येन भवन्तरे छद्वारग्गहितं पच्चुप्पन्नमतीतं पञ्ञत्तिभूतं वा कम्म-कम्मनिमित्त-गतिनिमित्त-सम्मतं आरम्मणं होति ।**

भावार्थ -प्रतिसन्धि, भवङ्ग, च्युति भनिने द्वारविमुक्त १९ वटाको आरम्मण पनि प्रायः बितिसकेको भवमा ६ वटा द्वारले गृहित भएको अथवा ६ वटा द्वारमा उत्पन्न हुने मरणासन्न जवनले ग्रहण गरिराखेका वर्तमान, अतीत र प्रज्ञप्ति पनि भएर कर्म, कर्मनिमित्त, गतिनिमित्त भनी पनि सम्मुत्ति गरिराखेका ६ प्रकारका आरम्मण सुविधानुसार उत्पन्न हुने हुन्छन् ।

पालि- **तेसु चक्खुविञ्ञाणादीनि यथाक्कमं रूपादिएकेकारम्मणानेव ।**

भावार्थ - ती आरम्मणिक चित्त समूह मध्येमा चक्षुविज्ञान इत्यादि अथवा चक्षुविज्ञान चित्त, श्रोत, घ्राण, जिह्वा र कायविज्ञान चित्त क्रमानुसारले रूपारम्मण इत्यादि मध्येमा एक एकवटा मात्र आरम्मण भएको हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि- **मनोधातुत्तिकं पन रूपादिपञ्चारम्मणं ।**

भावार्थ - मनोधातु ३ वटा त रूपारम्मणादि ५ वटा आरम्मण भएको हुन्छ ।

पालि- **सेसानि कामावचरविपाकानि हसनचित्तञ्चे'ति सब्बथापि कामावचरारम्मणानेव ।**

भावार्थ - द्विपञ्चविज्ञान १० वटा, सम्प्रटिच्छन २ वटाबाट बाँकी रहेका कामावचर विपाक चित्त ११ वटा र हसितुत्पाद चित्त; यसरी १२ वटा चित्त सम्पूर्ण प्रकारले पनि कामावचर धर्म मात्र आरम्मण भएको भयो ।

पालि- **अकुसलानि चेव ञाणविप्पयुत्तकामावचरजवनानि चे'ति लोकुत्तरवज्जित-सब्बारम्मणानि ।**

भावार्थ -अकुशल चित्त १२ वटा र ज्ञान विप्रयुक्त कामावचर कुशल र क्रिया जवन चित्त ८ वटा; यसरी यी २० वटा चित्तमा लोकुत्तर धर्म ९ वटा बाहेक सबै आरम्मण भएको हुन्छ ।

पालि- **ञाणसम्पयुत्त कामावचारकुसलानिचेव पञ्चमज्झानसङ्खातं अभिञ्ञा-कुसलञ्चे'ति अरहत्त-मग्ग-फलवज्जित सब्बारम्मणानि ।**

भावार्थ -ज्ञानसम्प्रयुक्त कामावचर कुशल चित्त ४ वटा र पञ्चमध्यान भनिने अभिज्ञाकुशल १ वटा; यसरी यी पाँच चित्तमा अरहत मार्ग र फल बाहेक सबै आरम्मण भएको हुन्छ ।

**पालि- ञाणसम्पयुत्त कामावचार क्रियानिचेव क्रियाभिञ्ञा वोट्ठब्बनञ्चे'ति सब्बथापि सब्बारम्मणानि ।**

भावार्थ -ज्ञानसम्प्रयुक्त कामावचर क्रिया चित्त ४ वटा, क्रिया अभिज्ञा चित्त र वोट्ठब्बन चित्त; यसरी यी ६ वटा चित्तमा सम्पूर्ण प्रकारले पनि सबै आरम्मण भएको हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि- **आरूप्पेसु दुतियचतुत्थानि महग्गतारम्मणानि ।**

भावार्थ -अरूप चित्त १२ वटा मध्येमा विज्ञानन्त्यायतन चित्त ३ वटा र नैवसंज्ञा-नासंज्ञायतन चित्त ३ वटामा महग्गत धर्म नै आरम्मण भएको हुन्छ ।

पालि- **सेसानि महग्गत-चित्तानि सब्बानिपि पञ्ञत्तारम्मणानि ।**

भावार्थ -विज्ञानन्त्यायतन चित्त ३ वटा, नैवसंज्ञा नासंज्ञायतन चित्त ३ वटा र अभिज्ञा २ वटाबाट बाँकी रहेका २१ वटा महग्गत चित्त सबै नै प्रज्ञप्ति धर्म मात्र आरम्मण भएको भयो ।

पालि- **लोकुत्तरचित्तानि निब्बानारम्मणानी'ति ।**

भावार्थ -लोकुत्तर चित्तमा निर्वाण धर्म नै आरम्मण भएको हुन्छ भनि जान्नुपर्छ ।

## संग्रह गाथा

पालि- **पञ्चवीस परित्तम्हि, छ चित्तानि महग्गते ।**
**एकवीसति वोहारे, अट्ठनिब्बानगोचरे ॥**

भावार्थ -काम आरम्मण मात्र २५ वटा चित्त, महग्गत आरम्मणमा मात्र ६ वटा चित्त, प्रज्ञप्ति आरम्मणमा मात्र २१ वटा चित्त र निर्वाण आरम्मणमा मात्र ८ वटा चित्त भएको भयो ।

पालि- **वीसानुत्तरमुत्तम्हि, अग्गमग्गफलुज्झिते ।**
**पञ्च सब्बत्थ छच्चे'ति, सत्तधा तत्थ संङ्गहो ॥**

भावार्थ -लोकुत्तर धर्म ९ वटाले अलग भएको आरम्मणमा २० वटा चित्त, अरहन्त मार्ग र फलले अलग भएको आरम्मणमा ५ वटा चित्त र सबै आरम्मणमा ६ वटा चित्त छन्; यसरी त्यो आरम्मण संग्रहमा ७ प्रकारले गणना गर्नुपर्ने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# वत्थु संग्रह

## वस्तु ६ वटा

पालि- **वत्थुसङ्गहे वत्थूनि नाम चक्खु सोत घान जिव्हा काय हदयवत्थु चे'ति छब्बिधानि भवन्ति ।**

भावार्थ -वस्तु संग्रहमा वस्तु भनेको चक्षुवस्तु, श्रोत, घ्राण, जिव्हा, काय र हृदयवस्तु भनी ६ प्रकारले छन् ।

## वस्तुद्वारा भूमि र चित्तको विभाजन

पालि- **तानि कामलोके सब्बानिपि लब्भन्ति ।**

भावार्थ -कामभूमिमा वस्तुरूप ६ वटा नै उपलब्ध हुन्छन् ।

पालि- **रूपलोके पन घानादित्तयं नत्थि ।**

भावार्थ -अब आंशिक रूपमा उपलब्ध भएकोलाई बताउँछु :- रूपभूमिमा घ्राणादि वस्तुरूप ३ वटा छैन ।

पालि- **अरूपलोके पन सब्बानिपि न संविज्जन्ति ।**

भावार्थ -अब फेरि सबै उपलब्ध नभएकोलाई बताउँछु :- अरूपभूमिमा वस्तुरूप कुनै पनि छैन ।

पालि- **तत्थ पञ्चविञ्ञाणधातुयो यथाक्कमं एकन्तेन पञ्चपसादवत्थूनि निस्सायेव पवत्तन्ति ।**

भावार्थ -त्यो वस्तु संग्रहमा अथवा ती वस्तुरूप ६ वटा मध्येमा अथवा ती वस्तुरूप ६ वटालाई आधार लिने नलिने विज्ञानधातु मध्येमा पञ्चविज्ञान धातुहरू निश्चित रूपले प्रसाद वस्तुरूप ५ वटालाई क्रमशः आधार लिएर नै उपलब्ध हुने हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

पालि- **पञ्चद्वारावज्जन-सम्पटिच्छन-सङ्खाता पन मनोधातु च हदयं निस्सितायेव पवत्तति ।**

भावार्थ -मनोधातुलाई बताउँछु :- पञ्चद्वारावर्जन, सम्प्रटिच्छन २ वटा भनिने मनोधातु पनि हृदयवस्तु रूपलाई आधार लिएर मात्र उत्पन्न हुने हुन्छ ।

पालि- **अवसेसा पन मनोविञ्ञाणधातुसङ्खाता च सन्तीरण महाविपाक पटिघद्वय पठममग्ग हसन रूपावचरवसेन हदयं निस्सायेव पवत्तन्ति ।**

भावार्थ -मनोविज्ञान धातुलाई बताउँछु :- पञ्चविज्ञान धातु र मनोविज्ञान धातुबाट बाँकी रहेको सन्तीरण ३ वटा, महाविपाक ८ वटा, दोषमूल २ वटा, श्रोतापत्ति मार्ग, हसितुत्पाद, रूपचित्त १५ वटाको हिसाबले ३० वटा मनोविज्ञान धातु पनि हृदयवस्तु रूपलाई आधार लिएर नै उत्पन्न हुने हुन्छ ।

पालि- **अवसेसा कुसलाकुसल क्रियानुत्तरवसेन पन निस्साय वा अनिस्साय वा ।**

Dhamma.Digital

भावार्थ -निश्चित रूपले आधार भएकोबाट (पछि) अनिश्चित रूपले आधार भएकोलाई बताउँछु :- माथि बताएका ३० वटा चित्तबाट बाँकी रहेका लौकिक कुशल चित्त १२ वटा, अकुशल चित्त १० वटा, क्रिया चित्त १३ वटा, लोकुत्तर चित्त ७ वटाको हिसाबले ४२ वटा मनोविज्ञानधातु हृदयवस्तु रूपलाई आधार लिएर वा आधार नलिईकन उत्पन्न हुने हुन्छन् ।

पालि- **आरूप्पविपाकवसेन हदयं अनिस्सायेवा'ति ।**

भावार्थ -अरूप विपाक ४ वटाको हिसाबले ४ वटा मनोविज्ञान धातु हृदयवस्तु रूपलाई आधार नलिकईकन नै उत्पन्न हुने हुन्छ भनी जान्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

## संग्रह गाथा

पालि- **छवत्थुं निस्सिताकामे, सत्त रूपे चतुब्बिधा ।**
**तिवत्थुं निस्सितारूपे, धात्वेका निस्सिता मता ॥**

भावार्थ -११ वटा कामभूवनमा ६ वटा वस्तुरूपलाई आधार लिएर उत्पन्न हुने विज्ञानधातु ७ वटा छ भनी जान्नुपर्छ। असंज्ञासङ्ववले अलग भएको १५ वटा रूपभूमिमा ३ वटा वस्तुहरूलाई आधार लिएर उत्पन्न हुने विज्ञानधातु ४ वटा छ भनी जान्नुपर्छ। ४ वटा अरूपभूमिमा वस्तुहरूलाई आधार नलिईकन उत्पन्न हुने मनोविज्ञानधातु १ वटा छ भनी जान्नुपर्छ।

पालि- **तेचत्तालीस निस्साय, द्वेचत्तालीस जायरे ।**
**निस्साय च अनिस्साय, पाका-रूप्पा अनिस्सिता ॥**

भावार्थ -४३ वटा चित्त वस्तुरूपलाई आधार लिएर मात्र उत्पन्न हुने हुन्छ। ४२ वटा चित्त वस्तुरूपलाई कहिले आधार लिएर कहिले आधार नलिईकन उत्पन्न हुने हुन्छ। अरूपविपाक चित्त ४ वटा वस्तुरूपलाई आधार नलिईकन नै उत्पन्न हुने हुन्छ।

Dhamma.Digital

## निगमन

पालि- **इति अभिधम्मत्थसङ्गहे पकिण्णक-सङ्गह-विभागो-नाम ततियो परिच्छेदो ।**

भावार्थ -अभिधर्मार्थ संग्रहमा प्रकीर्णक विभाग नामक तेश्रो काण्ड समाप्त भयो ।

**प्रकीर्णक काण्ड समाप्त भयो ।**

♦



Downloaded from http://www.dhamma.digital

# वीथि-काण्ड ४

## प्रतिज्ञा

पालि – **चित्तुप्पादान'मिच्चेवं, कत्वा सङ्गह'मुत्तरं ।**
**भूमि-पुग्गलभेदेन, पुब्बा'पर नियामितं ॥**
**पवत्ति-सङ्गहं नाम, पटिसन्धि-पवत्तियं ।**
**पवक्खामि समासेन, यथासम्भवतो कथं ॥**

भावार्थ – यसरी मैले बताई सकेको नियमानुसारले चित्त र चैतसिक भइरहेका नामस्कन्ध चारवटाको वेदनासंग्रह इत्यादिलाई विभाजन गर्ने रूपले उत्तम भईरहेको विशेषरूपले बताई आएको प्रकीर्णकसंग्रहलाई देखाई सकेपछि फेरि भूमि र पुद्गल भेदले लक्षित भएको, अगाडिको चित्त र पछाडिको चित्तले नियमित भएको प्रतिसन्धि अवस्था र प्रवृत्ति अवस्थामा वा प्रतिसन्धि र प्रवृत्ति अवस्था मध्ये प्रवृत्तिसंग्रह नाम भईरहेको वीथिसंग्रहलाई संक्षिप्तले उचित रूपले विशेषरूपमा बताउँछु ।

## छ छक्क मातिका

पालि – **छ वत्थूनि, छ द्वारानि, छ आरम्मणानि, छ विञ्ञाणानि, छ वीथियो, छधा विसयप्पवत्ति चे'ति वीथि सङ्गहे छ छक्कानि वेदितब्बानि ।**

भावार्थ – छवटा वस्तु, छवटा द्वार, छवटा आरम्मण, छवटा विज्ञान र छवटा वीथिलाई अनि फेरी छ प्रकारका आरम्मणको द्वारमा उत्पन्न हुने वा आरम्मणमा चित्तको उत्पत्ति हुनेलाई, यसरी वीथिसंग्रहमा छवटा छक्कलाई जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

## सूचना

पालि – **वीथिमुत्तानं पन कम्म-कम्मनिमित्त-गतिनिमित्तवसेन तिविधा होति विसयप्पवत्ति ।**

भावार्थ – विशेषतालई बताउँछु । वीथिमुक्तचित्त एककम बीस (उन्नाईस) वटाको आरम्मणमा चित्तको उत्पन्न हुने वा आरम्मणको चित्तमा उत्पन्न हुने कर्म, कर्मनिमित्त र गतिनिमित्तको हिसाबले तीन थरी छन् ।

पालि – **तत्थ वत्थु द्वारा'रम्मणानि पुब्बे वुत्तनयान'व ।**

भावार्थ – ती छवटा छक्क मध्ये वस्तु, द्वार र आरम्मण अगाडिको प्रकीर्णक संग्रहमा बताई आएको विधि अनुसार नै हुन् ।

## विज्ञान छक्क

पालि – **चक्खुविञ्ञाणं सोतविञ्ञाणं घानविञ्ञाणं जिव्हाविञ्ञाणं कायविञ्ञाणं मनोविञ्ञाणंञ्चे'ति छ विञ्ञाणानि ।**

भावार्थ – चक्षुविज्ञान, श्रोतविज्ञान, घ्राणविज्ञान, जिव्हाविज्ञान, कायविज्ञान र मनोविज्ञान भनेर यसरी विज्ञान छवटा छन् ।

## वीथि छक्क

पालि – **छ वीथियो पन चक्खुद्वारवीथि सोतद्वारवीथि घानद्वारवीथि जिव्हाद्वारवीथि कायद्वारवीथि मनोद्वारवीथि चे'ति द्वारवसेन वा, चक्खुविञ्ञाणवीथि सोतविञ्ञाणवीथि घानविञ्ञाणवीथि जिव्हाविञ्ञाणवीथि कायविञ्ञाणवीथि मनोविञ्ञाणवीथि चे'ति विञ्ञाणवसेन वा द्वारप्पवत्ता चित्तप्पवत्तियो योजेतब्बा ।**

भावार्थ – विशेषतालाई वा शुद्ध पछि मिश्रकलाई अथवा अभेद पछि भेदलाई बताउँछु । द्वारमा उत्पन्न हुने चित्तको उत्पत्ति भनेको



Downloaded from http://www.dhamma.digital

वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिव्हाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनेर द्वारको हिसाबले वा चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिव्हाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनेर यसरी विज्ञानको हिसाबले छ प्रकारले भनी मिलाउनुपर्छ ।

अर्को तरिका – द्वारमा उत्पन्न हुने वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिव्हाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनी यसरी द्वार हिसाबले छवटा छन् भनी मिलाउनु पर्छ। चित्तको उत्पत्ति भन्ने वीथिलाई चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिव्हाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनी यसरी विज्ञानको हिसाबले छवटा छन् भनी मिलाउनुपर्छ ।

अर्को तरिका – द्वारको हिसाबले पनि द्वारमा उत्पन्न हुने वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिव्हाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनी यसरी छवटा छन् भनी मिलाउनु पर्छ। विज्ञानको हिसाबले पनि चित्तको उत्पत्ति भन्ने वीथिलाई चक्षुविज्ञानवीथि, श्रोतविज्ञानवीथि, घ्राणविज्ञानवीथि, जिव्हाविज्ञानवीथि, कायविज्ञानवीथि र मनोविज्ञानवीथि भनी यसरी विज्ञानको हिसाबले छवटा छन् भनी मिलाउनुपर्छ ।

अर्को तरिका – छवटा वीथिलाई चक्षुद्वारवीथि, श्रोतद्वारवीथि, घ्राणद्वारवीथि, जिह्वाद्वारवीथि, कायद्वारवीथि र मनोद्वारवीथि भनी यसरी द्वारको हिसाबले पनि द्वारमा उत्पन्न हुन्छ भनी मिलाउनु पर्छ । छवटा वीथिलाई चक्षुविज्ञान वीथि, श्रोत, घ्राण, जिह्वा, काय र मनोविज्ञान वीथि भनी यसरी विज्ञानको हिसाबले चित्तको उत्पत्ति भनी मिलाउनुपर्छ ।

## विषयप्रवृत्ति छक्क

पालि – **अतिमहन्तं महन्तं परित्तं अतिपरित्तञ्चे’ति पञ्चद्वारे, मनोद्वारे पन विभूत-मविभूतञ्चे’ति छधा विसयप्पवत्ति वेदितब्बा ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – अति धेरै वीथि चित्तोत्पाद भएको आरम्मण, धेरै वीथि चित्तोत्पाद भएको आरम्मण, थोरै चित्तोत्पाद भएको आरम्मण, अति थोरै चित्तोत्पाद भएको आरम्मण भनी यसरी पञ्चद्वारमा, द्वारमा आरम्मणको उत्पत्ति वा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारका छन् । मनोद्वारमा प्रकट भएको आरम्मण र प्रकट नभएको आरम्मण भनी यसरी द्वारमा आरम्मण उत्पत्ति वा आरम्मणमा चित्तको उत्पत्ति दुई प्रकारका छन् । यस भेदले ६ प्रकारको द्वारमा आरम्मणको उत्पत्ति वा आरम्मणमा चित्तको उत्पत्तिलाई जान्नुपर्छ ।

## चित्तको आयु र रूपको आयु

पालि – **कथं ? ... ... ...**

**उप्पाद-ठिति-भङ्गवसेव खणत्तयं एकचित्तक्खणं नाम ।**

भावार्थ – कसरी जान्नु पर्छ ? उत्पाद, स्थिति, भङ्ग हिसाबले स-साना क्षण तीनवटाको समूहलाई एक चित्तक्षण भनिन्छ ।

पालि – **तानि पन सत्तरस चित्तक्खणानि रूपधम्मानमायु ।**

भावार्थ – चित्तको आयु पछि रूपको आयु बताउँछु । त्यस्तो स्वभाव भएको सत्र वटा चित्तक्षण जस्तो क्षण विज्ञप्तिरूप दुईवटा र लक्षणरूप चार वटाबाट बाँकि रहेको बाईसवटा रूपको आयु हो ।

## पञ्चद्वार

### चक्षुद्वार अतिमहन्तारम्मण वीथि

पालि – **एकचित्तक्खणा-तीतानि वा बहुचित्तक्खणातीतानि वा ठितिप्पत्तानेव पञ्चारम्मणानि पञ्चद्वारे आपाथ-मागच्छन्ति । तस्मा यदि एकचित्तक्खणातीतकं रूपारम्मणं चक्खुस्स आपाथ-मागच्छति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – एकचित्त क्षण जस्तो क्षण, बितेर जाने भएर धेरै चित्तको क्षण बितेर जाने पनि भईरहेको अथवा एकचित्त, दुईचित्त, तीनवटा चित्त, चारवटा चित्त, पाँचवटा चित्त, छवटा चित्त, सातवटा चित्त, आठवटा चित्त, नौवटा चित्त, दशवटा चित्त, एघारवटा चित्त, बाऱ्हवटा चित्त, तेऱ्हवटा चित्त, चौधवटा चित्त, पन्ध्रवटा चित्तको क्षण जस्तो बितेर जाने भएर, स्थितिमा पुगेर नै पाँचवटा द्वारमा प्रकट रूपमा जुन कारणले अगाडि पुग्ने हो, त्यस कारणले एक चित्तको क्षण जस्तो क्षण बितेर जाने भएको रूपारम्मण चक्षुप्रसादमा प्रकट रूपमा आउने हुन्छ ।

पालि – **ततो द्विक्खत्तुं भवङ्गे चलिते भवङ्गसोतं वोच्छिन्दित्वा तमेव रूपारम्मणं आवज्जन्तं पञ्चद्वारावज्जन-चित्तं उप्पज्जित्वा निरूज्झति ।**

भावार्थ – यसरी आउँदा वा यसरी प्रकटरूपमा पुगेपछि त्यसपछि दुईपटक सम्म भवाङ्ग चलेपछि भवाङ्ग श्रोतलाई तोडेर त्यो रूपारम्मणलाई नै विचार गर्ने पञ्चद्वार आवर्जन चित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

Dhamma.Digital

पालि – **ततो तस्सानन्तरं तमेव रूपं पस्सन्तं चक्खुविञ्ञाणं सम्पटिच्छन्तं सम्पटिच्छन–चित्तं; सन्तीरयमानं सन्तीरण–चित्तं; ववत्थपेन्तं वोट्ठब्बन–चित्तञ्चे'ति यथाक्कमं उप्पज्जित्वा निरूज्झन्ति ।**

भावार्थ – त्यो पञ्चद्वार आवर्जन चित्त निरोध भइसकेपछि त्यस पञ्चद्वार-आवर्जन चित्तको अनन्तरमा त्यस रूपारम्मणलाई नै देखिने चक्षुविज्ञान चित्त, ग्रहण गरिने सम्प्रतिच्छन चित्त, जाँचबुझ गर्ने सन्तीरण चित्त, राम्रोसँग नियमित र व्यवस्था गरेको जस्तो वोट्ठब्बन चित्त, यी चित्तहरू क्रमशः उत्पन्न भएर निरोध हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **ततो परं एकूनत्तिंस कामावचर–जवनेसु यंकिञ्चि लद्धपच्चयं येभुय्येन सत्तक्खत्तुं जवति ।**

भावार्थ – त्यो वोट्ठब्बन चित्त निरोध भइसकेपछि एककम तीस (उनन्तीस) वटा कामावचर जवन मध्ये एक न एकवटा जवन चित्त योनिसोमनसिकार आदिको हिसाबले प्राप्त भएको कारण भएर प्रायः सातपटक द्रूतगतिले उत्पन्न हुने हुन्छ ।

पालि – **जवनानुबन्धानि च द्वे तदारम्मणपाकानि यथारहं पवत्तन्ति । ततो परं भवङ्गपातो ।**

भावार्थ – जवनको पछि पछि उत्पन्न हुने दुई पटक सम्मको तदारम्मण विपाक चित्त पनि उचित रूपले उत्पन्न हुने हुन्छ । त्यो तदारम्मण निरोध भइसकेपछि मात्र भवाङ्ग अवतरण हुने हुन्छ ।

पालि – **एत्तावत्ता चुद्दस वीथिचित्तुप्पादा द्वे भवङ्गचलनानि पुब्बेवा-तीतक-मेक-चित्तक्खणन्ति कत्वा सत्तरस चित्तक्खणानि परिपूरेन्ति; ततो परं निरूज्झति, आरम्मण-मेतं अतिमहन्तं नाम गोचरं ।**

Dhamma.Digital

भावार्थ – यति प्रमाण भएको चौध वटा वीथिचित्त, दुईपटक सम्मको भवाङ्गचलनहरू, पहिले नै बितेर जाने भएको एउटा चित्तक्षण, यसप्रकार सत्रवटा चित्तक्षण पूर्ण हुने भयो । त्यस दोश्रो तदारम्मणको स्थितिकाल भन्दा पछिको भङ्गकालमा रूपारम्मण निरोध हुने भयो । यो आरम्मण अतिमहन्तारम्मण नामको आरम्मण हो ।

## महन्तारम्मण वीथि

पालि – **याव तदारम्मणुप्पादा पन अप्पहोन्ता-तीतक-मापाथ-मागतं आरम्मणं महन्तं नाम । तत्थ जवनावसाने भवङ्गपातोव होति । नत्थि तदारम्मणुप्पादो ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – अति महन्तारम्मण वीथि पछि महन्तारम्मण वीथिलाई बताउँछु वा तदारम्मणवार पछि जवनवारलाई बताउँछु । तदारम्मण उत्पन्न हुने बेलासम्म पनि नभ्याई बिती जाने वा नसकेर बिती जाने अथवा शक्ति हीन भई बितीजाने भएको प्रकट रूपमा देखापर्ने आरम्मणलाई महन्तारम्मण भन्दछ । त्यस महन्तारम्मणमा जवनको अन्तमा भवाङ्ग अवतरण नै हुनेभयो । तदारम्मणको उत्पत्ति नभएको भयो ।

## परित्रारम्मण वीथि

पालि – **याव जवनुप्पादापि अप्पहोन्ता-तीतक-मापाथ-मागतं आरम्मणं परित्तं नाम, तत्थ जवनम्पि अनुप्पज्जित्वा द्विक्खत्तं वोट्ठब्बनमेव पवत्तति, ततो परं भवङ्गपातोव होति ।**

भावार्थ – जवन उत्पन्न हुनसम्म पनि नपुगी, वा नसकी, वा शक्ति कमभई अथवा शक्ति हीन भई बिती जाने भएको प्रकट रूपमा देखिन आउने आरम्मणलाई परित्रारम्मण भन्दछ । त्यो परित्रारम्मणमा जवन पनि उत्पन्न नहुने हुनाले दुई तीनपटक वोट्ठब्बन चित्तमात्र उत्पन्न हुने हुन्छ । त्यो वोट्ठब्बन चित्त दुई तीनपटक निरोध भएपछि भवाङ्ग अवतरण नै हुने हुन्छ ।

## अतिपरित्रारम्मण वीथि

पालि – **याव वोट्ठब्बनुप्पादा च पन अप्पहोन्ता-तीतक-मापाथ-मागतं निरोधा-सन्नमारम्मणं अतिपरित्तं नाम, तत्थ भवङ्ग चलनमेव होति । नत्थि वीथि चित्तुप्पादो ।**

भावार्थ – वोट्ठब्बनवार पछि मोघवारलाई बताउँछु । वोट्ठब्बन चित्त उत्पन्न हुनेसम्म पनि नपुगेर वा नसकेर वा शक्ति कम भएर अथवा शक्ति हीन भएर बितेर जाने भएको प्रकट रूपमा देखिन आउने



Downloaded from http://www.dhamma.digital

नजिकै निरोध हुने भएको आरम्मणलाई अतिपरित्तारम्मण भनिन्छ। त्यो अतिपरित्तारम्मणमा भवाङ्गचलन मात्रै हुने हुन्छ। वीथिचित्तको उत्पत्ति नहुने हुन्छ।

## श्रोतद्वार इत्यादि

पालि – **इच्चेवं चक्खुद्वारे तथा सोतद्वारावीसु चे'ति सब्बथापि पञ्चद्वारे तदारम्मण-जवन-वोट्ठब्बन-मोघवार-सङ्खातानं चतुन्नं वारानं यथाक्कमं आरम्मणभूता विसयप्पवत्ति चतुधा वेदितब्बा।**

भावार्थ – यसरी यथाकथित (माथि बताई आएको) नियम अनुसार चक्षुद्वारमा, द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन्। त्यस्तै नै श्रोतद्वार आदिमा पनि अथवा श्रोतद्वार, घ्राणद्वार, जिह्वाद्वार वा कायद्वारमा पनि द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन्। यसरी सबै प्रकारले पनि पञ्चद्वारमा तदारम्मणवार, जवनवार, वोट्ठब्बनवार, मोघवार भनिएका चार वारको क्रमशः कारण भईरहेको, द्वारमा आरम्मणको उत्पत्ति अथवा आरम्मणमा चित्तको उत्पत्ति चार प्रकारले छन् भनी जान्नु पर्दछ।

## वीथि चित्तको स्वरूप प्रदर्शक

### संग्रह – गाथा

पालि – **वीथिचित्तानि सत्तेव, चित्तुप्पादा चतुद्दस।**
**चतुप्पञ्ञास वित्थारा, पञ्चद्वारे यथारहं॥**
**अयमेत्थ पञ्चद्वारे वीथि चित्तप्पवत्तिनयो॥**

भावार्थ – पञ्चद्वारमा योग्यतानुसार उत्पन्न हुने वीथिचित्त सामान्य रूपले सातवटा मात्र छन्। विशेष रूपले चित्तको थरि थरि



Downloaded from http://www.dhamma.digital

उत्पन्न हुने हिसाबले १४ वटा छन्। विस्तृत रूपले ५४ वटा छन्।

यस वीथि संग्रहमा यो बताई आएको पञ्चद्वारमा वीथि चित्तको उत्पत्तिलाई व्यक्त गर्ने विधि हो।

..............................

## मनोद्वार कामजवन वार

### विभूतारम्मण वीथि

पालि – **मनोद्वारे पन यदि विभूत-मारम्मणं आपाथ-मागच्छति। ततोपरं भवङ्गचलन मनोद्वारावज्जन जवनावसाने तदारम्मण-पाकानि पवत्तन्ति। ततो परं भवङ्गपातो।**

भावार्थ – पञ्चद्वार पछि मनोद्वारलाई बताउँछु। अनन्तरादि प्रत्यय लागेको भवाङ्गुपच्छेद १९ वटा भनेको मनोद्वारमा प्रकट भएको आरम्मण स्पष्ट रूपमा देखिन आएमा त्यस बेला त्यसरी प्रकट रूपले देखिन आएकोले वा त्यसरी प्रकट रूपले देखिन आएपछि भवाङ्गचलन मनोद्वारावर्जन जवनको अन्तमा तदारम्मण विपाकचित्त उत्पन्न हुने हुन्छ। दोश्रो तदारम्मण निरोध भइसकेपछि भवाङ्ग अवतरण हुने हुन्छ।

### अविभूतारम्मण वीथि

पालि – **अविभूते पनारम्मणे जवनावसाने भवङ्गपातोव होति। नत्थि तदारम्मणुप्पादोति।**

भावार्थ – विभूतारम्मण पछि अविभूतारम्मणलाई बताउँछु। अप्रकट भएको आरम्मणमा जवनको अन्तमा भवाङ्ग अवतरण नै मात्र हुने हुन्छ। तदारम्मणको उत्पत्ति छैन भनी जान्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## वीथिचित्त स्वरूप प्रदर्शक

### संग्रह-गाथा

पालि – **वीथि चित्तानि तीणेव, चित्तुप्पादा दसेरिता ।**
**वित्थारेन पनेत्थेक, चत्तालीस विभावये ॥**
**अयमेत्थ परत्त जवनवारो ।**

भावार्थ – यस मनोद्वारमा उत्पन्न भएको वीथि चित्तलाई सामान्य रूपले तीनवटा मात्र छन् भनी बताइएको छ । विशेषरूपले चित्तको थरि थरि उत्पन्न हुने हिसाबले दशवटा छन् भनी बताइएको छ । विशेषतालाई बताउँछु वा उक्त कर्म पछि अनुक्त कर्मलाई बताउँछु अथवा अनुक्त कर्ता पछि उक्त कर्तालाई बताउँछु । विस्तृत रूपले ४० वटा छन् भनी प्रकट रूपले देखाउनुपर्ने हुन्छ ।

यो वीथि संग्रहमा यो बताई आएको कामावचर जवनवारलाई व्यक्त गर्ने कारण प्रदर्शक वीथि हो ।

### मनोद्वार अर्पणाजवन वार

Dhamma.Digital

### ध्यान-वीथि र मार्ग-वीथि

पालि – **अप्पना जवनवारे पन विभूता-विभूत-भेदो नत्थि । तथा तदारम्मणुप्पादो च ।**

भावार्थ – कामावचर जवनवार पछि अर्पणा जवनवारलाई बताउँछु । अर्पणा जवनवारमा विभूत अविभूत भेद छैन । त्यस्तै नै तदारम्मणको उत्पत्ति पनि छैन ।

पालि– **तत्थ हि ञाणसम्पयुत्त-कामावचर-जवनानमट्ठन्नं अञ्ञतरस्मिं परिक्कमोपचारानुलोमगोत्रभूनामेन चतुक्खत्तुं तिक्खुत्तुमेव वा यथाक्कमं उप्पज्जित्वा निरूद्धानन्तरमेव यथारहं चतुत्थं**



Downloaded from http://www.dhamma.digital

**पञ्चमं वा छब्बीसति महग्गत-लोकुत्तर–जवनेसु यथाभिनिहारवसेन यंकिञ्चि जवनं अप्पना वीथिमोतरति, ततो परं अप्पनावसाने भवङ्गपातो व होति ।**

भावार्थ – यो कुरा विस्तृत गर्दछु । त्यस अर्पणा जवनवारमा आठवटा ज्ञानसम्प्रयुक्त कामावचर जवन मध्ये एक न एक जवन परिकर्म, उपचार, अनुलोम र गोत्रभू नामले चारपटक सम्म वा तीनपटक सम्म भएपनि क्रमशः उत्पन्न भएर निरोध भएपछि सोही समयमा नै क्षिप्र-अभिज्ञ, मन्द-अभिज्ञ पुद्गलहरूलाई योग्यतानुरूप चारपटक वा पाँचपटक सम्म उत्पन्न भएर २६ वटा महर्गत लोकुत्तर जवन मध्ये रूप, अरूप, लोकुत्तर, मार्ग र फललाई योग्य हुनेगरी शमथ विपश्यना भावनामा अघि सर्ने हिसाबले एक न एक जवन अर्पणावीथिमा झर्ने भयो । त्यो अर्पणावीथि झरिसकेपछि अर्पणा जवनको अन्तमा भवाङ्ग अवतरण नै हुने हुन्छ ।

पालि – **तत्थ सोमनस्स सहगत जवनानन्तरं अप्पनापि सोमनस्स-सहगताव पाटिकङ्खितब्बा, उपेक्खा-सहगतजवनानन्तरं उपेक्खा-सहगताव ।**

भावार्थ – त्यस अर्पणा जवनवारमा अथवा त्यस ज्ञानसम्प्रयुक्त कामावचर जवन आठवटा मध्ये सौमनस्य-सहगत ज्ञानसम्प्रयुक्त कामावचर जवन चारवटाको अनन्तरमा अर्पणालाई पनि सौमनस्य सहगत अर्पणा मात्र इच्छित हुन्छ । उपेक्षा सहगत ज्ञानसम्प्रयुक्त कामावचर जवन चारवटाको अनन्तरमा अर्पणा पनि उपेक्षा सहगत अर्पणा मात्र इच्छित हुन्छ ।

पालि – **तत्थापि कुसल-जवनानन्तरं कुसल-जवनञ्चेव हेट्ठिमञ्च फलत्तयमप्पेति । क्रियाजवनानन्तरं क्रिय-जवनं अरहत्त फलञ्चाति ।**

भावार्थ – यसरी समान वेदना भएको जवनवारमा महाकुशल



Downloaded from http://www.dhamma.digital

ज्ञानसम्प्रयुक्त जवन चारवटाको अनन्तरमा महर्गत लोकुत्तर कुशलजवन र तलको फलजवन तीनवटा समूह अर्पणाको हिसाबले उत्पन्न हुने भयो । महाक्रिया ज्ञानसम्प्रयुक्त जवन चारवटाको अनन्तरमा महर्गत क्रियाजवन र अरहत्त फलजवन अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ भनी जान्नु पर्दछ ।

## संग्रह गाथा

पालि – **द्वत्तिंस सुखपुञ्ञम्हा, द्वादसापेक्खका परं ।**
**सुखित क्रियतो अट्ठ, छ सम्भोन्ति उपेक्खका ॥**

भावार्थ – सौमनस्य सहगत महाकुशल ज्ञानसम्प्रयुक्त जवन दुई वटाको पछाडि बत्तीस अर्पणा जवन उत्पन्न हुने हुन्छन् । उपेक्षा सहगत महाकुशल ज्ञानसम्प्रयुक्त जवन दुई वटाको पछाडि बाऱ्हवटा अर्पणा जवन उत्पन्न हुन्छन् । सौमनस्य सहगत महाक्रिया ज्ञानसम्प्रयुक्त जवन दुईवटाको पछाडि आठ वटा अर्पणा जवन उत्पन्न हुन्छन् । उपेक्षा सहगत महाक्रिया ज्ञानसम्प्रयुक्त जवन दुई वटाको पछाडि छवटा अर्पणा जवन उत्पन्न हुन्छन् ।

Dhamma.Digital

पालि – **पुथुज्जनान सेक्खानं – काम पुञ्ञ तिहेतुतो ।**
**तिहेतु कामक्रियतो – वीतरागान- मप्पना ॥**
**अयमेत्थ मनोद्वारे वीथि चित्तप्पवत्तिनयो ।**

भावार्थ – त्रिहेतुक पृथग्जन पुद्गलको र तलको फलमा स्थित शैक्ष पुद्गल तीनजनाको त्रिहेतुक कामकुशल चारवटाको पछाडि ४४ वटा अर्पणा जवन उत्पन्न हुने हुन्छ । अरहन्त पुद्गलहरूको त्रिहेतुक कामक्रिया चारवटाको पछाडि १४ वटा अर्पणा जवन उत्पन्न हुने हुन्छ ।

यस वीथि संग्रहमा बताई आएको मनोद्वारमा वीथि चित्तको उत्पत्तिलाई व्यक्त गर्ने विधि हो ।

................................



Downloaded from http://www.dhamma.digital

## तदारम्मण नियम

पालि – **सब्बत्थापि पनेत्थ अनिट्ठे आरम्मणे अकुसल विपाकानेव पञ्चविञ्ञाण सम्पटिच्छन-सन्तीरण-तदारम्मणानि ।**

भावार्थ – जवनवार पछि तदारम्मणवारलाई बताउँछु । यस पञ्चद्वार मनोद्वारमा अतिमहन्त इत्यादि सबै प्रकारले पनि यो वीथि संग्रहमा सबै पञ्चद्वार मनोद्वारमा पनि अनिष्ट भएको मलमूत्र, कुहिएको कुकुर आदि आरम्मणमा अकुशलको फल मात्र भईरहेको पञ्चविज्ञान सम्प्रतिच्छन सन्तीरण तदारम्मण हुने हुन्छ ।

पालि – **इट्ठे कुसलविपाकानि ।**

भावार्थ – इष्ट भोजन, रसपान, ठाउँ बास वस्त्र आभूषण आदि आरम्मणमा कुशलको फल भईरहेको पञ्चविज्ञान सम्प्रतिच्छन, सन्तीरण, तदारम्मण हुने हुन्छ ।

पालि – **अतिइट्ठे पन सोमनस्ससहगतानेव सन्तीरण-तदारम्मणानि ।**

भावार्थ – विशेष कुरा बताउँछु । अतिइष्ट भएको बुद्धादि आरम्मणमा सौमनस्य सहगत भईरहेको सन्तीरण तदारम्मण उत्पन्न हुने हुन्छ ।

पालि – **तत्थापि सोमनस्ससहगतक्रियजवनावसाने सोमनस्ससहगतानेव तदारम्मणानि भवन्ति ।**

भावार्थ – ती एघारवटा तदारम्मणमा पनि सौमनस्य सहगत क्रिया जवनको अन्तमा सौमनस्य सहगत नै भईरहेको तदारम्मण हुने हुन्छ ।

पालि – **उपेक्खासहगतक्रियजवनावसाने च उपेक्खा सहगतानेव होन्ति ।**

भावार्थ – उपेक्षा सहगत क्रिया जवनको अन्तमा पनि उपेक्षा सहगत तदारम्मण नै उत्पन्न हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## आगन्तुक भवाङ्ग वीथि

पालि – **दोमनस्ससहगतजवनावसाने च पन तदारम्मणानि चेव भवङ्गानि च उपेक्खासहगतानेव भवन्ति । तस्मा यदि सोमनस्स पटिसन्धिकस्स दोमनस्ससहगतजवनावसाने तदारम्मणसम्भवो नत्थि । तदा यंकिञ्चि परिचितपुब्बं परित्तारम्मण-मारब्भ उपेक्खासहगतसन्तीरणं उप्पज्जति । तमनन्तरित्वा भवङ्गपातोव होती'ति वदन्ति आचरिया ।**

भावार्थ – जवनबाट तदारम्मणलाई नियमित गरेपछि जवनबाट तदारम्मण र भवाङ्ग दुईवटालाई नियमित गर्नेलाई बताउँछु । दौर्मनस्य सहगत जवनको अन्तमा पनि उपेक्षा सहगत नै भईरहेको तदारम्मण र भवाङ्गहरू जुन कारणले उत्पन्न हुने हो, त्यस कारणले सौमनस्य प्रतिसन्धि भएको पुद्गललाई दौर्मनस्य सहगत जवनको अन्तमा केही भएर तदारम्मणको उत्पन्न भएन भने त्यसरी नहुने अवस्थामा एकनएक पहिले परिचय प्राप्त गरिसकेका काम आरम्मणलाई आरम्मण गरेर उपेक्षा सहगत सन्तीरण उत्पन्न हुने हुन्छ । त्यो उपेक्षा सहगत सन्तीरण आगन्तुक भवाङ्ग चित्तलाई अनन्तर प्रत्यय गरेर सौमनस्य भवाङ्ग अवतरण नै हुने हुन्छ । यसरी आचार्यहरूले भन्नुभएको छ ।

पालि – **तथा कामावचरजवनावसाने कामावचरसत्तानं कामावचरधम्मेस्वेव आरम्मणभूतेसु तदारम्मणं इच्छन्ती'ति ।**

भावार्थ – त्यस्तै नै कामावचर जवनको अन्तमा कामावचर सत्त्वहरूलाई आरम्मण भईरहेको कामावचर धर्ममा मात्र तदारम्मण इष्ट हुन्छ । यसरी जान्नुपर्दछ ।

## तदारम्मणका अङ्ग

पालि – **कामे जवन सत्ताल-म्बणानं नियमे सति ।**



Downloaded from http://www.dhamma.digital

**विभूते तिमहन्ते च, तदारम्मणमीरितं ॥**
**अयमेत्थ तदारम्मणनियमो ।**

भावार्थ – कामभूमि ११ वटामा उत्पन्न भईरहेको जवन, सत्त्व र आरम्मणलाई तीन अङ्गले नियमित गर्ने छ भने विभूतारम्मणमा र अतिमहन्तारम्मणमा तदारम्मण इष्ट छ ।

यो वीथि संग्रहमा यो बताई आएको तदारम्मणलाई नियमित गर्ने कारण भईरहेको नय हो ।

..............................

## जवन नियम

पालि – **जवनसु च परित्तजवनवीथियं कामावचर जवनानि सत्तक्खत्तुं छक्खत्तुमेव वा जवन्ति ।**

भावार्थ – माथिको वाक्यमा दोषारोपण गर्न छाडेर गाह्रो भएको सम्बन्ध कुरा बताउँछु । ५५ वटा जवन मध्ये कामावचर जवन वीथिमा कामावचर जवन सात वा छ पटक भएपनि द्रुतगतिले उत्पन्न हुने हुन्छ ।

Dhamma.Digital

पालि – **मन्दप्पवत्तियं पन मरणकालादीसु पञ्चवारमेव ।**

भावार्थ – विशेष कुरा बताउँछु । गति मन्द भएर उत्पन्न हुनाले अथवा आधारक वस्तुरूपको दुर्बलताले गर्दा मरणान्त अवस्था आदिमा पाँच पटक सम्ममात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ ।

पालि – **भगवतो पन यमकपाटिहारियकालादीसु लहुकप्पवत्तियं चत्तारि पञ्च वा पच्चवेक्खणचित्तानि भवन्ती'तिपि वदन्ति ।**

भावार्थ – विशेष कुरा बताउँछु । भगवान् बुद्धको पानी आगो इत्यादि जोडा जोडा भएको ऋद्धि प्रातिहार्य देखाउने अवस्था आदिमा छिटो उत्पन्न हुने हुँदा चार वा पाँच पटक प्रत्यवेक्षण जवन चित्त हुने हुन्छ भनेर आचार्यहरूले बताउनुभएको छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **आदिकम्मिकस्स पन पठमकप्पनायं महग्गतजवनानि अभिञ्ञा-जवनानि च सब्बदापि एकवारमेव जवन्ति । ततो परं भवङ्गपातो ।**

भावार्थ – कामावचर जवन पछि महर्गत जवनलाई बताउँछु । पहिले कर्मस्थान भावना वृद्धि गर्ने कृत्य भएका व्यक्तिलाई पहिले उत्पन्न हुने अर्पणामा महर्गत जवन एकपटक मात्र द्रुतगतिले उत्पन्न हुने हुन्छ । अभिज्ञा जवन त सधैं नै एकपटक मात्र नै द्रुतगतिले उत्पन्न हुने हुन्छ । त्यो महर्गत जवन र अभिज्ञा जवन निरोध भएपछि भवाङ्ग अवतरण हुने हुन्छ ।

पालि – **चत्तारो पन मग्गुप्पादा एकचित्तक्खणिका । ततो परं द्वे तीणि फलचित्तानि यथारहं उप्पज्जन्ति । ततो परं भवङ्गपातो ।**

भावार्थ – महर्गत जवन पछि लोकुत्तर जवनलाई बताउँछु । चार मार्ग भनेको उत्पत्ति वा मार्गचित्त एउटा चित्तक्षण हुन्छ । त्यो मार्गचित्त उत्पन्न भइसकेपछि दुई तीन पटकको फलचित्त दन्धाभिज्ञ क्षिप्राभिज्ञ पुद्‌गलहरूलाई योग्यतानुरूपले उत्पन्न हुने हुन्छ । त्यो दोश्रो तेश्रो फल निरोध भइसकेपछि भवाङ्ग अवतरण हुने हुन्छ ।

पालि – **निरोधसमापत्तिकाले द्विक्खत्तुं चतुत्थारूप्पज्जवनं जवति, ततो परं निरोधं फुसति । वुट्ठानकाले च अनागामिफलं वा अरहत्तफलं वा यथारह-मेकवारं उप्पज्जित्वा निरूद्धे भवङ्गपातोव होति ।**

भावार्थ – निरोधसमापत्तिमा प्रवेश गर्नुभन्दा अगाडिको अवस्थामा दुईपटक चतुर्थ आरूप्य नैवसंज्ञा नासंज्ञायतन कुशल, क्रिया जवन द्रुतगतिले उत्पन्न हुने हुन्छ । त्यो नैवसंज्ञा नासंज्ञायतन कुशल क्रिया जवन दुईपटक निरोध भइसकेपछि चित्त चैतसिक चित्तजरूपको निरोधमा पुगिने हुन्छ । निरोध समापत्तिबाट उठ्ने अवस्थामा पनि अनागामि फल जवन वा अरहत्त फल जवन अनागामि अरहन्त



Downloaded from http://www.dhamma.digital

पुद्गलहरूलाई योग्यतानुसार एकपटक उत्पन्न भएर निरोध हुने बित्तिकै भवाङ्ग अवतरण नै हुने हुन्छ ।

पालि – **सब्बथापि समापत्तिवीथियं भवङ्गसोतो विय वीथिनियमो नत्थीति कत्वा बहूनिपि लब्भन्ती'ति ।**

भावार्थ – सबै नै ध्यान समापत्ति वीथि र फलसमापत्ति वीथिमा भवाङ्गको श्रोत झैं वीथिलाई नियमित गर्ने छैन । तसर्थ धेरै उत्पन्न हुनेलाई वा धेरै अर्पणा जवन उपलब्ध हुनेलाई जान्नुपर्दछ ।

## संग्रह – गाथा

पालि – **सत्तक्खत्तुं परित्तानि – मग्गाभिञ्ञा सकिं मता ।**
**अवसेसानि लब्भन्ति – जवनानि बहूनिपि ॥**
**अयमेत्थ जवननियमो ।**

भावार्थ – कामावचर जवनलाई सबभन्दा बढीमा सातपटक उत्पन्न हुने भनी जान्नुपर्दछ । मार्ग जवन र अभिज्ञा जवनलाई एकपटक उत्पन्न हुने भनी जान्नुपर्दछ । मार्ग जवन र अभिज्ञा जवनबाट बाँकी रहेका महर्गत लोकुत्तर जवन धेरै पटक उत्पन्न हुने पनि उपलब्ध हुन्छ ।

यस वीथि संग्रहमा यो बताई आएको जवनलाई नियमित गर्ने कारण भईरहेको नय हो ।

................................

## पुद्गल भेद

पालि – **दुहेतुकान-महेतुकानञ्च पनेत्थ क्रियजवनानि चेव अप्पनाजवनानि च न लब्भन्ति ।**

भावार्थ – जवन नियम पछि पुद्गल भेदलाई बताउँछु । यो पुद्गल भेदमा अथवा यी १२ जना पुद्गलहरू मध्ये द्विहेतुक पुद्गलहरूलाई



Downloaded from http://www.dhamma.digital

र दुर्गति अहेतुक, सुगति अहेतुक पुद्गलहरूलाई क्रिया जवन र अर्पणा जवन उपलब्ध हुँदैन ।

पालि – **तथा ञाणसम्पयुत्तविपाकानि च सुगतियं ।**

भावार्थ – त्यस्तै नै सुगति भूमिमा द्विहेतुक पुद्गल र सुगति अहेतुक पुद्गलहरूलाई ज्ञानसम्प्रयुक्त महाविपाक चित्त पनि उपलब्ध हुँदैन ।

पालि – **दुग्गतियं पन ञाणविप्पयुत्तानि च महाविपाकानि न लब्भन्ति ।**

भावार्थ – दुर्गति भूमिमा दुर्गति अहेतुक पुद्गलहरूलाई त ज्ञानविप्रयुक्त भईरहेको महाविपाक चित्त पनि उपलब्ध हुँदैन ।

पालि – **तिहेतुकेसु च खीणासवानं कुसलाकुसलजवनानि न लब्भन्ति ।**

भावार्थ – त्रिहेतुक पुद्गल ९ जना मध्ये पनि अरहन्त पुद्गलहरूलाई कुशल अकुशल जवन पनि उपलब्ध हुँदैन ।

पालि – **तथा सेक्खपुथुज्जनानं क्रियजवनानि ।**

भावार्थ – त्यस्तै नै तलका फलमा स्थित पुद्गल तीनजना र त्रिहेतुक पृथग्जन पुद्गलहरूलाई क्रिया जवन उपलब्ध हुँदैन ।

पालि – **दिट्ठिगतसम्पयुत्तविचिकिच्छाजवनानि च सेक्खानं ।**

भावार्थ – तलका फलमा स्थित पुद्गलहरू तीनजनालाई दृष्टिगत सम्प्रयुक्त विचिकित्सा जवन पनि उपलब्ध हुँदैन ।

पालि – **अनागामिपुग्गलानं पन पटिघजवनानि च न लब्भन्ति ।**

भावार्थ – विशेष कुरा बताउँछु । अनागामि पुद्गलहरूलाई दोषमूल जवन पनि उपलब्ध हुँदैन ।

पालि – **लोकुत्तरजवनानि च यथारहं अरियानमेव समुप्पज्जन्ती'ति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – लोकुत्तरजवन आठ वटा पनि योग्यतानुसार आर्य पुद्गल आठ जनालाई मात्र राम्रोसँग प्रकार प्रकारले उत्पन्न हुन्छ भनी जान्नुपर्दछ ।

## संग्रह-गाथा

पालि – **असेक्खानं चतुचत्ता-लीस सेक्खान-मुद्दिसे ।**
**छपञ्ञासा-वसेसानं, चतुप्पञ्ञाससम्भवा ॥**
**अयमेव पुग्गलभेदो ।**

भावार्थ – अरहन्त पुद्गलहरूलाई ४४ वटा वीथिचित्त उत्पन्न हुनयोग्य हुनेगरी देखाउनुपर्छ । शैक्ष पुद्गल सात जनालाई ५६ वटा वीथिचित्त उत्पन्न हुन योग्य हुनेगरी देखाउनुपर्छ । शैक्ष अशैक्ष पुद्गलहरू छाडेर पृथग्जन पुद्गल चारजनालाई ५४ वटा वीथिचित्त उत्पन्न हुन योग्य हुनेगरी देखाउनु पर्छ ।

यो बताई आएको यस वीथि-संग्रहमा पुद्गलभेद भयो ।

..............................

Dhamma.Digital

## भूमि विभाग

पालि – **कामावचरभूमियं पनेतानि सब्बानिपि वीथि चित्तानि यथारहमुपलब्भन्ति ।**

भावार्थ – कामावचर भूमिमा मात्र यी वीथिचित्त सबै योग्यतानुसार उपलब्ध हुन्छ ।

पालि – **रूपावचरभूमियं पटिघजवनतदारम्मण वज्जितानि ।**

भावार्थ – रूपावचर भूमिमा दोषमूल भएको दुई वटा तदारम्मण एघार वटाबाट अलग भएका यी वीथिचित्तहरू योग्यतानुसार उपलब्ध हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **अरूपावचरभूमियं पठममग्गरूपावचर हसनहेट्ठिमारूप्पवज्जितानि च लब्भन्ति ।**

भावार्थ – विशेष कुरा बताउँछु। अरूपावचर भूमिमा श्रोतापत्ति मार्ग, रूपचित्त १५ वटा, हसितुप्पाद, तल तलका अरूपचित्तबाट अलग भएका ती वीथिचित्तहरू योग्यतानुसार उपलब्ध हुन्छ ।

पालि – **सब्बत्थापि च तं तं पसादरहितानं तं तं द्वारिक-वीथिचित्तानि न लब्भन्तेव ।**

भावार्थ – सम्पूर्ण भूमिमा पनि ती ती प्रसादरूपबाट अलग भएका ब्रह्माहरूलाई त्यस त्यस द्वारमा उत्पन्न हुने वीथिचित्तहरू उपलब्ध हुँदै हुँदैन ।

पालि–**असञ्ञसत्तानं पन सब्बथापि चित्तप्पवत्ति नत्थे'वाति ।**

भावार्थ – असंज्ञासत्त्व पुद्गलहरूलाई त सबै प्रकारले चित्तको उत्पत्ति छँदैछैन भनी जान्नुपर्दछ ।

## संग्रह-गाथा

Dhamma.Digital

पालि – **असीति वीथिचित्तानि–कामे रूपे यथारहं ।**
**चतुसट्ठि तथारूपे - द्वे चत्तालीस लब्भरे ॥**
**अयमेत्थ भूमिविभागो ।**

भावार्थ – एघार कामभूमिमा ८० वटा वीथिचित्त योग्यतानुसार उपलब्ध हुन्छ। असंज्ञासत्वले अलग भएको १५ वटा रूपभूमिमा ६४ वटा वीथिचित्त योग्यतानुसार उत्पन्न हुन्छन् । त्यस्तै नै चार अरूपभूमिमा ४२ वटा वीथिचित्त योग्यतानुसार उपलब्ध हुन्छन् ।

यस वीथि संग्रहमा यो बताई आएको भूमिविभाग हो ।

पालि – **इच्चेवं छ द्वारिक चित्तप्पवत्ति यथासम्भवं भवङ्गन्तरित्वा यावतायुकमब्बोच्छिन्ना पवत्तति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – यसरी बताई आएको नय अनुसार छ वटा द्वारमा उत्पन्न हुने चित्तको उत्पत्ति उत्पन्न हुन योग्यतानुसार बीचमा भवाङ्ग भएर आयु छउञ्जेल अटूटरूपले उत्पन्न हुने हुन्छ ।

**इति अभिधम्मत्थसङ्गहे वीथिसङ्गह-विभागो नाम चतुत्थो परिच्छेदो ।**

अभिधर्मार्थसंग्रह नामक ग्रन्थमा वीथिसंग्रह विभाग नामको चौथो काण्ड सम्पूर्ण भयो ।

♦

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# वीथि मुक्त काण्ड-५

## प्रतिज्ञा

पालि – **वीथिचित्तवसेनेवं – पवत्तियमुदीरितो ।**
**पवत्तिसङ्गहो नाम – सन्धियं दानि वुच्चति ॥**

भावार्थ – यथाकथित नियमानुसार वीथि चित्तको हिसाबले प्रवृत्ति अवस्थामा प्रवृत्तिसंग्रह नामक वीथि संग्रहलाई मैले बताईसकें । अब प्रतिसन्धि अवस्था र च्यूति अवस्थामा प्रवृत्तिसंग्रह नामको वीथिमुक्त संग्रहलाई मैले बताउँछु ।

## चतुक्क मातिका (चतुष्क मातृका)

पालि – **चतस्सो भूमियो चतुब्बिधा पटिसन्धि चत्तारि कम्मानि चतुधा मरणुप्पत्ति चे'ति वीथिमुत्तसङ्गहे चत्तारि चतुक्कानि वेदितब्बानि ।**

भावार्थ – चार भूमि, चार प्रकारका प्रतिसन्धि, चार कर्म र चार प्रकारका मरणुत्पत्ति भनी यसरी वीथिमुक्त संग्रहमा चार चतुष्कलाई जान्नुपर्दछ ।

## भूमिचतुक्क (भूमि चतुष्क)

पालि – **तत्थ अपायभूमि, कामसुगतिभूमि, रूपावचरभूमि, अरूपावचर भूमि चे'ति चतस्सो भूमियो नाम ।**

भावार्थ – ती चार चतुष्क मध्ये अपायभूमि, कामसुगतिभूमि, रूपावचरभूमि र अरूपावचरभूमि भनी यसरी चार वटा भूमि नाम रहेकोलाई जान्नुपर्दछ ।

................



Downloaded from http://www.dhamma.digital

## कामभूमि ११ वटा

### अपाय भूमि ४ वटा

पालि – **तासु निरयो तिरच्छानयोनि पेत्तिविसयो असुरकायो चे'ति अपायभूमि चतुब्बिधा होति ।**

भावार्थ – ती चार भूमि मध्ये नर्कभूमि, तिरश्चिनभूमि, प्रेतभूमि र असुरकायभूमि भनेर अपाय भूमि चार प्रकारका छन् ।

### काम सुगति भूमि ७ वटा

पालि – **मनुस्सा चातुमहाराजिका तावतिंसा यामा तुसिता निम्मानरति परिनिम्मितवसवत्ति चे'ति कामसुगतिभूमि सत्तविधा होति ।**

भावार्थ – मनुष्यभूमि, चातुर्महाराजिकाभूमि, त्रयस्त्रिंशभूमि, यामाभूमि, तुसिताभूमि, निर्माणरतिभूमि र परिनिर्मितवशवर्तिभूमि भनेर कामसुगति भूमि सात प्रकारका छन् ।

पालि – **सा पनायमेकादसविधापि कामावचरभूमिच्चेव सङ्खं गच्छति ।**

Dhamma.Digital

भावार्थ – एक एक विभाग पछि समूहलाई बताउँछु – एघार प्रकारले भएको यस भूमि कामावचर भूमि भनेर नै गिन्तिको रूपमा अथवा व्यवहारको रूपमा जाने हुन्छ ।

### रूप भूमि १६ वटा

पालि – **ब्रह्मपारिसज्जा ब्रह्मपुरोहिता महाब्रह्मा चे'ति पठमज्झान भूमि ।**

भावार्थ – ब्रह्मपारिसद्यभूमि, ब्रह्मपुरोहितभूमि र महाब्रह्मभूमि भनी प्रथमध्यानभूमि तीन प्रकारका छन् ।

पालि **–परित्ताभा अप्पमाणाभा आभस्सरा चे'ति दुतियज्झानभूमि ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – परित्राभाभूमि, अप्रमाणाभाभूमि र आभास्वरभूमि भनी द्वितीयध्यानभूमि तीन प्रकारका छन् ।

पालि – **परित्तसुभा, अप्पमाणसुभा सुभकिण्हा चे'ति ततियज्झान भूमि ।**

भावार्थ – परित्रशुभाभूमि, अप्रमाणशुभाभूमि र शुभकृष्णाभूमि भनी तृतीयध्यान भूमि तीन प्रकारका छन् ।

पालि –**वेहप्फला असञ्ञसत्ता सुद्धावासा चे'ति चतुत्थज्झान भूमीति रूपावचरभूमि सोलसविधा होति ।**

भावार्थ – वृहत्फलभूमि, असंज्ञासत्वभूमि र शुद्धावासभूमि भनी यसरी चतुर्थध्यानभूमि सात प्रकारले छन् । यसरी रूपावचर भूमि सोऱ्ह प्रकारका छन् ।

## शुद्धावास भूमि ५ वटा

पालि – **अविहा अतप्पा सुदस्सा सुदस्सी अकनिट्ठा चे'ति सुद्धावासभूमि पञ्चविधा होति ।**

भावार्थ – अविहाभूमि, अत्रपाभूमि, सुदर्शाभूमि, सुदर्शीभूमि र अकनिष्टभूमि भनि यसरी शुद्धावास भूमि पाँच प्रकारका छन् ।

## अरूप भूमि ४ वटा

पालि– **आकासानञ्चायतनभूमि विञ्ञाणञ्चायतनभूमि आकिञ्चञ्ञायतनभूमि नेवसञ्ञानासञ्ञायतनभूमि चे'ति अरूपभूमि चतुब्बिधा होति ।**

भावार्थ – आकाशानन्त्यायतनभूमि, विज्ञानानन्त्यायतनभूमि, आकिञ्चन्यायतनभूमि र नैवसंज्ञा नासंज्ञायतनभूमि भनी यसरी अरूपभूमि चार प्रकारका छन् ।

................



Downloaded from http://www.dhamma.digital

## भूमी पुद्‍गल उत्पत्ति

### संग्रह – गाथा

पालि – **पुथुज्जना न लब्भन्ति – सुद्धावासेसु सब्बथा ।**
**सोतापन्ना च सकदा – गामिनो चापि पुग्गला ॥**
**अरिया नोपलब्भन्ति – असञ्ञापायभूमिसु ।**
**सेसट्ठानेसु लब्भन्ति – अरियानरियापि च ॥**
**इदमेत्थ भूमिचतुक्कं**

भावार्थ – शुद्धावासभूमिमा सबै प्रकारले पृथग्जन, स्रोतापन्न र सकृदागामि भईरहेका पुद्‍गलहरू पनि उपलब्ध हुँदैनन् ।

असंज्ञासत्त्व र अपायभूमिमा आर्य पुद्‍गलहरू आठ जना उपलब्ध हुँदैनन् । शुद्धावास, असंज्ञासत्त्व र अपाय भूमिबाट बाँकी रहेका २१ भूमिमा आर्य पुद्‍गलहरू आठ जना र पृथग्जन पुद्‍गलहरू तीन जना उपलब्ध हुन्छन् ।

यो बताई आएको वीथिमुक्त संग्रहमा भूमि चतुष्क हो ।

Dhamma.Digital

..............

## प्रतिसन्धि चतुष्क

### चार प्रकारका प्रतिसन्धि

पालि – **अपाय-पटिसन्धि कामसुगति-पटिसन्धि रूपावचर-पटिसन्धि अरूपावचर-पटिसन्धि चे'ति चतुब्बिधा पटिसन्धि नाम ।**

भावार्थ – अपाय प्रतिसन्धि, कामावचर प्रतिसन्धि, रूपावचर प्रतिसन्धि र अरूपावचर प्रतिसन्धि भनि यसरी चार प्रकारका प्रतिसन्धि भनेकोलाई जान्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

## काम प्रतिसन्धि १० वटा मध्ये

### अपाय प्रतिसन्धि १ वटा

पालि – **तत्थ अकुसलविपाकोपेक्खासहगतसन्तीरणं अपायभूमियं ओक्कन्तिक्खणे पटिसन्धि हुत्वा ततो परं भवङ्गं परियोसाने चवनं हुत्वा वोच्छिज्जति । अयमेकापायपटिसन्धि नाम ।**

भावार्थ – ती चार प्रतिसन्धिमध्ये अकुशल विपाक उपेक्षा सहगत सन्तीरण चित्त अपाय भूमिमा अवतरण हुने क्षणमा प्रतिसन्धि भएर त्यस प्रतिसन्धि अवस्थाबाट पछि भवाङ्ग भएर अन्तमा च्यूति भई टुक्रिन्छ (काटिन्छ) । यो प्रतिसन्धि एउटालाई अपाय प्रतिसन्धि भनिन्छ ।

### काम सुगति प्रतिसन्धि ९ वटा

पालि – **कुसलविपाकोपेक्खासहगतसन्तीरणं पन कामसुगतियं मनुस्सानञ्चेव जच्चन्धादीनं भुम्मस्सितानञ्च विनिपातिकासुरानं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तति ।**

भावार्थ – दुर्गति अहेतुक प्रतिसन्धि पछि सुगति अहेतुक प्रतिसन्धिलाई बताउँछ । कुशलविपाक उपेक्षा सहगत सन्तीरण चित्त कामसुगति भूमिमा प्रतिसन्धि अवस्थादेखि अन्धो मनुष्यसँग र भूमिज देवताहरूलाई आधार लिईरहने विनिपातिक असुरहरूसँग प्रतिसन्धि, भवाङ्ग, च्युतिको हिसाबले उत्पन्न हुनेहुन्छ ।

पालि – **महाविपाकानि पन अट्ठ सब्बत्थापि कामसुगतियं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तन्ति ।**

भावार्थ – अहेतुक प्रतिसन्धि पछि सहेतुक प्रतिसन्धिलाई बताउँछ । आठ महाविपाक चित्त सधैं नै कामसुगति भूमि सातवटामा मात्र प्रतिसन्धि भवाङ्ग च्यूति हिसाबले उत्पन्न हुनेहुन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **इमा नव कामसुगतिपटिसन्धियो नाम ।**

भावार्थ – यी नौवटा प्रतिसन्धिलाई कामसुगति प्रतिसन्धि भन्छन् ।

पालि – **सा पनायं दसविधापि कामावचरपटिसन्धिच्चेव सङ्खं गच्छति ।**

भावार्थ – एक एक विभाग पछि समूहलाई बताउँछु । दश प्रकारले पनि भईरहेको यस प्रतिसन्धि, कामावचर प्रतिसन्धि भनेर नै गिन्तिको रूपमा अथवा व्यवहारको रूपमा जाने हुन्छन् ।

## काम पुद्गलको आयु

पालि – **तेसु चतुन्नं अपायानं मनुस्सानं विनिपातिकासुरानञ्च आयुप्पमाणगणनाय नियमो नत्थि ।**

भावार्थ – ती दशवटा प्रतिसन्धि युक्त पुद्गलहरू मध्ये चारजना अपाय पुद्गलहरूसँग, मनुष्यहरूसँग र विनिपातिक असुरहरूसँग आयु प्रमाण गिन्ति गर्नेमा स्थिरता छैन ।

पालि– **चातुमहाराजिकानं पन देवानं दिब्बानि पञ्चवस्ससतानि आयुप्पमाणं; मनुस्सगणनाय नवुतिवस्ससतसहस्सप्पमाणं होति ।**

भावार्थ – अनियमित पछि नियमितलाई बताउँछु। चातुर्महाराजिक भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण देवताहरूको अनुसार पाँचसय वर्ष छ। मानिसहरूको गिन्ति हिसाबले नब्बेलाख (९०,००,०००) वर्ष प्रमाण हुन्छ ।

पालि – **ततो चतुग्गुणं तावतिंसानं ।**
**ततो चतुग्गुणं यामानं ।**
**ततो चतुग्गुणं तुसितानं ।**
**ततो चतुग्गुणं निम्मानरतीनं ।**
**ततो चतुग्गुणं परिनिम्मितवसवत्तीनं ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – त्यो चातुर्महाराजिक देवताहरूको आयु प्रमाण भन्दा चारगुणा त्रयस्त्रिंश भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

त्यो त्रयस्त्रिंश देवताहरूको आयु प्रमाण भन्दा चारगुणा यामा भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

त्यो यामा देवताहरूको आयु प्रमाण भन्दा चारगुणा तुषिता भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

त्यो तुषिता देवताहरूको आयु प्रमाण भन्दा चारगुणा निर्माणरति भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

त्यो निर्माणरती देवताहरूको आयु प्रमाण भन्दा चारगुणा परनिर्मित वशवर्ती भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण हुने हुन्छ ।

## वशवर्ती देवताहरूको आयु

पालि – **नवसञ्चेकवीस - वस्सानं कोटियो तथा ।**
**वस्ससतसहस्सानि - सट्ठि च वसवत्तिसु ॥**

भावार्थ – वशवर्ती भूमिमा उत्पन्न हुने देवताहरूको आयु प्रमाण मानिसहरूको गिन्ति हिसाबले नौसय कोटि र एकाईस कोटि त्यस्तै प्रकारले साठी लाख वर्ष हुन्छ । अथवा नौसय एकाईस कोटि साठी लाख (९,२१,६०,००,०००) वर्ष हुनेछ ।

## रूप प्रतिसन्धि ६ वटा

पालि – **पठमज्झानविपाकं पठमज्झान भूमियं पटिसन्धिभवङ्ग चुतिवसेन पवत्तति ।**

भावार्थ – प्रथमध्यानले युक्त भएको विपाक चित्त प्रथमध्यान भूमिमा प्रतिसन्धि, भवाङ्ग, च्यूति हिसाबले उत्पन्न हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **तथा दुतियज्झानविपाकं ततियज्झानविपाकञ्च दुतियज्झान भूमियं।**

भावार्थ – त्यस्तै नै द्वितीयध्यानले युक्त भएको विपाक चित्त र तृतीयध्यानले युक्त भएको विपाक चित्त द्वितीयध्यान भूमिमा प्रतिसन्धि, भवाङ्ग, च्यूति हिसाबले उत्पन्न हुने हुन्छ।

पालि – **चतुत्थज्झान-विपाकं ततियज्झान-भूमियं।**

भावार्थ – चतुर्थध्यानले युक्त भएको विपाक चित्त तृतीयध्यान भूमिमा प्रतिसन्धि, भवाङ्ग, च्यूति हिसाबले उत्पन्न हुने हुन्छ।

पालि – **पञ्चमज्झान-विपाकं चतुत्थज्झान-भूमियं।**

भावार्थ – पञ्चमध्यानले युक्त भएको विपाक चित्त चतुर्थध्यान भूमिमा प्रतिसन्धि, भवाङ्ग, च्यूति हिसाबले उत्पन्न हुने हुन्छ।

पालि – **असञ्ञसत्तानं पन रूपमेव पटिसन्धि होति, तथा ततो परं पवत्तियं चवनकाले च रूपमेव पवत्तित्वा निरूज्झति।**

भावार्थ – विशेष कुरा बताउँछु। असंज्ञासत्व पुद्गलहरूसँग जीवित छक्क र जीवित नवक कलाप रूप नै प्रतिसन्धि हुने हुन्छ। त्यस्तै नै त्यस प्रतिसन्धि अवस्था पछि प्रवृत्ति अवस्थामा र च्यूति अवस्थामा जीवित छक्क र जीवित नवक कलाप रूप नै भवाङ्ग, च्यूति हिसाबले उत्पन्न भएर निरोध हुने हुन्छ।

पालि – **इमा छ रूपावचरपटिसन्धियो नाम।**

भावार्थ – यी छ वटा प्रतिसन्धिलाई रूपावचर प्रतिसन्धि भनिन्छ।

## रूप पुद्गलहरूको आयु

पालि – **तेसु ब्रह्मपारिसज्जानं देवानं कप्पस्स ततियो भागो**



Downloaded from http://www.dhamma.digital

**आयुप्पमाणं । ब्रह्मपुरोहितानं उपड्ढकप्पो । महाब्रह्मानं एको कप्पो ।**

भावार्थ – ती छ प्रतिसन्धि युक्त भएका पुद्‌गलहरू मध्ये ब्रह्मपारिसद्य भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण असंख्यकल्पको तीन खण्डको एक खण्ड हुने हुन्छ ।

ब्रह्मपुरोहित भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण असंख्यकल्पको आधी हुने हुन्छ ।

महाब्रह्मा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण एक असंख्यकल्प हुने हुन्छ ।

पालि – **परित्ताभानं द्वे कप्पानि । अप्पमाणाभानं चत्तारि कप्पानि । आभस्सरानं अट्ठकप्पानि ।**

भावार्थ – परित्राभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण दुई महाकल्प हुने हुन्छ ।

अप्पमाणाभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चार महाकल्प हुने हुन्छ ।

Dhamma.Digital

आभास्वर भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण आठ महाकल्प हुने हुन्छ ।

पालि – **परित्तसुभानं सोलस कप्पानि । अप्पमाणसुभानं द्वत्तिंस कप्पानि । सुभकिण्हानं चतुसट्ठि कप्पानि ।**

भावार्थ – परित्रशुभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण सोऱ्ह महाकल्प हुने  हुन्छ ।

अप्रमाणशुभा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण बत्तीस महाकल्प हुने हुन्छ ।

शुभकृष्णा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चौंसट्ठी महाकल्प हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **वेहप्फलानं असञ्ञसत्तानञ्च पञ्चकप्पसतानि ।**

भावार्थ – वृहत्फल भूमिमा उत्पन्न हुने ब्रह्माहरूको र असंज्ञासत्त्व भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण पाँचसय महाकल्प हुने हुन्छ ।

पालि – **अविहानं कप्पसहस्सानि । अतप्पानं द्वे कप्पसहस्सानि । सुदस्सानं चत्तारि कप्पसहस्सानि । सुदस्सीनं अट्ठ कप्पसहस्सानि । अकनिट्ठानं सोलस कप्पसहस्सानि ।**

भावार्थ – अविहा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण एक हजार महाकल्प हुने हुन्छ ।

अतप्पा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण दुई हजार महाकल्प हुने हुन्छ ।

सुदस्सा भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चार हजार महाकल्प हुने हुन्छ ।

सुदस्सी भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण आठ हजार महाकल्प हुने हुन्छ ।

Dhamma.Digital

अकनिट्ठ भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण सोऱ्ह हजार महाकल्प हुने हुन्छ ।

## आरूप्प प्रतिसन्धि चार वटा

पालि – **पठमारूपपादिविपाकानि पठमारूपपादिभूमीसु यथाक्कमं पटिसन्धि भवङ्ग चुतिवसेन पवत्तन्ति । इमा चतस्सो आरूपप पटिसन्धियो नाम ।**

भावार्थ – प्रथम आरूपादि विपाक चित्त, प्रथम आरूपयादि भूमिमा क्रमशः प्रतिसन्धि, भवाङ्ग, च्यूति हिसाबले उत्पन्न हुने हुन्छ ।

यी चार प्रतिसन्धिलाई आरूपय प्रतिसन्धि भन्दछन् ।



Downloaded from http://www.dhamma.digital

## अरूप पुद्गलहरूको आयु

पालि – **तेसु पन आकासानञ्चायतनूपगानं देवानं वीसति कप्पसहस्सानि आयुप्पमाणं ।**

भावार्थ – विशेष कुरा बताउँछु । ती चार प्रतिसन्धिले युक्त भएका पुद्गलहरू मध्ये आकाशानन्त्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण बीस हजार महाकल्प हुने हुन्छ ।

पालि – **विञ्ञाणञ्चायतनूपगानं देवानं चत्तालीस कप्पसहस्सानि ।**

भावार्थ – विज्ञानानन्त्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चालिस हजार महाकल्प हुने हुन्छ ।

पालि – **आकिञ्चञ्ञायतनूपगानं देवानं सट्ठिकप्पसहस्सानि ।**

भावार्थ – आकिञ्चन्यायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण साठी हजार महाकल्प हुने हुन्छ ।

पालि– **नेवसञ्ञानासञ्ञायतनूपगानं देवानं चतुरासीति कप्पसहस्सानि ।**

भावार्थ – नैवसंज्ञानासंज्ञायतन भूमिमा उत्पन्न हुने ब्रह्माहरूको आयु प्रमाण चौरासी हजार महाकल्प हुने हुन्छ ।

## एक जन्ममा मिल्ने धर्म तीनवटा

पालि – **पटिसन्धि भवङ्गञ्च-तथा चवनमानसं ।**
**एकमेव तथेवेक-विसयञ्चेकजातियं ॥**
**इदमेत्थ पटिसन्धि चतुक्कं ।**

भावार्थ – एक जन्ममा प्रतिसन्धि चित्त र भवाङ्ग चित्त त्यस्तै नै च्यूतिचित्त भूमि जाति सम्प्रयुक्त धर्म र संस्कार हिसाबले एउटै हुने हुन्छ । यस्तै नै एउटा आरम्मण भएको पनि हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

यो बताई आएको वीथिमुक्त संग्रहमा प्रतिसन्धि चतुष्क हो ।

## कर्म चतुष्क

### कर्म चारवटा चार थरि

पालि – **जनकं उपत्थम्भकं उपपीलकं उपघातकञ्चे'ति किच्चवसेन ।**

भावार्थ – विपाक कटत्ता (कर्मज) रूपलाई बनाउने कर्म, प्रेरणा दिएर बलियो पार्ने कर्म, नजिकै बसेर कष्ट दिने कर्म र नजिकै बसेर घात गर्ने कर्म भनी यसरी कृत्य हिसाबले चार कर्म भनेकोलाई जान्नुपर्दछ ।

पालि – **गरुकं आसन्नं आचिण्णं कटत्ताकम्मञ्चेति पाकदान-परियायेन ।**

भावार्थ – गऱ्हौं कर्म, मरणासन्न अवस्थामा सम्झनुपर्ने, गर्नुपर्ने कर्म, अटूट रूपले अभ्यास गर्नुपर्ने कर्म र गरेको मात्र भईरहेको कर्म भनी यसरी फल दिने कर्म अनुसार चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।

पालि – **दिट्ठधम्मवेदनीयं उपपज्जवेदनीयं अपरापरियवेदनीयं अहोसि कम्मञ्चेति पाककालवसेन चत्तारि कम्मानि नाम ।**

भावार्थ – प्रत्यक्ष शरीरको भावमा (यहाँको यहीं) भोग गर्ने फल भएको कर्म अथवा यही जन्ममा फल दिने लक्षण भएको कर्म, पछिको शरीरको भावमा उत्पन्न भएर भोगिने कर्म अथवा दोश्रो जन्ममा फल दिने लक्षण भएको कर्म, प्रत्यक्ष शरीरको भावले पनि अलग भईरहेको अनिश्चित शरीरको भावमा भोगिने फल भएको कर्म अथवा तेश्रो जन्मदेखि निर्वाण प्राप्त हुने ठाउँ सम्मको (निर्वाण प्राप्त नहुञ्जेल सम्मको) जन्ममा फल दिने लक्षण भएको कर्म, फल दिइसकेको पनि होइन, पछि दिने पनि होइन, भइसकेको मात्र कर्म नाम भईरहेको "अहोसि" कर्म भनी यसरी फल दिने अवस्थाको हिसाबले चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

पालि – **तथा अकुसलं कामावचरकुसलं रूपावचरकुसलं अरूपावचर कुसलञ्चेति पाकट्ठानवसेन ।**

भावार्थ – त्यस्तै नै अकुशल कर्म, कामावचर कुशल कर्म, रूपावचर कुशल कर्म र अरूपावचर कुशल कर्म भनी यसरी फल दिने स्थानको हिसाबले चारवटा कर्म भनेकोलाई जान्नुपर्दछ ।

पालि – **तत्थ अकुसलं कायकम्मं वचीकम्मं मनोकम्मञ्चे'ति कम्मद्वारवसेन तिविधं होति ।**

भावार्थ – अकुशल कर्म कायकर्म, वचीकर्म र मनोकर्म भनी यसरी कर्मद्वार हिसाबले तीन प्रकारले छन् ।

## कायकर्म तीनवटा

पालि – **कथं** ......

**पाणातिपातो अदिन्नादानं कामेसु मिच्छाचारो चे'ति कायविञ्ञत्तिसङ्खाते कायद्वारे बाहुल्लवुत्तितो कायकम्मं नाम ।**

भावार्थ – कसरी तीन प्रकारका छन् ?

परप्राणीलाई चाँडै पतन गर्ने, धनीले शरीर र वचनले नदिएको अर्काको धन चोरेर लिने र पञ्चकाममा सत्पुरूष होइन असत्पुरूषहरूको आचरणलाई सेवन गर्ने हिसाबले कायद्वारमा उत्पन्न हुने, "अगमनीय मातृरक्षित" स्थानमा दूषित गर्ने चेतना भनेको, कामगुणमा मिथ्या रूपले आचरण गर्ने भनी यसरी तीन प्रकारको कर्मलाई कायविज्ञप्ति भनिने अथवा शरीरले थाहा दिन सकिने भनिने कायद्वारमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई कायकर्म भनिन्छ ।

## वचीकर्म चारवटा

पालि – **मुसावादो पिसुणवाचा फरुसवाचा सम्फप्पलापो चे'ति वचीविञ्ञत्तिसङ्खाते वचीद्वारे बाहुल्लवुत्तितो वचीकम्मं नाम ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – झूठलाई सत्य रूपले भनिने कुरा, दुईजनाको प्रेमलाई छिन्नभिन्न हुनेगरी बिगार्न सकिने कुरा, करौति झैं धारिलो स्पर्श भएको कुरा र सुख ऐश्वर्यलाई बिगार्न सकिने सीताहरण आदि काम नलाग्ने कुरा भनी यसरी चार प्रकारको कर्मलाई वचीविज्ञप्ति भनिने अथवा वचनद्वारा थाहा दिन सकिने भनिने वचीद्वारमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई वचीकर्म भन्छ ।

## मनोकर्म तीनवटा

पालि– **अभिज्झा ब्यापादो मिच्छादिट्ठि चे'ति अञ्ञत्रापि विञ्ञत्तिया मनस्मिंयेव बाहुल्लवुत्तितो मनोकम्मं नाम ।**

भावार्थ – अर्काको सुख ऐश्वर्यलाई सिधा ताक्ने हिसाबले मनमा चिताउने, ऐश्वर्य अभिवृद्धिलाई बिगार्ने कारण भईरहेको दोष र उल्टो रूपले देख्नु भनी यसरी तीन प्रकारका कर्मलाई कायविज्ञप्ति र वचीविज्ञप्तिलाई अलग राखेर पनि मनमा मात्र धेरै मात्रामा उत्पन्न हुने हुनाले अथवा चित्तमा धेरै मात्रामा उत्पन्न हुने हुनाले यसलाई मनोकर्म भनिन्छ ।

Dhamma.Digital

## कर्म बनिने धर्म

पालि – **तेसु पाणातिपातो फरुसवाचा ब्यापादो च दोसमूलेन जायन्ति ।**

भावार्थ – ती अकुशल कर्मपथ दश वटा मध्ये प्राणातिपात, पौरुष वचन र व्यापाद दोषमूलबाट उत्पन्न हुने हुन्छन् ।

पालि – **कामेसु मिच्छाचारो अभिज्झा मिच्छादिट्ठि च लोभमूलेन ।**

भावार्थ – कामेषु मिथ्याचार, अभिध्या र मिथ्यादृष्टि लोभमूलबाट उत्पन्न हुने हुन्छन् ।



Downloaded from http://www.dhamma.digital

पालि **– सेसानि चत्तारिपि द्विहि मूलेहि सम्भवन्ति ।**

भावार्थ – बताईसकेकाबाट बाँकी रहेको अदिन्नादान, मृषावाद, पौरुष वचन, सम्फप्रलाप वचन यी चारवटा लोभ र दोष दुई मूलबाट उत्पन्न हुने हुन्छन् ।

पालि **– चित्तुप्पादवसेन पनेतं अकुसलं सब्बथापि द्वादसविधं होति ।**

भावार्थ – विशेष कुरा बताउँछु । चित्तोत्पादको हिसाबले यी अकुशल कर्म सबैप्रकारले पनि १२ वटा छन् ।

## काम कुशलकर्म तीनवटा

पालि **– कामावचरकुसलम्पि कायद्वारे पवत्तं कायकम्मं वचीद्वारे पवत्तं वचीकम्मं मनोद्वारे पवत्तं मनोकम्मञ्चे'ति कम्मद्वारवसेन तिविधं होति ।**

भावार्थ –कामावचर कुशलकर्म पनि कायद्वारमा उत्पन्न हुने कायकर्म, वचीद्वारमा उत्पन्न हुने वचीकर्म, मनोद्वारमा उत्पन्न हुने मनोकर्म भनी यसरी कर्मद्वार हिसाबले तीन प्रकारका छन् ।

Dhamma.Digital

पालि **– तथा दान-सील-भावना-वसेन ।**

भावार्थ – त्यस्तै नै दान, शील र भावना हिसाबले तीन प्रकारले छन् ।

पालि **– चित्तुप्पादवसेन पनेतं अट्ठविधं होति ।**

भावार्थ – विशेष कुरा बताउँछु । चित्तोत्पादको हिसाबले यो कामावचर कुशलकर्म आठ प्रकारले छन् ।

## पुण्यक्रिया वस्तु १० वटा

पालि **– दान - सील - भावना - अपचायन - वेय्यावच्च - पत्तिदान**



Downloaded from http://www.dhamma.digital

**- पत्तानुमोदन - धम्मस्सवन - धम्मदेसना - दिट्ठिजुकम्मवसेन दसविधं होति ।**

भावार्थ – दान दिने, शील समादान गर्ने, कर्मस्थान भावना वृद्धि गर्ने, त्रिरत्न गुरु आमा, बाबु आदिलाई गौरव राख्ने, त्रिरत्न गुरु आमा, बाबु आदिको साना ठूला काम गरी सेवा सुश्रुषा गर्ने, आफूले गरेको कुशल आनिशंस अरूलाई बाँडीदिने, अरूले गरेको कुशल आनिशंसलाई साधु अनुमोदन गर्ने, धर्मोपदेश सुन्ने, धर्मदेशना गर्ने, सिधा भएको दृष्टि धारण गर्ने हिसाबले दश प्रकारले छन् ।

पालि – **तं पनेतं वीसतिविधम्पि कामावचर–कम्ममिच्चेव सङ्खं गच्छति ।**

भावार्थ – भिन्नता पछि समूहलाई बताउँछु । २० प्रकारले पनि भएको यो कुशल र अकुशल कर्म कामावचर कर्म भनेर नै गणनामा अथवा व्यवहारमा जाने हुन्छ ।

## रूपकुशल कर्म ५ वटा

पालि– **रूपावचरकुसलं पन मनोकम्ममेव । तञ्च भावनामयं अप्पनापत्तं झानङ्गभेदेन पञ्चविधंहोति ।**

भावार्थ – कामावचरकर्म पछि रूपावचरकर्म बताउँछु। रूपावचर कुशलकर्म मनोकर्म मात्र हो । त्यो रूपावचार कुशलकर्म भनेको मनोकर्म पनि भावनामय हो । अर्पणामा पुगेको हो । यो ध्यानअङ्गको प्रभेदले पाँच प्रकारले छन् ।

## अरूप कुशल कर्म ४ वटा

पालि – **तथा अरूपावचरकुसलञ्च मनोकम्मं । तम्पि भावनामयं अप्पनापत्तं आरम्मणभेदेन चतुब्बिधं होति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – त्यस्तै नै अरूपावचर कुशलकर्म पनि मनोकर्म मात्र हो । त्यो अरूपावचर कुशल भनेको मनोकर्म पनि भावनामय हो । अर्पणामा पुगेको हो । आकाश आरम्मण आदि चार आरम्मणको प्रभेदले चार प्रकारले छन् ।

## कामावचर कर्मको फल दिने भूमि

पालि – **एत्थाकुसलकम्ममुद्धच्चरहितं अपाय भूमियं पटिसन्धि जनेति । पवत्तियं पन सब्बम्पि द्वादसविधं सत्ताकुसलपाकानि सब्बत्थापि कामलोके रूपलोके च यथारहं विपच्चति ।**

भावार्थ – यी चार कर्म मध्ये औधृत्य चेतना रहित भएको ११ वटा अकुशल कर्मले अपाय भूमिमा प्रतिसन्धि उत्पन्न गराउँछ ।

प्रवृत्ति अवस्थामा त १२ प्रकारका सबै अकुशल कर्मले पनि ७ वटा अकुशल विपाक चित्तलाई सबै नै कामभूमि र रूपभूमिमा योग्यतानुसार फल दिने हुन्छ ।

पालि – **कामावचरकुसलम्पि कामसुगतियमेव पटिसन्धि जनेति । तथा पवत्तियञ्च महाविपाकानि । अहेतुकविपाकानि पन अट्ठपि सब्बत्थापि कामलोके रूपलोके च यथारहं विपच्चति ।**

भावार्थ – कामावचर कुशलकर्म पनि सातवटा काम सुगतिमा मात्र प्रतिसन्धि उत्पन्न गराउँछ ।

त्यस्तै नै प्रवृत्ति अवस्थामा पनि आठ महाविपाक चित्तलाई उत्पन्न गरिदिन्छ । आठै वटा अहेतुक कुशलविपाक चित्तलाई मात्र सबै नै कामभूमि र रूपभूमिमा उचितानुसार फल दिने हुन्छ ।

## त्रिहेतुक उत्कृष्ट कर्म इत्यादिको भेद

पालि – **तत्थापि तिहेतुकमुक्कट्ठं कुसलं तिहेतुकं पटिसन्धि दत्वा पवत्ते सोलस विपाकानि विपच्चति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – ती कामावचर कुशलकर्म मध्ये त्रिहेतुक उत्कृष्ट (उच्च) भईरहेको चार प्रकारका कुशल कर्मले त्रिहेतुक भइरहेका चार प्रकारका प्रतिसन्धिलाई दिएर प्रवृत्ति अवस्थामा १६ विपाक चित्तलाई उत्पन्न गराउँछ ।

पालि – **तिहेतुकमोमकं द्विहेतुकमुक्कट्ठञ्च कुसलं द्विहेतुकं पटिसन्धिं दत्वा पवत्ते तिहेतुकरहितानि द्वादस विपाकानि विपच्चति ।**

भावार्थ – त्रिहेतुक ओमक (निम्न) भइरहेका चार प्रकारका कुशलकर्म र द्विहेतुक उत्कृष्ट भइरहेका चार प्रकारका कुशलकर्म, द्विहेतुक भइरहेका चार प्रकारका प्रतिसन्धिलाई दिएर प्रवृत्ति अवस्थामा चारवटा त्रिहेतुक विपाक चित्तले अलग भइरहेका १२ वटा विपाक चित्तलाई उत्पन्न गराउने हुन्छ ।

पालि – **द्विहेतुकमोमकं पन कुसलं अहेतुकमेव पटिसन्धिं देति, पवत्ते च अहेतुकविपाकानेव विपच्चति ।**

भावार्थ – द्विहेतुक ओमक भइरहेका चार प्रकारका कुशलकर्म मात्र चोखै अहेतुक भईरहेको प्रतिसन्धिलाई दिन्छ । प्रवृत्ति अवस्थामा पनि अहेतुक कुशल विपाक चित्त आठवटालाई मात्र उत्पन्न गराउने हुन्छ ।

## केचिवाद संग्रह गाथा

पालि – **असङ्खारं ससङ्खार-विपाकानि न पच्चति ।**
**ससङ्खार मसङ्खार - विपाकानी'ति केचनं ॥**

भावार्थ – असंस्कारिक कुशल कर्मले ससंस्कारिक विपाक चित्त उत्पत्ति गराउँदैन । ससंस्कारिक कुशल कर्मले असंस्कारिक विपाक चित्त उत्पत्ति गराउँदैन । यसरी कुनै आचार्यहरूले अथवा मोरवापि प्रदेशमा वासगरी रहनुभएका महाधर्मरक्षित नामक आचार्यले भन्नु भएको छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **तेसं द्वादस पाकानि-दसाट्ठ च यथाक्कमं ।**
**यथावुत्तानुसारेन-यथासम्भवमुद्दिसे ॥**

भावार्थ – ती केचि आचार्यहरूको सिद्धान्तमा बताई आएको अनुसार क्रमशः १२ विपाक चित्तलाई, दश विपाक चित्तलाई र आठ विपाक चित्तलाई योग्यतानुसार देखाउनु पर्दछ ।

## रूपकर्मको फल दिने भूमि

पालि – **रूपावचरकुसलं पन पठमज्झानं परित्तं भावेत्वा ब्रह्मपारिसज्जेसु उप्पज्जति ।**

भावार्थ – कामावचर कुशलकर्म पछि रूपावचर कुशल कर्मलाई बताउँछु । अथवा धर्म अधिस्थान पछि पुद्गल अधिस्थानलाई बताउँछु । कर्मस्थान अभ्यास गर्ने व्यक्तिले अल्प आनुभाव भएको रूपावचर कुशलकर्म प्रथमध्यानलाई भाविता गरेर अथवा प्रथमध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर ब्रह्मपारिसद्य भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **तदेव मज्झिमं भावेत्वा ब्रह्मपुरोहितेसु ।**

भावार्थ – मध्यस्थ आनुभाव भएको त्यस प्रथमध्यानलाई नै भाविता गरेर अथवा त्यस प्रथमध्यानलाई नै मध्यस्थ आनुभाव भएको रूपमा भाविता गरेर ब्रह्मपुरोहित भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **पणीतं भावेत्वा महाब्रह्मेसु ।**

भावार्थ – प्रणीत आनुभाव भएको त्यस प्रथमध्यानलाई नै भाविता गरेर अथवा त्यस प्रथमध्यानलाई नै प्रणीत आनुभाव भएको रूपमा भाविता गरेर महाब्रह्मा भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **तथा दुतियज्झानं ततियज्झानञ्च परित्तं भावेत्वा परित्ताभेसु ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ– त्यस्तै नै अल्प आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर परित्राभा भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **मज्झिमं भावेत्वा अप्पमाणाभेसु ।**

भावार्थ – मध्यम आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई मध्यम आनुभाव भएको रूपमा भाविता गरेर अप्रमाणाभा भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **पणीतं भावेत्वा आभस्सरेसु ।**

भावार्थ – प्रणीत आनुभाव भएको द्वितीयध्यान र तृतीयध्यानलाई भाविता गरेर अथवा द्वितीयध्यान र तृतीयध्यानलाई प्रणीत आनुभाव भएको रूपमा भाविता गरेर आभास्वर भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **चतुत्थज्झानं परित्तं भावेत्वा परित्तसुभेसु ।**

भावार्थ – अल्प आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई अल्प आनुभाव भएको रूपमा भाविता गरेर परित्रशुभा भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **मज्झिमं भावेत्वा अप्पमाणसुभेसु ।**

भावार्थ – मध्यम आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई मध्यम आनुभाव भएको रूपमा भाविता गरेर अप्रमाणशुभा भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **पणीतं भावेत्वा सुभकिण्हेसु ।**

भावार्थ – प्रणीत आनुभाव भएको चतुर्थध्यानलाई भाविता गरेर अथवा चतुर्थध्यानलाई प्रणीत आनुभाव भएको रूपमा भाविता गरेर शुभकृष्णा भूमिमा उत्पन्न हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **पञ्चमज्झानं भावेत्वा वेहप्फलेसु ।**

भावार्थ – पञ्चमध्यान भाविता गरेर बृहत्फल भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **तदेव सञ्ञाविरागं भावेत्वा असञ्ञसत्तेसु ।**

भावार्थ – संज्ञारहित भएको त्यो पञ्चमध्यानलाई नै भाविता गरेर वा त्यो पञ्चमध्यानलाई नै संज्ञारहित रूपले भाविता गरेर असंज्ञासत्त्व भूमिमा उत्पन्न हुने हुन्छ ।

पालि – **अनागामिनो पन सुद्धावासेसु उप्पज्जन्ति ।**

भावार्थ – अनागामी पुद्‌गलहरू मात्र शुद्धावास भूमिमा उत्पन्न हुने हुन्छन् ।

## अरूप कर्मको फल दिने भूमि

पालि – **अरूपावचरकुसलञ्च यथाक्कम्मं भावेत्वा अरूपेसु उप्पज्जन्ति ।**

भावार्थ – अरूपावचर कुशल कर्मलाई पनि क्रमशः भाविता गरेर अरूपावचर भूमिमा उत्पन्न हुने हुन्छ ।

## निगमन गाथा

पालि – **इत्थं महग्गतं पुञ्ञं – यथाभूमिववत्थितं ।**
**जनेति सदिसं पाकं – पटिसन्धिपवत्तियं ॥**
**इदमेत्थ कम्मचतुक्कं ।**

भावार्थ – यसरी बताई आएको भेद अनुसार महर्गत कुशलकर्म प्रतिसन्धि अवस्था र प्रवृत्ति अवस्थामा यथा व्यवस्थित भूमि अनुसार आफू समान भएको विपाक चित्तलाई उत्पन्न गराउने हुन्छ ।

यो बताई आएको यो वीथिमुक्त संग्रहमा कर्मचतुष्क हो ।

.................



Downloaded from http://www.dhamma.digital

## च्यूति प्रतिसन्धि कर्म

### मरण चारवटा

पालि – **आयुक्खयेन कम्मक्खयेन उभयक्खयेन उपच्छेदककम्मुना चेति चतुधा मरणुप्पत्ति नाम ।**

भावार्थ – आयुक्षय हुनाले, कर्मक्षय हुनाले, आयु र कर्म दुवै क्षय हुनाले र नजिकै बसेर छेदन गर्ने कर्मले सत्त्वहरूको मरण हुने हुन्छ । यसरी चार प्रकारको मरणोत्पत्ति भनेकोलाई जान्नु पर्दछ ।

### मरण अवस्थामा निमित्त देखिने

पालि – **तथा च मरन्तानं पन मरणकाले यथारहं अभिमुखीभूतं**
**भवन्तरे पटिसन्धि–जनकं कम्मं वा ।**
**तं कम्मकरणकाले रूपादिकमुपलद्धपुब्ब–मुपकरणभूतञ्च**
**कम्मनिमित्तं वा ।**
**अनन्तरमुप्पज्जमानभवे उपलभितब्ब-मुपभोगभूतञ्च**
**गतिनिमित्तं वा ।**
**कम्मबलेन छन्नं द्वारानं अञ्ञतरस्मिं पच्चुपट्ठाति ।**

भावार्थ – विशेष कुरा बताउँछु, अथवा मरण पछि मरण अवस्थामा कर्म, कर्मनिमित्त र गतिनिमित्त देखिने कुरा बताउँछु । ती चार कारणले मात्र मरण हुने सत्वहरूलाई मरण अवस्थामा उचितानुसार अघि सरेर आउने, अर्को जन्ममा प्रतिसन्धि उत्पन्न गराउने कुशल अकुशल कर्म, त्यस कुशल अकुशल कर्म बनाउने अवस्थामा पहिले उपलब्ध भइसकेको उपकरण पनि भइसकेको रूपारम्मण आदि अथवा रूपारम्मण, शब्द, गन्ध, रस, प्रष्टव्य र धर्मारम्मण भनेको लट्ठि, शूल, खुकुरी, भाला, धनुष, बाण, विहार, बुद्ध, चैत्य, भोजन, चीवर, छाता, ध्वजा, फूलको माला आदि कर्मनिमित्त र पछि उत्पन्न हुने जन्ममा



Downloaded from http://www.dhamma.digital

उपलब्ध पनि हुने उपभोग पनि हुने भईरहेको गर्भाशय, नर्कको खर्कण्डा, नरकपाल, नर्कको आगोको ज्वाला, कालो कुकुर, देव अप्सरा, विमान कल्पवृक्ष आदि गतिनिमित्त कर्मबलले ६ द्वार मध्ये एक न एक द्वारमा बारबार अगाडि देखिन आउने हुन्छ।

## मरणान्त अवस्थामा चित्त क्रमको उत्पत्ति

पालि – **ततो परं तमेव तथोपट्ठितं आरम्मणं आरब्भ विपच्चमानककम्मानुरूपं परिसुद्धं उपक्किलिट्ठं वा उपलभितब्बभवानुरूपं तत्थोणतंव चित्तसन्तानं अभिण्हं पवत्तति बाहुल्लेन।**

भावार्थ – त्यसरी बारबार देखापर्नुबाट पछि ती ती आकारबाट बारबार देखापर्न आउने त्यस कर्म, कर्मनिमित्त र गतिनिमित्त भनिने आरम्मणलाई नै आरम्मण गरेर प्रतिसन्धिलाई उत्पन्न गराउने कर्मको रूपमा परिशुद्ध भएर वा धमिलो भएर उपलब्ध हुन योग्य भएको भव अनुसार त्यस भवमा झुकेको जस्तो अथवा झुकेर नै चित्तको क्रम अटूट रूपले धेरै धेरै उत्पन्न हुने हुन्छ।

Dhamma.Digital

## अर्को तरिकाले कर्मले आरम्मण देखिने

पालि – **तमेव वा पन जनकभूतं कम्मं अभिनवकरणवसेन द्वारपत्तं होति।**

भावार्थ – विशेष कुरा बताउँछु। प्रतिसन्धिलाई उत्पन्न गराउन सकिने त्यस कर्म नै आफूले आफूलाई नवीकरण गर्ने हिसाबले द्वारमा पुग्ने हुन्छ।

## मरणासन्न वीथि

पालि – **पच्चासन्नमरणस्स तस्स वीथिचित्तावसाने भवङ्गक्खये**



Downloaded from http://www.dhamma.digital

**वा चवनवसेन पच्चुप्पन्नभव-परियोसानभूतं चुतिचित्तं उप्पज्जित्वा निरूज्झति ।**

भावार्थ – निकै नजिक मरण भएको त्यो सत्त्वको अन्तमा तदारम्मण र जवन भएको वीथिचित्तको अवसानमा वा भवाङ्गको अवसानमा अथवा भवाङ्गको निरोधमा च्यूतिको हिसाबले वर्तमान भवको अन्त भईरहेको च्यूतिचित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

## प्रतिसन्धि चित्तको उत्पत्ति

पालि – **तस्मिं निरूद्धावसाने तस्सानन्तरमेव तथागहितं आरम्मणं आरब्भ सवत्थुकं अवत्थुकमेव वा यथारहं अविज्जानुसयपरिक्खित्तेन तण्हानुसयमूलकेन सङ्खारेन जनीयमानं सम्पयुत्तेहि परिग्गह्यमानं सहजातानमधिट्ठानभावेन पुब्बङ्गमभूतं भवन्तरपटिसन्धानवसेन पटिसन्धिसङ्खातं मानसं उप्पज्जमानमेव पतिट्ठाति भवन्तरे ।**

भावार्थ – त्यो च्युति निरोध भएपछि निरोधको अन्तमा त्यस च्यूति चित्तको अनन्तरमा नै त्यस त्यस आकारले ६ द्वारिक मरणासन्न जवनले ग्रहण गरिराखेको कर्म, कर्मनिमित्त र गतिनिमित्त भनेको आरम्मणलाई आरम्मण गरेर वस्तु सहित भएर वा वस्तु रहित भएर नै योग्यतानुरूपले अविद्या अनुशयले घेरिएको तृष्णा अनुशय नै मूल कारण भएको कुशल, अकुशल कर्मले उत्पन्न गराई राखेको स्पर्श, वेदना आदि सम्प्रयुक्त धर्मले घेरेर ग्रहण गरिराखेको स्पर्श, वेदना आदि सहजात धर्मको आधार रूपले पूर्वगामी भईरहेको पहिलेको र पछिको भव विशेषलाई एकै जोडले जोडिएको जस्तै जोड्न सक्ने हिसाबले प्रतिसन्धि भनेको चित्त उत्पद्यमान भएर नै अर्को भवमा अथवा नयाँ भवमा प्रतिसन्धि हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# काम प्रतिसन्धि चित्तको आरम्मण

पालि– **मरणासन्नवीथियं पनेत्थ मन्दप्पवत्तानि पञ्चेव जवनानि पाटिकङ्खितब्बानि, तस्मा यदि पच्चुप्पन्नारम्मणेसु आपाथमागतेसु धरन्तेस्वेव मरणं होति ।**

भावार्थ – विशेष कुरा बताउँछु । यो मरणोत्पत्ति अथवा मरणासन्नवीथिमा मन्द गतिबाट उत्पन्न हुने पाँचपटक सम्मको जवनलाई जुन कारणले इच्छित छ सोही कारणले प्रकट रूपमा देखिन आउने लट्ठि शूल ...... फुलको माला आदि कर्मनिमित्त, गर्भासय ...... कल्पवृक्ष इत्यादि गतिनिमित्त भनेको वर्तमान आरम्मण प्रकट भएको बेलामा नै यदि मरण भयो भने त्यस्तो हुँदा ।

पालि – **तदा पटिसन्धिभवङ्गानम्पि पच्चुप्पन्नारम्मणता लब्भती'ति कत्वा कामावचरपटिसन्धिया छद्वारग्गहितं कम्मनिमित्तं गतिनिमित्तञ्च पच्चुप्पन्नमतीतारम्मणं उपलब्भति ।**

भावार्थ – त्यतिबेला प्रतिसन्धि भवाङ्ग चित्तको पनि वर्तमान आरम्मण भएको भाव उपलब्ध हुन्छ । तसर्थ कामावचर प्रतिसन्धिको आरम्मणलाई छ द्वारले ग्रहण गरिराखेको वर्तमान र अतीत भईरहेको लट्ठि, शूल, खुकुरी, भाला, धनुष, बाण, विहार, बुद्ध, चैत्य, भोजन, चीवर, छाता, ध्वजा, फूलको माला आदि कर्मनिमित्तलाई र मनोद्वारले ग्रहण गरिराखेको वर्तमान नै भईरहेको गर्भासय, नर्कको ठूलो खर्कण्डा, नरकपाल, नर्कको आगोज्वाला, कालोकुकुर, देव अप्सरा, विमान, कल्पवृक्ष आदि गतिनिमित्त उपलब्ध हुन्छ ।

पालि – **कम्मं पन अतीतमेव, तञ्च मनोद्वारग्गहितं । तानि पन सब्बानिपि परित्तधम्मभूतानेवारम्मणानि ।**

भावार्थ – कुशल र अकुशल कर्म त अतीत नै मात्र हो । त्यो अतीत भईरहेको कुशल, अकुशल कर्मलाई पनि मनोद्वारले ग्रहण



Downloaded from http://www.dhamma.digital

गरिराखेको छ । समूहलाई बताउँछु । त्यो त्यो कर्म, कर्मनिमित्त र गतिनिमित्त सबैको कामधर्म नै आरम्मण भएको हुन्छ ।

## रूप अरूप प्रतिसन्धिको आरम्मण

पालि – **रूपावचर पटिसन्धिया पन पञ्ञत्तिभूतं कम्मनिमित्तमेवारम्मणं होति ।**

भावार्थ – कामावचर प्रतिसन्धिको आरम्मण पछि महर्गत प्रतिसन्धिको आरम्मणलाई बताउँछु । रूपावचर प्रतिसन्धिको आरम्मण प्रज्ञप्ति भईरहेको पृथ्वी कसिण आदि कर्मनिमित्त नै आरम्मण हुन्छ ।

पालि– **तथा आरूपपपटिसन्धिया च महग्गतभूतं पञ्ञत्तिभूतञ्च कम्मनिमित्तमेव यथारहमारम्मणं होति ।**

भावार्थ – त्यस्तै नै आरूपय प्रतिसन्धिको आरम्मण पनि योग्यतानुसार महर्गत पनि प्रज्ञप्ति पनि भईरहेको आकाशानन्त्यायतन कुशल आकाश प्रज्ञप्ति आदि कर्मनिमित्त नै हुन्छ ।

पालि – **असञ्ञसत्तानं पन जीवितनवकमेव पटिसन्धि भावेन पतिट्ठाति । तस्मा ते रूपपटिसन्धिका नाम ।**

भावार्थ – नाम प्रतिसन्धि पछि रूप प्रतिसन्धिलाई बताउँछु । असंज्ञासत्व पुद्‌गलहरूको जीवितनवक कलाप रूप नै प्रतिसन्धिको रूपले प्रतिष्ठित हुने हुँदा ती असंज्ञासत्त्व पुद्‌गलहरूलाई रूप नै प्रतिसन्धि भएका पुद्‌गलहरू भन्छन् ।

पालि – **आरूपपा अरूपपटिसन्धिका, सेसा रूपारूपपटिसन्धिका ।**

भावार्थ – आरूपय पुद्‌गलहरूलाई नाम मात्र प्रतिसन्धि भएका पुद्‌गलहरू भन्छन् । असंज्ञासत्त्व र अरूप पुद्‌गलहरूबाट बाँकी रहेका पुद्‌गलहरूलाई नाम र रूप दुवै प्रतिसन्धि भएका पुद्‌गलहरू भन्दछन् ।



Downloaded from http://www.dhamma.digital

## च्यूतिचित्त पछि प्रतिसन्धि हुने

पालि – **आरूपप चुतिया होन्ति – हेट्ठिमारूप्पवज्जिता ।**
**परमारूपपसन्धी च – तथा कामतिहेतुका ॥**
**रूपावचर चुतिया – अहेतुरहिता सियुं ।**
**सब्बा कामतिहेतुम्हा – कामेस्वेव पनेतरा ॥**
**अयमेत्थ चुतिपटिसन्धिक्कमो ।**

भावार्थ – अरूप च्यूति चारवटा पछि तल तलका अरूप प्रतिसन्धिबाट अलग भएका अरूप प्रतिसन्धि चारवटा, त्यस्तै प्रकारको कामत्रिहेतुक प्रतिसन्धि चारवटा छन् । रूपावचर च्यूति ६ वटा पछि अहेतुक प्रतिसन्धिबाट अलग भएका १७ वटा प्रतिसन्धि छन् । काम त्रिहेतुक च्यूति चारवटा पछि १९ वटा प्रतिसन्धि सबै छन् ।

साधारण पछि असाधारणलाई बताउँछु । काम त्रिहेतुक र द्विहेतुक च्युति पछि ११ वटा कामभूमिमा नै १० वटा प्रतिसन्धि प्राप्त हुने हुन्छ ।

यो बताई आएको यस वीथिमुक्त-संग्रहमा च्यूति प्रतिसन्धिको क्रम हो ।

Dhamma.Digital

................

## भवाङ्ग र च्यूति चित्तको उत्पत्ति

पालि – **इच्चेवं गहितपटिसन्धिकानं पन पटिसन्धिनिरोधानन्तरतो पभुति तमेवारम्मणमारब्भ तदेव चित्तं याव चुति चित्तुप्पादा असति वीथिचित्तुप्पादे भवस्स अङ्गभावेन भवङ्ग सन्ततिसङ्खातं मानसं अब्बोच्छिन्नं नदीसोतो विय पवत्तति ।**
**परियोसाने च चवनवसेन चुतिचित्तं हुत्वा निरूज्झति ।**

भावार्थ – च्युति प्रतिसन्धि क्रम पछि भवाङ्ग क्रमलाई बताउँछु । यसरी बताई आएको निमय अनुसार ग्रहण गरिसकेको प्रतिसन्धि भएका



Downloaded from http://www.dhamma.digital

पुद्‌गलहरूलाई प्रतिसन्धि चित्त निरोध भएदेखि त्यस प्रतिसन्धिको आरम्मणलाई नै आरम्मण गरेर त्यस प्रतिसन्धि चित्त नै च्यूतिचित्त उत्पत्ति हुनेबेलासम्म वीथिचित्तको उत्पत्ति अथवा पञ्चद्वारावर्जन, चक्षुविज्ञान, पञ्चद्वारावर्जन, श्रोतविज्ञान, पञ्चद्वारावर्जन, घ्राणविज्ञान, पञ्चद्वारावर्जन, जिव्हाविज्ञान, पञ्चद्वारावर्जन, कायविज्ञान, मनोद्वारावर्जन, जवन आदि वीथिचित्त उत्पन्न नभए भवको कारणको रूपले भवाङ्गक्रम भनिने चित्त अटूटरूपले नदी बगेझैं उत्पन्न हुने हुन्छ ।

अन्तमा पनि च्यूति हुने हिसाबले च्यूतिचित्त उत्पन्न भएर निरोध हुने हुन्छ ।

## संसार चक्र घुमाउने

पालि – **ततो परञ्च पटिसन्धादयो रथचक्कमिव यथाक्कमं एव परिवत्तन्ता पवत्तन्ति ।**

भावार्थ – त्यो च्यूतिचित्त निरोध भइसकेपछि पनि प्रतिसन्धि आदि चित्त क्रमशः रथको पांग्रा झैं घुमेर नै रहने हुन्छ ।

Dhamma.Digital

पालि – **पटिसन्धिभवङ्गवीथियो – चुतिचेह तथा भवन्तरे ।**
**पुन सन्धि भवङ्गमिच्चयं, परिवत्तन्ति चित्तसन्तति ॥**

भावार्थ – यो वर्तमान जन्ममा प्रतिसन्धि भवाङ्ग वीथिचित्त र च्यूतिचित्त घुम्दै गर्ने जस्तै नै फेरि अर्को जन्ममा प्रतिसन्धि भवाङ्ग आदि यस चित्तको क्रम घुमेर नै रहने हुन्छ ।

## संसारचक्र अन्त हुने

पालि – **पटिसङ्खाय पनेत मद्‌धुवं – अधिगन्त्वा पदमच्चुतं बुधा ।**
**सुसमुच्छिन्न सिनेहबन्धना – सममेस्सन्ति चिराय सुब्बता ।**

भावार्थ – संसारचक्र घुम्नु पछि संसारचक्र अन्त हुनुलाई



Downloaded from http://www.dhamma.digital

बताउँछु । प्रज्ञावान्हरूले अस्थिर स्वभाव भएको अथवा स्थिर स्वभाव नभएको यो संसारधर्मलाई प्रज्ञाद्वारा विचार गरी चिरकालसम्म असल आचरण गर्ने भएर राम्रैसँग मार्गज्ञानले छेदन गरिसकेको स्नेह र बन्धन हुने भएर अथवा स्नेह र बन्धनलाई मार्गज्ञानले राम्रैसँग छेदन गरिसकेका भएर मृत्युले रहित भईरहेको निर्वाणलाई मार्ग र फलज्ञानले साक्षात्कार गरी सम्पूर्ण संसार दुःख शान्त भईरहेको निर्वाण धातुमा पुग्न जाने हुन्छ ।

## वीथिमुक्त – संग्रह निगमन

पालि – **इति अभिधम्मत्थसङ्गहे वीथिमुत्तसङ्गहविभागो नाम पञ्चमो परिच्छेदो ।**

भावार्थ – अभिधर्मार्थ संग्रह नामको ग्रन्थमा वीथिमुक्त-संग्रह विभाग नाम भएको पाँचौं काण्ड सम्पूर्ण भयो ।

♦

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# रूप काण्ड – ६

## अनुसन्धि र प्रतिज्ञा

पालि – **एत्तावता विभत्ता हि – सप्पभेदप्पवत्तिका ।**
**चित्तचेतसिका धम्मा – रूपं दानि पवुच्चति ॥**

भावार्थ – यति प्रमाण भएको पाँच परिच्छेदले, तीन परिच्छेदले व्यक्त गरेको प्रभेदले, दुई परिच्छेदले व्यक्त गरेको उत्पत्ति भएको अथवा उद्देश, निर्देश र प्रतिनिर्देशको हिसाबले व्यक्त गरेको प्रभेद, प्रवृत्ति प्रतिसन्धिको हिसाबले व्यक्त गरेको उत्पत्ति भएको चित्त चैतसिक भईरहेको स्वभावधर्मलाई जुन कारणले मैले विभक्त गरिसकें, त्यस कारणले अहिले रूपलाई बताउँछु ।

## मातृका

पालि – **समुद्देसा विभागा च, समुट्ठाना कलापतो ।**
**पवत्तिक्कमतो चेति, पञ्चधा तत्थ सङ्गहो ।**

भावार्थ – रूपलाई संक्षिप्तले देखाउने, रूपलाई विभाजन गर्ने, चक्षुदशक आदि रूपकलापको उत्पत्ति, चक्षु आदि रूप समूह र भव, काल, सत्त्व भेदले रूपको उत्पत्ति क्रमानुसार त्यस रूप-संग्रहमा पाँच प्रकारले हिसाब हुने हुन्छ ।

## रूप समुद्देस

## महाभूत उपादारूप

पालि – **चत्तारि महाभूतानि चतुन्नञ्च महाभूतानं उपादाय रूपन्ति**
**दुविधम्पेतं रूपं एकादसविधेन सङ्गहं गच्छति ।**

भावार्थ – चार महाभूत र चार महाभूतलाई आधार लिएर



Downloaded from http://www.dhamma.digital

उत्पन्न हुने रूप भनी यसरी दुई प्रकारले भईरहेको यो रूप ११ प्रकारले गणनामा अथवा संग्रहमा जान्छ ।

## महाभूत ४ वटा

पालि – **कथं ?**

**पथवीधातु आपोधातु तेजोधातु वायोधातु भूतरूपं नाम ।**

भावार्थ – कसरी जाने हुन्छ ?

पृथ्वी धातु, आपो धातु, तेजो धातु, र वायो धातुलाई भूतरूप भन्छ ।

## उपादारूप २४ वटा

## प्रसाद रूप ५ वटा

पालि – **चक्खु सोतं घानं जिव्हा कायो पसादरूपं नाम ।**

भावार्थ – चक्षुप्रसाद, श्रोतप्रसाद, घ्राणप्रसाद, जिव्हाप्रसाद, कायप्रसादलाई प्रसादरूप भन्छ ।

Dhamma.Digital

## गोचर रूप ७ वटा

पालि – **रूपं सद्दो गन्धो रसो आपोधातुविवज्जितं भूतत्तयसङ्खातं फोट्ठब्बं गोचररूपं नाम ।**

भावार्थ – रूपारम्मण, शब्दारम्मण, गन्धारम्मण, रसारम्मण र आपोधातुले अलग भएको भूतरूप तीनवटाको समूह भनेको प्रष्टव्यारम्मणलाई गोचररूप भन्छ ।

## भावरूप २ वटा

पालि – **इत्थत्तं पुरिसत्तं भावरूपं नाम ।**

भावार्थ – स्त्रीत्व र पुरूषत्वलाई भावरूप भन्छ ।



Downloaded from http://www.dhamma.digital

## हृदयरूप १ वटा

पालि – **हदयवत्थु हदयरूपं नाम ।**

भावार्थ – हृदयवस्तुलाई हृदयरूप भन्छ ।

## जीवितरूप १ वटा

पालि – **जीवितिन्द्रियं जीवितरूपं नाम ।**

भावार्थ – जीवितिन्द्रियलाई जीवितरूप भन्छ ।

## आहाररूप १ वटा

पालि – **कबलीकारो आहारो आहाररूपं नाम ।**

भावार्थ – गाँस गाँस गर्नु नपरे पनि गर्नु परे जस्तो भएको आहारलाई आहाररूप भन्छ ।

पालि – **इति च अट्ठारसविधम्पेतं रूपं सभावरूपं सलक्खणरूपं निप्फन्नरूपं रूपरूपं सम्मसनरूपन्ति च सङ्गहं गच्छति ।**

Dhamma.Digital

भावार्थ – यस प्रभेदले १८ प्रकारले भइराखेका यी रूप कक्खल आदि (आ-आफ्नो स्वभावले उत्पन्न हुने हुनाले) स्वभावरूप भनी, अनित्यादि लक्षणसँगै उत्पन्न हुने हुनाले सलक्षणरूप भनी, परिच्छेद आदि भावलाई अलग पारेर आ-आफ्नो स्वभावले मात्र (कर्म आदि कारणले सिद्ध हुने हुनाले) निष्पन्नरूप भनी, (चिसो तातो आदि विरोधी कारणले) बदलिने भएको भावले त्यो चिसो तातो इत्यादि विरोधी भईरहेको कारणले बदलिएर रहने हुनाले रूपरूप भनी र परिच्छेद आदि भावलाई नाघेर स्वभावले मात्र उत्पन्न हुने हुनाले (अनित्य, दुःख, अनात्म भन्ने लक्षणयान तीन वटामा राखेर परामर्श गर्न योग्य हुनाले) सम्मसनरूप भनी गन्तिमा अथवा नामाकरणमा जाने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## परिच्छेदरूप १ वटा

पालि – **आकासधातु परिच्छेदरूपं नाम ।**

भावार्थ – आकाशधातुलाई परिच्छेदरूप भन्छ ।

## विज्ञप्तिरूप २ वटा

पालि – **कायविञ्ञत्ति वचीविञ्ञत्ति विञ्ञत्तिरूपं नाम ।**

भावार्थ – कायविज्ञप्ति र वचीविज्ञप्तिलाई विज्ञप्तिरूप भन्छ ।

## विकाररूप ५ वटा

पालि – **रूपस्स लहुता मुदुता कम्मञ्ञता विञ्ञत्तिद्वयं विकाररूपं नाम ।**

भावार्थ – निष्पन्नरूप १८ वटा, रूपको हलुंगो भाव, नरम भाव, काममा प्रयोग गर्नुहुने भाव, विज्ञप्तिरूप समूह दुईवटालाई विकाररूप भन्छ ।

## लक्षणरूप ४ वटा

पालि – **रूपस्स उपचयो सन्तति जरता अनिच्चता लक्खणरूपं नाम ।**

भावार्थ – चक्षु इत्यादि रूपको उत्पत्ति अवस्था, उत्पत्ति क्रम, जीर्णत्व र अनित्यतालाई लक्षणरूप भन्छ ।

पालि – **जातिरूपमेव पनेत्थ उपचय सन्तति नामेन पवुच्चतीति एकादसविधम्पेतं रूपं अट्ठवीसतिविधं होति सरूपवसेन ।**

भावार्थ – विशेष कुरा बताउँछु । यी लक्षणरूप चारवटामा जातिरूप एउटालाई नै उपचय र सन्तति नामले व्यवहार गरिएको छ । यसरी एघार प्रकारले पनि भईरहेको यो रूप स्वरूपको हिसाबले वा आ-आफ्नो स्वभाव अनुसार २८ वटा छन् ।



Downloaded from http://www.dhamma.digital

## संग्रह–गाथा

पालि – **कथं ..............**

**भूतप्पसादविसया – भावो हदयमिच्चपि ।**
**जीविताहाररूपेहि – अट्ठारसविधं तथा ॥**
**परिच्छेदो च विञ्ञत्ति – विकारो लक्खणन्ति च ।**
**अनिप्फन्ना दसा चे'ति – अट्ठवीसविधं भवे ॥**
**अयमेत्थ रूपसमुद्देसो ।**

भावार्थ – कसरी हुन्छ ?

भूतरूप ४ वटा, प्रसादरूप ५ वटा, विषयरूप ७ वटा, भावरूप २ वटा, अनि हृदयरूप भनी यसरी जीवितरूप आहाररूप समेत १८ प्रकारले निष्पन्नरूप र त्यसपछि अर्को;

परिच्छेदरूप, विज्ञप्तिरूप २ वटा, विकाररूप ५ वटा र लक्षणरूप ४ वटा भनी यसरी १० वटा अनिष्पन्नरूप यस प्रभेदले २८ प्रकारले छन् ।

यो बताई आएको यस रूप संग्रहमा अथवा रूप समुद्देश आदि पाँचवटा मध्ये रूपलाई संक्षिप्त देखाउने नय हो ।

## रूप विभाग

पालि – **सब्बञ्च पनेतं रूपं अहेतुकं सप्पच्चयं सासवं सङ्खतं लोकियं कामावचरं अनारम्मणं अप्पहातब्बमेवा'ति एकविधम्पि अज्झत्तिकबाहिरादिवसेन बहुधा भेदं गच्छति ।**

भावार्थ – रूपसमुद्देश पछि रूपविभागलाई बताउँछु । यी सम्पूर्ण रूप (अलोभ आदि सम्प्रयुक्त हेतु नभएको हुनाले) अहेतुक नामको भयो । (कर्म, चित्त, ऋतु र आहार भनिने कारणधर्म चारवटाले युक्त भएर) सप्रत्यय पनि नाम भएको छ । (आश्रवधर्म चारवटाको



Downloaded from http://www.dhamma.digital

आरम्मण भएकोले) साश्रव पनि नाम भएको छ। (कर्म, चित्त, ऋतु र आहार भनिने कारणधर्म चारवटा समूह भएर संस्कृत हुनाले) संस्कृत पनि नाम भएको छ। (उपादानको आरम्मण भईरहेको संस्कारलोकमा अन्तर्गत भएको हुनाले) लौकिय पनि नाम भएको छ। (कामतृष्णाको गौचर भएको हुनाले) कामावचर पनि नाम भएको छ। (आरम्मणलाई ग्रहण गर्न नजान्ने हुनाले) अनारम्मण पनि नाम भएको छ। (तदङ्ग प्रहाण, विष्कम्भण प्रहाण, समुच्छेद प्रहाण हिसाबले हटाउन नहुने हुनाले) अप्रहातब्य पनि नाम भएको छ। यसरी एक प्रकारले विद्यमान रूप आध्यात्मिक बाहिरिक इत्यादि हिसाबले अनेक प्रकारले भेद हुन जाने हुन्छन्।

## आध्यात्मिक रूप र बाहिरिक रूप

पालि – **कथं ?**

**पसादसङ्खातं पञ्चविधम्पि अज्झत्तिकरूपं नाम, इतरं बाहिररूपं।**

**कथं गच्छति ?**

भावार्थ – कसरी हुनजान्छ ?

प्रसादरूप भनेको पाँचै प्रकारले भएको रूपलाई आध्यात्मिकरूप भन्छ। अर्को २३ वटा रूपलाई बाहिरिकरूप भन्छ।

## वस्तुरूप र अवस्तुरूप

पालि – **पसादहदयसङ्खातं छब्बिधम्पि वत्थुरूपं नाम, इतरं अवत्थुरूपं।**

भावार्थ – प्रसादरूप ५ र हृदयरूप भनेको ६ प्रकारले पनि भएको रूपलाई वस्तुरूप भन्छ। अर्को २२ वटा रूपलाई अवस्तुरूप भन्छ।



Downloaded from http://www.dhamma.digital

## द्वाररूप र अद्वाररूप

पालि – **पसादविञ्ञत्तिसङ्खातं सत्तविधम्पि द्वाररूपं नाम, इतरं अद्वाररूपं।**

भावार्थ – प्रसादरूप ५ र विज्ञप्तिरूप २ वटा भनिने सात प्रकारले भएका रूपलाई द्वाररूप भन्छ। अर्को २१ वटा रूपलाई अद्वाररूप भन्छ।

## इन्द्रियरूप र अनिन्द्रियरूप

पालि – **पसादभावजीवितसङ्खातं अट्ठविधम्पि इन्द्रियरूपं नाम, इतरं अनिन्द्रियरूपं।**

भावार्थ – प्रसादरूप ५, भावरूप २, जीवितरूप भनिने आठप्रकारले भएको रूपलाई इन्द्रियरूप भन्छ। त्यसबाट अर्को २० वटा रूपलाई अनिन्द्रियरूप भन्छ।

## ओलारिक (स्थूल) रूप र शूक्ष्मरूप इत्यादि

पालि – **पसादविसयसङ्खातं द्वादसविधम्पि ओलारिकरूपं सन्तिकेरूपं सप्पटिघरूपञ्च, इतरं सुखुमरूपं दूरेरूपं अप्पटिघरूपञ्च।**

भावार्थ – प्रसादरूप ५ र विषयरूप ७ वटा भनिने १२ प्रकारले भएको रूपलाई ओलारिक (स्थूल) रूप भन्छ। सन्तिकेरूप अथवा नजिकको रूप भन्छ। सप्रतिघरूप अथवा प्रतिघात भएको रूप भन्छ। अर्को १६ वटा रूपलाई सूक्ष्मरूप, दूरेरूप अथवा टाढाको रूप, अप्रटिघरूप अथवा प्रतिघात रहित रूप भन्छ।

## उपादिन्नरूप र अनुपादिन्नरूप

पालि – **कम्मजं उपादिन्नरूपं, इतरं अनुपादिन्नरूपं।**

भावार्थ – कम्मजरूप १८ वटालाई उपादिन्नरूप वा आरम्मण



Downloaded from http://www.dhamma.digital

गर्ने रूपले तृष्णा र दृष्टिले ग्रहण गरिराखेको कर्म फलको रूपमा ग्राह्य भएको हुनाले उपादिन्नरूप भन्छ । अर्को त्रिजरूपलाई अनुपादिन्नरूप अथवा आरम्मण गर्ने रूपले तृष्णा र दृष्टिले टाँसिएको कर्मफलको रूपमा ग्राह्य नभएको हुँदा अनुपादिन्नरूप भन्छ ।

## सनिदर्शनरूप र अनिदर्शनरूप

पालि – **रूपायतनं सनिदस्सनरूपं, इतरं अनिदस्सनरूपं ।**

भावार्थ – रूपायतनलाई सनिदर्शनरूप अथवा हेर्ने साथ भएको रूप भन्छ । त्यसबाट अर्को २७ वटा रूपलाई अनिदर्शनरूप भन्छ ।

## गौचरग्राहकरूप र अगौचरग्राहकरूप

पालि – **चक्खादिद्वयं असम्पत्तवसेन घानादित्तयं सम्पत्तवसेनाति पञ्चविधम्पि गोचरग्गाहकरूपं, इतरं अगोचरग्गाहकरूपं ।**

भावार्थ – चक्षु आदि रूप दुईवटाको समूह नपुगेको हिसाबले घ्राण आदि रूप तीनवटाको समूह पुगेको हिसाबले यसरी पाँच प्रकारले पनि भएको रूपलाई आरम्मण ग्रहण गर्न जानेको वा आरम्मणलाई ग्रहण गर्ने गौचरग्राहकरूप भन्छ । त्यसबाट अर्को २३ वटा रूपलाई आरम्मण ग्रहण गर्न नजान्ने वा आरम्मणलाई ग्रहण नगर्ने अगौचरग्राहकरूप भन्छ ।

## अविनिर्भोगरूप र विनिर्भोगरूप

पालि – **वण्णो गन्धो रसो ओजा भूतचतुक्कञ्चेति अट्ठविधम्पि अविनिब्भोगरूपं, इतरं विनिब्भोगरूपं ।**

भावार्थ – रूपारम्मण, गन्धारम्मण, रसारम्मण, ओजा र भूतरूप चारवटाको समूह यसरी आठ प्रकारले भएको रूपलाई अलग अलग छुट्याउन नहुने अविनिर्भोगरूप भन्छ । त्यसबाट अर्को २० वटा रूपलाई



Downloaded from http://www.dhamma.digital

अलग अलग छुट्याउन हुने विनिर्भोगरूप भन्छ।

## संग्रह-गाथा

पालि **–इच्चेव मट्ठवीसति – विधम्पि च विचक्खणा।**
**अज्झत्तिकादिभेदेन – विभजन्ति यथारहं॥**
**अयमेत्थ रूपविभागो।**

भावार्थ – यसरी बताई आएको नय अनुसार २८ प्रकारले पनि भएको रूपलाई नै योग्यतानुसार आध्यात्मिक रूपादि प्रभेदले विद्वानहरूले विभाजन गरिराखेका हुन्।

यो बताई आएको यस रूप-संग्रहमा अथवा यो यस रूपसमुद्देश आदि पाँचवटा मध्येमा रूपलाई विभाजन गर्ने नय हो।

........................

## रूपसमुट्ठान नय

## रूपलाई बनाउने धर्म ४ वटा

Dhamma.Digital

पालि – **कम्मं चित्तं उतु आहारो चे'ति चत्तारि रूपसमुट्ठानानि नाम।**

भावार्थ – कामकुशल, अकुशल र रूपकुशल कर्म २५, अरूप विपाक ४, पञ्चविज्ञान १० र अरहन्तहरूको च्यूतिचित्तबाट अलग भएका ७५ चित्त, ऋतु र आहार भनिने यसरी चार कारणलाई रूप उत्पन्न गराउने कारण भन्छन्।

## कर्मले रूप बनाउने

पालि– **तत्थ कामावचरं रूपावचरञ्चे'ति पञ्चवीसतिविधम्पि**
**कुसलाकुसलकम्ममभिसङ्खतं अज्झत्तिकसन्ताने**
**कम्मसमुट्ठानरूपं पटिसन्धिमुपादाय खणे खणे समुट्ठापेति।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – ती ४ कारण मध्ये कामावचर कुशल र अकुशल कर्म २० वटा र रूपावचर कुशल कर्म ५ वटा यसरी २५ प्रकारले भएको कुशल र अकुशल कर्म आध्यात्मिक सन्तानमा अभिसंस्कृत भएको कर्मले उत्पन्न हुने रूपलाई प्रतिसन्धि चित्तको उत्पत्ति देखि क्षणिक क्षणिकमा अथवा एउटा एउटा चित्तको तीन तीन क्षणमा उत्पन्न गराउने हुन्छ।

## चित्तले रूप बनाउने

पालि– **आरूपपविपाक-द्विपञ्चविञ्ञाणवज्जित पञ्चसत्ततिविधम्पि चित्तं चित्तसमुट्ठानरूपं पठमभवङ्गमुपादाय जायन्तमेव समुट्ठापेति।**

भावार्थ – अरूप विपाक ४, द्विपञ्चविज्ञान १० र अरहन्तहरूको च्यूति चित्तबाट अलग भएको ७५ प्रकारले पनि भएको चित्तले, चित्त नै उत्पत्ति कारण भईरहेको रूपलाई अथवा चित्तको कारणले उत्पत्ति हुने रूपलाई प्रथम भवाङ्गलाई कारण तुल्याई उत्पत्ति समकालमा नै आध्यात्मिक सन्तानमा उत्पन्न गराउने हुन्छ।

पालि – **तत्थ अप्पनाजवनं इरियापथम्पि सन्नामेति।**

भावार्थ – ती ७५ चित्त मध्ये अर्पणा जवन २६ वटाले इरियापथलाई पनि अथवा जाने, उठ्ने, बस्ने, सुत्ने इरियापथलाई पनि उत्पन्न गराउने हुन्छ।

पालि – **वोट्ठब्बन कामावचर जवनाभिञ्ञा पन विञ्ञत्तिम्पि समुट्ठापेन्ति।**

भावार्थ – वोट्ठब्बन कामावचर जवन एककम तीस (२९) वटा र अभिज्ञा दुईवटाले कायविज्ञप्ति र वचीविज्ञप्तिलाई पनि उत्पन्न गराउने हुन्छ।

पालि –**सोमनस्सजवनानि पनेत्थ तेरस हसनम्पि जनेन्ति।**

भावार्थ – विशेष कुरा बताउँछु। यस विज्ञप्तिलाई उत्पन्न गराउने वोट्ठब्बन कामावचर जवन २९ वटा, अभिज्ञा दुईवटा मध्ये १३



Downloaded from http://www.dhamma.digital

वटा सौमनस्य सहगत जवनले हाँस्नुलाई उत्पन्न गराउने हुन्छ ।

## ऋतुले रूप बनाउने

पालि – **सीतुण्होतु समञ्ञाता तेजोधातु ठितिप्पत्ताव उतुसमुट्ठानरूपं अज्झत्तञ्च बहिद्धा च यथारहं समुट्ठापेति ।**

भावार्थ – शीतऋतु, उष्णऋतु भनिने तेजोधातुले स्थितिमा पुऱ्याएर मात्र ऋतु नै उत्पत्ति कारण भईरहेको रूपलाई अथवा ऋतुको कारणले उत्पन्न हुने रूपलाई आध्यात्म सन्तानमा र बाहिरिक सन्तानमा उचितानुसार (योग्यता अनुरूप) उत्पन्न गराउने हुन्छ ।

## आहारले रूप बनाउने

पालि – **ओजासङ्खातो आहारो आहारसमुट्ठानरूपं अज्झोहरणकाले ठानप्पत्तो व समुट्ठापेति ।**

भावार्थ – ओजा भनिने आहारले आहार नै उत्पत्ति कारण भईरहेको रूपलाई अथवा आहारको कारणले उत्पत्ति हुने रूपलाई मिल्ने अवस्थामा स्थितिमा पुगेर मात्र आध्यात्मिक सन्तानमा उत्पन्न गराउने हुन्छ ।

## कर्मज रूप

पालि – **तत्थ हदय - इन्द्रियरूपानि कम्मजानेव ।**

भावार्थ – ती रूपसमूह मध्ये हृदयरूप र इन्द्रियरूप कर्मले मात्र उत्पन्न हुने हुन्छ ।

## चित्तज रूप

पालि – **विञ्ञत्तिद्वयं चित्तजमेव ।**

भावार्थ – विज्ञप्ति दुईवटा चित्तबाट मात्र उत्पन्न हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## चित्तज ऋतुज रूप

पालि – **सद्दो चित्तोतुजो ।**

भावार्थ – शब्दरूप चित्त र ऋतुबाट उत्पन्न हुने हुन्छ ।

## चित्तज ऋतुज र आहारज रूप

पालि – **लहुतादित्तयं उतुचित्ताहारेहि सम्भोति ।**

लहुता इत्यादि रूप तीन वटाको समूह ऋतु, चित्त र आहारबाट उत्पन्न हुने हुन्छ ।

## चतुज रूप

पालि – **अनिब्भोगरूपानि चेव आकासधातु च चतूहि सम्भूतानि ।**

भावार्थ – अविनिर्भोगरूप आठवटा र आकाशधातु, चार वटा कारणबाट उत्पन्न हुने हुन्छ ।

Dhamma.Digital

## नकुतोचिज रूप

पालि –**लक्खणरूपानि न कुतोचि जायन्ति ।**

भावार्थ – लक्षणरूप ४ वटा कुनै कारणले पनि उत्पन्न हुँदैन ।

## संग्रह–गाथा

पालि – **अट्ठारस पन्नरस–तेरस द्वादसा ति च ।**
**कम्मचित्तोतुकाहार-जानि होन्ति यथाक्कमं ॥**
**जायमानादि रूपानं–सभावत्ता हि केवलं ।**
**लक्खणानि न जायन्ति - केहिची'ति पकासितं ॥**
**अयमेत्थ रूपसमुट्ठाननयो ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ–कर्मज, चित्तज, ऋतुज र आहारज रूप क्रमशः अठार, पन्ध्र, तेऱ्ह र बाऱ्हवटा छन् ।

केवल जायमान इत्यादि निष्पन्नरूपको स्वभावको कारणले लक्षणरूप चार वटा कुनै पनि कारणले पनि उत्पन्न हुँदैन भनी यसरी देखाई राखेको छ ।

यी बताई आएका यस रूप संग्रहमा अथवा रूपसमुद्देश आदि पाँचवटा मध्ये रूपसमुट्ठानलाई देखाएको नय हो ।

................

## रूपकलाप

### रूपकलाप लक्षण ४ वटा

पालि – **एकुप्पादा, एकनिरोधा, एकनिस्सया, सहवुत्तिनो एकवीसति रूपकलापा नाम ।**

भावार्थ – सँगै उत्पन्न हुने भएको अथवा समान उत्पत्ति भएको, सँगै निरोध हुने भएको अथवा समान लय हुने भएको, समान आधार भएको, सँगै उत्पन्न हुने भएको अथवा भिन्न भिन्न कलापमा भएको रूपको हिसाबले सँगै उत्पन्न हुने २१ वटा रूपसमूहलाई रूपकलाप भन्छ ।

### कर्मज कलाप ९ वटा

पालि – **तत्थ जीवितं अविनिब्भोगरूपञ्च चक्खुना सह चक्खुदसकन्ति पवुच्चति ।**

भावार्थ – ती २१ वटा रूपकलाप मध्ये जीवित रूपलाई र अविनिर्भोग रूपलाई चक्षुप्रसादसँग चक्षुदशक भनी वा चक्षुद्वारा नियमित भएको रूपसमूह दशवटा भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

पालि – **तथा सोतादीहि सद्धिं सोतदसकं घानदसकं जिव्हादसकं कायदसकं इत्थिभावदसकं पुम्भावदसकं वत्थुदसकञ्चे'ति यथाक्कमं योजेतब्बं ।**

भावार्थ – त्यस्तै नै श्रोतप्रसाद आदिसँग अथवा श्रोतप्रसाद, घ्राणप्रसाद, जिह्वाप्रसाद, कायप्रसाद, स्त्रीभाव, पुरूषभाव र हृदयवस्तुसँग श्रोतदशक भनी अथवा श्रोतद्वारा नियमित भएको रूपसमूह दशवटा भनी, घ्राणदशक भनी अथवा घ्राणद्वारा नियमित भएको रूपसमूह दशवटा भनी, जिह्वादशक भनी अथवा जिह्वाद्वारा नियमित भएको रूपसमूह दशवटा भनी, कायदशक भनी अथवा कायद्वारा नियमित भएको रूपसमूह दशवटा भनी, स्त्रीभावदशक भनी अथवा स्त्रीभावले नियमित भएको रूपसमूह दशवटा भनी, पुरूषभावदशक भनी अथवा पुरूषभावले नियमित भएको रूपसमूह दशवटा भनी, वस्तुदशक भनी अथवा हृदयवस्तुद्वारा नियमित भएको रूपसमूह दशवटा भनी यसरी क्रमशः मिलाउनु पर्छ ।

पालि – **अविनिब्भोगरूपमेव जीवितेन सह जीवितनवकन्ति पवुच्चति । इमे नव कम्मसमुट्ठानकलापा ।**

भावार्थ – अविनिर्भोग आठवटालाई नै जीवितिन्द्रियसँग जीवित नवक कलाप भनी वा जीवितद्वारा नियमित भएको रूपसमूह ९ वटा भनी विशेषरूपले बताई राखेको छ । यसरी यी रूपकलाप ९ वटालाई कर्मबाट उत्पन्न हुने रूपकलाप भन्छ अथवा कर्म नै उत्पत्ति कारण भएको रूपकलाप भन्छ ।

## चित्तज कलाप ६ वटा

पालि – **अविनिब्भोगरूपं पन सुद्धट्ठकं ।**
**तदेव कायविञ्ञत्तिया सह कायविञ्ञत्तिनवकं ।**
**वचीविञ्ञत्तिसद्देहि सह वचीविञ्ञत्ति-दसकं ।**



Downloaded from http://www.dhamma.digital

**लहुतादीहि सद्धिं लहुतादेकादसकं ।**
**कायविञ्ञत्तिलहुतादि द्वादसकं ।**
**वचीविञ्ञत्ति सद्दलहुतादि तेरसकञ्चेति छ चित्तसमुट्ठान कलापा ।**

भावार्थ – कर्मज कलाप पछि चित्तज कलापलाई बताउँछु । अविनिर्भोग रूप आठ वटालाई शुद्ध अष्टक कलाप भन्दछ ।

ती शुद्ध अष्टक कलापलाई नै कायविज्ञप्तिसँग कायविज्ञप्ति नवक कलाप भनिन्छ ।

वचीविज्ञप्ति र शब्दसँग वचीविज्ञप्ति दशक कलाप भनिन्छ ।

लहुता आदिसँग लहुतादि एकादशक कलाप भनिन्छ ।

कायविज्ञप्ति लहुता आदि द्वादशक कलाप भनिन्छ ।

अनि वचीविज्ञप्ति शब्दलहुतादि तेरशक कलाप भनिन्छ ।

यसरी यी रूपकलाप ६ वटालाई चित्तबाट उत्पन्न हुने रूपकलाप भनिन्छ । अथवा चित्त नै उत्पत्ति कारण भईरहेको रूपकलाप भनिन्छ ।

## ऋतुज कलाप ४ वटा

Dhamma.Digital

पालि– **सुद्धट्ठकं सद्दनवकं लहुतादेकादसकं सद्दलहुतादि द्वादसकञ्चेति चत्तारो उतुसमुट्ठानकलापा ।**

भावार्थ – शुद्ध अष्टक कलाप, शब्द नवक कलाप, लहुतादि एकादशक कलाप र शब्दलहुतादि द्वादशक कलाप यसरी यी रूपकलाप चारवटालाई ऋतुबाट उत्पत्ति हुने रूपकलाप भन्छ । अथवा ऋतु नै उत्पत्ति कारण भईरहेको रूपकलाप भन्छ ।

## आहारज कलाप २ वटा

पालि – **सुद्धट्ठकं लहुतादेकादसकञ्चेति द्वे आहारसमुट्ठानकलापा ।**

भावार्थ – शुद्ध अष्टक कलाप र लहुतादि एकादशक कलाप



Downloaded from http://www.dhamma.digital

यसरी यी दुई कलापलाई आहारबाट उत्पत्ति हुने रूपकलाप भन्छ । अथवा आहार नै उत्पत्ति कारण भईरहेको रूपकलाप भन्छ ।

## आध्यात्म र बाह्य कलाप भेद

पालि – **तत्थ सुद्धट्ठकं सद्दनवकञ्चे'ति द्वे उतुसमुट्ठान कलापा बहिद्धापि लब्भन्ति । अवसेसा पन सब्बेपि अज्झत्तिकमेवा'ति ।**

भावार्थ – ती २१ वटा रूपकलाप मध्ये शुद्ध अष्टक कलाप र शब्दनवक कलाप यसरी ऋतुबाट उत्पन्न हुने रूपकलाप दुईवटा बाहिरिक सन्तानमा पनि उपलब्ध हुन्छ । साधारण पछि असाधारणलाई बताउँछु । ऋतु समुट्ठानिक रूप दुई वटाबाट बाँकी रहेका सम्पूर्ण एककम बीस (१९) वटा रूपकलाप आध्यात्मिक सन्तानमा मात्र उपलब्ध हुन्छ ।

### संग्रह–गाथा

पालि – **कम्मचित्तोतुकाहार – समुट्ठाना यथाक्कमं ।**
**नव छ चतुरो द्वे ति – कलापा एकवीसति ॥**

**कलापानं परिच्छेद – लक्खणत्ता विचक्खणा ।**
**न कलापङ्ग मिच्चाहु – आकासं लक्खणानि च ॥**
**अयमेत्थ कलाप योजना ।**

भावार्थ – कर्म चित्त ऋतु आहारबाट उत्पत्ति हुने रूपकलाप क्रमशः ९ वटा, ६ वटा, ४ वटा र २ वटा छन् । यसरी कलाप २१ वटा छन् ।

आकाशधातु र लक्षणरूप ४ वटालाई, आकाशधातु लक्षणरूप चारवटाको कलापलाई छुट्याउने, नियमित गर्ने कारणले कलापको अङ्ग भनी विद्वानहरूले भनेको छैन ।

यो बताई आएको यो रूपसंग्रहमा अथवा रूपसमुद्देश आदि पाँचवटा मध्ये कलापलाई जोड्ने नय हो ।

.................



Downloaded from http://www.dhamma.digital

## रूप प्रवृत्ति क्रम

### कामभूमिमा रूपको उत्पत्ति क्रम

पालि – **सब्बानिपि पनेतानि रूपानि कामलोके यथारहं अनूनानि पवत्तियं उपलब्भन्ति ।**

भावार्थ – रूपकलाप पछि रूपप्रवृत्ति क्रमलाई बताउँछु । यी रूप सबै नै कामलोकमा योग्यतानुरूपले प्रवृत्ति अवस्थामा घटी नहुनेगरी उपलब्ध हुन्छ ।

पालि– **पटिसन्धियं पन संसेदजानञ्चेव ओपपातिकानञ्च चक्खु सोत घान जिह्वा काय भाव वत्थुदसकसङ्खातानि सत्त दसकानि पातुभवन्ति उक्कट्ठवसेन ।**

भावार्थ – प्रवृत्ति पछि प्रतिसन्धिलाई बताउँछु । प्रतिसन्धि अवस्थामा फोहर भएको मलमूत्रमा उत्पन्न हुने औँसा कीरा आदि सत्त्वहरूलाई, प्रकट भएको शरीर भएका चातुर्माहाराजिक त्रयस्त्रिंश इत्यादि सत्त्वहरूलाई उत्कृष्ट रूपले चक्षुदशक श्रोतदशक, घ्राणदशक, जिह्वादशक, कायदशक, स्त्रीभावदशक, पुरूषभावदशक भनेका सात वटा दशक प्रकट हुने हुन्छन् । अथवा एकैचोटि उत्पन्न हुने हुन्छन् ।

पालि – **ओमकवसेन पन चक्खु सोत घान भावदसकानि कदाचिपि न लब्भन्ति । तस्मा तेसं वसेन कलापहानि वेदितब्बा ।**

भावार्थ – कमसल वा हीन भएको हिसाबले चक्षुदशक, श्रोतदशक, घ्राणदशक, स्त्रीभावदशक, पुरूषभावदशक कहिलेकाहीं उपलब्ध हुँदैन । तसर्थ ती चक्षु, श्रोत, घ्राण, भावदशकको हिसाबले कलाप घटी हुनगएको भनी बुझ्नुपर्छ ।

पालि – **गब्भसेय्यकसत्तानं पन काय भाव वत्थुदसकसङ्खातानि तीणि दसकानि पातुभवन्ति । तत्थापि भावदसकं कदाचि न लब्भति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – संस्वेदज औपपातिक प्रतिसन्धि पछि गर्भशेय्यकलाई बताउँछु । आमाको गर्भमा रहने गर्भशेय्यक सत्त्वहरूलाई कायदशक, स्त्रीभावदशक, पुरूषभावदशक, वस्तुदशक भनेका तीनवटा दशक प्रकट हुने हुन्छ । ती तीन दशक मध्ये पनि भावदशक कहिलेकाहीं उपलब्ध हुँदैन ।

पालि – **ततो परं पवत्तिकाले कमेन चक्खुदसकादीनि च पातुभवन्ति ।**

भावार्थ – त्यस प्रतिसन्धि अवस्थादेखि पछि प्रवृत्ति अवस्थामा क्रमशः चक्षुदशक इत्यादि पनि अथवा चक्षुदशक, श्रोतदशक, घ्राणदशक, जिह्वादशक पनि प्रकट हुने हुन्छ ।

## पहिले रूप ४ वटा उत्पन्न हुने

पालि – **इच्चेवं पटिसन्धि-मुपादाय कम्मसमुट्ठाना दुतियचित्त मुपादाय चित्तसमुट्ठाना ठितिकाल मुपादाय उतुसमुट्ठाना ओजाफरण मुपादाय आहारसमुट्ठाना चे'ति चतु समुट्ठाना रूपकलापसन्तति कामलोके दीपजाला विय नदीसोतो विय च यावतायुकमब्बोच्छिन्ना पवत्तति ।**

भावार्थ – यसरी बताई आएको नय अनुसार प्रतिसन्धि चित्तको उत्पादलाई कारण गरेर कर्म बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ । प्रथम भवाङ्गलाई कारण बनाएर चित्तबाट बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ । प्रतिसन्धि चित्तको स्थितिकाललाई कारण बनाएर ऋतुबाट बनेर आउने रूपकलाप उत्पन्न हुने हुन्छ । ओजा फिजिएर जाने अवस्थालाई कारण बनाएर आहारबाट बनेर आउने रूपकलाप पनि उत्पन्न हुने हुन्छ । यसरी चार वटा कारणबाट बनेर आउने रूपकलाप क्रम (प्रवाह) कामभूमिमा बत्तीको ज्वालाझैं र नदीको धारझैं आयु छउञ्जेल अनन्तररूपले उत्पन्न हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## रूप ४ वटाको अन्तिम निरोध

पालि – **मरणकाले पन चुतिचित्तोपरि सत्तरसम चित्तस्स ठितिकाल मुपादाय कम्मजरूपानि न उप्पज्जन्ति। पुरेतरमुप्पन्नानि च कम्मजरूपानि चुतिचित्तसमकालमेव पवत्तित्वा निरुज्झन्ति।**

भावार्थ – उत्पत्ति पछि अनुत्पत्तिलाई बताउँछु। मरणासन्न अवस्थामा च्यूतिचित्त भन्दा अगाडि भएका १७ वटा चित्तको स्थितिकाललाई कारण बनाएर कर्मजरूपहरू उत्पन्न हुँदैनन्। च्यूति चित्तभन्दा अगाडि भएका १७ वटा चित्तको उत्पाद क्षणमा उत्पन्न भइसकेको कर्मजरूपहरू च्यूतिचित्तसँग समान भएको अवस्थामा सम्ममात्र उत्पन्न भएर निरोध हुने हुन्छन्।

पालि – **ततो परं चित्तजाहारजरूपञ्च वोच्छिज्जति।**

भावार्थ – त्यो कर्मजरूप निरोध भएपछि चित्तजरूप र आहार जरूप पनि काटिने (छुट्टिने) हुन्छ।

पालि – **ततो परं उतुसमुट्ठान रूपपरम्परा याव मतकलेवरसङ्खाता पवत्तन्ति।**

भावार्थ – त्यो चित्तज रूप र आहारज रूप काटिएर छिनेर गएपछि ऋतु नै उत्पत्ति कारण भईरहेको रूपकलाप परम्परा मृत्यु भएर कुहिएर सडेर जाने भनेको अवस्थासम्म पनि उत्पन्न भइरहने हुन्छ।

### संग्रह–गाथा

पालि – **इच्चेवं मतसत्तानं – पुनदेव भवन्तरे।**
**पटिसन्धिमुपादाय – तथा रूपं पवत्तति॥**

भावार्थ – यसरी बताई आएको नय अनुसार यस वर्तमान जन्ममा प्रतिसन्धि चित्तको उत्पादलाई कारण बनाएर चतुसमुट्ठानिकरूप



Downloaded from http://www.dhamma.digital

उत्पन्न भएजस्तै, त्यस्तै नै मृत्यु भईसकेका सत्त्वहरूलाई फेरी अर्को जन्ममा प्रतिसन्धि चित्तको उत्पादलाई कारण बनाएर चतुसमुट्ठानिक रूप उत्पन्न हुने हुन्छ ।

.....................

## रूप भूमिमा रूपको उत्पत्ति क्रम

पालि – **रूपलोके पन घान जिह्वा काय भावदसकानि च आहारज कलापानि च न लब्भन्ति, तस्मा तेसं पटिसन्धिकाले चक्खु सोत वत्थुवसेन तीणि दसकानि जीवितनवकञ्चे'ति चत्तारो कम्मसमुट्ठानकलापा ।**

भावार्थ – कामभूमिमा रूपको उत्पत्ति पछि रूपभूमिमा रूपको उत्पत्ति हुनेलाई बताउँछु । रूपभूमिमा घ्राणदशक, जिह्वादशक, कायदशक, स्त्रीभावदशक, पुरूषभावदशक र आहारज कलापहरू उपलब्ध छैनन् । तसर्थ रूपब्रह्माहरूको अथवा रूपब्रह्माहरूलाई प्रतिसन्धि अवस्थामा चक्षुदशक, श्रोतदशक, वस्तुदशक हिसाबले तीनवटा दशक र जीवित नवककलाप भनी यसरी चार कर्मद्वारा उत्पन्न हुने रूपकलापहरू उपलब्ध हुन्छ ।

पालि – **पवत्तियं चित्तोतुसमुट्ठाना च लब्भन्ति ।**

भावार्थ – प्रवृत्ति अवस्थामा चित्त र ऋतुबाट बनिने रूपकलापहरू पनि उपलब्ध हुन्छन् ।

पालि – **असञ्ञसत्तानं पन चक्खु सोत वत्थुसद्दापि न लब्भन्ति, तथा सब्बानिपि चित्तजरूपानि, तस्मा तेसं पटिसन्धिकाले जीवितनवकमेव ।**

भावार्थ – विशेष कुरा बताउँछु । असंज्ञासत्त्व पुद्‌गलहरूलाई चक्षु, श्रोत, वस्तु, शब्द पनि उपलब्ध छैन । त्यस्तै नै चित्तजरूप सबै नै



Downloaded from http://www.dhamma.digital

उपलब्ध छैनन् । तसर्थ ती असंज्ञासत्त्व ब्रह्माहरूको प्रतिसन्धि अवस्थामा जीवितनवक कलाप मात्र उपलब्ध हुने हुन्छ ।

पालि – **पवत्तियञ्च सद्दवज्जितं उतुसमुट्ठानरूपं अतिरिच्चति ।**

भावार्थ – प्रवृत्ति अवस्थामा पनि शब्दबाट अलग भएका ऋतु नै उत्पत्ति कारण भईरहेको रूप बाँकी रहने हुन्छ ।

पालि – **इच्चेवं कामरूपासञ्ञीसङ्खातेसु तीसु ठानेसु पटिसन्धि पवत्तिवसेन दुविधा रूपपवत्ति वेदितब्बा ।**

भावार्थ – यसरी बताइ आएको नय अनुसार काम भूमिमा, रूप भूमिमा, असंज्ञासत्त्व भूमिमा तीन वटा भूमिमा प्रतिसन्धि प्रवृत्ति हिसाबले दुई प्रकारको रूपको उत्पत्ति जान्नुपर्छ ।

## संग्रह–गाथा

पालि – **अट्ठवीसति कामेसु – होन्ति तेवीस रूपिसु ।**
**सत्तरसेव सञ्ञीनं, अरूपे नत्थि किञ्चिपि ॥**

**सद्दो विकारो जरता – मरणञ्चोपपत्तियं ।**
**न लब्भन्ति पवत्तेतु – न किञ्चिपि न लब्भति ॥**
**अयमेत्थ रूपपवत्तिक्कमो ।**

भावार्थ – ११ वटा कामभूमिमा २८ वटा रूप उत्पन्न हुने हुन्छ । असंज्ञासत्त्वबाट अलग भएका १५ वटा रूपभूमिमा २३ वटा रूप उत्पन्न हुने हुन्छ । असंज्ञासत्त्व पुद्गलहरूमा १७ वटा रूप मात्र उत्पन्न हुने हुन्छ । अरूपभूमि चारवटामा कुनै एउटा रूप पनि हुँदैन ।

प्रतिसन्धि अवस्थामा शब्द, विकाररूप ५ वटा, जीर्णता र अनित्यता उपलब्ध हुँदैन ।

प्राप्त नभएको पछि प्राप्त भएकोलाई बताउँछु । प्रवृत्ति अवस्थामा कुनै एउटा रूप पनि उपलब्ध नभएको होइन, उपलब्ध नै हुन्छ ।



Downloaded from http://www.dhamma.digital

यो बताई आएको यस रूपसंग्रहमा अथवा रूपसमुद्देश आदि पाँचवटा मध्ये रूपको उत्पत्ति क्रमलाई देखाउने नय हो ।

................

## निर्वाणलाई देखाउने

पालि – **निब्बानं पन लोकुत्तरसङ्खातं चतुमग्गञाणेन सच्छिकातब्बं मग्गफलानमारम्मणभूतं वानसङ्खाताय तण्हाय निक्खन्तत्ता निब्बानन्ति पवुच्चति ।**

भावार्थ – रूप पछि निर्वाणलाई बताउँछु। अथवा चित्त चैतसिक पछि निर्वाणलाई बताउँछु। मार्ग र फलको आरम्मण भईरहेको चारवटा मार्गज्ञानले साक्षात्कार गर्नुपर्ने लोकुत्तर भनेको निर्वाणलाई सत्त्वहरूलाई संसारचक्रमा टाँस्ने घोच्ने कारणले वान भनिने तृष्णाबाट निस्कने हुनाले निर्वाण भनी विशेष रूपले बताइयो ।

पालि – **तदेतं सभावतो एकविधम्पि सउपादिसेस निब्बानधातु अनुपादिसेस निब्बानधातु चे'ति दुविधं होति कारणपरियायेन ।**

भावार्थ – स्वभावको हिसाबले अथवा आ-आफ्नो कृत्य लक्षणको हिसाबले एक प्रकारले मात्र भएको त्यो निर्वाण क्लेशबाट अलग भएर पञ्चस्कन्धसँग मिलेको सउपादिसेस निर्वाणधातु र क्लेशबाट अलग भएको पञ्चस्कन्ध नभएको अनुपादिसेस निर्वाणधातु भनी यसरी बुझाउने कारण पर्यायले दुई प्रकारका छन् ।

पालि – **तथा सुञ्ञतं अनिमित्तं अप्पणिहितञ्चेति तिविधं होति आकारभेदेन ।**

भावार्थ – त्यसपछि अर्को राग, द्वेष र मोहबाट शून्य भई शून्यत नाम भएको निर्वाण; राग, द्वेष र मोह भन्ने कारण रहित भई अनिमित्त नाम भएको निर्वाण र राग, द्वेष र मोह भनेको अभिलाषाले रहित भई



Downloaded from http://www.dhamma.digital

अप्रणिहित नाम भएको निर्वाण भनी यसरी आकार भेदले तीन प्रकारले छन् ।

## संग्रह-गाथा

पालि – **पदमच्चुत मच्चन्तं – असङ्खत मनुत्तरं ।**
**निब्बानमिति भासन्ति – वानमुत्ता महेसयो ॥**

भावार्थ – च्यूति नभएको, च्युति भनेको अन्तलाई नाघेर जाने, कर्म, चित्त, ऋतु र आहार भनिने कारणधर्मद्वारा असंस्कृत भएको; आफूभन्दा उच्च भएको धर्म नभएको; मार्ग र फलको आरम्मण भएको धर्मलाई निर्वाण भनिन्छ भनी वान भनिने तृष्णाबाट मुक्त हुनुभएका तथागत बुद्धहरूले बताउनु भयो ।

## परमार्थ धर्म ४ वटा निगमन

पालि – **इति चित्तं चेतसिकं – रूपं निब्बान मिच्चपि ।**
**परमत्थं पकासेन्ति – चतुधाव तथागता ॥**

भावार्थ – यसरी बताई आएको नय अनुसार चित्त, चैतसिक, रूप र निर्वाण भनेर पनि चारै प्रकारले परमार्थ धर्मलाई तथागतहरूले प्रकाश गर्नुभयो ।

## रूपकाण्डको निगमन

पालि – **इति अभिधम्मत्थसङ्गहे रूपसङ्गह-विभागो नाम छट्ठो परिच्छेदो ।**

भावार्थ – अभिधर्मार्थसंग्रह नाम भएको ग्रन्थमा रूपसंग्रह विभाग नाम भएको छैठौं काण्ड सम्पूर्ण भयो ।

♦



Downloaded from http://www.dhamma.digital

# समुच्चय – काण्ड ७

## प्रतिज्ञा

पालि – **द्वासत्तत्ति विधा वृत्ता, वत्थुधम्मासलक्खणा ।**
**तेसं, दानि यथायोगं, पवक्खामि समुच्चयं ॥**

**भावार्थ -** आरम्मण, विजानन, स्पर्शन, कांक्षल, शान्ति आदि आ-आफ्नो कृत्यलक्षणसँग मिलेको ७२ बहत्तर प्रकारका स्वभावधर्मलाई मैले बताइसकें । अब ती बहत्तर स्वभावधर्मको समूहलाई मिल्न योग्यहुने तरिकाले विशेषरूपले बताउँछु ।

## संग्रह– मातृका

पालि – **अकुसल सङ्गहो मिस्सक सङ्गहो बोधिपाक्खिय-सङ्गहो सब्ब सङ्गहो चेति समुच्चयसङ्गहो चतुब्बिधो वेदितब्बो ।**

भावार्थ – अकुशल - संग्रह, मिश्रक- संग्रह, बोधिपक्षिय- संग्रह र सर्व - संग्रह भनी यसरी चार प्रकारले समुच्चय संग्रहलाई जान्नु पर्दछ ।

## अकुशल - संग्रह

## आश्रव ४ वटा

पालि - **कथं । अकुसलसङ्गहे ताव चत्तारो आसवा कामासवो भवासवो दिट्ठासवो अविज्जासवो ।**

भावार्थ - कसरी जान्नु पर्दछ ?

अकुशल संग्रहमा पहिले विजानन गर्नेलाई मैले बताउँछु । आश्रवहरू कामाश्रव, भवाश्रव, दृष्टाश्रव अविद्याश्रव भनी यसरी चारवटा छन् ।



Downloaded from http://www.dhamma.digital

## ओघ ४ वटा

पालि - **चत्तारो ओघा कामोघो भवोघो दिट्ठोघो अविज्जोघो ।**

भावार्थ - ओघहरू कामओघ, भवओघ, दृष्टिओघ, अविद्याओघ भनी यसरी चार वटा छन् ।

## योग (जोर्नी) ४ वटा

पालि - **चत्तारो योगा काम योगो भवयोगो दिट्ठियोगो अविज्जायोगो ।**

भावार्थ - योगहरू कामयोग, भवयोग, दृष्टियोग अविद्यायोग भनी यसरी चारवटा छन् ।

## ग्रन्थ (गाँठो) ४ वटा

पालि – **चत्तारोगन्था अविज्जाकायगन्थो, ब्यापादोकायगन्थो सीलब्बत परामासो कायगन्थो, इदंसच्चाभिनिवेसो कायगन्थो ।**

भावार्थ - ग्रन्थहरू अविद्या कायग्रन्थ, ब्यापाद कायग्रन्थ, शीलब्रत परामर्श कायग्रन्थ, यसरी सत्याभिनिवेस कायग्रन्थ भनी यसरी चारवटा छन्।

## उपादान ४ वटा

**पालि – चत्तारि उपादानानि कामुपादानं दिट्ठुपादानं सीलब्बतुपादानं अत्तवादुपादानं ।**

भावार्थ - उपादानहरू कर्म उपादान, दृष्टि उपादान, शीलब्रत उपादान, आत्मावाद उपादान भनी यसरी चारवटा छन् ।

## नीवरण (बाधा) ६ वटा

पालि - **छ नीवरणानि कामच्छन्द नीवरणं ब्यापाद नीवरणं थिनमिद्ध**



Downloaded from http://www.dhamma.digital

**- नीवरणं उद्धच्चकुक्कुच्च– नीवरणं विचिकिच्छा – नीवरणं अविज्जा – नीवरणं ।**

भावार्थ - नीवरणहरू कामच्छन्द नीवरण, ब्यापाद नीवरण, स्त्यानमिद्ध नीवरण, औधृत्यकौकृत्य नीवरण, विचिकित्सा नीवरण, अविद्या नीवरण भनी यसरी ६ वटा छन् ।

## अनुसय ७ वटा

पालि - **सत्त अनुसया कामरागानुसयो भवरागानुसयो पटिघानुसयो मानानुसयो दिट्ठानुसयो विचिकिच्छानुसयो अविज्जानुसयो ।**

भावार्थ - अनुशयहरू कामराग अनुशय, भवराग अनुशय, प्रतिघ अनुशय, मान अनुशय, दृष्टि अनुशय, विचिकित्सा अनुशय, अविद्या अनुशय भनी यसरी सातवटा छन् ।

## सुत्रनय अनुसार संयोजन १० वटा

पालि - **दस संयोजनानि कामराग – संयोजनं रूपराग- संयोजनं अरूपराग – संयोजनं पटिघ – संयोजनं मान– संयोजनं दिट्ठि – संयोजनं सीलब्बत परामास - संयोजनं विचिकिच्छा - संयोजन उद्धच्च - संयोजनं अविज्जा – संयोजनं (सुत्तन्ते)**

भावार्थ - सूत्रमा बताउनु भएका संयोजनहरू कामराग संयोजन, रूपराग - संयोजन, अरूपराग-संयोजन, प्रतिघ-संयोजन, मान-संयोजन, दृष्टि-संयोजन, शीलव्रत परामर्श- संयोजन, विचिकित्सा-संयोजन, औधृत्य-संयोजन, अविद्या-संयोजन, भनी यसरी दशवटा छन् ।

## अभिधर्म नय संयोजन १० वटा

पालि - **अपरानिपि दस संयोजनानि कामराग – संयोजनं भवराग - संयोजनं पटिघ - संयोजनं मान- संयोजनं दिट्ठि - संयोजनं**



Downloaded from http://www.dhamma.digital

**सीलब्बत परामास– संयोजनं विचिकिच्छा – संयोजनं इस्सा - संयोजनं मच्छरिय - संयोजनं अविज्जा - संयोजनं। (अभिधम्मे)**

भावार्थ - अभिधर्ममा बताउनुभएका अरुपनि दस संयोजनहरू, कामराग– संयोजन, भवराग - संयोजन, प्रतिघ-संयोजन, मान-संयोजन, दृष्टि-संयोजन, शीलब्रत परामर्श- संयोजन, विचिकित्सा-संयोजन, ईर्ष्या-संयोजन, मात्सर्य-संयोजन, अविद्या-संयोजन भनी यसरी १० वटा छन् ।

## क्लेश १० वटा

पालि – **दस किलेसा लोभो दोसो मोहो मानो दिट्ठि विचिकिच्छा थिनं उद्धच्चं अहिरिकं अनोत्तप्पं ।**

भावार्थ - क्लेशहरू लोभ, द्वेष, मोह, मान, दृष्टि, विचिकित्सा, स्त्यान, औधृत्य, अहिरिक, अनपत्राप्य, भनी दशवटा छन् ।

## स्वरूप छुट्याउने नय

**पालि - आसवादीसु पनेत्थ कामभवनामेन सब्बत्थुका तण्हा अधिप्पेता, सीलब्बतपरामासो इदंसच्चभिनिवेसो, अत्तवादुप्पादो च तथापवत्तं दिट्ठिमतमेव पवुच्चति ।**

भावार्थ - विशेष कुरा बताउँछु। यस अकुशल संग्रहमा आश्रव आदि मध्येमा काम र भव भनेको नामले त्यस काम र भव नामको आधार भईरहेको अथवा रूप र अरूपभव नै आधार भैरहेको तृष्णा अथवा लोभ चैतसिक अभिप्रेत हुन्छ। त्यस त्यस आकारले भैरहेको दृष्टि चैतसिक एउटालाई नै शीलव्रत परामर्श भनीयसरी सत्याभिनिवेश र आत्मवाद उपादान भनी विशेष रूपले बताईराखेको छ ।

## संग्रह – गाथा

पालि – **आसवोघा च योगा च, तयो ग्रन्था च वत्थुतो ।**



Downloaded from http://www.dhamma.digital

**उपादाना दुवे वुत्ता, अट्ठ नीवरणा सियुं ॥**

**छलेवानुसया होन्ति, नव संयोजना मता ।**
**किलेसा दस वुत्तोयं, नवधा पाप - सङ्गहो ॥**

भावार्थ - स्वभाव अनुसार वा स्वरूप अनुसार आश्रव, ओघ, योग र ग्रन्थलाई तीन प्रकारको छ भनी बताइयो । उपादानलाई दुई प्रकारको छ भनी बताइयो । नीवरण आठ प्रकारका छन् ।

अनुशय ६ प्रकारका मात्र छन् । संयोजनलाई नौ प्रकारको क्लेशलाई दश प्रकारका छन् भनी जान्नुपर्दछ । यसरी नौ प्रकारले यस अकुशल संग्रहलाई मैले बताएँ ।

## मिश्रक - संग्रह

### हेतु ६ वटा

पालि - **मिस्सक – सङ्गहे छ हेतू लोभो दोसो मोहो अलोभो अदोसो अमोहो ।**

भावार्थ - मिश्रक संग्रहमा यसरी विभाजन गर्नेलाई म बताउँछु । हेतुहरू लोभहेतु, द्वेषहेतु, मोहहेतु, अलोभहेतु, अद्वेषहेतु, अमोहहेतु, भनी यसरी छ वटा छन् ।

### ध्यानअङ्ग ७ वटा

पालि - **सत्त झानङ्गानि वितक्को विचारो पीति एकग्गता सोमनस्सं दोमनस्सं उपेक्खा ।**

भावार्थ – ध्यान अङ्गहरू वितर्क, विचार, प्रीति, एकाग्रता, सौमनस्य, दौर्मनस्य र उपेक्षा ध्यानअङ्ग भनी यसरी सातवटा छन् ।



Downloaded from http://www.dhamma.digital

## मार्ग अङ्ग १२ वटा

पालि – **द्वादस मग्गङ्गानि सम्मादिट्ठि सम्मासङ्कप्पो सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो सम्मावायामो सम्मासति सम्मासमाधि मिच्छादिट्ठि मिच्छासङ्कप्पो मिच्छावायामो मिच्छासमाधि ।**

भावार्थ – मार्ग अङ्गहरू- सम्यकदृष्टि, सम्यकसंङ्कल्प, सम्यकवचन, सम्यकआजीव, सम्यकव्यायाम, सम्यकस्मृति, सम्यकसमाधि, मिथ्यादृष्टि, मिथ्यासङ्कल्प, मिथ्याव्यायाम, मिथ्यासमाधि भनी यसरी मार्गअङ्ग १२ वटा छन् ।

## इन्द्रिय २२ वटा

पालि – **बावीसतिन्द्रियानि चक्खुन्द्रियं सोतिन्द्रियं घानिन्द्रियं जिह्विन्द्रियं कायिन्द्रियं इत्थिन्द्रियं पुरिसिन्द्रियं जीवितिन्द्रियं मनिन्द्रियं सुखिन्द्रियं दुक्खिन्द्रियं सोमनस्सिन्द्रियं दोमनस्सिन्द्रियं उपेक्खिन्द्रियं सद्धिन्द्रियं वीरियन्द्रियं सतिन्द्रियं समाधिन्द्रियं पञ्ञिन्द्रियं अनञ्ञाञ्ञस्सामितन्द्रियं अञ्ञिन्द्रियं अञ्ञाताविन्द्रियं।**

भावार्थ – इन्द्रियहरू- चक्षु - इन्द्रिय, श्रोत - इन्द्रिय, घ्राण - इन्द्रिय, जिह्वा - इन्द्रिय, काय - इन्द्रिय, स्त्री -इन्द्रिय, पुरुष - इन्द्रिय, जीवित - इन्द्रिय, मन - इन्द्रिय, सुख -इन्द्रिय, दु:ख - इन्द्रिय, सौमनस्य - इन्द्रिय, दौर्मनस्य - इन्द्रिय, उपेक्षा -इन्द्रिय, श्रद्धा - इन्द्रिय, वीर्य - इन्द्रिय, स्मृति -इन्द्रिय, समाधि - इन्द्रिय, प्रज्ञा -इन्द्रिय, अनज्ञातंज्ञाष्यामीति -इन्द्रिय, अज्ञा -इन्द्रिय, अज्ञातावि - इन्द्रिय भनी यसरी इन्द्रिय २२ वटा छन् ।



Downloaded from http://www.dhamma.digital

## बल ९ वटा

पालि - **नव बलानि सद्धाबलं वीरियबलं सतिबलं समाधिबलं पञ्ञाबलं हिरिबलं ओतप्पबलं अहिरिकबलं अनोतप्पबलं ।**

भावार्थ – बलहरू - श्रद्धा - बल, वीर्य - बल, स्मृति - बल, समाधि - बल, प्रज्ञा - बल, न्ही - बल, अत्रपा - बल, आन्हीक्य - बल, अनपत्राप्य - बल, भनी यसरी नौवटा छन् ।

## अधिपति ४ वटा

पालि – **चत्तारो अधिपति छन्दाधिपति वीरियाधिपति चित्ताधिपति वीमंसाधिपति ।**

भावार्थ – अधिपतिहरू - छन्द - अधिपति, वीर्य - अधिपति, चित्त - अधिपति, विमंश - अधिपति भनी चारवटा छन् ।

## आहार ४ वटा

पालि – **चत्तारो आहारा कबलीका आहारो फस्सो दुतियो मनोसञ्चेतना ततिया विञ्ञाणं चतुत्थं ।**

भावार्थ – आहारहरू - गाँस गाँस गर्नु नपरे पनि गाँस हालेजस्तै गर्नुपर्ने आहार, दोश्रो स्पर्श आहार, तेश्रो मनोसंचेतना आहार, चौथो विज्ञान आहार भनी यसरी चारवटा छन् ।

## स्वरूप छुट्याउने नय

पालि – **इन्द्रियेसु पनेत्थ सोतापत्ति - मग्गञाणं अनञ्ञातञ्ञस्सामीतिन्द्रियं अरहत्तफलञाणं अञ्ञाताविन्द्रियं मज्झे छ ञाणानि अञ्ञान्द्रियानीति पवुच्चति । जीवितिन्द्रियस्सरूपारूपवसेन दुविधं होति ।**

भावार्थ – विशेष कुरा बताउँछु । यस मिश्रक - संग्रहमा



Downloaded from http://www.dhamma.digital

इन्द्रियहरू मध्येमा श्रोतापत्ति मार्गज्ञानलाई अनज्ञातंज्ञाष्यामीति इन्द्रिय भनी विशेषरूपले बताएको छ । अरहत्त फल ज्ञानलाई अज्ञाताविन्द्रिय भनी विशेषरूपले बताएको छ । बीचको ६ वटा ज्ञानलाई अज्ञा-इन्द्रिय भनि विशेषरूपले बताएको छ । जीवित इन्द्रिय पनि रूपजीवित इन्द्रिय, नामजीवित इन्द्रिय हिसाबले दुई प्रकारको भयो ।

पालि - **पञ्चविञ्ञाणेसु झानङ्गानि अवीरियेसु बलानि अहेतुकेसु मग्गङ्गानि न लब्भन्ति, तथा विचिकिच्छा - चित्ते एकग्गता – मग्गिन्द्रिय - बल भावं न गच्छति ।**

भावार्थ–द्विपञ्चविज्ञान दशवटा ध्यानअङ्ग उपलब्ध हुँदैन । वीर्य नभएको चित्त सोह्र वटामा बल उपलब्ध हुँदैन । अहेतुक चित्त अठारवटामा मार्गअङ्ग उपलब्ध हुँदैन । त्यस्तै नै विचिकित्सा सहगत चित्तमा एकाग्रता चैतसिक, मार्ग इन्द्रिय र बलको रूपमा जाँदैन ।

पालि – **द्विहेतुक – तिहेतुक – जवनेस्वेव यथासम्भवं अधिपति एकोव लब्भति ।**

भावार्थ – द्विहेतुक जवन अठारवटा, त्रिहेतुक जवन चौतीसवटामा मात्र योग्यताअनुसार अधिपति एउटा एउटा मात्र उपलब्ध हुन्छ ।

## संग्रह – गाथा

पालि – **छ हेतु पञ्च झानङ्गा, मग्गङ्गा नव वत्थुतो ।**
**सोलसिन्द्रिय धम्मा च, बलधम्मा नवेरिता ॥**
**चत्तारोधिपति वुत्ता, तथाहाराति सत्तधा ।**
**कुसलादि – समाकिण्णो, वुत्तो मिस्सक - सङ्गहो ॥**

भावार्थ – स्वभाव अनुसार वा स्वरूपअनुसार हेतुलाई ६ वटा छ भनि बताएको छ । ध्यानअङ्गलाई ५ वटा छ भनि बताएको छ । मार्ग अङ्गलाई नौवटा छ भनि, इन्द्रिय धर्मलाई सोह्रवटा छ भनि, बल धर्मलाई नौवटा छ भनी देखाएको छ ।



Downloaded from http://www.dhamma.digital

अधिपतिलाई ४ वटा छ भनी, त्यस्तै नै आहारलाई ६ वटा छ भनी बताएको छ। यसरी सात प्रकारले कुशल इत्यादि छ्यासमिस भईरहेको मिश्रक - संग्रहलाई बताएँ।

## बोधिपक्षिय – संग्रह

### स्मृति प्रस्थान ४ वटा

पालि – **बोधिपक्खियसङ्गहे चत्तारो सतिपट्ठाना कायानुपस्सना सतिपट्ठानं वेदनानुपस्सना सतिपट्ठानं चित्तानुपस्सना सतिपट्ठानं धम्मानुपस्सना सतिपट्ठानं।**

भावार्थ – बोधिपक्षिय - संग्रहमा यसरी विभाजन गर्नेलाई मैले बताउँछु। स्मृतिप्रस्थानहरू कायानुपश्यना स्मृतिप्रस्थान, वेदनानुपश्यना स्मृतिप्रस्थान, चित्तानुपश्यना स्मृतिप्रस्थान, धर्मानुपश्यना स्मृतिप्रस्थान भनी यसरी चारवटा छन्।

### सम्यक प्रधान ४ वटा

Dhamma.Digital

पालि – **चत्तारो, सम्मप्पधाना उप्पन्नानं पापकानं पहानाय वायामो, अनुप्पन्नानं पापकानं अनुप्पादाय वायामो, अनुप्पन्नानं कुसलानं उप्पादाय वायामो, उप्पन्नानं कुसलानं भियुयोभावाय वायामो।**

भावार्थ – सम्यक प्रधानहरू- उत्पन्न भैसकेको अकुशल धर्मलाई हटाउनुको निम्ति कोशिस गर्नु, उत्पन्न नभएको अकुशल धर्मलाई उत्पन्न हुन नदिन कोशिस गर्नु, उत्पन्न नभएको कुशल धर्मलाई उत्पन्न गराउन कोशिस गर्नु, उत्पन्न भैसकेको कुशल धर्मलाई झन बढि बृद्धि गर्नुको निम्ति कोशिस गर्नु भनी यसरी चारवटा छन्।



Downloaded from http://www.dhamma.digital

## ऋद्धिपाद ४ वटा

पालि – **चत्तारो इद्धिपादा छन्दिद्धिपादो वीरियिद्धिपादो चित्तिद्धिपादो विमंसिद्धिपादो ।**

भावार्थ – ऋद्धिपादहरू छन्द - ऋद्धिपाद, वीर्य - ऋद्धिपाद, चित्त- ऋद्धिपाद, विमंश - ऋद्धिपाद भनि यसरी चारवटा छन् ।

## इन्द्रिय ५ वटा

पालि – **पञ्चिन्द्रियानि सद्धिन्द्रियं वीरियिन्द्रियं सतिन्द्रियं समाधिन्द्रियं पञ्ञिन्द्रियं ।**

भावार्थ – इन्द्रियहरू श्रद्धा - इन्द्रिय, वीर्य - इन्द्रिय, स्मृति - इन्द्रिय, समाधि - इन्द्रिय, प्रज्ञा - इन्द्रिय, भनि यसरी पाँचवटा छन् ।

## बल ५ वटा

पालि - **पञ्चबलानि सद्धबलं वीरियबलं सतिबलं समाधिबलं पञ्ञाबलं ।**

भावार्थ - बलहरू - श्रद्धा - बल, वीर्य - बल, स्मृति - बल, समाधि - बल, प्रज्ञा - बल, भनि यसरी पाँचवटा छन् ।

## बोध्यङ्ग ७ वटा

पालि – **सत्तबोज्झङ्गा सतिसम्बोज्झङ्गो धम्मविचयसम्बोज्झङ्गो वीरियसम्बोज्झङ्गो पीतिसम्बोज्झङ्गो पस्सद्धिसम्बोज्झङ्गो समाधिसम्बोज्झङ्गो उपेक्खासम्बोज्झङ्गो ।**

भावार्थ – बोध्यङ्गहरू– स्मृति-सम्बोध्यङ्ग, धर्मविचय-सम्बोध्यङ्ग, वीर्य-सम्बोध्यङ्ग, प्रीति-सम्बोध्यङ्ग, प्रश्रब्धि-सम्बोध्यङ्ग, समाधि-सम्बोध्यङ्ग, उपेक्षा-सम्बोध्यङ्ग, भनि यसरी सातवटा छन् ।



Downloaded from http://www.dhamma.digital

## मार्गअङ्ग ८ वटा

पालि – **अट्ठमग्गङ्गानि सम्मादिट्ठि सम्मासंकप्पो सम्मावाचा सम्माकम्मन्तो सम्माआजीवो सम्मावायामो सम्मासति सम्मासमाधि ।**

भावार्थ – मार्गअंगहरू सम्यकदृष्टि, सम्यकसंकल्प, सम्यकवचन, सम्यककर्मान्त, सम्यकआजीव, सम्यकव्यायाम, सम्यकस्मृति, सम्यकसमाधि भनि यसरी आठवटा छन् ।

## स्वरूप देखाउने नय

पालि – **एत्थ पन चत्तारो सतिपट्ठानाति सम्मासति एकोव पवुच्चति । तथा चत्तारे सम्मप्पधानाति च सम्मावायामो ।**

भावार्थ – विशेष कुरा बताउँछु । यस, बोधिपक्षिय संग्रहमा सम्यकस्मृति एउटालाई नै चार स्मृतिप्रस्थान भनि विशेषरूपले बताएको छ । त्यस्तै नै सम्यकव्यायाम एउटालाई नै चार सम्यकप्रधान भनि विशेषरूपले बताएको छ ।

Dhamma.Digital

## स्वरूप देखाउने संग्रह गाथा

पालि – **छन्दो चित्तमुपेक्खा च, सद्धापस्सद्धि – पीतियो ।**
**सम्मादिट्ठि च संकप्पो, वायामो विरतित्तयो ॥**
**सम्मासति समाधीति, चुद्दसेते सभावतो ।**
**सत्तत्तिंस प्पभेदेन, सत्तधा तत्थ सङ्गहो ॥**

भावार्थ – यी बोधिपक्षिय धर्म स्वभाव अनुसार तथा स्वरूपअनुसार छन्द चैतसिक, लोकुत्तर चित्त, तत्रमध्यस्थता चैतसिक, श्रद्धा, प्रश्रब्धि, प्रीति चैतसिक, अमोह चैतसिक, वितर्क चैतसिक, वीर्य चैतसिक, विरति चैतसिकको तीन समूह, स्मृति चैतसिक र एकाग्रता चैतसिक भनी यसरी



Downloaded from http://www.dhamma.digital

१४ वटा छन् । प्रभेद अनुसार ३७ वटा छन् । यसरी त्यस बोधिपक्षिय संग्रहमा ७ प्रकारले गिन्ति गर्नु पर्ने हुन्छ ।

## स्थान अनुसार विभाजन गर्ने

पालि – **सङ्कप्प पस्सद्धि च पीतुपेक्खा ।**
**छन्दो च चित्तं विरतित्तयं च ॥**

**नवेक ठाना वीरियं नवट्ठ ।**
**सति समाधी चतु पञ्च पञ्ञा ॥**

**सद्धा दुठानुत्तम – सत्तत्तिसं ।**
**धम्मानमेसो पवरो विभागो ॥**

भावार्थ – वितर्क, प्रश्रब्धि चैतसिक, प्रीति, तत्रमध्यस्थता चैतसिक, छन्द चैतसिक, लोकुत्तर चित्त, विरति चैतसिकको ती समूह, यसरी नौवटा धर्म एकस्थान भएको भयो । वीर्य चैतसिकको ९ वटा स्थान छन्। स्मृति चैतसिकको आठवटा स्थान छन्, एकाग्रता चैतसिकको चारवटा स्थान, श्रद्धा स्थान छन्, एकाग्रता चैतसिकको चारवटा स्थान, श्रद्धा चैतसिकको दुइवटा स्थान छन् । यसरी उत्तम सैंतीस बोधिपक्षिय धर्मको यसरी प्रवर स्वभाव भएको विभाजनलाई मैले बताईसकें ।

## संग्रह – गाथा

पालि – **सब्बे लोकुत्तरे होन्ति, नवा सङ्कप्प पीतियो ।**
**लोकियेपि यथायोगं, छब्बिसुद्धि पवत्तियं ॥**

भावार्थ – लोकुत्तर चित्तमा सबै बोधिपक्षिय धर्महरू छन् । वितर्क र प्रीति चैतसिक कुनै कुनै लोकुत्तर चित्तमा हुँदैन । लौकिक शोभन चित्तमा पनि ६ वटा विशुद्धिको उत्पत्ति भयोभने मिल्न योग्य अनुसार हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## सब्ब - सङ्गह

पालि – **सब्ब सङ्गहे पञ्चक्खन्धा रूपक्खन्धो वेदनाक्खन्धो सञ्ञाक्खन्धो संखारक्खन्धो विञ्ञाणक्खन्धो ।**

भावार्थ – सर्व- संग्रहमा यसरी विभाजन गर्ने म बताउँछु । स्कन्धहरू रूपस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध, विज्ञानस्कन्ध भनी यसरी पाँचवटा छन् ।

## उपादानस्कन्ध ५ वटा

**पालि – पञ्चुपादानक्खन्धा रूपुपादानक्खन्धो वेदनुपादानक्खन्धो सञ्ञुपादानक्खन्धो संखारूपादानक्खन्धनो विञ्ञानुपादानक्खन्धो ।**

भावार्थ – उपादानको आरम्मण भईरहेको स्कन्धहरू – रूप-उपादानस्कन्ध, वेदना-उपादानस्कन्ध, संज्ञा-उपादानस्कन्ध, संस्कार-उपादानस्कन्ध, विज्ञान-उपादानस्कन्ध ।

## आयतन १२ वटा

Dhamma.Digital

**पाालि – द्वादसायतनानि चक्खायतनं सोतायतनं घानायतनं जिह्वायतनं कायायतनं मनायतनं रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोठब्बायतनं धम्मायतनं ।**

भावार्थ – आयतनहरू – चक्षु-आयतन, श्रोत-आयतन, घ्राण-आयतन, जिह्वा-आयतन, काय-आयतन, मन-आयतन, रूप-आयतन, शब्द-आयतन, गन्ध-आयतन, रस-आयतन, प्रष्टब्य-आयतन, धर्म-आयतन भनी यसरी १२ वटा छन् ।

## धातु १८ वटा

**पालि – अट्ठारस धातुयो चक्खुधातु सोतधातु घानधातु जिह्वाधातु**



Downloaded from http://www.dhamma.digital

**कायधातु रूपधातु सद्दधातु गन्धधातु रसधातु फोट्ठब्बधातु चक्खुविञ्ञाणधातु सोतविञ्ञाणधातु घानविञ्ञाणधातु जिह्वाविञ्ञाणधातु कायविञ्ञाणधातु मनोधातु मनोविञ्ञाणधातु धम्मधातु ।**

भावार्थ – धातुहरू – चक्षुधातु, श्रोतधातु, घ्राणधातु, जिह्वाधातु, कायधातु, रूपधातु, शब्दधातु, गन्धधातु, प्रष्टब्यधातु, चक्षुविज्ञानधातु, श्रोतविज्ञानधातु घ्राणविज्ञानधातु, जिह्वाविज्ञान धातु, कायविज्ञानधातु, मनोधातु मनोविज्ञानधातु, धर्मधातु भनी यसरी १८ वटा छन् ।

## सत्य ४ वटा

**पालि– चत्तारि अरियसच्चानि दुक्खं अरियसच्चं दुक्खसमुदयो अरियसच्चं दुक्खनिरोधो अरियसच्चं दुक्खनिरोधगामिनीपटिपदा अरियसच्चं ।**

भावार्थ – आर्यसत्य दुःख भनेको आर्यसत्य, दुःखको कारण भईरहेको आर्यसत्य, दुःख निरोध भईरहेको आर्यसत्य, दुःखको निरोध भईरहेको निर्वाणमा पुग्ने आचरण भनेको आर्यसत्य भनि यसरी चारवटा छन् ।

## स्वरूप देखाउने नय

**पालि – एत्थ पन चेतसिक- सुखमरूप- निब्बानवसेन एकूनसत्तति धम्मा धम्मायतन - धम्मधातूति संखं गच्छन्ति । मनायतनमेव सत्तविञ्ञाण - धातुवसेन भिज्जति ।**

भावार्थ – विशेष कुरा बताउँछु । यो सर्वसंग्रहमा चैतसिक ५२ वटा, शूक्ष्मरूप १६ वटा, निर्वाणको हिसाबले ६९ वटा धर्म धर्मायतन धर्मधातु भन्ने गिन्ति अथवा व्यवहारमा जाने हुन्छ । मनायतन एउटा मात्र सातवटा विज्ञानधातुको हिसाबले भेद हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## संग्रह – गाथा

पालि – **रूपञ्च वेदना सञ्ञा, सेस चेतसिका तथा। वञ्ञाणमीति पञ्चेते, पञ्चक्खन्धाति भासिता॥**

भावार्थ – रूप २८ वटा, वेदना र संज्ञाबाट बाकि रहेका ५० वटा चैतसिक, त्यस्तै ८९ वटा चित्त, यसरी यी ५ धर्मलाई पञ्चस्कन्ध भन्छ भनी तथागतले आज्ञा गर्नुभयो।

## संग्रह – गाथा

पालि – **पञ्चुपादानक्खन्धाति, तथा तेभूमका मता। भेदाभावेन निब्बानं, खन्धसङ्गह – निस्सटं॥**

भावार्थ – त्यस्तै नै तीनवटा भूमिमा उत्पन्न हुने यी स्वभावधर्म ५ वटालाई पञ्चउपादानस्कन्ध भनिन्छ भनि बुझ्नुपर्‍यो। निर्वाण मात्र वर्तमान, अतीत, अनागत अध्यात्म, बाह्य, टाढा, नजिक, प्रणीत, शूक्ष्म, औडारिक, यी एघारवटा भेद नभएको कारणले स्कन्ध भनेको गिन्तिदेखि मुक्त भएको हुन्छ।

Dhamma.Digital

## संग्रह – गाथा

पालि – **द्वारालम्बन – भेदेन, भवन्तायतनानि च। द्वारालम्बनदुप्पन्न, परियायेन धातुयो॥**

भावार्थ – आयतन ६ वटा, द्वार ६ वटा आरम्मण भेदले १२ वटा छन्। धातुहरू पनि ६ द्वारा ६ आरम्मण र ती द्वार र ती आरम्मणको आधारले उत्पन्न हुने विज्ञानले क्रमानुसार १८ वटा छन्।

## संग्रह – गाथा

पालि – **दुक्खं तेभूमकं वट्टं, तण्हा समुदयो भवे।**



Downloaded from http://www.dhamma.digital

**निरोधोनाम निब्बानं, मग्गो लोकुत्तरो मतो ॥**

भावार्थ – तीनवटा भूमिमा उत्पन्न हुने संसारधर्म दुःखसत्य भनेको हुने हून्छ। लोभ चैतसिक समुदयसत्य भनेको हुने हुन्छ। निर्वाण निरोधसत्य भनेको हुने हुन्छ। लोकुत्तर मार्गअङ्ग आठवटालाई मार्गसत्य भनि भन्छन् भनी बुझ्नु पऱ्यो।

## संग्रह – गाथा

पालि – **मग्गयुत्ता फलाचेव, चतुसच्चविनिस्सटा।**
**इति पञ्चप्पभेदन, पवुत्तो सब्बसङ्गहो ॥**

भावार्थ – मार्ग आठवटासंग मिलेको मार्गचित्तोत्पादन र फलचित्तोत्पाद, चारवटा सत्यबाट अलग्ग छन्। यसरी पाँच प्रभेदले सर्व संग्रहलाई विशेष रूपले बताइसकें।

## समुच्चय काण्डको निगमन

पालि – **इति अभिधम्मत्थसङ्गहे समुच्चय - सङ्गह विभागो नाम सत्तमो परिच्छेदो।**

भावार्थ – अभिधर्मार्थसंग्रह नाम भएको ग्रन्थमा समुच्चय - संग्रह विभाग नाम भएको हुन्छ।

**सातौंकाण्ड सम्पूर्ण भयो।**

♦



Downloaded from http://www.dhamma.digital

# प्रत्यय - काण्ड ८

## प्रतिज्ञा

**पालि - येसं संखतधम्मानं, ये धम्मा पच्चया यथा ।
तं विभागमिहेदानि, पवक्खामि यथारहं ॥**

भावार्थ – जुन स्वभाव भएको सहेतुक चित्त ७१ वटा, मोहमूल दुईवटामा भएको मोहबाट अलग भएको चैतसिक ५२ वटा, सहेतुक चित्तरूप, सहेतुक प्रतिसन्धि कर्मजरूपआदि प्रत्ययुत्पन्न धर्मलाई जुन ६ हेतु इत्यादि प्रत्यय धर्महरूले जुन ६ हेतु शक्ति आदि प्रकारले उपकार गर्ने हो त्यस प्रत्युत्पन्न धर्मलाई त्यस प्रत्ययधर्महरूले उपकार गर्ने शक्ति विभाजनलाई यस समुच्चय संग्रह पछि आइरहेको प्रत्यय संग्रहको ठाउँमा अब मैले योग्यतानुसार विशेषरूपले बताउँछु ।

## नय दुईवटाको विशेषता

**पालि – पटिच्चसमुप्पादनयो पट्ठाननयो चेति पच्चयसङ्गहो दुविधो वेदितब्बो ।**

भावार्थ – प्रतीत्यसमुत्पाद नय र प्रस्थान नय भनि प्रत्यय संग्रहलाई यसरी दुई किसिमले जान्नु पर्दछ ।

**पालि – तत्थ तभावीभावाकारमत्तो पलक्खितो पटिच्चसमुप्पादनयो ।
पट्ठाननयो पन आहच्च पच्चयट्ठितिमारब्भ पवुच्चति ।
उभयं पन वोमिस्सित्वा पपञ्चेन्ति आचरिया ।**

भावार्थ – यी दुई नय मध्येमा त्यस अविद्यादि कारणधर्मको उत्पत्ति पछि उत्पन्न हुने स्वभाव भएको संस्कारादि फलधर्मको उत्पत्ति आकार मात्रले नियमित भएको नयलाई प्रतीत्यसमुत्पाद नय भन्छ । प्रस्थान नयलाई मात्र विशेषगरी उत्पन्न हुने प्रत्यय भनेको



Downloaded from http://www.dhamma.digital

आधारलाई कारण तुल्याई बताउनु पर्दछ। दुबै नयलाई छ्यासमिस गरी अर्थकथाचार्यहरूले विस्तृत गरिराखेको छ । हामी (अनुरुद्धाचार्यहरूले) अलग अलग गरेर बताउँछु ।

## प्रतीत्यसमुत्पाद नय

**पालि – तत्थ अविज्जापच्चया संखारा, संखारपच्चया विञ्ञाणं । विञ्ञाणपच्चया नामरूपं । नामरूपपच्चया सलायतनं । सलायतनपच्चया फस्सो । फस्सपच्चया वेदना । वेदनापच्चया तण्हा । तण्हापच्चया उपादानं । उपादान – पच्चया भवो । भव - पच्चया जाति । जाति - पच्चया जरामरणसोकपरिदेवदुक्खदोमनस्सुपायासा सम्भवन्ति । एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स समुदयो। होतीति। अयमेत्थ पटिच्चसमुप्पादनयो ।**

भावार्थ – ती दुई नय मध्येमा "अविज्जा..... पे° ..... समुदयो होति" भनिएको यस नयलाई यो प्रत्यक्ष संग्रहको ठाउँमा प्रतीत्यसमुत्पाद नय भन्दछ ।

Dhamma.Digital

चार आर्यसत्य धर्मलाई ढाकिदिने मोहको कारणले नै पुण्याभिसंस्कार, अपुण्याभिसंस्कार, आनेञ्जाभिसंस्कार उत्पन्न हुने हुन्छ। संस्कारको कारणले नै प्रतिसन्धि चित्त एककम बीस (१९) वटा विज्ञान अथवा लौकिक विपाक ३२ वटा भनिएको विज्ञान वा एककम नब्बे (८९) वटा चित्त भनिएको विज्ञान उत्पन्न हुने हुन्छ। विज्ञानको कारणले चार नाम, रूप र नामरूप उत्पन्न हुने हुन्छ। नामरूपको कारणले चार नाम, रूप र नामरूप उत्पन्न हुने हुन्छ । नामरूपको कारणले चक्षु आयतन, श्रोत आयतन, घ्राण आयतन, जिह्वा आयतन, काय आयतन र मन आयतन अथवा षडायतन उत्पन्न हुने हुन्छ । षडायतनको कारणले चक्षु संस्पर्श, श्रोत संस्पर्श, घ्राण संस्पर्श, जिह्वा संस्पर्श, काय संस्पर्श र मनो संस्पर्श उत्पन्न हुने हुन्छ। स्पर्शको कारणले चक्षु संस्पर्श वेदना,



Downloaded from http://www.dhamma.digital

श्रोत संस्पर्श वेदना, घ्राण संस्पर्श वेदना, जिह्वा संस्पर्श वेदना, काय संस्पर्श वेदना र मनो संस्पर्श वेदना अथवा सुख दुःख र उपेक्षा वेदना उत्पन्न हुने हुन्छ। वेदनाको कारणले कामतृष्णा, भवतृष्णा र विभवतृष्णा अथवा रूपतृष्णा, शब्दतृष्णा, गन्धतृष्णा, रसतृष्णा स्प्रष्टब्यतृष्णा र धर्मतृष्णा उत्पन्न हुने हुन्छ । तृष्णाले कारणले काम उपादान, दृष्टि उपादान,शीलब्रत उपादान र आत्मवाद उपादान उत्पन्न हुने हुन्छ । भवको कारणले प्रतिसन्धि (जन्म लिनुपर्ने) भएर आउँछ। बुढा हुने, मृत्यु हुने, शोक हुने, विलाप हुने, दुःख हुने, मन बिग्रने, धेरै दाह हुने उत्पन्न हुने हुन्छ। यसरी माथि बताई आएको प्रत्यय परम्परा बिधि अनुसार सुख आदिसँग नमिसिएको यो दुःख समूह प्रकटरूपमा उत्पत्ति हुने हुन्छ। यो यस ठाउँमा प्रतीत्यसमुत्पाद नय हो ।

## अद्धान आदिलाई देखाउने

**पालि – तत्थ तयो अद्धा द्वादसङ्गानि वीसताकारा, तिसन्धि, चतुसंखेपा, तीणि वट्टानि, द्वे मूलानि च वेदितब्बानि ।**

भावार्थ – त्यस प्रतीत्यसमुत्पादनयमा तीन काललाई, बाऱ्ह अङ्गलाई, बीस आकारलाई जोर्नी तीन वटालाई चिरा चार वटालाई तीन वर्त (घेरा) लाई र दुईवटा मूललाई जान्नु पर्दछ ।

## अद्धान (काल) ३ वटा

**कथं ?**

**पालि – अविज्जा संखारा अतीतो अद्धा जातिजरामरणं अनागतो अद्धा मज्झे अट्ठ पच्चुप्पन्नो अद्धाति तयो अद्धा ।**

भावार्थ – कसरी जान्नुपर्छ ।

अविद्या र संस्कारलाई अतीतकाल भनिन्छ । जाति, जरा र



Downloaded from http://www.dhamma.digital

मरणलाई अनागतकाल भनिन्छ । बीचको आठवटा विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान र भवलाई वर्तमानकाल भनिन्छ । यसरी तीन काललाई जान्नु पर्छ ।

## अङ्ग १२ वटा

**पालि – अविज्जा संखारा विञ्ञाणं नामरूपं सलायतनं फस्सो वेदना तण्हा उपादानं भवो जाति जरामरणन्ति द्वादसङ्गति ।**

भावार्थ – अविद्या, संस्कार, विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, तृष्णा, उपादान, भव, जाति, जरामरण यसरी १२ वटा अङ्गलाई जान्नुपर्छ ।

**पालि – सोकादिवचनं पनेत्थ निस्सन्दफलनिदस्सनं ।**

भावार्थ – विशेष कुरा बताउँछु । यस प्रतीत्यसमुत्पादनयमा शोकादि वचनलाई भनिराखेको जातिको मुख्य नभएको फल परम्परालई देखाउने फल हो । अलग्ग अङ्ग देखाउने होइन ।

## आकार २ वटा जोर्नी ३ वटा चिरा ४ वटा

**पालि – अविज्जासंखारगहणेन पनेत्थ तण्हुपादानभवापि गहिता भवन्ति ।**

भावार्थ – विशेष कुरा बताउँछु । यी १२ अङ्गमा अविद्या र संस्कारलाई ग्रहण गर्नाले तृष्णा, उपादान र कर्मभवलाई पनि ग्रहण गरेको हुन जान्छ ।

**पालि – तदा तण्हुपादानभवग्गहणेन च अविज्जा संखारा ।**

भावार्थ – त्यसैले तृष्णा, उपादान र भवलाई ग्रहण गर्नाले पनि अविद्या र संस्कारलाई ग्रहण गरेको हुन जान्छ ।

**पालि – जातिजरामरणग्गहणेन च विञ्ञाणादिफलपञ्चकमेव**



Downloaded from http://www.dhamma.digital

**गहितन्ति कत्वा ।**

भावार्थ – जाति जरा मरणलाई ग्रहण गर्नाले पनि विज्ञान आदि फल पाँचवटालाई मात्र गर्नुपर्ने हुन्छ ।

तसर्थ....................

## संग्रह – गाथा

**पालि – अतीते हेतवो पञ्च, इदानि फलपञ्चकं । इदानि हेतवो पञ्च, आयतिं फलपञ्चकंति । वीसताकारा तिसन्धि चतुसंखेपा च भवन्ति ।**

भावार्थ – पहिलो जन्ममा पाँच कारणहरू, अहिले वर्तमान जन्ममा पाँच फल समूह, अहिले वर्तमान जन्ममा पाँच कारणहरू, अनागत जन्ममा पाँच फलसमूह, यसरी बीस आकार, तीन जोर्नी र चार चिरा हुने हुन्छन् ।

## वर्त ३ वटा

**पालि – अविज्जा तण्हुपादाना च किलेसवट्टं ।**
**कम्मभवसंखातो भवेकदेसो संखारा च कम्मवट्टं ।**
**उपपत्तिभव – संखातो भवेकदेसो अवसेसा च विपाकवट्टन्ति तीणि वट्टानि ।**

भावाथ – अविद्या, तृष्णा र उपादानलाई क्लेश वर्त भन्छ ।

कर्मभव भनेको भवको केहि अंश र संस्कारलाई कर्मवर्त भन्छ ।

उपपत्तिभव भनेको भवको केही अंश र माथि बताई आएको बाट केही बाँकिरहेको विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, जाति, जरामरणलाई विपाकवर्त भन्छ । यसरी तीन वर्तलाई जान्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

## वर्तमूल २ वटा

**पालि – अविज्जा तण्हावसेन द्वे मूलानि च वेदितब्बानि ।**

भावार्थ – अविद्या र तृष्णाको हिसाबले दुई मूललाई पनि जान्नुपर्छ ।

## वर्त (संसारचक्र) भाँचिने र घुम्ने

**पालि– तेसमेव च मूलानं, निरोधेन निरुज्झति ।**
**जरामरणमुच्छाय, पीलितानमभिण्हसो ॥**
**आसवानं समुप्पादा, अविज्जा च पवत्तति ॥**

भावार्थ– संसारचक्र घुम्ने पछि संसारचक्र भाँचिने (छिन्ने) लाई बताउँछु। ती दुई मूल नै अरहत्तमार्गद्वारा निशेषरूपले निरोध हुने हुनाले वर्तधर्म निरोध हुने भयो । बुढा हुने, मृत्यु हुने, मूर्छा हुनेबाट अनवरत कष्ट भोगिरहेका प्राणीहरूलाई आश्रवधर्मको उत्पत्तिले गर्दा अविद्या पनि वृद्धि हुने भयो ।

## संग्रह – गाथा

**पालि– वट्टमाबन्ध मिच्चेवं – तेभूमकमनादिकं ।**
**पटिच्चचसमुप्पादोति – पट्ठपेसि महामुनि ॥**

भावार्थ– यसरी यो बताएर आइसकेको नय अनुसार निरन्तर घुमिराखेको आदि देखा नपर्ने अथवा जान्न गाऱ्हो भएको आदि रहेको तीन भूमिमा उत्पन्न हुने वर्त धर्मलाई, कारण धर्मको समन्वयलाई मरण बनाएर फलधर्मको उत्पत्ति भनेर भगवान बुद्धले प्रज्ञप्त गर्नु भयो अथवा देशना गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

## प्रस्थान नय

### प्रत्यय २४ वटा

पालि – हेतुपच्चयो आरम्मणपच्चयो अधिपतिपच्चयो अनन्तरपच्चयो समनन्तरपच्चयो सहजातपच्चयो अञ्ञमञ्ञपच्चयो निस्सयपच्चयो उपनिस्सयपच्चयो पुरेजातपच्चयो पच्छाजातपच्चयो आसेवनपच्चयो कम्मपच्चयो विपाकपच्चयो आहारपच्चयो इन्द्रियपच्चयो झानपच्चयो मग्गपच्चयो सम्पयुत्तपच्चयो विप्पयुत्तपच्चयो अत्थिपच्चयो नत्थिपच्चयो विगतपच्चयो अविगतपच्चयोति ।

### अयमेत्थ पट्ठाननयो

भावार्थ – हेतुपच्चयो ......पे°..... अवितगपच्चयो भनेको यो नय यस प्रत्यय संग्रहमा प्रस्थान नय भनिन्छ । हेतु प्रत्यय ......पे°..... अविगत प्रत्यय यसरी २४ प्रत्यय महाप्रकरणमा अथवा अनन्तरमा भईरहेको समन्त प्रस्थान ग्रन्थमा स्थित भईरहेको छ ।

हेतु पनि हो प्रत्यय पनि भएको धर्म ......पे°..... अविगत पनि हो प्रत्यय पनि भएको धर्म यसरी ४ प्रत्यय महाप्रकरणमा स्थित भईरहेको छ ।

हेतु भएर उपकारक भएको धर्म, आरम्मण भएर उपकारक भएको धर्म, अधिपति भएर उपकारक भएको धर्म, अनन्तर भएर उपकारक भएको धर्म, समनन्तर भएर उपकारक भएको धर्म, सहजात भएर उपकारक भएको धर्म, अञ्ञमञ्ञ (अन्यमन्य) भएर उपकारक भएको धर्म, निस्सय (आधार) भएर उपकारक भएको धर्म, उपनिस्सय (ठूलो भएर) उपकारक भएको धर्म, अगाडि भएर उपकारक भएको धर्म, पछि पछि भएर उपकारक भएको धर्म, बारबार आसेवन गर्नुपर्ने भएर उपकारक भएको धर्म अथवा बारबार सेवन गरिने भएर उपकारक भएको



Downloaded from http://www.dhamma.digital

धर्म, बिऊ भएर उपकारक भएको धर्म, फल भएर उपकारक भएको धर्म, आहार (टेवा दिएर) उपकारक भएको धर्म, इन्द्रिय (अधिकारी) भएर उपकारक भएको धर्म, भ्ान (सँगै बसेर) उपकारक भएको धर्म, मग्ग (कारण भएर) उपकारक भएको धर्म, मिलेर (सम्प्रयुक्त) भएर उपकारक भएको धर्म, विप्रयुक्त भएर उपकारक भएको धर्म, भएको (अत्थि) भएर उपकारक भएको धर्म, नभएको (नत्थि) भएर उपकारक भएको धर्म, अलग भईकन उपकारक भएको धर्म, अलग नभईकन उपकारक भएको धर्म, यसरी २४ वटा प्रत्यय महाप्रकरणमा छन् ।

हेतु शक्तिद्वारा उपकारक भएको धर्म, ..... पे°...... अविगत शक्तिद्वारा उपकारक भएका धर्म, यसरी २४ प्रत्यय महाप्रकरणमा छन् । यो यस ठाउँमा प्रस्थान नय हो ।

## प्रत्यय ६ वटा संग्रह गाथा

**पालि–** **छधा नामन्तु नामस्स, पञ्चधा नामरुपिनं । एकधा पुन**
**रूपस्स, रूपं नामस्स चेकधा ॥**
**पञ्ञत्ति नामरूपानि, नामस्स दुविधा द्वयं । द्वयस्स नवधा**
**चेति, छब्बिधा पच्चया कथं ॥**

भावार्थ– उद्देश्य पछि निर्देशलाई बताउँछु, अथवा प्रस्थान-नयलाई बताउँछु । नामले नामलाई परस्पर ६ प्रकारले उपकार गर्छ । नामले नाम रूपलाई ५ प्रकारले उपकार गर्छ । फेरी नामले रूपलाई एक प्रकारले उपकार गर्छ । नाम प्रत्यय लाग्नेदेखि पछि रूपप्रत्यय लाग्नेलाई बताउँछु । रूपले नामलाई एक प्रकारले उपकार गर्ने हुन्छ ।

प्रज्ञप्ति नामरूपले नामलाई दुई प्रकारले उपकार गर्ने हुन्छ । शुद्ध पछि मिश्रकलाई बताउँछु । नामरूप दुई समूहले नामरूप दुई समूहलाई नौ प्रकारले उपकार गर्ने हुन्छ । यसरी प्रत्ययहरू ६ प्रकारका छन् ।



Downloaded from http://www.dhamma.digital

## नामले नामलाई उपकार गर्ने ६ वटा प्रत्यय

**पालि – अनन्तरनिरुद्धा चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं अनन्तरसमनन्तर नत्थि विगतवसेन, पुरिमानि जवनानि पच्छिमानं जवनानं आसेवनवसेन, सहजाता चित्तचेतसिका धम्मा अञ्ञमञ्ञं सम्पयुत्तवसेनेति च छधा नामं नामस्स पच्चयो होति ।**

भावार्थ – कसरी ?

त्यो कुरालाई प्रष्ट गर्छु अथवा विस्तृत गर्छु। अनन्तर भएर निरोध भईसकेको चित्त चैतसिक भईरहेको अरहन्तहरूको च्युति चित्तबाट अलग भएको एककम नब्बे (८९) वटा चित्त, ५२ वटा चैतसिक नामस्कन्धले आफू सँगैसँगै उत्पन्न हुने चित्त र चैतसिक भईरहेको अरहत्तहरूको च्युति चित्त सहित एककम नब्बे (८९) वटा चित्त, ५२ चैतसिक नामस्कन्धलाई अनन्तरशक्ति, समनन्तरशक्ति, नास्तिशक्ति, विगतशक्तिले उपकार गर्ने हुन्छ। अघि अघि उत्पन्न भईरहेको अन्तिमजवन, मार्गजवन, फलजवनबाट अलग भएको ४७ वटा जवन, ५२ वटा चैतसिक नामस्कन्धले पछि पछि उत्पन्न हुने प्रथमजवन, फलजवनबाट अलग भएको ५१ वटा जवन, ५२ वटा चैतसिक नामस्कन्धलाई आसेवनशक्तिले उपकार गर्ने हुन्छ । सहजात चित्त चैतसिक भईरहेको चित्त एककम नब्बे (८९) ५२ वटा चैतसिक नामस्कन्धले परस्पर अथवा एकले अर्कोलाई सम्प्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ । यसरी नामले नामपरस्परलाई ६ प्रकारले उपकारले गर्ने हुन्छ ।

## नामले नामरूपलाई उपकार गर्ने प्रत्यय ५ वटा

**पालि – हेतुझानङ्गमग्गङ्गानि सहजातानं नामरूपानं हेतादिवसेन । सहजाता चेतना सहजातानं नामरूपानं नानाक्खाणेका चेतना कम्माभिनिब्बत्तानं नामरूपानं कम्मवसेन विपाकक्खन्धन**



Downloaded from http://www.dhamma.digital

**अञ्ञमञ्ञं सहजातानं रूपानं विपाकवसेनति च पञ्चधा नामं नामरूपानं पच्चयो होति ।**

भावार्थ – हेतु ध्यानअङ्ग मार्गअङ्गले सँगै उत्पन्न हुने नामरूपले हेतु आदि शक्तिले अथवा हेतुशक्ति ध्यानशक्ति र मार्गशक्तिले उपकार गर्ने हुन्छ । सहजात भएको एककम नब्बे (८९) चित्तमा भएको चेतना एककम नब्बे (८९) चेतनाबाट अलग भएका चैतसिक ५१ वटा चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात कर्मशक्तिले उपकार गर्ने हुन्छ । नानाक्षणमा स्थित भएको अतीत भईरहेको कुशल अकुशल चेतना ३३ वटाले कर्म भनिएको आफ्नो कारणले उत्पन्न हुने विपाक ३६ वटा नामस्कन्ध, प्रतिसन्धि कर्मजरूप, असंज्ञासत्व कर्मजरूप, प्रवृत्ति (पवत्ति) कम्मजरूपलाई नाना क्षणिक कर्मशक्तिले उपकार गर्ने हुन्छ । विपाक ३६ वटा नामस्कन्ध चारवटाले एकले अर्कोलाई र सहजात भईरहेको विज्ञप्ति दुईवटाबाट अलग भएको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई विपाकशक्तिले उपकार गर्ने हुन्छ । यसरी नामले नामरूपलाई पाँच प्रकारले उपकार गर्ने हुन्छ ।

## नामले रूपलाई उपकार गर्ने एउटा प्रत्यय

**पालि – पच्छाजाता चित्तचेतसिका धम्मा पुरेजातस्स इमस्स कायस्स पच्छाजातवसेनेति एकधाव नामं रूपस्स पच्चयो होति ।**

भावार्थ – पछि पछि उत्पन्न हुने चित्त र चैतसिक भईरहेको पञ्चवोकार भूमिमा उत्पन्न हुने क्षण मात्रमा उत्पन्न भईरहेको अरूपविपाक ४ वटाबाट अलग भएको प्रथम भवाङ्ग आदि पछि पछिको चित्त ८५ वटा, चैतसिक ५२ वटा, नामस्कन्ध भन्दा अघि अघि उत्पन्न भईरहेकोयस्तो स्वभाव भएको प्रतिसन्धि इत्यादि पहिले पहिलेका चित्तसँगै उत्पन्न भएर रूपको स्थितिमा पुगेको एकजकाय, द्विजकाय, त्रिजकाय, चतुर्जकायलाई पच्छाजात (पश्चात्जात) शक्तिले उपकार गर्ने हुन्छ । यसरी रूपलाई नामले एउटै प्रकारले मात्र उपकार गर्ने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## रूपले नामलाई उपकार गर्ने एउटा प्रत्यय

**पालि – छवत्थूनि पवत्तियं सत्तन्नं विञ्ञाणधातूनं पञ्चारम्मणानि च पञ्चविञ्ञाणवीथिया पुरेजातवसेनेति एकधाव रूपं नामस्स पच्चयो होति ।**

भावार्थ – ६ वस्तुले अथवा मन्दायुक अमन्दायुक मध्यमायुक हिसाबले तीनवटा मध्येमा मन्दायुक भईरहेको अतीत भवाङ्ग नाघेपछि उत्पत्ति सँगसँगै उत्पन्न हुने चक्षुवस्तु ......पे°..... कायवस्तु; प्रतिसन्धि इत्यादि पहिले पहिलेका चित्तसँग उत्पन्न हुने हृदयवस्तु; निरोधसमापत्तिबाट उठ्ने अवस्थामा पहिले उत्पन्न हुने हृदयवस्तु; मरणासन्न अवस्थामा च्युतिदेखि उल्टोबाट गिन्ति गर्दाखेरि १७ वटा चित्तसँग उत्पन्न हुने हृदयवस्तु भनिएको ६ वटा वस्तुरूपले पवृत्ति अवस्थामा सातवटा विज्ञानधातुलाई वस्तुपुरेजातशक्तिले उपकार गर्ने हुन्छ। पाँच आरम्मणले पञ्चविज्ञान वीथिलाई पनि आरम्मण- पुरेजातशक्तिले उपकार गर्ने हुन्छ। यसरी रूपले नामलाई एउटै प्रकारले मात्र उपकार गर्ने हुन्छ ।

## प्रज्ञप्ति नामरूपले नामलाई उपकार गर्ने

## प्रत्यय २ वटा

**पालि – आरम्मणवसेन उपनिस्सयवसेसेति च दुविधा पञ्ञत्ति नामरूपानि नामस्सेव पच्चया होन्ति। तत्थ रूपादिवसेन छब्बिधं होति आरम्मणं। उपनिस्सयो पन तिविधो होति आरम्मणपनिस्सयो अनन्तरूपनिस्सयो पकतपनिस्सयोचेति ।**

भावार्थ – प्रज्ञप्ति नाम र रूपले आरम्मणशक्ति र उपनिस्सयशक्तिले यसरी दुईप्रकारले नामलाई नै उपकार गर्ने हुन्छ । ती दुई मध्ये रूपारम्मणादिको हिसाबले वा रूपारम्मण ..... पे°..... धम्मारम्मणको हिसाबले आरम्मण प्रत्यय ६ प्रकारले हुन्छ । आरम्मण प्रत्यय पछि



Downloaded from http://www.dhamma.digital

उपनिश्रय प्रत्ययलाई बताउँछु। उपनिश्रय प्रत्यय आरम्मणूपनिश्रय प्रत्यय अनन्तरूपनिश्रय प्रत्यय र पकतूपनिश्रय प्रत्यय भनी यसरी तीनथरी छ।

**पालि – तत्थ आरम्मणमेव गरुकतं आरम्मणपनिस्सयो ।**

भावार्थ – ती तीन मध्येमा गरुकृत इष्ट भईरहेको निप्पन्नरूप १८ वटा, दोषमूल २ वटा, मोहमूल २ वटा, दुःख सहगत काय विज्ञानबाट अलग भएको चित्त ८४ वटा, दोष, ईर्ष्या, मात्सर्य, कौकृत्य, विचिकित्साबाट अलग भएको चैतसिक ४७ वटा, काल विमुक्त भईरहेको निर्वाण भनिएको आरम्मण ६ वटालाई नै आरम्मण उपनिश्रय प्रत्यय भन्छ।

**पालि– अनन्तरनिरुद्धा चित्तचेतसिका धम्मा अनन्तरूपनिस्सयो ।**

भावार्थ – अनन्तर भएर निरोध हुने चित्त चैतसिक भईरहेको अरहन्तहरूको च्युतिचित्तबाट अलग भएको चित्त एककम नब्बे (८९) वटा, चैतसिक ५२ वटा नामस्कन्धलाई अनन्तर उपनिश्रय प्रत्यय भन्छन्।

**पालि – रागादयो पन धम्मा सद्धादयो च सुखं दुक्खं पुग्गलो भोजनं उतु सेनासनञ्च यथारहं अज्झत्तञ्च बहिद्धा च कुसलादिधम्मानं कम्मं विपाकानन्ति च बहुधा होति पकतूपनिस्सयो ।**

भावार्थ – अनन्तरउपनिश्रय पछि प्रकृति उपनिश्रयलाई बताउँछु। रागादि अथवा राग, दोष, मोह, मान, दृष्टि, प्रार्थना भनिएको धर्म, श्रद्धादि अथवा श्रद्धा, शील, श्रुत, त्याग, र प्रज्ञा भनिएको धर्म, कायिक सुख, कायिक दुःख कल्याणमित्रादि पुद्गल योग्य भोजन, योग्य भएको चीसो, तातो भनिएको ऋतु, योग्य विहार, योग्यतानुसार अध्यात्म सन्तानमा र बाहिरिक सन्तानमा कुशलादि धर्मलाई अथवा कुशल २१ वटा, अकुशल १२ वटा, विपाक ३६ वटा, क्रिया २० वटा नामस्कन्धलाई प्रकृति उपनिश्रय शक्तिले उपकार गर्ने हुन्छ। बलवान भईरहेको कुशल अकुशल कर्म विपाक ३६ वटा नामस्कन्धलाई प्रकृति उपनिश्रय शक्तिले



Downloaded from http://www.dhamma.digital

उपकार गर्ने हुन्छ। यसरी प्रकृति उपनिश्रय अनेक भेदको छ।

## नाम रूप दुईवटाले नामरूपलाई उपकार गर्ने प्रत्यय ९ वटा

**पालि – अधिपति, सहजात अञ्ञमञ्ञ निस्सयाहारिन्द्रिय विप्पमुत्त अत्थि अविगतवसेनेति यथारहं नवधा नामरूपानि नामरूपायतन पच्चया भवन्ति।**

भावार्थ – अधिपति शक्ति, सहजात शक्ति, अन्यमन्य शक्ति, निश्रय शक्ति, आहार शक्ति, इन्द्रिय शक्ति, विप्रयुक्त शक्ति, अस्ति शक्ति, अविगत शक्ति, नामरूपले अथवा अधिपति प्रत्यय .....पे°...... अविगत प्रत्यय हिसाबले यसरी ९ प्रकारको नामरूपले नामरूपलाई योग्यतानुसार उपकार गर्ने हुन्छ।

**पालि – तत्थ गरुकतमारम्मणं आरम्मणाधिपतिवसेन नामानं सहजाताधिपति चतुब्बिधोपि सहजातवसेन सहजातानं नामरूपानन्ति च दुविधो होति अधिपतिपच्चयो।**

भावार्थ – ती ९ प्रत्यय मध्येमा गरुकृत इष्ट भईरहेको निष्पन्नरूप१८ वटा, दोष मूल २ वटा, मोहमूल २ वटा, दुःखसहगत कायविज्ञानबाट अलग भएको चित्त ८४ वटा, दोष, ईर्ष्या, मात्सर्य, कौकृत्य र विचिकित्साबाट अलग भएको चैतसिक ४७ वटा, काल विमुक्त भईरहेको निर्वाण भनिएको आरम्मण ६ वटाले गरुकारक लोभमूल ८ वटा महाकुशल चित्त ८ वटा, महाक्रिया ज्ञानसम्प्रयुक्त चित्त ४ वटा, लोकुत्तर चित्त ८ वटा, दोष, ईर्ष्या, मात्सर्य, कौकृत्य, विचिकित्सा र अप्रमाणबाट अलग भएको चैतसिक ४५ वटा नामस्कन्धलाई आरम्मण अधिपतिशक्तिले उपकार गर्ने हुन्छ। चारै प्रकारले भईरहेको मोह मूल २ वटा हसितुप्पादबाट अलग भएको अधिपति हुने अवस्थामा मात्र उत्पन्न



Downloaded from http://www.dhamma.digital

हुने साधिपति जवन ५२ वटामा भएको छन्द, वीर्य, विमंश, साधिपति जवन ५२ वटा, विचिकित्साबाट अलग भएको चैतसिक ५१ वटा, साधिपति चित्तजरूपलाई सहजाताधिपतिशक्तिले उपकार गर्ने हुन्छ । यसरी पनि अधिपति प्रत्यय दुईप्रकारको छ ।

**पालि – चित्तचेतसिका धम्मा अञ्ञमञ्ञं सहजातरूपानञ्च, महाभूता अञ्ञमञ्ञं उपादारूपानञ्च, पटिसन्धिक्खणे वत्थुविपाका अञ्ञमञ्ञन्ति च तिविधो होति सहजातपच्चयो ।**

भावार्थ – चित्त चैतसिक भईरहेको नामस्कन्ध एउटाले अर्कोलाई र सहजात भईरहेको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजातशक्तिले उपकार गर्ने हुन्छ । महाभूतले एकले अर्कोलाई र उपादारूपलाई सहजातशक्तिले उपकार गर्ने हुन्छ । प्रतिसन्धि अवस्थामा हृदयवस्तु पञ्चवोकार प्रतिसन्धि नामस्कन्धले एकले अर्कोलाई सहजातशक्तिले उपकार गर्ने हुन्छ । यसरी पनि सहजात प्रत्यय तीन प्रकारका छन् ।

**पालि – चित्तचेतसिका धम्मा अञ्ञमञ्ञं सहजातरूपानञ्च महाभूता अञ्ञमञ्ञं उपादारूपानञ्च छवत्थुनि सत्तन्नं विञ्ञाणधातुनन्ति च तिबिधो होति निस्सयपच्चयो ।**

भावार्थ – चित्त चैतसिक भईरहेको नामस्कन्धले एकले अर्कोलाई सहजात भईरहेको चित्तरूपप्रतिसन्धि कर्मजरूपलाई सहजात निश्रयशक्तिले उपकार गर्ने हुन्छ । महाभूतले एकले अर्कोलाई र उपादानरूपलाई सहजात निश्रयशक्तिले उपकार गर्ने हुन्छ । छ वस्तुले अथवा मन्दायुक, अमन्दायक, मध्यमायुक हिसाबले तीन मध्येमा मध्यमायुक भईरहेको अतीत भवाङ्ग एउटा नाघेपछि उत्पत्ति सँगसँगै उत्पन्न हुने चक्षुवस्तु .... पे°.... कायवस्तु, प्रतिसन्धि इत्यादि पहिले पहिलेका चित्त सँगै उत्पन्न हुने हृदयवस्तु, निरोध समापत्तिबाट उठ्ने अवस्थामा पहिले उत्पन्न हुने हृदयवस्तु मरणासन्न अवस्थामा त्युति देखि उल्टोबाट गिन्ति गर्दाखेरि १७ औं चित्तसँग उत्पन्न हुने हृदयवस्तु भनेको ६ वटा वस्तुरूपले



Downloaded from http://www.dhamma.digital

पञ्चवोकार भूमिमा उत्पन्न हुने अवस्थामा अरूपविपाक चारबाट अलग भएको सातवटा विज्ञानधातुलाई पुरेजात निश्रयशक्तिलाई उपकार गर्ने हुन्छ। यसरी पनि निश्रय तीन प्रकारको छ।

**पालि – कबलीकारो आहारो इमस्स कायस्स अरुपिनो आहारो सहजातानं नामरूपानन्ति च दुविधो होति आहारपच्चयो।**

भावार्थ – गाँस हाल्न नपरेपनि गाँस हाले जस्तै गर्नुपर्ने खाद्यवस्तु, भोज्य इत्यादिमा भएको बाहिरिक ओजाले यस्तो स्वभाव भएको आहारजकायलाई अथवा गाँस हाल्न नपरेपनि हाल्नुपर्ने जस्तो आध्यात्म सन्तानमा भएको चतुरामुट्‌ठानिक ओजा र बाहिरिक सन्तानमा भएको ऋतुज ओजाले यस्तो स्वभाव भएको समान कलाप ओजाबाट अलग भएको समान कलाप र कलाप भेद भईरहेको चतुसमुट्‌ठानिक कायलाई रूपआहारशक्तिले उपकार गर्ने हुन्छ। नाम भईरहेको स्पर्श चेतना र विज्ञान भनिएको नाम आहार तीनवटाले सहजात भईरहेको चित्त एककम नब्बे (८९) वटा, चैतसिक ५२ वटा, चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई नाम आहारशक्तिले अथवा सहजातशक्तिले उपकार गर्ने हुन्छ। यसरी पनि आहारप्रत्यय दुई प्रकारको छ।

**पालि – पञ्चपसादा पञ्चन्नं विञ्ञाणानं रूपजीवितिन्द्रियं उपादिन्नरूपानं अरुपिनो इन्द्रिया सहजातानं नामरूपानन्ति च तिविधो होति इन्द्रियपच्चयो।**

भावार्थ – पाँच प्रसादरूपले अथवा मन्दायुक, अमन्दायुक, मध्यमायुक हिसाबले तीन मध्येमा मध्यमायुक भईरहेको अतीत भवाङ्ग एउटा नाघेपछि उत्पत्ति सँगसँगै उत्पन्न हुने चक्षुप्रसाद .....पे°..... कायप्रसादले पाँच विज्ञानलाई अथवा चक्षुविज्ञान .....पे°..... कायविज्ञानलाई पुरेजात इन्द्रियशक्तिले उपकार गर्ने हुन्छ। प्रवृत्ति प्रतिसन्धि तरिकाले रूपजीवितिन्द्रियले रूपजीवितिन्द्रियबाट अलग भएको समान कलाप भईरहेको प्रतिसन्धि कर्मजरूप, असंज्ञासत्व कर्मरूप,



Downloaded from http://www.dhamma.digital

प्रवृत्ति कर्मजरूपलाई रूपजीवितिन्द्रियशक्तिले उपकार गर्ने हुन्छ । नाम भईरहेको जीवित, चित्त, वेदना, श्रद्धा, वीर्य, स्मृति, एकाग्रता, प्रज्ञाको रूपमा नाम इन्द्रिय स्वरूप आठवटाले सहजात भईरहेको चित्त एककम नब्बे (८९) वटा, चैतसिक ५२ वटा, चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात इन्द्रियशक्तिले उपकार गर्ने हुन्छ। यसरी पनि इन्द्रियप्रत्यय तीन प्रकारको छ ।

**पालि – ओक्कन्तिक्खणे वत्थु विपाकानं चित्तचेतसिका धम्मा सहजातरूपानं सहजातवसेन पच्छाजाता चित्तचेतसिका धम्मा पुरेजातस्स इमस्स कायस्स पच्छाजातवसेन छ वत्थुनि पवत्तियं सत्तन्नं विञ्ञाणधातूनं पुरेजातवसेनेति च तिविधो होति विप्पयुत्तपच्चयो ।**

भावार्थ – प्रतिसन्धि क्षणमा पञ्चवोकार प्रतिसन्धि नामस्कन्धसँगै उत्पन्न हुने हृदयवस्तुले पञ्चवोकार प्रतिसन्धि नामस्कन्धलाई सहजात विप्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ। चित्त चैतसिक भईरहेको पञ्चवोकार भूमिमा उत्पन्न हुने अवस्थामा उत्पन्न भईरहेको अरूपविपाक ४ वटाले द्विपञ्चविज्ञान १० वटा, अरहन्तहरूको च्युतिचित्तबाट अलगं भएको चित्त ७५ वटा नामस्कन्धले सहजात भइरेहेको चित्तजरूप, प्रतिसन्धि कर्मजरूपलाई सहजात विप्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ । पछि पछि उत्पन्न हुने चित्त चैतसिक भईरहेको पञ्चवोकार भूमिमा उत्पन्न हुने अवस्थामा उत्पन्न भईरहेको अरूपविपाक ४ वटाले अलग भईरहेको प्रथम भवाङ्ग आदि पछि पछिको चित्त ८५ वटा नामस्कन्धले पहिले पहिले उत्पन्न भईरहेको यस्तो स्वभाव भएको प्रतिसन्धि आदि पहिले पहिलेको चित्तसँगै उत्पन्न भएर रूपको स्थितिमा रहेको एकजकाय, द्विजकाय, त्रिजकाय, चतुर्जकायलाई पश्चात्जात विप्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ । छ वस्तुले अथवा मन्दायुक, अमन्दायुक, मध्यमायुक हिसाबले तीनवटा मध्येमा मध्यमायुक भएर अतीतभवाङ्ग एउटा नाघेपछि उत्पत्ति



Downloaded from http://www.dhamma.digital

सँगसगै उत्पत्ति हुने चक्षुवस्तु .....पे°..... कायवस्तु प्रतिसन्धि आदि पहिले पहिलेका चित्तसँग उत्पन्न हुने हृदयवस्तु, निरोध समापत्तिबाट उठ्ने अवस्थामा पहिले उत्पन्न हुने हृदयवस्तु, मरणासन्न अवस्थामा च्युतिदेखि उल्टो गिन्ति गर्दा १७ औं चित्तसँग उत्पन्न हुने हृदयवस्तु भनिएको ६ वटा वस्तुरूपले प्रवृत्ति अवस्थामा अरूपविपाक ४ वटाबाट अलग भएको सातवटा विज्ञानधातुलाई वस्तुपुरेजात विप्रयुक्तशक्तिले उपकार गर्ने हुन्छ। यसरी पनि विप्रयुक्त प्रत्यय तीन प्रकारको छ।

## संग्रह – गाथा

**पालि – सहजातं पुरेजातं, पच्छाजातं च सब्बथा।**
**कबलीकारो आहारो, रूपजीवित – मिच्चयन्ति।**
**पञ्चविधो होति अत्थि पच्चयो अविगतपच्चयोच।**

भावार्थ – मैले सबै प्रकारले बताई आएको तीन प्रकारले सहजात प्रत्यय, दुई प्रकारले पुरेजात प्रत्यय, पश्चात्जात प्रत्यय, गाँस हाल्न नपरेपनि हाल्नु पर्ने जस्तो आहार प्रत्यय र रूपजीवितिन्द्रिय यसरी पाँच प्रकारको यो प्रत्यय धर्मलाई अस्ति प्रत्ययसँगै अविगत प्रत्यय पनि भनिन्छ।

## संक्षिप्तले प्रत्यय

**पालि– आरम्मणपनिस्सयककम्मत्थिपच्चयेसु च सब्बेपि पच्चया समोधानं गच्छन्ति।**

भावार्थ– नीतार्थ पछि नैयार्थलाई बताउँछु। सबै प्रत्ययलाई आरम्मण, उपनिश्रय, कर्म र अस्ति प्रत्यय अन्तर्गत गर्ने हुन जान्छ।

**विशेष – रूपमा**

**पालि– सहजातहरूपन्ति पनेत्थ सब्बथापि पवते चित्तसमुट्ठानानं पटिसन्धियं कटत्तारूपानञ्च वसेन दुविधं होतीति वेदितब्बं।**



Downloaded from http://www.dhamma.digital

भावार्थ– विशेष कुरा बताउँछु । यो प्रस्थान नयमा हेतु आदि प्रत्ययलाई विस्तृतरूपले देखाउने सम्पूर्ण क्षेत्रमा म अनुरुद्धाचार्यले बताई आएको सहजातरूप भनिएको प्रवृत्ति अवस्थामा चित्त नै उत्पत्ति कारण भईरहेको अथवा चित्तबाट उत्पन्न हुने रूपको र प्रतिसन्धि अवस्थामा कर्मजरूपको हिसाबले दुई प्रकारले छ भनि जान्नुपर्छ ।

## संग्रह – गाथा

**पालि – इति तेकालिका धम्मा, कालमुत्ता च सम्भवा । अज्झत्तं च बहिद्धा च, संखतासंखता तथा ॥**
**पञ्ञत्तिनामरूपानं, वसेन तिविधा थिता । पच्चया नाम पट्ठाने, चतुवीसति सब्बथा ॥**

भावार्थ – यसरी माथि बताइ आएको नय अनुसार योग्यतानुरूप तीन काल पनि भएको, तीनै कालले अलग भएको, आध्यात्म सन्तान पनि भएको, बाहिरिक सन्तान पनि भइरेहेको, त्यस्तै प्रकारले प्रत्युत्पन्न पनि भईरहेको, प्रत्यय पनि भईरहेको स्वभाव धर्महरू प्रज्ञप्ति नामरूप हिसाबले तीन प्रकारको छ । सबै नै २४ वटा प्रस्थान ग्रन्थमा प्रत्यय भनिएको २४ वटा भएको छ ।

Dhamma.Digital

## नामरूप छुट्याउने

**पालि – तत्थ रूपधम्मा रूपक्खन्धो व । चित्तचेतसिकसंखाता चत्तारो अरुपिनो खन्धा निब्बानञ्चेति पञ्चविधम्पि अरूपन्ति च नामन्ति च पवुच्चति ।**

भावार्थ – ती प्रज्ञप्ति नामरूपहरूमध्ये रूपस्कन्धलाई नै रूपधर्म भन्छ । चित्त चैतसिक भनिएको, नाम भईरहेको चार स्कन्ध र निर्वाण यसरी पाँच प्रकारले भएको धर्मलाई अरूप भनी र नाम भनी विशेषरूपले भनिराखेको छ ।



Downloaded from http://www.dhamma.digital

## प्रज्ञप्ति भेद

**पालि – ततो अवसेसा पञ्ञत्ति पन पञ्ञापियत्ता पञ्चत्ति पञ्ञापनतो पञ्ञत्तीति दुविधा होन्ति ।**

भावार्थ – नामरूप पछि प्रज्ञप्तिलाई बताउँछु । ती नामरूपबाट बाँकि रहेका प्रज्ञप्ति, प्रकार प्रकारले बुझाउँदा अर्थप्रज्ञप्ति अथवा वाच्यप्रज्ञप्ति प्रकार प्रकारले बुझीराख्नाले शब्द प्रज्ञप्ति अथवा वाच्यप्रज्ञप्ति यसरी दुई प्रकारको छ ।

## अर्थप्रज्ञप्ति भेद

**पालि – कथं ?**

**तं नं भूतविपरिनामाकारमुपादाय तथा तथा पञ्ञत्ता भूमिपब्बतादिका । सम्भारसन्निवेसाकारमुपादाय गेहरथसकटादिका । खन्धपञ्चकमुपादाय पुरिसपुग्गलादिका । चन्दवटचनादिकमुपादाय दिसाकालादिका । असम्फुट्ठाकार मुपादाय कूपगुहादिका । तं तं भूतनिमित्तं भावनाविसेसञ्च उपादाय कसिणनिमित्तादिका चेति एवमदिप्पभेदा पन परमत्थता अविज्जमानापि अत्थच्छायाकारेन चित्तुप्पादानामारम्मणभूता तं तं उपादाय उपनिधाय कारणं कत्वा तथा तथा परिकप्पियमाना संखायति समञ्ञायति वोहरियति पञ्ञपीयतीति पञ्ञत्तीति पवुच्चति । अयं पञ्ञत्ति पञ्ञापियत्ता पञ्ञत्ति नाम ।**

भावार्थ - कसरी छन् ?

विस्तृत गर्दछु अथवा त्यस कुरालाई प्रकट गर्दछु । त्यो पृथ्वी आदि महाभूतको विपरिणाम आकारलाई आधार गरेर त्यस त्यस आकारले प्रज्ञप्त गरिराखेका पृथ्वी पर्वतादि संस्थान प्रज्ञप्ति, काठ, माटोको डल्लो, धागो आदि सामाग्री समूह भईरहेको आकारलाई आधार लिएर त्यस त्यस आकारले प्रज्ञप्त गरिराखेका घर, रथ, गाडा, माटाका भाँडा, कपडा आदि समूह प्रज्ञप्ति, स्कन्धसमूह पाँचवटालाई आधार गरेर त्यस त्यस



Downloaded from http://www.dhamma.digital

प्रकारले प्रज्ञप्त गरिराखेका पुरुष पुद्गलादि जाति प्रज्ञप्ति, चन्द्र, सूर्य, नक्षत्रको सुमेरु पर्वतलाई दाहिने तर्फबाट परिक्रमा गरेर जाने आकारलाई आधार गरेर त्यस त्यस आकारले प्रज्ञप्त गरिराखेका पूर्व दिशादि दिशा प्रज्ञप्ति, बिहान आदि काल प्रज्ञप्ति, त्यो त्यो रूपकलाप तर्फबाट छुन नसकिने प्वाल आदि आकारलाई आधार लिएर त्यो त्यो आकारले प्रज्ञप्त गरिराखेका इनार, गुफा, प्वाल आदि आकाश प्रज्ञप्ति, त्यस त्यस आकारले प्रज्ञप्त हुने पृथ्वी कसिण आदि निमित्तलाई र परिकर्मादि भेद भईरहेको भावनाको क्रम भनिएको विशेषतालाई आधार लिएर त्यस त्यस आकारले प्रज्ञप्त गरिराखेको कसिण निमित्त, अशुभ निमित्त, उग्रह निमित्त, प्रतिभाग निमित्तादि निमित्त प्रज्ञप्ति, यसरी यस्तो प्रभेद भएको, परमार्थ हिसाबले विद्यमान नभएपनि परमार्थका छाया नक्कल भनिएको आकारले चित्त चैतसिकको आरम्मण भईरहेको अर्थप्रज्ञप्तिलाई त्यस त्यस आकारलाई आधार गरेर, आड लिएर, कारण तुल्याई त्यस त्यस आकारले परिकल्पना गरेर हिसाब गर्नुपर्छ । सम्मति (नाउँ) दिनुपर्छ । व्यवहार गर्नुपर्छ । विशेषरूपले बुझाउनुपर्छ । तसर्थ प्रज्ञप्ति भनेर अथवा वाच्यप्रज्ञप्ति भनी विशेषरूपले बताई राखेको छ । यो प्रज्ञप्तिलाई विशेषरूपले बुझाउनु पर्ने हुनाले अर्थप्रज्ञप्ति वा वाच्यप्रज्ञप्ति भन्छ ।

## शब्दप्रज्ञप्ति ६ वटा

**पालि -** **पञ्ञापनतो पञ्ञत्ति पन नाम नामकम्मादिनामेन परिदीपिता । सा विज्जमानपञ्ञत्ति अविज्जमानपञ्ञत्ति विज्जमानेन अविज्जमानपञ्ञत्ति अविज्जमानेन विज्जमानपञ्ञत्ति विज्जमानेन विज्जमानपञ्ञत्ति अविज्जमानेन अविज्जमानपञ्ञत्ति चेति छब्बिधा होति ।**

भावार्थ – अर्थप्रज्ञप्ति पछि शब्दप्रज्ञप्तिलाई बताउँछु । (बुझाउनु) विदित गराउनाले शब्दप्रज्ञप्तिलाई नाम, नामकर्म इत्यादि नामले वा नाम, नामकर्म, नामधेय्य, निरुक्ति, ब्यञ्जन, अभिलाप भन्ने ६ वटा नामले



Downloaded from http://www.dhamma.digital

अथवा अर्थमा झुकाई राख्ने भनेको नामधेय्य, निकालेर देखाउने बिग्रह भनेको निरुक्ति अर्थलाई देखाउने वाक्य भनेको व्यञ्जन, सीधा अर्थलाई देखाउने शब्द भनेको अभिलाप, यसरी ६ वटा नामले देखाउनुपर्छ ।

ती ६ वटा नामले देखाउन हुने शब्दप्रज्ञप्ति र परमार्थ हिसाबले भईरहेको विद्यमान प्रज्ञप्ति; परमार्थ हिसाबले नभईरहेको अविद्यमान प्रज्ञप्ति; परमार्थ हिसाबले भएको साथै नभईपनि रहेको विद्यमानेन अविद्यमानप्रज्ञप्ति; परमार्थ हिसाबले नभई रहेको साथै भएको अविद्यमानेन विद्यमानप्रज्ञप्ति; परमार्थ हिसाबले भएर भईनैरहेको विद्यमानेन विद्यमानप्रज्ञप्ति र परमार्थ हिसाबले नभएर नभईनै रहेको अविद्यमानेन अविद्यमानप्रज्ञप्ति यसरी ६ प्रकारको छ ।

**पालि - तत्थ यदा पन परमत्थतो विज्जमानं रूपवेदननादिं एताय पञ्ञापेन्ति । तदायं विज्जमानपञ्ञत्ति ।**

भावार्थ - विस्तृतले बताउँछु अथवा त्यस कुरालाई प्रकट गर्दछु । ती छ प्रज्ञप्तिहरू मध्येमा जुनबेला त्यो रूपवेदना आदि शब्दप्रज्ञप्तिले परमार्थ हिसाबले भईरहेको रूपवेदनादिलाई विशेषरूपले जान्न लगाउने हो त्यति बेला रूपवेदनादि प्रज्ञप्तिलाई परमार्थ हिसाबले भईरहेको विद्यमान शब्दप्रज्ञप्ति भनी भनिन्छ ।

**पालि - यदा पन परमत्थतो अविज्जमानं भूमिपब्बतादिं एताय पञ्ञापेन्ति । ददायं अविज्जमानपञ्ञत्तीति पवुच्चति ।**

भावार्थ - विद्यमान प्रज्ञप्ति पछि अविद्यमान प्रज्ञप्तिलाई बताउँछु । जुनबेला त्यो भूमि पर्वतादि शब्दप्रज्ञप्तिले परमार्थ हिसाबले नभईरहेको भूमि पर्वतादिलाई विशेष रूपले बुझाई दिने हो; त्यतिबेला यो भूमि पर्वतादि प्रज्ञप्तिलाई परमार्थ हिसाबले नभईरहेको अविद्यमान शब्दप्रज्ञप्ति भनि भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

**पालि - उभिन्नं पन वोमिस्सकवसेन सेसा यथाक्कमं छलभिञ्ञो इत्थिसद्दो चक्खुविञ्ञाणं राजपुत्तोति च वेदितब्बा ।**

भावार्थ - शुद्ध पछि मिश्रकलाई बताउँछु । विद्यमानप्रज्ञप्ति अविद्यमानप्रज्ञप्ति दुईवटाको मिश्रक हिसाबले विद्यमानप्रज्ञप्ति अविद्यमानप्रज्ञप्ति दुईवटाबाट बाँकि रहेको विद्यमानेन अविद्यमानप्रज्ञप्ति, अविद्यमानेन विमानप्रज्ञप्ति, विद्यमानेन विद्यमानप्रज्ञप्ति, अविद्यमानेन अविद्यमानप्रज्ञप्ति चारवटालाई क्रमशः ६ अभिज्ञा भएका, स्त्री शब्द, चतुवस्तुलाई आधार लिएर उत्पन्न हुने विज्ञान, राजाको छोरा भनि जान्नु पर्छ ।

## प्रज्ञप्ति २ वटालाई जान्ने र प्रज्ञप्ति उत्पन्न हुने

**पालि - वचीघोसानुसारेन, सोतविञ्ञाणवीथिया । पवत्तानन्तरूपपन्न, मनोद्वारस्सगोचरा ॥ सायं पञ्ञत्ति विञ्ञेया, लोकसङ्केतनिम्मिता ॥**

भावार्थ - भूमि, पर्वत, रूप, वेदनादि र वचीमय शव्दलाई क्रमशः आरम्मण गरेर उत्पन्न हुने श्रोतविञ्ञाण वीथि, तदनुवर्तक मनोद्वार वीथिको; अथवा मूल टीकाचार्यको मतानुसार श्रोतद्वार वीथि तदनुवर्तक मनोद्वार वीथि शुद्ध मनोद्वार वीथि उत्पन्न भइसकेपछि नजिकै नामप्रज्ञप्तिलाई चिन्तन गरिने आकारले उत्पन्न हुने मनोद्वारिक विज्ञान क्रमको अथवा उत्पन्न भइसकेपछि नजिकै उत्पन्न हुने भूमि, पर्वत, रूप, वेदनादि अर्थको नाम हो भनी पहिले जानिराखेका आदिकल्पिक विद्वानहरूको संकेत प्रज्ञप्तिलाई आधार लिएको मनोद्वारिक विज्ञान क्रमको आरम्मण भईरहेको त्यो भूमि, पर्वत, रूप, वेदनादि नामप्रज्ञप्तिलाई ग्रहण गर्ने मनोद्वारिक विज्ञान क्रम पछि कुनै सम्मुति परमार्थ हिसाबले भेद भईरहेको भूमि, पर्वत, रूप, वेदनादि नामप्रज्ञप्तिलाई क्रमगत अनुसार सम्मुति परमार्थ हिसाबले भेद भईरहेको पृथ्वी, पहाड, रूप, वेदानादि अर्थप्रज्ञप्तिलाई जान्नुपर्छ; त्यस पृथ्वी पहाड, रूप, वेदनादि अर्थप्रज्ञप्तिलाई विशेषरूपले बुझाउने भूमि, पर्वत, रूप, वेदनादि अक्षर



Downloaded from http://www.dhamma.digital

वर्णको क्रम भनेको नाम प्रज्ञप्तिलाई आदिकल्पिक विद्वानहरूको संकेत प्रज्ञप्तिले सिद्ध भईराखेको भनी जान्नुपर्छ ।

## प्रत्यय काण्डको निगमन

**पालि - इति अभिधम्मत्थसङ्गहे पच्चयसङ्गह - विभागो नाम अट्ठमो परिच्छेदो ।**

भावार्थ - अभिधर्मार्थसंग्रह नामको ग्रन्थमा प्रत्ययसंग्रह विभाग नामको आठौँ काण्ड सम्पन्न भयो ।

♦

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# कर्मस्थान - काण्ड ९

## प्रतिज्ञा

**पालि - समथविपस्सनानं, भावनानमितो परं । कम्मट्ठानं पवक्खामि, दुविधम्पि यथाक्कमं ॥**

भावार्थ - यस प्रस्थान-संग्रह पछि शमथ र विपश्यना भनिएको अथवा नीवरणलाई शान्त गर्ने हुनाले शमथ; अनित्य, दु:ख, अनात्म, भनिएको आकारले देखिने हुनाले विपश्यना भनिएको दुई भावनाको दुई प्रकार पनि भएको कर्मस्थान, दुई प्रकारले भएको भावना, कर्मको उत्पत्ति कारणले हुने हुनाले कर्मस्थान भईरहेको पृथ्वी कसिणादि प्रज्ञप्ति त्रैभूमिक संस्कार भनिएको आरम्मण, पछि पछिको भावना कर्मको नजिकको कारण भईरहेको पहिले पहिलेको भावनाकर्म भनिएको कर्मस्थान, ध्यान सुख, फल सुख, निर्वाण सुख आदिको कारण भईरहेको भावना कर्म भनिएको कर्मस्थानलाई क्रमश: निवरणलाई शान्त गर्ने शमथ; अनित्य, दु:ख, अनात्म भनिएको आकारले देखिने विपश्यनाको क्रमलाई म विशेष रूपले बताउँछु ।

Dhamma.Digital

## शमथ कर्मस्थान नय

### कर्मस्थानमा संक्षिप्त मातृका ४० वटा

**पालि - तत्थ समथसङ्गहे ताव दस कसिणानि, दस असुभा, दस अनुस्सतियो, चतस्सो अप्पमञ्ञायो, एका सञ्ञा, एकं ववत्थानं चत्तारो आरूपा चेति सत्तविधेन समथकम्मट्ठानसङ्गहो ।**

भावार्थ - ती शमथ र विपश्यना भावना दुई मध्येमा शमथ संग्रहमा विभाजन गर्नेलाई पहिले बताउँछु । कसिण १० वटा, अशुभ १० वटा, अनुस्मृति १० वटा, अप्रमाण ४ वटा, संज्ञा १ वटा, व्यवत्थान १ वटा, र आरूप्य ४ वटा, यसरी शमथ कर्मस्थान संग्रह ७ किसिमको छ भनि जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

## चरित्र ६ वटा

**पालि - रागचरिता दोसचरिता मोहचरिता सद्धाचरिता बुद्धिचरिता वितक्कचरिता चेति छब्बिधेन चरित सङ्गहो**

भावार्थ - राग चरित्र वा बढी भएको राग नटुटिकन उत्पन्न हुने राग अथवा राग स्वभाव; दोष चरित्र वा बढी भएको दोष नटुटिकन उत्पन्न हुने दोष अथवा दोष स्वभाव; मोह चरित्र वा बढी भएको मोह नटुटीकन उत्पन्न हुने मोह अथवा मोह स्वभाव; श्रद्धा चरित्र वा बढी भएको श्रद्धा नटुटिकन उत्पन्न हुने श्रद्धा अथवा श्रद्धा स्वभाव; बुद्धि चरित्र वा बढी भएको बुद्धि नटुटिकन उत्पन्न हुने बुद्धि अथवा बुद्धि स्वभाव र वितर्क चरित्र वा बढी भएको, वितर्क नटुटिकन उत्पन्न हुने वितर्क अथवा वितर्क स्वभाव; यसरी चरित्र-संग्रह ६ प्रकारको छ भनि जान्नु पर्दछ ।

## भावना ३ वटा

**पालि - परिकम्मभावना उपचारभावना अप्पनाभावना चेति तिस्सो भावना ।**

Dhamma.Digital

भावार्थ - परिकर्म भावना, अर्पणा भावनालाई संस्कृत गर्ने अथवा अर्पणा भावनाको अगाडी उत्पन्न हुने भावना; उपचार भावना, तदङ्ग प्रहाणले निवरणलाई छुट्याएदेखि गोत्रभू अन्त भएको कामावचर भावना अथवा अर्पणाको नजिकै भएको भावना र अर्पणा भावना वा महर्गत रूपमा पुगेको अर्पणा भावना; यसरी भावना तीन थरी छन् भनि जान्नु पर्दछ ।

## निमित्त ३ वटा

**पालि - परिकम्मनिमित्तं उग्गहनिमित्तं पटिभागनिमित्तञ्चेतितीणि निमित्तानि च वेदितब्बानि ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ- परिकर्म निमित्त, पृथ्वी इत्यादि रूपले भाविता गर्ने परिकर्म भावनाको आरम्मण भईरहेको कसिणमण्डलादि परिकर्म निमित्त; उग्गह निमित्त, चक्षुविज्ञानले देखिने जस्तै मनोद्वारिक कुशलजवनले गृहित भएको आरम्मण भईरहेको कसिण मण्डलादि उग्रह निमित्त अथवा चक्षु विज्ञानले देखिने जस्तै मनोद्वारिक कुशल जवनले गृहित गर्ने योगी पुद्‌गलको आरम्मण भईरहेको कसिण मण्डलादि उग्रह निमित्त समान भएको नीलो रङ्ग आदि कसिण दोषले अलग भएको उपचार अर्पणाको आरम्मण भईरहेको कसिण मण्डलादि प्रतिभाग निमित्त; यसरी निमित्त पनि तीनवटा छन भनी जान्नुपर्दछ ।

## कसिण १० वटा

**पालि - कथं ?**

**पथवीकसिणं आपोकसिणं तेजोकसिणं वायोकसिणं नीलकसिणं पीतकसिणं लोहितकसिणं ओदातकसिणं आकासकसिणं आलोककसिणञ्चेति इमानि दस कसिणानि नाम ।**

भावार्थ - कसरी जान्ने ? ....

Dhamma.Digital

पृथ्वी नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको आपोकसिण; आगो नै अंश मात्रमा नरही अन्त नभएको व्याप्त रूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको तेजो कसिण; वायु नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको वायो कसिण; नीलो रङ्गग नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको वायो कसिण; नीलो रङ्ग नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको पीत कसिण; रातो रङ्ग नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको लोहित कसिण; सेतो रङ्ग नै अंश मात्रमा नरही अन्त नभएको व्याप्त रूपमा



Downloaded from http://www.dhamma.digital

सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको ओदात कसिण; परिच्छेद भईरहेको आकाश नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको परिच्छेदाकाश कसिण र पर्खालको प्वाल आदिमा देखिने चन्द्र सूर्यादिको ज्योति नै अंश मात्रमा नरही अन्त नभएको व्याप्तरूपमा सम्पूर्ण भनिएको अर्थमा कसिण नाम भईरहेको आलोक कसिण, यसरी यिनलाई दश कसिण भन्छन् ।

## अशुभ १० वटा

**पालि - उद्धुमातकं विनीलकं विपुब्बकं विच्छिद्दकं विक्खायितकं विक्खित्तकं हतविक्खित्तकं लोहितकं पुलुवकं अट्ठिकञ्चेति इमे दस असुभा नाम ।**

भावार्थ - मृत्यु पछि वायुले भरिएको छालाको थैलीझैं फुलेर घिनलाग्दो उद्धुमातकं मृतक शरीर; सेतो रातो मिलेर विशेषगरि नीलो रङ्ग भई घिनलाग्दो विनीलकं मृतक शरीर; पीप बगेर घिनलाग्दो विपुब्बकं मृतक शरीर; बीचमा भाँचिएर वा दुईटुक्रा भएर घिनलाग्दो विच्छिद्दकं (विक्षिप्त) मृतक शरीर; कुकुर स्याल आदिले टुक्रा टुक्रा पारी खाई राखेको भएर घिनलाग्दो विक्खायितकं मृतक शरीर; कुकुर स्याल आदिहरूले नाना प्रकारले लुछेर यताउती छरी राखेकोले घिनलाग्दो विक्खित्तकं मृतक शरीर; कागको खुट्टाको आकार आदि भएर शस्त्र अस्त्रादिले काटी नाना प्रकारले फाली राखेकोले घिनलाग्दो भएको हतविक्खितकं मृतक शरीर; बगिरहेको रगत भएर घिनलाग्दो लोहितकं भएको मृतक शरीर; स्याउं स्याउं कीरा परेर घिनलाग्दा भएको पुलुवकं मृतक शरीर; र हाड समूह मात्र भएर घिनलाग्दो भएको अट्ठिकं मृतक शरीर; यसरी यिनलाई दश अशुभ भन्छन् ।

## अनुस्मृति १० वटा

**पालि - बुद्धानुस्सति धम्मानुस्सति संघानुस्सति सीलानुस्सति**



Downloaded from http://www.dhamma.digital

**चागानुस्सति देवतानुस्सति उपसमानुस्सति मरणानुस्सति कायगतास्सति आनापानस्सति चेति इमा दस अनुस्सतियो नाम ।**

भावार्थ - अरहतादि बुद्धको गुण ९ वटालाई बारबार स्मरण गर्ने बुद्धानुस्मृति; स्वाक्खाततादि धर्मको ६ वटा गुणलाई बारबार स्मरण गर्ने धर्मानुस्मृति; सुप्रतिपन्नतादि संघको ९ वटा गुणलाई बारबार स्मरण गर्ने संघानुस्मृति; आफ्नो शील गुणधर्मलाई बारबार स्मरण गर्ने शीलानुस्मृति; आफ्नो त्याग गुणधर्मलाई बारबार स्मरण गर्ने त्यागानुस्मृति; जुन श्रद्धादि गुणले पूर्ण भएका देवताहरू देवत्वमा पुगे, ती देवताहरूसंग भएको त्यो श्रद्धादि गुणधर्महरू मसंग पनि छ भनि देवताहरूलाई साक्षीको रूपमा राखेर देवताहरूको श्रद्धादि गुण समानको आफ्नो श्रद्धादि गुणलाई बारबार स्मरण गर्ने देवतानुस्मृति; निर्वाणको विरागादि उपशम गुणलाई बारबार स्मरण गर्ने उपसमानुस्मृति; मरण धर्मलाई बारबार स्मरण गर्ने मरणानुस्मृति; केश आदि काय समूहमा उत्पन्न हुने कायमतानुस्मृति र श्वासप्रश्वासलाई आरम्मण गरेर स्मरण गर्ने आनापानस्मृति; यसरी यसलाई दश अनुस्मृति भन्छन् ।

Dhamma.Digital

## अप्रमाण्य ४ वटा

**पालि - मेत्ता करुणा मुदिता उपेक्खा चेति इमा चतस्सो अप्पमञ्ञायो नाम, ब्रहमविहारोति च पवुच्चति ।**

भावार्थ - प्रमाण रहित भएको सुखित र दुःखित सत्व प्रज्ञप्तिलाई आरम्मण गरेर समान रूपले प्यार गर्नु मैत्री; प्रमाण रहित भएको दुःखित सत्य प्रज्ञप्तिलाई आरम्मण गरेर दया गर्नु करुणा; प्रमाण रहित भएको सुखित सत्य प्रज्ञप्तिलाई आरम्मण गरेर खुशि हुनु मुदिता; र प्रमाण रहित भएको सुखित दुःखित सत्व प्रज्ञप्तिलाई आरम्मण गरेर समभावले देख्नु उपेक्षा; यसरी यसलाई चारवटा अप्रमाण्य भन्छन् । ब्रह्मविहार भनेर पनि विशेष रूपले भन्ने गर्छ ।



Downloaded from http://www.dhamma.digital

## संज्ञा १ वटा

**पालि - आहारे पटिकुलसञ्ञा एका सञ्ञा नाम ।**

भावार्थ - घुटुक्क निल्ने खाद्य पदार्थमा प्रतिकूल संज्ञा गर्नेलाई एक संज्ञा भन्छ ।

## व्यवस्थान १ वटा

**पालि - चतुधातुववत्थानं एकं ववत्थानं नाम ।**

भावार्थ - पृथ्वी, धातु, आपो धातु, तेजो धातु र वायो धातु भनिएको चार धातु छुट्याउनेलाई एक ववत्थान भन्छ ।

## आरूप्य ४ वटा

**पालि - आकासानञ्चायतनादयो चत्तारो आरूप्पा नामाति सब्बथापि समथनिद्देसे चत्तालीस कम्मट्ठानानि भवन्ति ।**

भावार्थ - आकाशानन्त्यायतन आदिलाई अथवा आकाशानन्त्यायतन, विज्ञानन्त्यायतन, आकिञ्चन्यायतन र नैवसंज्ञानासंज्ञायतनलाई चार आरूप्य भन्छन् । यसरी सम्पूर्ण प्रकारले पनि शमथ निर्देशनमा चालीस कर्मस्थान छन् ।

## सप्पाय भेद

## चरित्रद्वारा कर्मस्थानको विभाजन

**पालि - चरितासु पन दस असुभा कायगतासतिसंखाता कोट्ठासभावना च रागचरितस्स सप्पाया ।**

भावार्थ - चार अप्रमाण र नीलादि अथवा नील, पीत, लोहित, ओदात, भन्ने चार कसिणहरू दोष बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ ।



Downloaded from http://www.dhamma.digital

**पालि - आनापानं मोह चरितस्स वितक्क चरितस्स च ।**

भावार्थ - श्वास प्रश्वासमा आरम्मण गर्ने स्मृति मोह बढी भएको व्यक्तिलाई र वितर्क बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ ।

**पालि - बुद्धानुस्सति आदयो छ सद्धा चरितस्स ।**

भावार्थ - बुद्धानुस्मृति आदि अथवा बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति भनेको छ वटा अनुस्मृति श्रद्धा बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ ।

**पालि - मरण-उपसम-सञ्ञाववत्थानानि बुद्धिचरितस्स ।**

भावार्थ - मरणानुस्मृति, उपसमानुस्मृति, आहारमा प्रतिकूल संज्ञा, चार धातुलाई व्यवस्थापन गर्नु, बुद्धि बढी भएको व्यक्तिलाई, नटुटाईकन उत्पन्न हुने बुद्धि हुने व्यक्तिलाई अथवा बुद्धि भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ ।

**पालि - सेसानि पन सब्बानिपि कम्मट्ठानानि सब्बेसम्पि सप्पायानि ।**

भावार्थ - असाधारण पछि साधारणलाई बताउँछु। बताईसकेकोबाट बाकि रहेको अथवा अशुभ १० वटा, कायगतासति, अप्रमाण चारवटा, नील, पीत, लोहित, अवदात, आनापानस्मृति, बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानुस्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति भनेको अनुस्मृति छ वटा, मरणानुस्मृति, उपसमानुस्मृति, आहारमा प्रतिकूल संज्ञा, चतुर्धातु ववत्थानबाट बाँकि रहेको दशवटा कर्मस्थान सबै नै अथवा पृथ्वी, आप, तेज, वायु, आकाश, आलोक अनुसार कसिण ६ वटा, आरूप्य चारवटा भनेको यी दशवटा कर्मस्थान राग, दोष, मोह, वितर्क, श्रद्धा र प्रज्ञा बढी भएको सबै नै पुद्गलहरूलाई योग्य छ, सुहाउँछ ।

**पालि - तत्थापि कसिणेसु पुथुलं मोहचरितस्स खुद्दकं वितक्क चरितस्सेवाति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ - ती दशवटा कर्मस्थानहरू मध्येमा पनि कसिण ६ वटामा अथवा पृथ्वी कसिण, आप कसिण, तेज कसिण, वायो कसिण, आकाश कसिण र आलोक कसिण भनिएको ६ वटा कसिणमा सबभन्दा ठूलो रूपले धान चुट्ने खलोको घेरा प्रमाण भएको कसिण मण्डल मोह बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ । सबभन्दा सानोमा नांग्लो प्रमाण भएको कसिण मण्डल वितर्क बढी भएको व्यक्तिलाई योग्य छ, सुहाउँछ ।

यो बताई आएको समथ निर्देशको सप्पाय भेद हो ।

## भावना भेद

### भावनाद्वारा कर्मस्थानको विभाजन

**पालि - भावनासु पन सब्बत्थापि परिकम्मभावना लब्भतेव ।**

भावार्थ - सप्पाय भेद पछि भावना भेदलाई बताउँछु । भावनामा वा भावनाहरू मध्येमा सबै नै कर्मस्थान चालीसै वटामा पनि परिकर्म भावना उपलब्ध छ ।

Dhamma.Digital

**पालि - बुद्धानुस्सति आदीसु अट्ठसु सञ्ञावववत्थानेसु चाति दससु कम्मट्ठानेसु उपचारभावनाव सम्पज्जति, नत्थि अप्पना ।**

भावार्थ - बुद्धानुस्मृति आदि अथवा बुद्धानुस्मृति, धर्म, संघ, शील, त्याग, देवता, उपशम, मरणानुस्मृति भन्ने आठवटा कर्मस्थानमा र आहारमा प्रतिकूल संज्ञा, चतुर्धातु व्यवस्थापनमा; यसरी यी दशवटा कर्मस्थानमा उपचार भावना मात्र पूर्ण हुने हुन्छ । अर्पणा भावना छैन ।

**पालि - सेसेसु पन समत्तिंस कम्मठ्ठानेसु अप्पनाभावनापि सम्पज्जति ।**

भावार्थ - तीनैवटामा उपलब्ध नभएको देखि पछि उपलब्ध भएको बताउँछु । बताई आएको कर्मस्थान दशवटाबाट बाँकी रहेको तीसवटा कर्मस्थानमा अर्पणा भावना पूर्ण हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## ध्यानद्वारा कर्मस्थानको विभाजन

**पालि – तत्थापि दस कसिणानि आनापानञ्च पञ्चकज्झानिकानि ।**

भावार्थ – ती समान भएका तीस कर्मस्थानहरू मध्येमा पनि दशवटा कसिण प्रज्ञप्ति र श्वास प्रश्वास प्रज्ञप्ति, पाँचवटा ध्यानसमूह भएका छन् वा पाँचवटा ध्यानसमूहमा मिल्दछ अथवा ध्यानसमूह पांचवटाको आरम्मण हुन्छ ।

**पालि – दस असुभा कायगतासति च पठमज्झानिका ।**

भावार्थ – दशवटा अशुभ र कायगतास्मृति प्रथमध्यान भएको भयो वा प्रथमध्यानमा मिल्छ अथवा प्रथमध्यानको आरम्मण हुन्छ ।

**पालि – मेत्तादयो तयो चतुक्कज्झानिका ।**

भावार्थ – मैत्री आदि अथवा मैत्री, करुणा, मुदिता भनिएको तीन ब्रह्मविहार चारवटा ध्यानसमूह भएको भयो वा चारवटा ध्यानसमूहमा मिल्छ अथवा ध्यानसमूह चारवटाको आरम्मण हुन्छ ।

**पालि – उपेक्खा पञ्चमज्झानिकाति छब्बिसति पावचरज्झानिकानि कम्मट्ठानानि ।**

भावार्थ – उपेक्षा भनिएको ब्रह्मविहार धर्म एउटा पञ्चम ध्यान भएको हुन्छ वा पञ्चम ध्यानमा मिल्दछ अथवा पञ्चम ध्यानको आरम्मण हुन्छ । यसरी २६ वटा कर्मस्थानहरू रूपावचर ध्यान भएको हुन्छ वा रूपावचर ध्यानमा मिल्छ अथवा रूपावचर ध्यानको आरम्मण हुन्छ ।

**पालि – चत्तारो पन अरूपपा आरूपपज्झनिकाति अयमेत्थ भावना भेदो ।**

भावार्थ– रूपावचर ध्यानको आरम्मण पछि आरूप्य ध्यानको आरम्मणलाई बताउँछु । चार आरूप्य अथवा आकाशानन्त्यायतन,



Downloaded from http://www.dhamma.digital

विज्ञानन्त्यायतन, आकिञ्चन्यायतन र नैवसंज्ञानासंज्ञायतन हिसाबले चार आरूप्यहरू अरूपध्यान भएको भयो वा अरूपध्यानमा मिल्छ अथवा अरूपध्यानको आरम्मण हुन्छ ।

## गौचर भेद

### निमित्तद्वारा कर्मस्थान विभाजन

**पालि – निमित्तेसु पन परिकम्मनिमित्तं उग्गहनिमित्तञ्च सब्बथापि यथारहं परियेन लब्भन्ते"व ।**

भावार्थ – भावना भेद पछि गौचर भेदलाई बताउँछु। निमित्तहरू मध्येमा परिकर्म निमित्तलाई अथवा पृथ्वी पृथ्वी आदि भावना गर्ने परिकर्म भावनाको आरम्मण भईरहेको कसिण मण्डल भनेको परिकर्म निमित्तलाई र उग्रह निमित्तलाई अथवा चक्षु विज्ञानले देखिने जस्तै मनोद्वारिक कुशल जवनले ग्रहण गर्ने योगी पुरुषको आरम्मण भईरहेको कसिणमण्डल भनिएको उग्रह निमित्तलाई वा परिकर्म निमित्त भनेको पहिलो निमित्तको एकतह माथि पुगेर ग्रहण गर्ने योगी पुद्गलको आरम्मण भईरहेको कसिण मण्डलादि भनेको उग्रह निमित्त, सबै कर्मस्थान ४० वटामा पनि योग्यतानुसार पर्याय रूपमा अथवा उपचार रूपमा उपलब्ध नै हुन्छन् ।

**पालि – पटिभागनिमित्तं पन कसिणासुभकोट्ठासआनापानेस्वेव लब्भन्ति, तत्थ हि पटिभागनिमित्तमारब्भ उपचारसमाधि अप्पना-समाधि च पवनन्ति ।**

भावार्थ – सबै उपलब्ध हुने देखि पछि उपलब्ध नहुनेलाई बताउँछु । प्रतिभाग निमित्त वा उग्रह निमित्त समान भएको नीलो रंग आदि कसिण दोषले अलग भएको उपचार र अर्पणाको आरम्मण भईरहेको कसिणमण्डलादि भनेको प्रतिभाग निमित्त, कसिण प्रज्ञप्ति १० वटा अशुभ प्रज्ञप्ति १० वटा कपाल आदि कायसमूह प्रज्ञप्ति, श्वासप्रश्वास प्रज्ञप्ति



Downloaded from http://www.dhamma.digital

मात्र उपलब्ध हुन्छ । अवश्य हो, ती कसिण प्रज्ञप्ति १० वटा, अशुभ प्रज्ञप्ति १० वटा कपाल आदि कायसमूह प्रज्ञप्ति, श्वास प्रश्वास प्रज्ञप्ति, प्रतिभाग निमित्तलाई वा उग्रह निमित्त समान भएको नीलो रंग आदि कसिण दोषले अलग भएको उपचार र अर्पणाको आरम्मण भईरहेको कसिण मण्डलादि भनेको प्रतिभाग निमित्तलाई आरम्मण गरी उपचार समाधि र अर्पणा समाधि उत्पन्न हुने हुन्छ ।

## भावना र निमित्तको सम्बन्ध

**पालि – कथं ?**

**आदिकम्मिकस्स हि पथवी मण्डलादीसु निमित्तं उग्गण्हन्तस्स तमारम्मणं परिकम्मनिमित्तन्ति पवुच्चति । सा च भावना परिकम्मभावना नाम ।**

भावार्थ – कसरी उत्पन्न हुन्छ ?

त्यस कुरालाई प्रकट गर्दछु । पहिले कर्मस्थान भावना गर्न पाउने आदिकर्मिक भएर पृथ्वी कसिणमण्डलादि आरम्मणलाई ग्रहण गर्ने योगावचार पुद्गललाई त्यस कसिणमण्डलादि आरम्मणलाई परिकर्म निमित्त भनी विशेषरूपले भन्नुपर्ने हुन्छ । त्यो भावनालाई पनि परिकर्म भावना भनिन्छ ।

**पालि – यदा पन तं निमित्तं चित्तेन समुग्गहितं होति । चक्खुना पस्सन्तस्सेव मनोद्वारस्स आपाथमागतं तदा तमेवारम्मणं उग्गहनिमित्तं नाम । सा च भावना समाधियति ।**

भावार्थ – परिकम्म पछि उग्रह निमित्तलाई बताउँछु। जुनबेला त्यो परिकर्म निमित्त भनेको पृथ्वी कसिणमण्डलादि आरम्मणलाई मनोद्वारिक चित्तले राम्रोसँग ग्रहण गर्नुपर्ने हुन्छ; चक्षुप्रसादलाई अथवा चक्षुविज्ञानले देखे जस्तै वा देख्नेलाई प्रकटरूपमा आए जस्तै मनोद्वारलाई अथवा मनोद्वारिक विज्ञानलाई प्रकटरूपमा आउने हुन्छ; त्यतिबेला त्यो पृथ्वी



Downloaded from http://www.dhamma.digital

कसिणमण्डलादि आरम्मणलाई नै उग्रह निमित्त भनिन्छ । त्यो भावना पनि समाधिस्थ हुने हुन्छ ।

**पालि – तथा समाहितस्स पनेतस्स ततो परं तस्मिं उग्गहनिमित्ते परिकम्मसमाधिना भावनमनुयुञ्जन्तस्स यदा तप्पटिभागं वत्थुधम्मविमुच्चितं पञ्ञत्तिसंखातं भावनामयमारम्मणं चित्ते सन्निसिन्नं समप्पितं होति । तदा तं पटिभागनिमित्तं समुप्पन्नन्ति पवुच्चति ।**

भावार्थ– उग्रह निमित्त पछि प्रतिभाग निमित्तलाई बताउँछु । त्यस आकारले समाधिस्थ भएर त्यो उग्रह निमित्त प्रकट भईसकेपछि त्यस उग्रह निमित्तमा परिकर्म समाधिद्वारा भावना वृद्धि गर्नेलाई बारबार कोशिस गरिरहेको त्यस योगी पुद्गललाई जुनबेला त्यो उग्रह निमित्त समान भएको परमार्थ धर्मबाट अलग भएको वा कसिणमण्डलमा उत्पन्न हुने कसिण दोषबाट अलग भएको प्रज्ञप्ति भनिएको भावनाद्वारा सिद्ध भईरहेको पृथ्वी कसिणमण्डलादि आरम्मण मनोद्वारिक चित्तमा समूह भईरहेको राम्रोसँग उत्पन्न भयो भनी वा राम्रोसँग सम्पन्न भयो भनी विशेष रूपले भन्नुपर्ने हुन्छ ।

Dhamma.Digital

**पालि – ततो पट्ठाय परिबन्धविप्पहीना कामावचरमाधिसंखाता उपचारभावना निप्फन्ना नाम होति ।**

भावार्थ – त्यो प्रतिभाग निमित्त प्रकट भइसकेपछि हटाईसकेको निवरण भनेको बिघ्न बाधा भएको वा निवरण भनिएको बिघ्न बाधा हटाईसकेको कामावचर समाधि भनेको उपचार भावना निष्पन्न भयो वा सम्पन्न भयो भन्ने हुन्छ ।

## रूपध्यानको उत्पत्ति

**पालि – ततो परं तमेव पटिभागनिमित्तं उपचारसमाधिना समासेवन्तस्स रूपावचरपठम-ज्झानमप्पेति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – त्यो उपचार भावना भइसकेपछि वा त्यो उपचार भावना सम्पन्न भइसकेपछि त्यो प्रतिभाग निमित्तलाई नै उपचार समाधिद्वारा राम्रोसँग सेवन गर्ने योगावचर पुद्गललाई रूपावचर प्रथमध्यान अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

**पालि – ततो परं तमेव पठमज्झानं आवज्जनं समापज्जनं अधिट्ठानं वुट्ठानं पच्चवेक्खणा चेति इमाहि पञ्चहि वसिताहि वसिभूतं कत्वा वितक्कादिकमोलारिकङ्गं पहानाय विचारादिसुखुमङ्गुप्पत्तिया पदहतो यथाक्कमं दुतियज्झानादयो यथारहमप्पेन्ति ।**

भावार्थ – त्यो प्रथमध्यान उत्पन्न भइसकेपछि त्यस प्रथमध्यानलाई नै आवर्जन वशीभाव वा प्रथमध्यानको पाँच अङ्गहरू मध्येमा एक-एक आरम्मणमा उत्पन्न हुने आवर्जन अनन्तरमा चार पाँच पटकको जवन, दुई तीन पटकको भवङ्गदेखि माथि नगईकन क्रमशः ध्यानअङ्गलाई विचार गर्ने सामर्थ्य भएको भनेको ध्यानअङ्गलाई विचार गर्ने सामर्थ्य भएको योगी पुद्गलको सामर्थ्य; समापद्यन वशीभाव अथवा समाधिमा बस्ने इच्छा हुनुको भाव भनेको चित्तको अन्तरमा दुई तीन पटकको भवाङ्गभन्दा माथि नगइकन उत्पन्न हुने आवर्जनको अन्तरमा समाधिमा बस्न सकिन्छ भन्ने ध्यानलाई भाविता गर्नसक्ने योगी पुद्गलको सामर्थ्य; अधिष्ठान वशीभाव अर्थात पुलले पानीको धार भएको नदीको पानीको धारलाई काटेझैं भवाङ्गको धारलाई काटेर निश्चय गरिराखेको समय सम्ममा ध्यानलाई राख्नसकिने भाव भनेको भवाङ्ग अवतरणले ध्यानलाई रक्षागर्न योग्य भएको अधिष्ठान गर्न सक्ने योगी पुद्गलको सामर्थ्य अथवा निर्णय गरिसकेको समयभन्दा माथि नपठाईकन (जान नदिईकन) ध्यानलाई राख्नमा समर्थ भएको अधिष्ठान गर्न सक्ने योगी पुद्गलको सामर्थ्य; ब्युत्थान वशीभाव, निर्णय गरिराखेको समयलाई नाघ्न नदिईकन ध्यानबाट उठ्न समर्थ भएका (योगीहरूको) भाव भनेको ध्यानबाट उठ्न



Downloaded from http://www.dhamma.digital

सक्ने योगी पुद्गलको सामर्थ्य अथवा निर्णय गरिराखेको समयभन्दा भित्र नउठीकन निर्णय गरिराखेको समय अनुसार नै ध्यानबाट उठ्नेमा समर्थ भएको भाव भनेको ध्यानबाट उठ्नसक्ने योगी पुद्गलको सामर्थ्य र प्रत्यवेक्षण वशीभाव अथवा प्रथमध्यानको पाँच अङ्गहरू अरुहरू मध्येमा एक एक आरम्मणमा उत्पन्न हुने अनन्तरमा चार पाँच पटकको जवन, दुई तीन पटकको भवङ्गभन्दा माथि नगईकन क्रमशः ध्यानअङ्गलाई विचार गर्ने मनोद्वारावर्जनको अनन्तरमा जवन चित्तले ध्यानअङ्गलाई विचार गर्नसक्ने योगी पुद्गलको सामर्थ्य; यसरी यी पाँच वशीभावले वशीभूत गरी वितर्कादि स्थल ध्यानअङ्गलाई हटाएर पठाउनुको निम्ति विचारादि शूक्ष्म ध्यानअङ्ग उत्पन्न गर्नुको निम्ति बारबार पथवी पथवी आदि रूपले भाविता गर्ने परिकर्म गर्ने योगी पुद्गललाई क्रमशः द्वितीयध्यानादि अथवा द्वितीय, तृतीय, चतुर्थ, पञ्चम ध्यानहरू योग्यतानुसार अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

**पालि – इच्चेवं पठवीकसिणादीसु द्वावीसति कम्मट्ठानेसु पटिभागनिमित्तमुपलब्भति ।**

भावार्थ – यसरी बताई आएको नय अनुसार पृथ्वी कसिणादि प्रज्ञप्ति १० वटा, अशुभ प्रज्ञप्ति १० वटा, कपाल आदि काय समूह प्रज्ञप्ति श्वासप्रश्वास प्रज्ञप्ति भनेको २२ कर्मस्थानमा प्रतिभाग निमित्त उपलब्ध हुन्छ ।

**पालि – अवसेसेसु पन अप्पमञ्ञा सत्तपञ्ञत्तियं पवत्तन्ति ।**

भावर्थ – विशेष कुरा बताउँछु । बताई आएको २२ वटा कर्मस्थानबाट बाँकी रहेको १८ वटा कर्मस्थान मध्येमा अप्रमाण्य सुखित र दुःखित सत्व प्रज्ञप्तिमा उत्पन्न हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## अरूपध्यानको उत्पत्ति

**पालि – आकासवज्जितकसिणेसु पन यंकिञ्चि कसिणं उग्घाटेत्वा लद्धमाकासं अनन्तवसेन परिकम्मं करोन्तस्स पठमारूप्पमप्पेति ।**

भावार्थ – रूपआरम्मण पछि अरूपआरम्मणलाई बताउँछु, अथवा रूपध्यान प्राप्त भइसकेपछि अरूपध्यान प्राप्त हुनेलाई बताउँछु। आकाश कसिणबाट अलग भएको ९ वटा कसिण मध्येमा कुनै एक कसिणलाई हटाई (उघारेर) प्राप्त भएको अनन्त आकाश प्रज्ञप्तिलाई अन्त नभएको अनुसार "अनन्तं आकासं" "अनन्तं आकासं" भनि बारबार भविता गर्ने परिकर्म गर्ने योगी पुद्‌गललाई प्रथम अरूपध्यान अर्पणाको हिसाबमा उत्पन्न हुने हुन्छ ।

**पालि - तमेव पठमारूप्पविञ्ञाणं अनन्तवसेन परिकम्मं करोन्तस्स दुतियारूप्पमप्पेति ।**

भावार्थ – त्यस प्रथम अरूपविज्ञानलाई नै अन्त नभएको रूपमा "अनन्तं विञ्ञाणं" "अनन्तं विञ्ञाणं" भनी बारबार भाविता गर्ने परिकर्म गर्ने योगी पुद्‌गललाई द्वितीय अरूपध्यान अर्पणाको हिसाबमा उत्पन्न हुने हुन्छ ।

**पालि – तमेव पठमारूप्पविञ्ञाणाभावं पन नत्थि किञ्चीति परिकम्मं करोन्तस्स ततियारूप्पमप्पेति ।**

भावार्थ – द्वितीय अरूपध्यान पछि तृतीय अरूपध्यानलाई बताउँछु। त्यस प्रथम अरूपविज्ञानको अभाव भनेको नास्तिकञ्चि भनि भाविता गर्ने परिकर्म गर्ने योगी पुद्‌गललाई तृतीय अरूपध्यान अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

**पालि – ततियारूप्पं सन्तमेतं पणीमेतन्ति परिकम्मं करोन्तस्स चतुत्थारूप्पमप्पेति ।**



Downloaded from http://www.dhamma.digital

भावार्थ – तृतीय अरूपविज्ञानलाई यो तृतीय अरूपविज्ञान शान्त छ, यो तृतीय विज्ञान प्रणीत छ भनी यसरी भाविता गर्ने योगी पुद्‍गललाई चतुर्थ अरूपध्यान अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।

**पालि – अवसेसेसु च दससु कम्मट्ठानेसु बुद्धगुणादिकमारम्मणमारब्भ परिकम्मं कत्वा तस्मिं निमित्ते साधुकमुग्गहिते तत्थेव परिकम्मञ्च समाधियति उपचारी च सम्पज्जति ।**

भावार्थ – बताई आएको तीस कर्मस्थानबाट बाँकी रहेको बुद्ध, धर्म, संघ, शील, त्याग, देवता, उपशम, मरणानुस्मृति, संज्ञा, व्यवस्थान भनेका दशवटा कर्मस्थानमा पनि बुद्धगुणादि आरम्मणलाई आरम्मण गरेर **"सो भगवा इतिपि अरहं" "सो भगवा सम्मासम्बुद्धो"**, आदि भाविता गर्ने परिकर्म गरेर त्यस बुद्धगुणादि आरम्मणलाई राम्रोसँग सिकेर लिई सकेपछि त्यस बुद्धगुणादिमा नै **"सो भगवा इतिपि अरहं, सो भगवा इतिपि सम्मासम्बुद्धो"** आदि बारबार भाविता गर्ने परिकर्म पनि समाधिष्ठ हुने उपचार पनि सम्पन्न हुने हुन्छ ।

## अभिज्ञाको उत्पत्ति

Dhamma.Digital

**पालि – अभिञ्ञावसेन पवत्तमानं पन रूपावचरपञ्चमज्झानं अभिञ्ञापादक पञ्चमज्झाना वुट्ठहित्वा अधिट्ठेय्यादिक- मावज्जेत्वा परिकम्मं करोन्तस्स रूपादीसु आरम्मणेसु यथारहमप्पेति ।**

भावार्थ – विशेष कुरा बताउँछु । अभिज्ञानको हिसाबले उत्पन्न हुने रूपावचर पञ्चमध्यान अभिज्ञाको मूल भईरहेकोरूपावचर पञ्चमध्यानबाट उठेर अधिष्ठान गर्ने आदिलाई वा अधिष्ठान गर्ने, श्रृष्टि गर्ने, सयौं, हजारौं, बाल्यरूपआदिलाई विचार गरी "सत होमि सहस्सं होमि" आदि भनेर बारम्बार भाविता गर्ने परिकर्म गर्ने योगी पुद्‍गललाई रूपारम्मणादि अथवा रूप, शब्द, गन्ध, रस, स्पर्श, धर्मारम्मण भनेको आरम्मणमा योग्यतानुसार अर्पणाको हिसाबले उत्पन्न हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## अभिज्ञा ५ वटा

**पालि – अभिञ्ञा च नाम .....**

**इद्धिविधं दिब्बसोतं, परचित्तविजानना ।**

**पुब्बे निवासानुस्सति, दिब्बचक्खूति पञ्चधा ।**

**अयमेत्थ गोचर भेदो निट्ठितो च समथ कम्मट्ठाननयो ।**

भावार्थ – जोर्नीलाई बताउँछु । अभिज्ञा भनेको वा विशेषरूपले जान्नुपर्ने ज्ञान भनेको ऋद्धि चमत्कार देखाउन सकिने ऋद्धिविध अभिज्ञा, दिव्यश्रोत अभिज्ञा अथवा देवताहरूको कानले झैँ टाढाबाट आउने शब्द सुन्न सकिने दिव्यश्रोत अभिज्ञा, परचित्तविजानन अभिज्ञा अर्थात अर्काको चित्तलाई जान्न सकिने अभिज्ञा, पूर्वेनिवासानुस्मृति अभिज्ञा अथवा पहिले बसिसकेको स्कन्धक्रमलाई बारबार सम्झने स्मृतिसँग मिल्दो अभिज्ञा, दिब्यचक्षु अभिज्ञा अथवा देवताहरूको आँखाको झैँ टाढाको रूपलाई देख्नसक्ने दिब्यचक्षु अभिज्ञा भनी यसरी पाँच प्रकारको छ ।

यस शमथ कर्मस्थानमा यो बताई आएको गौचार भेद हो ।

शमथ कर्मस्थान नय सम्पूर्ण भयो ।

Dhamma.Digital

## विपश्यना कर्मस्थान नय

## विशुद्धि ७ वटा

**पालि - विपस्सना कम्मट्ठाने पन सील विसुद्धि चित्तविसुद्धि दिट्ठिविसुद्धि कंखावितरणविसुद्धि मग्गामग्गञाणदस्सनविसुद्धि पटिपदाञाणदस्सन-विसुद्धि ञाणदस्सनविसुद्धि चेति सत्तविधेन विसुद्धि सङ्गहो ।**

भावार्थ – समय कर्मस्थान पछि विपश्यना कर्मस्थानलाई बताउँछु। विपश्यना कर्मस्थानमा शीलविशुद्धि अथवा चतुपारिशुद्धिशीलको परिशुद्धि, चित्तविशुद्धि अथवा उपचार समाधि र अर्पणा समाधि चित्तको परिशुद्धि,



Downloaded from http://www.dhamma.digital

दृष्टिविशुद्धि अथवा लक्षण, रस, प्रत्युप्रस्थान र पदस्थानको हिसाबले नामरूपले जम्मा गर्ने ज्ञानको परिशुद्धि, कांक्षावितरण- विशुद्धि अथवा नामरूपको कारणलाई जम्मा पारेर १६ वटा संशयलाई नाघेर जानसक्ने ज्ञानको विशुद्धि, मार्गामार्गज्ञानदर्शन-विशुद्धि अथवा विपश्यनालाई धमिल्याउने कारण भईरहेको बिघ्न बाधालाई जम्मा गर्ने रूपको मार्ग हो होइन जान्न सकिने ज्ञानको परिशुद्धि, प्रतिपदा-ज्ञानदर्शन-विशुद्धि अथवा उदयब्यय ज्ञानदेखि सत्यानुलोम ज्ञानसम्म ९ वटा विपश्यना ज्ञान नाम भएका मार्गज्ञान-दर्शन-विशुद्धिको आचरण भईरहेको ज्ञानदृष्टिको परिशुद्धि र ज्ञानदर्शन विशुद्धि अथवा निर्वाणलाई देख्न सकिने मार्गज्ञानको परिशुद्धि भनी यसरी सात प्रकारले विशुद्धि संग्रहलाई जान्नुपर्‍यो ।

**पालि – अनिच्चलक्खणं दुक्खलक्खणं अनत्तलक्खणञ्चेति तीणि लक्खणानि ।**

भावार्थ – अनित्य लक्षण अथवा सधैं नहुने रूपमा सम्भनुपर्ने वा सधैं नभएका लक्षण भईरहेको, दुःख लक्षण अथवा सम्भनुपर्ने दुःख अथवा दुःख लक्षण भईरहेको र अनात्म लक्षण अथवा आत्मा नभएका रूपमा सम्भनु पर्ने वा आत्मा नभएको लक्षण भईरहेको भनि यसरी तीनवटा लक्षणहरूलाई जान्नु पर्दछ ।

## अनुपश्यना ३ वटा

**पालि – अनिच्चानुपस्सना दुक्खानुपस्सना अनत्तानुपस्सना चेति तिस्सो अनुपस्सना ।**

भावार्थ – अनित्यानुपस्सना अथवा नित्य नभएकोलाई बारबार देख्नु । दुःखानुपश्यनालाई बार बार देख्नु । अनात्मानुपश्यनालाई बारबार देख्नु अथवा आत्मा होइन भनेकोलाई बार बार देख्नु भनी यसरी तीन अनुपश्यनालाई जान्नु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

## विपश्यना ज्ञान १० वटा

**पालि – सम्मस्सनञाणं उदयब्बयञाणं भङ्गञाणं भयञाणं आदिनवञाणं निब्बिदाञाणं मुञ्चितुकम्यताञाणं पटिसंखाञाणं संखारूपेक्खाञाणं अनुलोमञाणञ्चेति दस विपस्सनाञाणानि ।**

भावार्थ – सम्मसन ज्ञान अथवा स्कन्ध आदिलाई समूहलाई परामर्श गर्ने हिसाबले उत्पन्न हुने ज्ञान, उदयब्यय ज्ञान अथवा उत्पन्न हुने विनाश हुनेलाई बारबार ध्यान राख्ने हिसाबले उत्पन्न हुने ज्ञान, भङ्ग ज्ञान अथवा उत्पन्न हुनेलाई छाडेर विनाश हुनेमा उत्पन्न हुने ज्ञान, भय ज्ञान अथवा संस्कारलाई भयको रूपमा बारबार देख्ने हिसाबले उत्पन्न हुने ज्ञान, आदीनव ज्ञान अथवा देखिने, भय भएको संस्कारलाई दोष रूपमा देख्ने हिसाबले उत्पन्न हुने ज्ञान, निब्बिदा ज्ञान अथवा देखिएको दोष भएको संस्कारमा उदय हुने हिसाबले उत्पन्न हुने ज्ञान, मुञ्चितुकम्वता ज्ञान अथवा उदास भएर संस्कारबाट मुक्त हुने इच्छा भएको हिसाबले उत्पन्न हुने ज्ञान, प्रतिसंख्या ज्ञान अथवा मुक्त हुने कारण सम्पन्न गर्नुको निम्ति फेरी एकपटक संस्कारलाई समूहका रूपमा संकलन गर्ने हिसाबले उत्पन्न हुने ज्ञान, संस्कारूपेक्षा ज्ञान अथवा संस्कार धर्ममा डराउनु खुशीहुनुलाई अलग्ग गर्ने हिसाबले उपेक्षित भावले उत्पन्न हुने ज्ञान, अनुलोम ज्ञान अथवा माथि माथिका ९ वटा ज्ञानको काम सिद्ध हुने सैंतीस बोधिपक्षिय धर्मलाई अनुकुल भएको ज्ञान भनी यसरी दशवटा विपश्यना ज्ञानलाई  जान्नु पर्दछ ।

## विमोक्ष ३ वटा

**पालि – सुञ्ञतो विमोक्खो अनिमित्तो विमोक्खो अप्पणिहितो विमोक्खो चेति तयो विमोक्खा ।**

भावार्थ – शून्यत विमोक्ष अथवा आत्मभाव शून्य भएर संयोजन इत्यादिबाट अलग भएको मार्ग, अनिमित्त विमोक्ष अथवा नित्य निमित्त



Downloaded from http://www.dhamma.digital

इत्यादि नभएर संयोजन आदिबाट अलग भएको मार्ग र अप्रणिहित विमोक्ष अथवा तृष्णा भनिएका आकांक्षाबाट अलग भएर संयोजन आदिबाट अलग भएको मार्ग भनी यसरी तीनवटा विमोक्षलाई अथवा मार्गलाई जान्नुपऱ्यो ।

## विमोक्षमुख ३ वटा

**पालि – सुञ्ञतानुपस्सना अनिमित्तानुपस्सना अप्पणिहितानुपस्सनाच"ति तीणि विमोक्खमुखानि च वेदितब्बानि ।**

भावार्थ – शून्यतानुपश्यना अथवा आत्मभावले शून्य भएको लाई बारबार देख्नु, अनिमित्तानुपश्यना अथवा नित्य निमित्तादिको अभावलाई बारबार देख्नु, अप्रणिहितानुपश्यना अथवा तृष्णा भनिएको आकांक्षाबाट अलग्ग हुनेलाई बारबार देख्ने भनी यसरी तीनवटा विमोक्षमुखलाई पनि अथवा संयोजनादिबाट अलग्ग भएको मार्गको कारणलाई पनि जान्नुपर्ने हुन्छ जान्नु पर्छ ।

## विशुद्धि भेद

Dhamma.Digital

## शील विशुद्धि

**पालि - पातिमोक्खसंवरसीलं इन्द्रियसंवरसीलं आजीवपारिसुद्धिसीलं पच्चयसन्निस्सितसीलञ्चेति चतुपारिसुद्धिसीलं सीलविसुद्धि नाम ।**

भावार्थ – कसरी जान्नु ?

प्रातिमोक्ष संवर शील अथवा आफूलाई रक्षा गर्नेलाई अपाय दुःख आदिबाट मुक्त गर्ने हुँदा कायदुश्चरित्रदिबाट रक्षित भएर कायकर्म वचीकर्मलाई राम्रोसँग राख्ने चेतना; इन्द्रिय संवर शील अथवा चक्षुइन्द्रिय, श्रोत, घ्राण, जिह्वा, काय र मनइन्द्रियलाई रूपारम्मण, शब्द, गन्ध, रस, प्रष्टब्य र धर्मारम्मणबाट रक्षा गर्ने हिसाबले कायकर्म वचीकर्मलाई



Downloaded from http://www.dhamma.digital

राम्रोसँग राख्ने चेतना; आजीव पारिशुद्धि शील अथवा मिथ्याजीवबाट बचेर विरत भएर जीवनवृति चलाउने आदि हिसाबले कुशलधर्मलाई विशेषरूपले धारण गर्ने चेतना, प्रत्यय सन्निश्रित शील अथवा चतुप्रत्ययलाई आधार लिएर त्यो चतुप्रत्ययलाई यो संसार दुःखबाट मुक्त हुने फल भएको हुनाले बारबार ज्ञानले विचार गरी "पटिसंखा योनिसो" आदिरूपले विचार गर्ने हुँदा कुशल धर्मलाई विशेषरूपले धारण गर्ने चेतना भनी यसरी चारवटा पारिशुद्धि शील देशना गर्नु, इन्द्रियलाई रक्षा गर्न खोज्नु बारबार ज्ञानले होश राखी बिचार गर्ने हिसाबले चार प्रकारले भएर शुद्ध कुशलधर्मको आधार भईरहेको चेतनालाई शील विशुद्धि भन्छ।

## चित्त विशुद्धि

**पालि – उपचारसमाधि अप्पनासमाधि चेति दुबिधो पि समाधि चित्तविसुद्धि नाम।**

भावार्थ – उपचार समाधि अथवा अर्पणाध्यानको नजिकै समाधिष्ठ हुने र अर्पणा समाधि अथवा अर्पणाध्यानमा उत्पन्न हुने समाधि भनी यसरी दुई प्रकारले पनि भएको समाधिलाई चित्तविशुद्धि भन्छ वा चित्तलाई नीवरण रहित भएको भावमा पुऱ्याउने रूपले शुद्ध गर्ने हुनाले परिशुद्ध भएको समाधि भन्छ।

## दृष्टि विशुद्धि

**पालि – लक्खणरसपच्चुपट्ठान पदट्ठान वसेन नामरूपपरिग्गहो दिट्ठिविसुद्धि नाम।**

भावार्थ – लक्षण, रस, प्रत्युप्रस्थान र पदस्थानको हिसाबले त्रैभूमिक धर्मको साधारण स्वभाव भनेको लक्षण, कृत्य भनिएको रस प्रकट हुने आकार भनेको प्रत्युप्रस्थान, नजिकको कारण भनेको पदस्थान हिसाबले वा त्रैभूमिक धर्मको स्वभाव भनेको लक्षण, सम्पन्न हुनु भनेको



Downloaded from http://www.dhamma.digital

रस, फल भनेको प्रत्युस्थान, नजिकको कारण भनेको पदस्थानको हिसाबले नामरूपलाई परिग्रहण गर्नेलाई दृष्टिविशुद्धि भन्छ ।

## कांक्षावितरण विशुद्धि

**पालि – तेसमेव च नामरूपानं पच्चयपरिग्गहो कंखावितरणविसुद्धि नाम ।**

भावार्थ – जोर्नीलाई बताउँछु । ती नाम रूपको नै कारणलाई जम्मा गर्नेलाई कांक्षावितरण विशुद्धि भन्छ अथवा १६ वटा संशयलाई नाघेर जान सक्ने ज्ञानको परिशुद्धि भनिन्छ ।

## मार्गामार्ग ज्ञानदर्शन विशुद्धि

**पालि – ततो परं पन तथा परिग्गहितेसु सप्पच्चयेसु तेभूमकसंखारेसु अतीतादिभेदभिन्नेसु खन्धादिनयमारब्भ कलापवसेन संखिपित्वा अनिच्चं खयट्ठेन दुक्खं भयट्ठेन अनत्ता असारकट्ठेनाति अद्धानवसेन सन्ततिवसेन खणवसेन वा सम्मसनञाणेन लक्खणत्तयं सम्मसन्तस्स तेस्वेव पच्चयवसेन खणवसेन च उदयब्बयञाणेन उदयब्बयं समनुपस्सन्तस्स च ।**

भावार्थ – कांक्षावितरण विशुद्धि पछि मार्गामार्ग ज्ञान दर्शन विशुद्धिलाई बताउँछु । त्यस नाम रूपको कारणलाई जम्मा गर्नुदेखि पछि त्यस त्यस आकारले परिगृहित भएको अथवा अलग अलग लक्षण, रस, प्रत्युप्रस्थान र पदस्थानलाई सम्झने, कारणलाई सम्झने हिसाबले परिगृहित भएको कारण सहित भईरहेको अतीत आदि भेदले भिन्न भएको तीन भूमिमा उत्पन्न हुने संस्कारमा स्कन्धादि नयलाई आरम्भ गरेर समूहको हिसाबले संक्षेप गरी विलयहुने स्वभावमा पुग्ने हुनाले अनित्य भन्छ, भय भनिएको कारणले दुःख भन्छ, आत्म भन्ने सार नभएको हुनाले अनात्म भन्छ भनी यसरी अतीतादि काल, सन्तति, र



Downloaded from http://www.dhamma.digital

लक्षणको हिसाबले परामर्श गर्ने ज्ञानले तीनवटा लक्षणसमूहलाई परामर्श गर्ने योगी पुद्‌गलको त्यस त्रैभूमिक संस्कारमा नै कारणको हिसाबले र क्षणको हिसाबले उत्पत्ति र विनाशलाई जान्ने ज्ञानले उत्पति विनाशलाई बारबार देख्ने योगी पुद्‌गल ।

## विपश्यनालाई धमिलो पार्ने धर्म १० वटा

**पालि – ओभासो पीति पस्सद्धि- अधिमोक्खो च पग्गहो । सुखं ञाणमुपट्ठान- मुपेक्खा च निकन्ति चेति । ओभासादिविपस्सनुपक्किलेसपरिबन्धपरिग्गहवसेन मग्गामग्गलक्खणववत्थानं मग्गामग्गञाण दस्सनविसुद्धि नाम ।**

भावार्थ – ज्योति अथवा विपश्यना चित्तले गर्दा उत्पन्न हुने शरीरबाट निस्कने ओभास भनिने ज्योति, प्रीति अथवा विपश्यनासँगै उत्पन्न हुने क्षुद्रिकाप्रीति, क्षणिकाप्रीति, अवक्रान्तिकाप्रीति, उद्‌बेगाप्रीति र स्फरणाप्रीति भनिएका पाँच प्रकारका प्रीति वा अलिकति खुसि हुने, एकछिन खुशी हुने, शरीरलाई आकाशमा उडाएर लाने रूपले खुशी हुने शरीर भरि नै फिजीरहने किसिमले खुशी हुने भनेका पाँच प्रकारका खुशी प्रश्रब्धि अथवा काय चित्तको डाह हुनुबाट शान्त हुने लक्षण भएको कायप्रश्रब्धि र चित्तप्रश्रब्धिको हिसाबले दुई प्रकारले भएको प्रश्रब्धि, अधिमोक्ष अथवा दरिलो श्रद्धिइन्द्रिय भनेको श्रद्धा र विश्वास दरिलो गर्ने सहयोग अथवा सम्यक्‌प्रधान कृत्यलाई सिद्ध गर्ने वीर्यसम्बोध्यङ्ग भनिएका दरिलो गर्ने सहयोग, सुख अथवा ठूलो सुख वा विपश्यना चित्तसँग सम्प्रयुक्त भईरहेको चैतसिक सुख : ज्ञान अथवा देवराज इन्द्रले छोडील्याउने बज्रसमान भएको लक्षण तीनवटालाई देख्ने ज्ञान, उपस्थान प्रकट हुने स्मृतिप्रस्थान भईरहेको धेरैकालदेखि गरी सकेको काम आदिलाई बार बार सम्झनसक्ने स्मृति र उपेक्षा र अथवा सम्प्रयुक्त धर्मसंगै मिलेको विपश्यना सहित भएको उपेक्षासम्बोध्यङ्ग भईरहेको तत्रमध्यस्थुपेक्षा, मनोद्वारावर्जन चित्तसँग सम्प्रयुक्त भईरहेको चेतना



Downloaded from http://www.dhamma.digital

भनेको आवर्जनुपेक्षा यसरी दुई प्रकारको उपेक्षा; निक्कन्ति- टाँसिने तृष्णा अथवा ओभासादि नौवटा उत्पन्न भयो भने यसभन्दा पहिले मलाई यस्तो स्वभाव भएको ज्योति अद्‌भुत रूपले उत्पन्न भयो भनी ती ओभास आदि नौवटामा टाँसिने शूक्ष्मतृष्णा; यसरी ओभासादि दशवटा विपश्यनालाई धमिलो तुल्याउने बिघ्न बाधालाई परिग्रह गर्ने हिसाबले मार्ग हो होइन भन्ने लक्षणलाई छुट्याउने अथवा लक्षित मार्ग हो होइनलाई सम्झाउने छुट्याउने भन्ने ज्ञानलाई मार्गामार्ग ज्ञान दर्शन विशुद्धि भन्छ अथवा विपश्यनालाई धमिल्याउने उपद्रवलाई परिग्रहण गर्ने हिसाबले मार्ग हो होइन भनि जान्ने ज्ञानको परिशुद्धि भन्छ।

## प्रतिपदा ज्ञान दर्शन विशुद्धि

**पालि – तथा परिबन्धविमुत्तस्स पन तस्स उदयब्बयञाणतो पट्ठाय यावानुलोमा तिलक्खणं विपस्सनापरंपराय पटिज्जन्तस्स नव विपस्सनाञाणनि पटिपदाञाणदस्सनविसुद्धि नाम।**

भावार्थ – मार्गामार्ग ज्ञान दर्शन विशुद्धि पछि प्रतिपदा ज्ञान दर्शन विशुद्धिलाई बताउँछु। त्यसप्रकारले ओभास ज्योति आदि दशवटा विपश्यनालाई धमिल्याउने उपद्रवहरूले अलग भएको त्यस योगीलाई उत्पत्ति र विनाशलाई जान्ने उदय ब्यय ज्ञानदेखि सत्यानुलोम ज्ञानसम्म त्रिलक्षण तीनवटालाई एक पछि अर्को तल्लाको विपश्यनाको रूपमा आचरण गर्ने योगी पुद्‌गलको नौवटा विपश्यना ज्ञानहरूलाई प्रतिपदा ज्ञान दर्शन विशुद्धि भन्छ; अथवा उदयब्यय ज्ञानदेखि सत्यानुलोम ज्ञानसम्म नौवटा विपश्यना ज्ञान नाम भईरहेको मार्ग भनेको ज्ञान दर्शन विशुद्धिको आचरण भईरहेको ज्ञानदृष्टिको परिशुद्धि भन्छ।

## ज्ञान दर्शन विशुद्धि

**पालि – तस्सेवं पटिपज्जन्तस्स पन विपस्सनापरिपाकमागम्म इदानि अप्पना उप्पज्जिस्सतीति भवङ्गं वोच्छिन्दित्वा**



Downloaded from http://www.dhamma.digital

**उप्पन्नमनोद्वारावज्जनानन्तरं द्वे तीणि विपस्सनाचित्तानि यंकिञ्चि अनिच्चादिलक्खणमारब्भ परिक्कम्मोपचारानुलोमनामेन पवत्तन्ति ।**

भावार्थ - प्रतिपदा ज्ञान दर्शन विशुद्धि पछि ज्ञान दर्शन विशुद्धिलाई बताउँछु । यसरी बताई आएको नय अनुसार आचरण गर्ने त्यस योगी पुद्गललाई विपश्यना ज्ञान छिप्पिनेलाई कारण गरी अर्पणा भनेको लोकुत्तर मार्ग उत्पन्न हुनेछ । यस्तो भन्नुपर्ने क्षणमा भवाङ्गको श्रोतलाई काटेर उत्पन्न हुने मनोद्वारावर्जनको अनन्तरमा दुई तीन पटकको विपश्यना चित्तहरू एकन एकवटा अनित्यादि लक्षणलाई अथवा अनित्य दुःख अनात्म लक्षणलाई आरम्मण गरेर परिकर्म उपचार अनुलोम भनेको नामले उत्पन्न हुने हुन्छ ।

**पालि– या सिखापत्ता सा सानुलोमा संखारूपेक्खा वुट्ठानगामिनीविपस्सनाति च पवुच्चति ।**

भावार्थ – जो संस्कारमा उपेक्षा भावले देखिने ज्ञान छ; विपश्यनाको शिखरमा सत्यानुलोम ज्ञानसँगै उत्पन्न हुने त्यो संस्कारूपेक्षा ज्ञानलाई ब्युत्थानगामिनी विपश्यना भनी पनि अथवा अपायादि वा संस्कार निमित्तबाट उठ्ने भनेको मार्गमा पुगिने विपश्यना भनी पनि विशेषरूपले भन्ने गर्दछ ।

**पालि – ततो परं गोत्रभूचित्तं निब्बानमालम्बित्वा पुथुज्जनगोत्तमभिभवन्तं अरियगोत्तमभिसम्भोन्तञ्च पवत्तति ।**

भावार्थ – त्यो ब्युत्थानगामिनी विपश्यना जवनचित्त दुई तीन पटक उत्पन्न भइसकेपछि गोत्रभू चित्त निर्वाणलाई आरम्मण गरेर पृथकजनहरूको गोत्रलाई अभिभूत गरी त्यसपछि आर्य गोत्रभूमा पुऱ्याएर उत्पन्न हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## मार्गकृत्य १६ वटा

**पालि – तस्सानन्तरमेव मग्गो दुक्खसच्च्वं परिजानन्तो समुदयसच्च्वं पजहन्तो निरोधसच्च्वं सच्छिकरोन्तो मग्गसच्च्वं भावनावसेन अप्पनावीथिमोतरति ।**

भावार्थ – त्यस गोत्रभू चित्तको अनन्तरमा श्रोतापत्ति मार्गले दुःखसत्यलाई एक एक गरि छुट्याएर जानी, समुदयसत्यलाई हटाई निरोधसत्यलाई साक्षात्कार गरी मार्गसत्यलाई बृद्धि गर्ने हिसाबले अर्पणा वीथिमा अवतरण गर्ने हुन्छ ।

**पालि – ततो परं द्वे तीणि फलचित्तानि पवत्तित्वा भवङ्गपातोव होति ।**

भावार्थ – त्यो श्रोतापत्ति मार्ग अर्पणा वीथिमा पुगेपछि दुई तीन पटकको फलचित्तहरूउत्पन्न भएर भवाङ्गको अवतरण नै हुने हुन्छ ।

## प्रत्यवेक्षण ज्ञान उत्पन्न हुने

**पालि – पुन भवङ्ग वोच्छिन्दित्वा पच्चवेक्खणञाणानि पवत्तन्ति ।**

भावार्थ – फेरी भवाङ्गलाई छेदन गरी प्रत्यवेक्षण ज्ञानहरू अथवा मार्ग, फल, निर्वाणलाई विचार गर्ने ज्ञानहरू उत्पन्न हुने हुन्छ ।

## संग्रह – गाथा

**पालि– मग्गं फलञ्च निब्बानं पच्चवेक्खति पण्डितो ।**
**हीने किलेसे सेसे चपच्चवेक्खति वा न वा ॥**

भावार्थ – प्रज्ञावान आर्य पुद्गलले मार्ग, फल र निर्वाणलाई प्रत्यवेक्षण गर्ने हुन्छ । हटाई सकेका क्लेशहरूलाई र हटाएर बाकि रहेका क्लेशहरूलाई प्रत्यवेक्षण गर्ने पनि हुन्छ, नगर्ने पनि हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## संग्रह – गाथा

**पालि – छब्बिसुद्धि कमेनेवं भावेतब्बो चतुब्बिधो ।**
**ञाणदस्सनविसुद्धिसु नाम मग्गो पवुच्चति ॥**
**अयमेत्थ विसुद्धिभेदो ।**

भावार्थ – यसरी बताई आएको नय अनुसार ६ वटा विशुद्धिको क्रमले वृद्धि गर्नुपर्ने चार प्रकारले भएको मार्गलाई ज्ञान दर्शन विशुद्धि भन्छ भनी अथवा निर्वाणलाई जान्न देख्न सक्ने मार्ग ज्ञानको परिशुद्धि भनिन्छ भनी विशेषरूपले बताइएको छ ।

## विमोक्ष – भेद

**पालि – तत्थ अनत्तानुपस्सना अत्तभिनिवेसं मुञ्चन्ती सुञ्ञतानुपस्सना नाम विमोक्खमुखं होति ।**

भावार्थ – त्यस अनित्यानुपश्यनादि उद्देशमा ती विपश्यना तीनवटा, विमोक्षमुख तीनवटा मध्येमा मेरो आत्म भनी दरिलो गरी विचार गर्नेलाई अथवा मेरो आत्म होइन भनि दरिलो गरी ग्रहण गर्नेलाई छाड्ने, आत्म होइन भनि उत्पन्न हुनेलाई बारबार देख्ने शून्यतानुपश्यना भनेको अथवा आत्मशून्य आकारले बारबार देख्ने भनेको विमोक्षमुख अथवा विरोधी आत्म अभिनिवेशबाट मुक्त हुन लागेको, भइसकेको मार्ग र फलको कारण अथवा विरोध क्लेशबाट मुक्त मात्र भएको मार्ग, मुक्त भइसकेको फलको कारण हुने हुन्छ ।

**पालि – अनिच्चानुपस्सना विपल्लासनिमित्तं मुञ्चन्ती अनिमित्तानुपस्सना नाम ।**

भावार्थ – विपर्यास निमित्तलाई अथवा संज्ञा विपर्यास, चित्त विपर्यास, दृष्टि भनिएको कारणलाई अथवा विपरीत तरिकाले ग्रहण गर्ने भनेको संज्ञा, चित्त, दृष्टि भनिएको कारणलाई अथवा विपरीत हुने



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

कारण भईरहेको संज्ञा, चित्त दृष्टि भनिएको अपायगमनीय कारणलाई अथवा विपरीत तरिकाले ग्रहण गर्ने भनिएको संज्ञा, चित्त, दृष्टि अपाय गमनीय कारणलाई छाड्ने, नित्य होइन भनी उत्पन्न हुनेलाई बारबार देख्ने अनिमित्तानुपश्यना भनेको अथवा विपर्यास निमित्तले अलग्ग भएको आकारले बारबार देखिने भनेको विमोक्षमुख अथवा विरोधी विपर्यास, निमित्तबाट मुक्त भएको, भइसकेको मार्ग र फलको कारण अथवा विरोधी क्लेशबाट मुक्त मात्र भएको मार्ग, मुक्त भइसकेको फलको कारण हुने हुन्छ ।

**पालि – दुक्खानुपस्सना तण्हापणिधिं मुञ्चन्ती अप्पणिहितानुपस्सना नाम ।**

भावार्थ – काम, रूप, अरूपभवमा टाँसिने तृष्णा भनेको आकांक्षालाई छोड्ने, दुःख भनी उत्पन्न हुनेलाई बार बार देख्ने अप्रणिहितानुपश्यना अथवा प्रणिधिबाट अलग भएको आकारले देखिने भनेको विमोक्षमुख अथवा विरोधी प्रणिधिबाट मुक्त मात्र भएको,भइसकेको मार्ग र फलको कारण अथवा विरोधी क्लेशबाट मुक्त मात्र भएको मार्ग, मुक्त भइसेकेको फलको कारण हुने हुन्छ ।

**पालि – तस्मा यदि वुट्ठानगामिनीविपस्सना अनत्ततो विपस्सति, सुञ्ञतो विमोक्खो नाम होति मग्गो ।**

भावार्थ – तसर्थ ब्युत्थानगामिनी विपश्यना अथवा अपायादिबाट वा संस्कार निमित्तबाट उठ्ने भनेको मार्गमा पुगिने कारण भईरहेको विपश्यना, अनात्मभावले अथवा अनात्म भनी देख्यो भने यसरी अनात्मभावले देख्ने अवस्थामा लोकुत्तरमार्ग शून्यत विमोक्ष भनि अथवा आत्मभावले शून्य भएर संयोजनबाट मुक्त हुने हुन्छ ।

**पालि – यदि अनिच्चतो विपस्सति, अनिमित्तो विमोक्खो नाम ।**

भावार्थ – वुट्ठानगामिनी विपश्यना अथवा अपायादिबाट



Downloaded from http://www.dhamma.digital

वा संस्कार निमित्तबाट उठ्ने भनेको मार्गमा पुगिने कारण भईरहेको विपश्यना, अनित्यको रूपमा अथवा अनित्य भनी देख्यो भने यसरी अनित्य रूपले अनित्य रूपले देखिने अवस्थामा लोकुत्तर मार्ग अनिमित्त विमोक्ष भनिने अथवा नित्य निमित्तादि नभएर संयोजन आदिबाट मुक्त भईरहेको हुने हुन्छ ।

**पालि – यदि दुक्खतो विपस्सति अप्पणिहितो विमोक्खो नामाति च मग्गो विपस्सनागमनवसेन तीणि नामानि लभति, तथा फलञ्च मग्गागमनवसेन मग्गवीथियं ।**

भावार्थ – ब्युत्थानगामिनी विपश्यना अथवा अपायदिबाट वा संस्कार, निमित्तबाट उठ्नु भनेको मार्गमा पुगिने कारण भईरहेको विपश्यना, दुःखको रूपमा अथवा दुःख भनी देख्यो भने यसरी दुःख रूपले देखिने अवस्थामा लोकुत्तर मार्ग अप्रणिहित विमोक्ष भनिने वा तृष्णा भनेको आकांक्षारहित भएर संयोजन आदिबाट मुक्त भईरहेको भनिने हुन्छ । यसरी पनि लोकुत्तर मार्ग विपस्सना भनिएको गमनको हिसाबले तीनवटा नाम वा शून्यत अनिमित्त र अप्रणिहित भन्ने तीनवटा नाम भएको हुनेभयो । मार्ग वीथि दुई तीन पटक अवतरण हुने फल पनि मार्ग भनिएको गमनको हिसाबले त्यस्तै नै तीनवटा नाम अथवा शून्यत अनिमित्त र अप्रणिहित विमोक्ष भनिएको तीन नाम भएको हुने भयो ।

**पालि – फलसमापत्तिवीथियं पन यथावुत्तनयेन विपस्सन्तानं यथासकं फलमुप्पज्जमानम्पि विपस्सनागमनवसेनेव सुञ्ञतादिविमोक्खोति च पवुच्चति ।**

भावार्था – विशेष कुरा बताउँछु । फलसमापत्ति वीथिमा बताइ आएको नय अनुसार विपश्यक फलष्ठ पुद्गल चारजनामा उत्पन्न हुने जुन उपलब्ध मार्ग भनेको आफ्नो फल विपाक भईरहेको फल पनि विपश्यना भनेको गमनको हिसाबले शून्यत, अनिमित्त र अप्रणिहित विमोक्ष भनी नै वा आत्मभावले शून्य भएर संयोजन आदिबाट मुक्त



Downloaded from http://www.dhamma.digital

भइसकेको फल नित्य निमित्तादिबाट अलग भएर संयोजनादिबाट मुक्तभइसकेको फल, तृष्णा भनेको प्रणिधिबाट रहित भएर संयोजन आदिबाट मुक्त भइसकेको फल भनी नै विशेषरूपले बताइराखेको भयो ।

**पालि – आरम्मणवसेन पन सरसवसेन च नामत्तयं सब्बत्थ सब्बेसम्पि सममेव चाति । अयमेत्थ विमोक्खभेदो ।**

भावार्थ – असाधारण पछि साधारणलाई बताउँछु। सबै मार्गवीथि र फल समापत्ति वीथिमा सबै मार्ग फल तीनवटा नामको समूह अथवा शून्यता, अनिमित्त र अप्रणिहित विमोक्ष भनेको तीनवटा नामको समूह पनि सम्पूर्ण संस्कार शून्य भएको हुँदा शून्यता नाम भएको निर्वाण, संस्कार निमित्तबाट अलग्ग भएकोले अनिमित्त नाम भएको निर्वाण, तृष्णा भनेको प्रणिधिले रहित भएको हुनाले अप्रणिहित नाम भएको निर्वाण भनेको आरम्मणको हिसाबले र रागादिबाट शून्य हुनाले शून्यत रूपनिमित्त आदि आरम्मणबाट अलग हुनाले अनिमित्त क्लेश भनिएको आकांक्षारहित भएको हुनाले अप्रणिहित भनेको आफ्नो गुणको हिसाबले समान नै भयो ।

Dhamma.Digital

## पुद्‌गल भेद

## मार्गबाट हटाउने कर्म

**पालि – एत्थ पन सोतापत्तिमग्गं भावेत्वा दिट्ठिविचिकिच्छापहानेन पहीनापायगमनो सत्तक्खत्तुपरमो सोतापन्नो नाम होति ।**

भावार्थ – विमोक्ष भेद पछि पुद्‌गलभेदलाई बताउँछु । विपश्यना कर्मस्थान वा यी चार मार्ग मध्येमा अथवा यी चारजना फलस्थ पुद्‌गलहरू मध्येमा श्रोतापत्ति मार्गलाई वृद्धि गरी दृष्टि विचिकित्सा हटाउनुद्वारा वा हटाएको कारणले हटाइसकेको भएर देव र मनुष्यलोकमा छ्यासमिस रूपले सातपटक प्रतिसन्धि ग्रहण गर्ने परिमाण भएको श्रोतापन्न नाम भएको हुने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

**पालि – सकदागामिमग्गं भावेत्वा रागदोसमोहानं तनुकरत्ता सकदागामी नाम होति सकिदेव इमं लोकं आगन्त्वा ।**

भावार्थ – सकृदागामी मार्गलाई वृद्धि गरेर राग, द्वेष, मोहलाई पातलो पारी लाने हुँदा एकपटक मात्र मनुष्य लोकमा आएर वा आउने कारणले सकृदागामी हुन्छ ।

**पालि – अनागमिमग्गं भावेत्वा कामरागब्यापादानमनवसेसप्पहानेन अनागामी नाम होति अनागन्त्वा इत्थत्तं ।**

भावार्थ – अनागामी मार्गलाई वृद्धि गरेर कामराग र ब्यापादलाई निशेष गरी हटाउने भएको वा हटाएको कारणले यो काम भूमिमा नआईकन वा नआउने कारणले अनागामी हुन्छ ।

**पालि – अरहत्तमग्गं भावेत्वा अनवसेसकिलेसप्पहानेन अरहा नाम होति खीणासवो लोके अग्गदक्खिणेय्योति । अयमेत्थ पुग्गलभेदो ।**

भावार्थ – अरहत्त मार्गलाई वृद्धि गरेर क्लेशलाई बाकि नराखिकन हटाउने भएकोले वा हटाउने कारणले क्षीण भएको आश्रव हुने मनुष्य लोकमा अग्र भएको दक्षिणालाई ग्रहण गर्ने योग्य भएको अरहन्त हुन्छ ।

यस विपश्यना कर्मस्थानमा यो बताईआएको पुद्गल भेद हो ।

## समापत्ति भेद

**पालि – फलमापत्तिवीथियो पनेत्थ सब्बेसम्पि यथासक फलवसेन साधारणाव ।**

भावार्थ – पुद्गल भेद पछि समापत्ति भेदलाई बताउँछु । यस विपश्यना कर्मस्थानमा वा यी फलसमापत्ति र निरोध समापत्ति मध्येमा फलसमापत्तिहरू सम्पूर्ण फलस्थ पुद्गल चारजनासँग उपलब्ध मार्ग भनेको आफ्नो भईरहेको फलको हिसाबले साधारण नै हुन्छ ।



Downloaded from http://www.dhamma.digital

**पालि – निरोधसमापत्तिसमापज्जनं पन अनागामीनञ्चेव अरहन्तानञ्च लब्भन्ति ।**

भावार्थ – साधारणपछि असाधारणलाई बताउँछु । निरोधसमापत्तिमा बस्नलाई वा चित्त चैतसिक चित्तजरूपहरू निरोधमा पुगिनेमा बस्नेलाई काम र रूपभूमिमा रहेका समापत्ति आठैवटाले सम्पन्न भएका अनागामी पुद्गलहरूलाई र (काम र रूपभूमिमा रहेका समापत्ति आठैवटाले सम्पन्न भएकाहरू) अरहन्त पुद्गलहरूलाई प्राप्त हुन्छ ।

**पालि – तत्थ यथाक्कमं पठमज्झानदिमहग्गतसमापत्तिं समापज्जित्वा वुट्ठाय तत्थ गते संखारधम्मे तत्थ तत्थेव विपस्सन्तो याव आकिञ्चञ्ञायतनं गन्त्वा ततो परं अधिट्ठेय्यादिकं पुब्बिकिच्चं कत्वा नेवसञ्ञानासञ्ञायतनं समापज्जति ।**

भावार्थ – त्यस निरोधसमापत्तिमा क्रमशः प्रथमध्यानादि महर्गत समापत्तिलाई ध्यान गरेर त्यस समापत्तिबाट उठेर त्यस प्रथमध्यानादि महर्गत समापत्तिमा उत्पन्न हुने संस्कार धर्मलाई ती ती प्रथमध्यानादि महर्गत समापत्तिमा नै विपश्यनाद्वारा देख्ने अनागामी अरहन्त पुद्गलले आकिञ्चन्यायतन कुशल क्रिया ध्यानसम्म गएर त्यस ध्यानमा बसेदेखि पछि अधिष्ठान गर्ने आदि अथवा आफ्नो नजिक नभएको अलग अलग राखिएको चीवरादि परिष्कार, विहार आदि आगो इत्यादिले नाश गर्न नसकिने गरी अधिष्ठान गर्ने, संघले आकांक्षा विचार गर्ने, बुद्धले बोलाउनु हुँदा विचार गर्ने, सातदिन भित्र कर्मज रूपलाई उत्पादन गरिने जीवनको स्थितिलाई हेर्ने भनेको चारवटा पूर्वकृत्य गरेर नैवसंज्ञानासंज्ञायतन कुशल क्रिया ध्यानमा प्रवेश गर्ने हुन्छ ।

**पालि – तत्थ द्विन्नं अप्पनाजवनानं परतो वोच्छिज्जति चित्तसन्तति, ततो निरोधसमापन्नो नाम होति ।**

भावार्थ – दोश्रो पटकको नैवसंज्ञानासंज्ञायतन कुशल क्रिया अर्पणा जवनपछि त्यो अनागामी, अरहन्त पुद्गलको चित्तसन्तति अवछिन्न



Downloaded from http://www.dhamma.digital

हुने हुन्छ । त्यो चित्तसन्तति अवछिन्न भइसकेपछि त्यो चित्तसन्तति अवछिन्न भएको कारणले निरोधसमापत्तिमा प्रवेश भयो भन्ने अथवा चित्त चैतसिक चित्तजरूपको निरोधमा पुगिने भन्ने हुन्छ ।

**पालि – वुट्ठानकाले पन अनागामिनो अनागामिफलचित्तं अरहतो अरहत्तफलचित्तं एकवारमेव पवत्तित्वा भवङ्गपातो होति, ततो परं पच्चवेक्खणञाणं पवत्ततीति । अयमेत्थ समापत्तिभेदो । निट्ठितो च विपस्सनाकम्मट्ठान नयो ।**

भावार्थ – विशेष कुरा बताउँछु वा ध्यानमा बस्नुभन्दा पछि ध्यानबाट उठ्नेलाई बताउँछु । निरोधसमापत्तिबाट उठ्ने समयमा अनागामी पुद्गललाई अनागामी फलचित्त, अरहन्त पुद्गललाई अरहत्त फलचित्त एकपटक मात्र उत्पन्न भएर अथवा अनागामी पुद्गललाई अनागामी फलचित्तको अरहन्त पुद्गललाई अरहत्तफलचित्तको एकपटक मात्र उत्पत्ति हुने कारणले वा उत्पन्न भइसकेपछि भवाङ्ग अवतरण हुने हुन्छ । त्यस भवाङ्ग अवतरण पछि प्रत्यवेक्षण जवन जवनज्ञान चित्त उत्पन्न हुने हुन्छ । यस विपश्यना कर्मस्थानमा यो बताइआएको समापत्ति भेद हो । विपश्यना कर्मस्थाननय सम्पूर्ण भयो ।

## उय्योजन (प्रोत्साहन) दिने

**पालि – भावेतब्बं पनिच्चेवं, भावना द्वयमुत्तमं ।**
**पटिपत्तिरसस्सादं, पत्थयन्तेन सासने ॥**

भावार्थ – विशेष कुरा बताउँछु । शमथ कर्मस्थाननय र विपश्यना कर्मस्थाननय भन्दा पछि त्यस शमथ विपश्यना कर्मस्थानमा कोशिस गर्ने रूपमा प्रेरणा दिने उय्योजनलाई बताउँछु । बुद्धशासनलाई ध्यानसुख फलसुखादि भेद भएको शमथ विपश्यना भनेको आचरणबाट प्राप्त हुने सुखानुभूति भएको रस भनेको आनन्दलाई अथवा शमथ विपश्यना भनेको आचरणको आनिशंस भईरहेको सुखानुभूति भएको



Downloaded from http://www.dhamma.digital

रस भनेको ध्यानसुख फलसुखादि भेद भएको आनन्दलाई प्रार्थना गर्ने कुलपुत्रले यसरी बताई आएको नय अनुसार उत्तम भएको अथवा नीवरण क्लेशलाई उखेल्ने शमथ भावना विपश्यना भावना भनेको भावना समूह दुईवटालाई वृद्धि गर्नुपर्ने हुन्छ ।

## कर्मस्थान काण्डको निगमन

**पालि – अभिधम्मत्थसङ्गहे कम्मट्ठानसङ्गह विभागो नाम नवमो परिच्छेदो ।**

भावार्थ – अभिधर्मार्थ संग्रह ग्रन्थमा कर्मस्थान संग्रहलाई विभाजन गर्ने भन्ने अथवा शमथ कर्मस्थान र विपश्यना कर्मस्थानको संक्षिप्त विभाजन गर्ने भनेको नौवटाको आपूर्ति भईरहेको परिच्छेद यसरी सम्पूर्ण भयो ।

संग्रह समाप्त भयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

## भवतु सब्ब मङ्गलं

## सबैलाई कल्याण होस्

यो अभिधर्मार्थ संग्रह पूज्य ज्ञानपूर्णिक महास्थविरको अभिधर्मार्थ संग्रह मूल पालि शब्दार्थ र भावार्थ नेपाल भाषालाई पूज्य पिता श्री गजरत्न शाक्यको पुण्यतिथि नेपाल सम्बत ११११ गुंलागा द्वादशीका दिन शुरु गरी नेपाली भाषामा नेपाल सम्बत ११११ कौलागा : सप्तमीका दिन पालि र भावर्थ अनुवाद सम्पूर्ण गरी त्यसलाई नेपाल सम्बत ११२० तछलाथ्व प्रतिपदाका दिन कम्प्युटरमा राखी प्रिण्ट गरियो । त्यसलाई पूज्य ज्ञानपूर्णिक महास्थिविरज्यूबाट संशोधन भएपछि पुनः कम्प्युटरमा नेपाल संम्बत ११२२ मार्ग शुक्ल सप्तमीका दिन सच्याईयो ।

**धर्मरत्न शाक्य "त्रिशुली"**

शंखमुल चोक, नयाँ बानेश्वर



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital